# सर्वोच्च अदालतबाट भएका लैङ्गिक न्याय र समानतासम्बन्धी महत्त्वपूर्ण फैसलाहरूको सँगालो

# २०७७

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू, काठमाडौं

# सर्वोच्च अदालतबाट भएका लैङ्गिक न्याय र समानतासम्बन्धी महत्त्वपूर्ण फैसलाहरूको सँगालो

## २०७७

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू, काठमाडौं

| | | |
|---|---|---|
| **शुद्धा शुद्धी** | : | रामचन्द्र फुँयाल |
| **लेआउट** | : | प्रतिक्षा श्रेष्ठ |
| **प्रकाशन प्रति** | : | १००० प्रति |
| **प्रकाशक** | : | राष्ट्रिय न्यायिक प्रतिष्ठान |
| **प्रकाशन मिति** | : | २०७७ |
| **मुद्रण** | : | नव प्रिन्ट सोलुसन |

**सहयोगः** लैङ्गिक समानता र महिला सशक्तीकरणको लागि संयुक्त राष्ट्र संघको निकाय (United Nations Entity for Gender Equality and the Empowerment of Women )

Supported by

UN WOMEN

सरोकारवालाहरूको सुझावसमेतका आधारमा तयार गरिएको लैङ्गिक न्याय र समानतासम्बन्धी महत्त्वपूर्ण फैसलाहरूको सँगालो, २०७७ लैङ्गिक समानता र महिला सशक्तीकरणको लागि संयुक्त राष्ट्र संघको निकायको सहयोगमा राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा प्रकाशन गरिएको हो।

सर्वोच्च अदालत, नेपाल

सपना प्रधान मल्ल
न्यायाधीश

सर्वोच्च अदालत काठमाडौं

## मन्तव्य

नेपालको संविधानले सर्वोच्च अदालतलाई सार्वजनिक हक वा सरोकारको विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हक प्रचलन गराउने वा विवाद टुङ्गयाउने अधिकार तथा कुनै कानून संविधानसँग बाझिएमा सो कानून वा त्यसको भाग बदर गर्न नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिएमा संविधानसित बाझिएको देखिएको कानून वा त्यसको भाग प्रारम्भ देखि वा निर्णय भएको मिति देखि अमान्य वा बदर गर्ने असाधारण अधिकार दिएको देखिन्छ।

यसरी सार्वजनिक सरोकारको मुद्दा (Public Interest Litigation) लाई संविधानले नै संस्थागत गरेको अवस्थामा लैङ्गिक विभेदका उल्लेखनीय मुद्दाहरुमा रिट क्षेत्रबाट सर्वोच्च अदालतमा प्रवेश गरेको र विभिन्न आदेशहरु भएको देखिन्छ। केही लैङ्गिक न्यायको विषयमा मुद्दाको रोहमा फैसलाबाट पनि सिद्धान्त प्रतिपादन भएको देखिन्छ।

अन्यायको विरुद्ध न्यायको लागी, विभेद विरुद्ध समानताको निमित कानूनी अधिकार लाई भोग्न पाउने अधिकार बनाउन, कानूनमा भएको खाडलतालाई औंल्याउदै कानूनी आवश्यकतालाई बोध गराउने, महिलाको आत्मसम्मको संरक्षण गर्न कार्यविधिगत लैङ्गिक संवेदनशिलताको सुनिश्चितता गर्ने, संस्थागत संरचनागतको साथै तथा बजेट विनियोजनको आवश्यकता बोध गराउने, पूर्वाग्राही सोच मानसिकता परिवर्तनको लागि चेतनामुलक कार्यक्रम ल्याउनको निमित्त समेत विभिन्न आदेशहरु भएको देखिन्छ।

यसै प्रकृयामा सर्वोच्च अदालतले कतिपय महिलासँग सम्बन्धित विभेदपूर्ण कानून खारेज गर्ने, कतिपयमा कानून निर्माण वा संरचना निर्माणको लागि निर्देशनात्मक आदेश दिने, भएका सकारात्मक कानून र कार्यविधिका सम्मान गर्न तथा नियम कानूनको प्रभावकारी कार्यान्वयन

: रामशाहपथ, काठमाडौं, नेपाल
: +९७७-१-४२६२५४६ (अ) +९७७-१-४२२३५५३ (नि)
: +९७७-१-४२६२८७८, पो.ब.नं.: २०४३८
: sapana.pm@supremecourt.gov.np, sapana12@live.com,
sapana_pradhan_malla@hks14.harvard.edu
: www.supremecourt.gov.np

लागि पनि आदेशहरु दिइएको छ। हिंसामा परेका महिलाहरुको न्यायको लागी वैवाहिक बलात्कारको अपराधिकरण, Battered women syndrome, Rape Trauma मा समेत केही सिद्धान्तहरु समेत प्रतिपादन गरेको छ। साथै प्रजनन स्वास्थ्यमा महिलाको परिणाम मुखि समानताको निमित्त विशेष उपायको मान्यताको लागि, सम्पत्तिमा समान अधिकारको निमित्त पहिचानको संरक्षणको लागी, विवाहित तथा पारिवारिक सम्बन्धमा पुरुष सरह समान रुपमा अधिकारको उपभोग गर्ने वातावरण बनाउन थुप्रै नजिरहरु नेपालको सर्वोच्च अदालतले निर्माण गरेको छ।

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, अनुवन्धहरुको नेपाल पक्ष भए पछि राष्ट्रिय कानूनहरु तदनुरूप बनाउनु पर्ने मुल दायित्व विधायिकाको भएता पनि विधिशास्त्रीय दृष्टिकोणबाट न्यायपालिकाले विभिन्न आदेश वा फैसलाहरु मार्फत सर्वोच्च अदालतले उल्लिखीत दायित्व पुरा गर्न अहम् भूमिका निर्वाह गर्दै आएको छ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानले मूलरुपमा लैंङ्गिक न्याय र समानतासंग सम्बन्धी लैङ्गिक हिंसा र असमान व्यवहार अन्तर्गत महिलाको साम्पत्तिक अधिकार, आत्मसम्मान, आत्मनिर्णय, प्रजनन स्वास्थ्य, गोपनीयता, रोजगारी, पहिचान, विवाह र पारिवारिक सम्बन्धतथा विशेष संरक्षण सम्बन्धी विभिन्न महत्वपूर्ण क्षेत्रहरुमा सर्वोच्च अदालतले गरेका फैसलाहरूबाट प्रतिपादन गरिएका सिद्धान्तको अध्ययन अनुसन्धान गरि "सर्वोच्च अदालतबाट भएका लैङ्गिक न्याय र समानता सम्बन्धी महत्वपूर्ण फैसलाहरूको संगालो, २०७७" प्रकाशन गर्न लागेकोमा प्रतिष्ठानलाई विशेष धन्यावाद दिन चाहान्छु ।

अन्तमा, यस प्रकाशनलाई अध्ययनयुक्त र अनुसन्धानमूलक बनाउनका लागि फैसला संकलन, छनौट र व्यवस्थित बनाउन सल्लाह सुझाव लगायतका विषयमा अनुसन्धान समूहलाई निर्देशन र सहयोग गर्ने अवसर दिनु भएकोमा प्रतिष्ठान र अनुसन्धान समूह प्रति आभार व्यक्त गर्न चाहन्छु। यस प्रकाशनले विशेष गरि लैङ्गिक समानता र न्यायका बारेमा जिज्ञासा राख्ने सोधकर्ता, लेखक, कानून व्यवसायी, सरकारी वकिल, न्यायकर्ता तथा अधिकार दावीकर्ता, महिला अधिकार कर्मीहरु, फैसला कार्यान्वयन निर्देशनालय लगायत सबैलाई सहयोग पुऱ्याउने छ भन्ने विश्वास समेत लिएको छु ।

सपना प्रधान मल्ल

न्यायाधीश, सर्वोच्च अदालत

## प्राक्कथन

नेपालमा वि.सं. २०४७ सालको परिवर्तनपश्चात् जारी भएको संविधानअन्तर्गत सर्वोच्च अदालतलाई संविधानले प्रदान गरेको असाधारण अधिकार क्षेत्र अन्तर्गत सार्वजनिक सरोकारका विवादहरूले सर्वोच्च अदालतमा प्रवेश पाउन थाले। तत्पश्चात् मानव अधिकार र लैङ्गिक समानताका विषयमा समेत विभिन्न मुद्दाहरूमा सर्वोच्च अदालतलाई न्यायिक सिद्धान्त प्रतिपादन गर्ने अवसर प्राप्त हुन गयो। यसै क्रममा नेपालले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गरेअनुरूप नेपालले आफ्ना घरेलु कानूनहरूलाई अन्तर्राष्ट्रिय प्रावधान अनुकूल बनाउन पर्ने अवस्था आएको र सो सन्दर्भमा भएको रिक्ततालाई विभिन्न मुद्दामा विधिशास्त्रीय दृष्टिकोणसहितका उल्लेखनीय एवम् ऐतिहासिक फैसलाहरूमार्फत सर्वोच्च अदालतले परिपूर्ति गर्दै आएको छ।

संविधानको सारभूत समानताको मान्यता र नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी सन्धिहरूसँग तालमेल नभएका कानूनहरूलाई अनुकूल बनाउन सर्वोच्च अदालतबाट विधायिका तथा कार्यपालिकाका नाउँमा जारी भएका निर्देशनात्मक आदेश वा फैसलाहरू भएका छन्। नेपाली समाजमा लैङ्गिक हिंसा, परम्परागत कुरीतिका, र असमान वा विभेदकारी व्यवहारहरू जस्तैः बोक्सीको आरोप, छाउपडी प्रथा, कमलरी प्रथा र यस्तै प्रकृतिका अन्य सामाजिक विकृतिहरूका उन्मूलनका लागि सर्वोच्च अदालतले जारी गरेका आदेशबाट विधायिकी कानूनहरू संशोधन र परिमार्जनसमेत भई सकेका छन्।

अत माथि उल्लेखित विषयहरूमा वि.सं. २०४९ सालदेखि हालसम्म सर्वोच्च अदालतबाट लैंङ्गिक हिंसा, महिलाको साम्पत्तिक अधिकार, प्रजनन स्वास्थ्य, पहिचान, विवाह तथा पारिवारिक सम्बन्ध, रोजगारीमा समान अधिकार र विशेष संरक्षण जस्ता विभिन्न विषयमा भएका प्रकाशित र अप्रकाशित गरी जम्मा १३४ वटा महत्त्वपूर्ण फैसलाहरू अध्ययन समूहले सङ्कलन गरी अध्ययन गरेको थियो।

उपरोक्त फैसलाहरू Convention on the Elimination of all Forms of Discrimination Against Women (CEDAW) लगायतका अन्तर्राष्ट्रिय सन्धि वा अभिसन्धि अनुकूल मौजुदा राष्ट्रिय कानुनहरू तर्जुमा वा संशोधनका लागि सरकारलाई आदेश वा निर्देशन जारी गरिएका, मौजुदा राष्ट्रिय कानुनहरूमा रहेको द्विविधा वा कमीलाई कानुनी व्याख्यामार्फत स्पष्ट गरिएका र लैङ्गिक न्याय तथा समानतासम्बन्धी विभिन्न ७ विषयमा नवीनतम् विधिशास्त्र वा सिद्धान्त प्रतिपादन भएका फैसला अध्ययन गरी ११८ वटा फैसलाहरूको निर्णयाधार राखी "**सर्वोच्च अदालतबाट भएका लैङ्गिक न्याय र समानतासम्बन्धी महत्त्वपूर्ण फैसलाहरूको सँगालो, २०७७**" प्रकाशन गरिएको छ।

प्रस्तुत प्रकाशनमा लैङ्गिक न्याय र समानताका सम्बन्धमा सर्वोच्च अदालतबाट पछिल्ला समयमा विशेष इजलास तथा संयुक्त इजलासबाट भएका विभिन्न ११८ वटा रिट निवेदन तथा मुद्दामा भएका निर्णयहरू समावेश गरिएका छन्। वैवाहिक बलात्कारमा हुने सजायको मात्रा र त्यसको अपर्याप्तताको विषयदेखि लिएर बादी समुदायको पहिचान र तिनको समस्या समाधान, सामाजिक व्यवहार (सुधार) ऐनमा सामयिक सुधार र त्यसमा भएको व्यवस्थाको कार्यान्वयन, कुमारी प्रथा, संस्कृतिमा सुधार, कमलरी प्रथाको अन्त्य, तेस्रो लिङ्गी समुदायको मान्यता र हक अधिकारको संरक्षणलगायतका विषयमा भएका गहन र महत्त्वपूर्ण फैसलाहरूको तथ्य र ठहरसहितको आद्योपान्त समावेश गरिएको छ।

प्रस्तुत प्रकाशन प्रतिष्ठानको लैङ्गिक न्यायसम्बन्धी विषयमा दोस्रो प्रकाशन हो। यस प्रकाशनमा पहिलो प्रकाशन भईसकेपछि भएका फैसला एवं निर्णयहरू मात्र समावेश गरिएका छन्। पछिल्लो समयमा भएका यस प्रकारका सबै फैसलाहरू समावेश गर्ने लक्ष्य भए तापनि स्थानाभावले गर्दा छुटेका बाँकी फैसलाहरू आगामी प्रकाशनमा समावेश गरिनेसमेत अनुरोध गर्न चाहन्छौं।

यस प्रकाशनको सन्दर्भमा संयोजन समूहलाई आवश्यक निर्देशन, अमूल्य एवम् महत्त्वपूर्ण सुझाव, प्रत्यक्ष निर्देशन तथा महत्त्वपूर्ण मार्गदर्शन गर्नु भएकोमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सपना प्रधान मल्लप्रति प्रतिष्ठान हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछौं।

यस प्रकाशनको तयारीका लागि गठन गरिएको अध्ययन तथा अनुसन्धान समूहका संयोजक एवम प्रतिष्ठानका फ्याकल्टी तथा जिल्ला न्यायाधीश माननीय डा. दिवाकर भट्ट, उपनिर्देशक श्री केदार घिमिरे, अनुसन्धान अधिकृतद्वय श्री संजिव राई, श्री ज्योति पाण्डे र प्रशिक्षण अधिकृत श्री कविता सिलवाललाई वहाँहरूको अथक योगदानको लागि प्रतिष्ठान हार्दिक धन्यवाद व्यक्त गर्दछ।

यसै गरी प्रकाशन कार्यको संयोजन तथा व्यवस्थापनका लागि प्रतिष्ठानका रजिष्ट्रार यमबहादुर बुढामगर र कार्यक्रम व्यवस्थापक श्री राजनकुमार के.सी, लाई पनि प्रतिष्ठान धन्यवाद ज्ञापन गर्दछ।

अन्त्यमा, प्रस्तुत प्रकाशन क्रममा प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने युएन वुमनका प्रतिनिधि श्री वेनी कुसुमा, डेपुटी रिप्रेजेन्टेटिभ श्री गितान्जली सिंह र न्यायमा पहुँच समावेशी सुशासन विभागका कार्यक्रम विश्लेषक श्री सुभा घलेलाई प्रतिष्ठान विशेष धन्यवाद ज्ञापन गर्दछ।

यस प्रकाशनको माध्यमबाट कानूनका विद्यार्थी, न्याय सेवाका अधिकृत तथा कर्मचारी, कानून व्यवसायी, कानूनका प्राध्यापक, प्राज्ञिक, अनुसन्धानकर्ता, सरकारी एवम् गैरसरकारी निकाय, विकास साझेदार, महिला अधिकारकर्मी, लगायत महिला अधिकारका सम्बन्धमा जानकारी राख्न चाहने सर्वसाधारणसमेत लाभान्वित हुने विश्वास लिएका छौं। साथै यस प्रकाशनले लैङ्गिक न्याय र समानताको सन्दर्भमा राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनको प्रयोग र परिपालना एवं व्याख्याको सन्दर्भमा गरेका

विषयवस्तुलाई सम्बन्धित सबैमा सहज पहुँच गराउन र अदालतको न्यायिक विवेक र सक्रियतासमेतलाई जानकारी दिन सक्षम हुनेछ भन्ने आशा र अपेक्षा राष्ट्रिय न्यायिक प्रतिष्ठानले राखेको छ।

**राष्ट्रिय न्यायिक प्रतिष्ठान**

**नोटः यस प्रकाशनमा फैसलाको निर्णयाधार मात्र उल्लेख भएकाले फैसलाको विस्तृत जानकारी वा फैसलाको आधिकारिकताका लागि मूल फैसला नै प्रयोग गर्नु हुन अनुरोध गरिन्छ।**

# <u>कार्यकारी सारांश</u>

सर्वोच्च अदालतबाट विधायिका तथा कार्यपालिकाका नाउँमा जारी भएका निर्देशनात्मक आदेश वा फैसलाहरूबाट साथै, लैङ्गिक हिंसा, परम्परागत कुरीति र असमान वा विभेदकारी व्यवहारहरू एवं सामाजिक विकृतिहरूको उन्मुलनका लागि विधायिकी कानूनहरू तर्जुमा, संशोधन र परिमार्जनसमेत हुँदै आएका छन्। लैङ्गिक समानताका सम्बन्धमा पृथक् पृथक् विषयमा सर्वोच्च अदालतले गरेका फैसला वा आदेशले लैङ्गिक न्यायमा दुरगामी एवम् प्रभावकारी प्रभाव पारेको पाइन्छ। यी विषयहरूमा प्रस्तुत अध्ययनमा विगतदेखि अहिलेसम्म सर्वोच्च अदालतले प्रतिपादन गरेका न्यायिक दृष्टिकोण वा सिद्धान्तहरूको अध्ययन गरिएको छ।

वि.सं. २०४९ सालदेखि हालसम्म सर्वोच्च अदालतबाट लैंङ्गिक हिंसा, महिलाको साम्पत्तिक अधिकार, प्रजनन स्वास्थ्य, पहिचान, विवाह तथा पारिवारिक सम्बन्ध, रोजगारीमा समान अधिकार र विशेष संरक्षण जस्ता विभिन्न विषयमा भएका प्रकाशित र अप्रकाशित गरी जम्मा १३४ वटा महत्त्वपूर्ण फैसलाहरू अध्ययन गरिएका छन्। सो फैसलाहरू अध्ययन गर्ने क्रममा CEDAW लगायतका अन्तर्राष्ट्रिय सन्धि वा अभिसन्धि अनुकूल मौजुदा राष्ट्रिय कानूनहरू तर्जुमा वा संशोधन गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरिएका, मौजुदा राष्ट्रिय कानूनहरूमा रहेको द्विविधा वा कमीलाई कानूनी व्याख्या मार्फत स्पष्ट गरिएका लैङ्गिक न्याय तथा समानतासम्बन्धी विभिन्न ७ वटा विषयहरूसँग सम्बन्धित फैसलाहरू सङ्कलन गरी अध्ययन गरिएको छ। जसमा ३३ वटा फैसला लैङ्गिक हिंसा, २१ वटा सम्पत्तिमा समान अधिकार, १५ वटा प्रजनन स्वास्थ्यको अधिकार, २२ वटा पहिचानको अधिकार, १० वटा विवाह तथा पारिवारिक सम्बन्ध, ८ वटा रोजगारीमा समान अधिकार र ९ वटा विशेष संरक्षणसम्बन्धी व्यवस्थासँग सम्बन्धित गरी जम्मा ११८ वटा फैसलाहरूका निर्णयाधारहरू प्रकाशनमा राखिएका छन्। उल्लिखित ११८ वटा फैसला वा आदेशहरूमध्ये केही फैसला वा आदेशहरूमा उल्लेख भएका न्यायिक दृष्टिकोण तथा सिद्धान्तहरू यसमा उल्लेख गर्न सान्दर्भिक रहेको छ।

**लैङ्गिक हिंसासँग** सम्बन्धित ३३ वटा फैसलाहरूमध्ये २२ वटा रिट निवेदन र बाँकी ११ वटा मुद्दाहरू लैंङ्गिक हिंसा निषेध गर्ने प्रयाससँग सम्बन्धित छन्। *अधिवक्ता सपना प्रधान मल्ल वि. श्री ५ को सरकार कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय* भएको रिट निवेदन (२०५८ सालको रिट नं ५६, फैसला मिति २०५९।१।१९) मा जबरजस्ती करणीको कसुरमा पीडितको चरित्र र पेसाअनुसार समान प्रकारको कसुर गर्ने अपराधीलाई फरक फरक सजाय भएको कानूनी व्यवस्था महिला महिलाहरूबिच भेदभावकारी एवं असमान भएको हुँदा मुलुकी ऐन जबरजस्ती करणीको ७ नं.

को व्यवस्था बदर घोषित गरिएको छ भने *लाक्पा शेर्पा वि. परिवर्तित उपनाम यमुना राईको जाहेरीले वादी नेपाल सरकार* भएको मानव बेचबिखन तथा ओसारपसार/जबरजस्ती करणी मुद्दा (ने.का.प. २०७३ अङ्कः ९ नि.नं. ९६८४) मा महिलाले महिलालाई जबरजस्ती करणी गर्न सक्ने तथा जबरजस्ती करणीको अपराध कृत्रिम लिङ्गको प्रयोगबाट हुन सक्ने सिद्धान्त प्रतिपादन भएको छ। त्यसै गरी *"घ" कुमारीको जाहेरीले नेपाल सरकार विरुद्ध सागर भट्ट* (०७१-CR-०६५९, फैसला मिति २०७६।८।२) भएको जबरजस्ती करणी मुद्दामा जबरजस्ती करणी कसुरमा मुख्य वारदात स्थल नै पीडितको शरीर भएकोले वारदात स्थलको यकिनता नभएको भनी कसुरबाट उन्मुक्ति दिन नसकिने भनी जबरजस्ती करणीको कसुरमा नयाँ सिद्धान्त प्रतिपादन गरिएको छ।

यसै गरी *भुपेन्द्र खड्का वि. नेपाली सेना, जङ्गी अड्डा भद्रकाली, काठमाडौं* (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३४२) को मुद्दामा आफ्नो पदीय प्रभावमा पारी अफिसर स्तरको सैनिकले सैनिक सेवाभित्रको तल्लो तहको महिला सैनिकसँग यौन सम्पर्क राख्नका लागि लिएको सहमतिलाई अनुचित प्रभावमा पारी लिएको सहमति भनी बुझ्नु पर्ने र अनुचित प्रभावमार्फत लिएको सहमति प्रपञ्च (delusion) कै स्वरुप मान्नु पर्दछ भनी पदीय प्रभावमा पारी लिईएको सहमतिलाई महिलाको स्वतन्त्र सहमति नमानिने भनी लैंङ्गिक न्यायका सम्बन्धमा थप विधिशास्त्रको निर्माण भएको देखिन्छ।

*यस वाहेक जितकुमारी पंगेनी (न्यौपाने) समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको रिट निवेदन (ने.का.प. २०६५ अङ्क ६, नि. नं. ७९७३) मा पनि वैवाहिक बलात्कार र गैर वैवाहिक बलात्कारको अपराधबिच विभेदपूर्ण दण्ड सजायका सम्बन्धमा व्याख्या भएको छ। उक्त मुद्दामा सम्मानीत सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन हुँदै बोलिएको छ कि जबरजस्ती करणीका लागि आफ्नो श्रीमती वाहेक भनी अर्काको श्रीमतीउपर करणीको कसुर भएको अवस्थामा मात्र जबरजस्ती करणीको कार्यलाई दण्डनीय मानिने भन्ने व्यवस्था महिलाको आत्म सम्मान, प्रतिष्ठा र शरीरउपरको निर्बिघ्न र निरपेक्ष अधिकार मानिने हुनाले सो व्यवस्था लैंङ्गिक न्यायको मान्यतासँग तालमेल नभएको ठहर गरी आवश्यक संशोधन हुनका लागि विधायिकाका नाममा निर्देशनात्मक आदेश जारी भई कानूनी प्रावधानमा संशोधनसहित वैवाहिक बलात्कारलाई कसुर मानी दण्डनीय हुने कानून नै बनिसकेको अवस्था छ।

*अधिवक्ता ज्योति पौडेलसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत* भएको रिट निवेदन (ने.का.प. २०६६ अङ्कः १२ नि. नं. ८२८२) मा एसिड खन्याई गरिने क्रूर अमानवीय अपराधलाई घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा नसमेटिएकोले सो अपराधको मात्रा अनुसारको सजायको व्यवस्थाको लागि उक्त ऐनमा संशोधन र Fast Track Court गठन गर्ने

फैसला भएको छ। त्यसैगरी *अधिवक्ता शर्मिला पराजुलीसमेत विरुद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालयसमेत* भएको परमादेशसमेत रिट निवेदन (ने.का.प. २०६१, अङ्क १०, नि.नं. ७४४९) मा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धमा उपयुक्त कानून निर्माण गर्ने आदेश जारी भएको छ। यसरी महिला विरुद्ध हुने हिंसा नियन्त्रण, अपराधलाई न्यूनीकरण र सो को लागि आवश्यक पर्ने कानून निर्माणका लागि सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूको महत्त्वपूर्ण भूमिका रहेको कुरामा द्विविधा छैन।

यति मात्रै नभई *गुराँसदेवी लामाको जाहेरीले नेपाल सरकार वि. राधिका श्रेष्ठ* (ने.का.प.२०७१,अङ्क ९, नि. नं. ९२४२) भएको कर्तव्य ज्यान मुद्दामा Battered Women Syndrome (BWS) भएकी महिलाले गरेको अपराधको परिस्थितिको पृथकता सम्बन्धमा फैसला भएको छ।यस फैसलामा BWS लाई मृतक पीडक र महिला प्रताडित हुँदाको अवस्थामा पाउने कानूनी सुविधाको बारेमा व्याख्या गरिएको छ। प्रतिपादित सिद्धान्त, परिवर्तित सन्दर्भ, समयको माग र BWS को गाम्भीर्यतासमेतको आधारमा कर्तव्य ज्यान मुद्दामा BWS को परीक्षण गर्ने र सो परीक्षण प्रतिवेदन एवम् विशेषज्ञको रायलाई सजायमा आंशिक छुट वा सजायबाट पूर्ण सफाइ दिनको लागि प्रमाणमा ग्राह्य बनाउन सोसम्बन्धी अध्ययन गरी आवश्यक कानून एवम् अन्य पूर्वाधारको यथाशीघ्र व्यवस्था गरी ध्यानाकर्षणसमेत गराएको छ।

त्यसै गरी सदियौंदेखि मानवले समाजमा मानिसको हैसियत प्राप्त नगरी विभिन्न प्रकारका कुरीतिजन्य कार्यहरू जस्तै बोक्सीको आरोप, सामाजिक भेदभाव र छुवाछुतको भावना, बैकल्या तथा कमलरी प्रथाबाट प्रताडित हुनु पर्ने अवस्थालाई विभिन्न मुद्दाहरूमा विचार भई त्यस्ता कुरीतीजन्य कार्यहरू समाजको नैतिकता, मानव अधिकार र मानवीयता मूल्य मान्यता विरुद्ध ठहर गरी सो भेदभावजन्य र अमानवीय व्यवहारहरूलाई दण्डनीय बनाउनका लागि विभिन्न मुद्दामा सर्वोच्च अदालतले आवश्यक कानूनको तर्जुमा गर्नु भनी विधायिकाका नाममा निर्देशनात्मक आदेश जारी गरिएको पाइन्छ। छुवाछुतजन्य व्यवहारलाई निरुत्साहित गर्न विशेष कानूनको रूपमा बोक्सीको आरोप जस्तो अमानवीय र असामाजिक व्यवहारलाई कसुर र दण्डनीय बनाउन "बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२ र मुलुकी अपराध संहिता, २०७४ जारी भई कार्यान्वयनमा रहेका छन् ।

प्रकाशनको क्रममा **अध्ययन गरिएका सम्पत्तिमा समान अधिकारसँग** सम्बन्धित २१ वटा फैसलाहरू मध्ये १५ वटा रिट निवेदन बाँकी ६ वटा विभिन्न मुद्दाहरूसँग सम्बन्धित छन्। *मीरा ढुङ्गाना वि. श्री ५ को सरकार* (२०५० सालको रिट नं. ३३९२ आदेश मिति २०५२।४।१५ नि. नं ६०१३) भएको रिट निवेदनमा मुलुकी ऐन, २०२० को अंशबन्डाको १६ नं नेपालको संविधान,

२०४७ को धारा ११ सँग तालमेल नभएको अवस्थालाई मनन गर्दै सम्बन्धित क्षेत्रका विज्ञहरूलाई परामर्श गरी उपयुक्त कानून बनाउनू भन्ने निर्देशनात्मक आदेश जारी गरिएको थियो। त्यसैगरी अंशबन्डा, अपुताली, धर्मपुत्र, जारीको, विहावारीको, लोग्ने स्वास्नीको र पशुकरणीसम्बन्धी महलहरूमा भएको समानताको हक विपरीत भेदभावयुक्त रहेको भनी दायर गरेको *डा. चन्दा वज्राचार्य वि. श्री संसद् सचिवालयसमेत*को मुद्दामा (ने.का.प. २०५३ अङ्क ७ नि.नं. ६२२३) सम्बन्धित पक्षहरूसँग आवश्यक विचार विमर्श गरी संसदमा उपयुक्त विधेयक प्रस्तुत गर्न निर्देशनात्मक आदेश जारी गरिएको थियो।

साथै अपुताली हक सम्बन्धमा विवाहपश्चात् अपुताली फर्काउनु नपर्ने सम्बन्धमा *अधिवक्ता मीरा ढुंगाना वि.* मन्त्रिपरिषद् *सचिवालयसमेत,* ने.का.प. २०६१ अङ्क ४, नि. नं. ७३५७ र आफूलाई जन्माउने आमाको अपुतालीको निमित्त विवाहित छोरी नजिकको हकवाला हुने भनी *नारायणप्रसाद थारु वि. हरेन्द्रकुमार चौधरी, ०७३-NF-००३२* मा सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको अवस्था छ। ।

त्यसै गरी प्रकाशनले समेटेका **प्रजनन स्वास्थ्यको अधिकार**सँग सम्बन्धित १५ वटा फैसलामध्ये १ वटा रिट निवेदन र बाँकी १४ वटा फैसलाहरू विभिन्न प्रजनन स्वास्थ्य अधिकारसँग सम्बन्धित रहेका छन्। *अन्नपुर्ण राणा वि. गोरख सम्शेर ज.व.रा. समेत,* (ने.का.प. २०५५ अङ्क ८, नि. नं. ६५८८) को मुद्दामा महिला विवाहित र बच्चाको आमा भए नभएको प्रमाणिताको लागि कुमारित्वको जाँच गर्नु गोपनीयताको अनतिक्रम्य हकको विपरीत हुने भनी गोपनीयता र प्रजनन स्वास्थ्यको हकको बारेमा न्यायिक सिद्धान्त प्रतिपादन भएको छ।

अन्तर्राष्ट्रिय अभिसन्धिहरूसमेतलाई बिचार गरी उचित मापदण्डको आधारमा न्यूनतम प्रसूति बिदाको अवधि निर्धारण गरी तोकी मातृत्व संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन *अधिवक्ता प्रकाशमणि शर्मासमेत वि. श्री ५ को सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयसमेत* (ने.का.प. २०६०, अङ्क ९, नि.नं. ७२६८) भएको रिटमा निर्देशन जारी गर्नुका साथै शिशु स्वास्थ्य तथा मातृत्व संरक्षण सम्बन्धमा महत्त्वपूर्ण फैसला गरेको पाइन्छ। त्यसैगरी सर्वसुलभ एवम् पहुँच योग्य गर्भपतनको सुविधा सुनिश्चित गर्ने र गर्भपतनसम्बन्धी छुट्टै कानून निर्माण गर्न *लक्ष्मीदेवी धिक्तसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* (ने.का.प २०६७ अङ्क ९, नि. नं. ८४६४) भएको रिटमा सर्वोच्च अदालतले विस्तृत रुपमा विभिन्न महत्त्वपूर्ण विषयमा न्यायिक दृष्टिकोण बसालेको छ।यसै रिटको आदेशको आधारमा "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५" जारी भई कार्यान्वयनमा रहेको पाइन्छ ।

कारागारमा रहेका थुनुवा कैदीहरूको प्रजननसम्बन्धी अधिकारको उपभोगका लागि पारिवारिक भेटघाटको सुविधा उपलब्ध गराउने सम्बन्धमा *जङ्गबहादुर सिंहसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत,* (ने.का.प. २०६८, अङ्क ६, नि. नं. ८६३१) भएको रिट र फौजदारी कसुरको अनुसन्धानदेखि फैसला र सजाय निर्धारणसम्मका चरणमा महिलाको प्रजनन स्वास्थ्य सुविधा सुनिश्चित गर्ने सम्बन्धमा *जयबहादुर तामाङसमेत वि. इन्दिरा भण्डारीको जाहेरीले नेपाल सरकार,* (०७१-CR-११६७, फैसला मिति २०७४।३।२६) भएको रिटमा आदेश जारी भएबाट प्रजननसम्बन्धी अधिकारमा सबैको समान अधिकार रहेको भनी सोको संरक्षणका लागि सर्वोच्च अदालतबाट महत्त्वपूर्ण व्याख्या भएको देखिन्छ।

यसै गरी **पहिचानको अधिकारसँग** सम्बन्धित २२ वटा फैसलाहरूमध्ये २० वटा रिट निवेदनका र बाँकी २ वटा अन्य मुद्दासँग सम्बन्धित फैसलाहरू छन्। समाजमा विशेष यौन अभिमुखीकरण र लैंङ्गिक पहिचान राख्ने वर्गहरूले अन्य समुदायका व्यक्तिहरूसरह समान किसिमले राजनीतिक, समाजिक, सांस्कृतिक र आर्थिक अधिकार उपभोग गर्न पाउनुपर्दछ भन्ने मान्यतामा जोड दिई दायर भएको *सुनिलबाबु पन्त वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत* (निवेदन नं. ०७०-WO-०२८७ आदेश मिति २०७३।१०।१० निर्णय नं. ९८७) रिटमा समाजमा विशेष पहिचान भएका व्यक्तिहरूको पहिचानको अधिकार सुनिश्चित गर्न पहिचानसहितको नागरिकता जारी हुनु पर्ने भनी आदेश भएको छ। त्यसैगरी तेस्रोलिङ्गी पहिचान हुने गरी राहदानी दिने व्यवस्था गर्न *डिलु बुदुजा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*को रिट निवेदनमा (ने.का.प. २०७० अङ्कः ८, नि.नं. ९०४८) आदेश जारी भएको पाइन्छ।

आमाको नामबाट नागरिकता लिने अधिकार महिला अधिकारभित्र पर्ने सम्बन्धमा भनी आमाको नामबाट नागरिकता प्रदान गर्न भनी *सविना दमाईसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत* (ने.का.प. २०६८, अङ्क २, नि नं. ८५५७) र वादी समुदायका बालबालिकाहरूलगायत बाबुको ठेगान नलागेको सबै बालबालिकाहरूलाई आवश्यक व्यवस्था गरी आवश्यक व्यवस्था गर्न भनी *अधिवक्ता टेक ताम्राकारसमेत वि. श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालयसमेत* (ने.का.प. २०६२ अङ्क ६, नि.नं. ७५५०) को रिट निवेदनहरूमा आदेश भएका छन्।

प्रकाशनको क्रममा अध्ययन गरिएका **विवाह तथा पारिवारिक सम्बन्धसँग** सम्बन्धित १० वटा फैसलाहरूमध्ये ८ वटा रिट निवेदन र बाँकी २ वटा मुद्दासँग सम्बन्धित रहेका छन्।महिला र पुरुषबिचको वैवाहिक उमेरमा विभेदपूर्ण कानूनी व्यवस्था भएको भनी दायर भएको *अधिवक्ता श्री सपना प्रधान मल्लसमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत* (ने.का.प.

२०६३ अङ्क ३, नि.नं. ७६५९) रिटमा मुलुकी ऐन विहावरीको महलको २ नं.को व्यवस्था र विवाह दर्ता ऐन, २०२८ को दफा ४(३) को व्यवस्थाहरूमा सामाञ्जस्यता र एकरुपता ल्याउने गरी कानून संशोधन गर्नुका साथै बालविवाहका सम्बन्धमा बालविवाह रोक्न तत्सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भनी आदेश भएको छ। अर्को विवाह गर्ने, छुट्टी भिन्न भई बस्ने र सम्बन्ध विच्छेद हुनु भनेको फरक फरक मान्यता भएको भनी *किरण राणा वि. पुरण शमशेर ज.ब.रा.* (ने.का.प. २०७५ अङ्कः ४, नि. नं. ९९९९) मुद्दामा व्याख्या भएको पाइन्छ।

त्यसै गरी **रोजगारीमा समान अधिकार** अन्तर्गत ८ वटा फैसलाहरू सबै रिट निवेदनका सन्दर्भमा रहेका छन्। *रिना बज्राचार्यसमेत वि. श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत* (ने.का.प. २०५७ अङ्क ५, नि. नं. ६८९८) रिट निवेदनमा भएको आदेशबाट समान पदमा कार्यरत महिला र पुरुष कर्मचारीहरूबिच सेवा र सुविधासम्बन्धी व्यवस्था विभेदकारी गर्न नहुने भनी रोजगारीमा समान अधिकारको प्रत्याभूति हुन पुगेको छ। त्यसैगरी फरक फरक सेवाअन्तर्गतका महिला कर्मचारीको असमान परीक्षणकालको व्यवस्था समानताको हक विपरीत रहेको भनी *सीता आचार्यसमेत वि. श्री ५ को सरकार, स्वास्थ्य मन्त्रालयसमेत* (२०५५ सालको रिट नं. ३९७५) र *अधिवक्ता प्रकाशमणि शर्मासमेत वि. नेपाल सरकार महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालयसमेत* (ने.का.प. २०६३, अङ्क १, नि. नं. ७६३४) को रिट निवेदनहरूमा फैसला भएको छ।

डान्स तथा क्याबिन रेष्टुरेन्टहरूमा काम गर्ने महिलाहरूको मौलिक हक अधिकार संरक्षण सम्बन्धमा *अधिवक्ता प्रकाशमणि शर्मासमेत वि. नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसमेत* (ने.का.प. २०६५, अङ्क ८, नि. नं. ८००५) भएको रिट निवेदनमा ती महिलाहरूको मौलिक हक अधिकार तथा रोजगारीको संरक्षणका लागि डान्सवार, डान्स रेष्टुरेन्ट, क्याबिन रेष्टुरेन्ट र मसाज पार्लरको सञ्चालनसम्बन्धी कानून बनाउनु भन्ने निर्देशनात्मक आदेश जारी गरिनुका साथै कानून बनी कार्यान्वयन नहुँदासम्म त्यस्तो स्थानमा काम गर्ने महिला कामदारहरूउपर हुने यौन शोषण र दुर्व्यवहारको निषेध एवम् नियन्त्रण गर्नको "डान्स रेस्टुरेन्ट, बारजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका,२०६५" जारी गरिएको थियो। तत्पश्चात "कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्न यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१" जारी नै भइसकेको अवस्था छ।

**त्यसै गरी विशेष संरक्षणसम्बन्धी व्यवस्थासँग** सम्बन्धित फैसलाहरूमा ९ वटै रिट निवेदन रहेका छन्। महिला, पिछडिएका र संरक्षण आवश्यक भएका वर्गलाई कानून बनाएर संरक्षण दिने भनिएकोमा बिना कानून त्रि.वि.वि. का कर्मचारीमा आरक्षण प्रदान गर्ने निर्णय संविधान विपरीत

भएकोमा भनी दायर भएको *प्रद्योष क्षेत्रीसमेत वि. प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय,* २०६१ सालको रिट नं. ३०५९, फैसला मिति २०६१।७।१३) रिट निवेदनमा यथासक्य चाँडो आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिबाट पिछडिएको र अशक्त भन्ने कुरा निरूपणका स्पष्ट आधार तोकी कानून निर्माण गरी संरक्षण आवश्यक भएका वर्ग र महिलाको संरक्षण र सन्तुलित विकासको कार्यक्रम सञ्चालन गर्नु भनी आदेश भएको छ। यसका साथै लैङ्गिक अमैत्री विज्ञापनहरूलाई नियन्त्रण र नियमित गर्न सेन्सर बोर्ड र उच्चस्तरीय विशेषज्ञ समिति गठनको लागि *अधिवक्ता राजुप्रसाद चापागाँईसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* (ने.का.प. २०६५ अङ्क ७, नि. नं. ७९८७) रिट निवेदनमा गरिएको आदेशले महिलाको संरक्षणको सन्दर्भमा ठुलो भूमिका खेलेको देखिन्छ।

एकल विधवा महिलाहरूलाई विधवा भत्ता दिँदा उमेरको हद लगाई विभेद गरिएको भनी दायर भएको *अधिवक्ता कविता पाँडेसमेत वि.* नेपाल *सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* (ने.का.प २०६७ अङ्क ७, नि. नं. ८४११) को रिट निवेदनमा एक निश्चित मापदण्ड निर्धारण गरी ६० वर्षभन्दा कम उमेरका एकल महिला (विधवा) लाई पनि सामाजिक सुरक्षाअन्तर्गत दिइने भत्ता उपलब्ध गराउनेतर्फ ध्यानाकर्षण गराइएको र विधवा महिलाको तथ्याङ्क सङ्कलन गराउने कार्यमा समेत निर्देशनात्मक आदेश जारी भएको छ।

यिनै उपयुक्त विभिन्न ७ प्रकृतिका जम्मा ११८ वटा फैसला वा आदेशहरूका निर्णयाधारहरू प्रस्तुत **"सर्वोच्च अदालतबाट भएका लैङ्गिक न्याय र समानतासम्बन्धी महत्त्वपूर्ण फैसलाहरूको सँगालो, २०७७" मा** समेटी प्रकाशन गरिएको छ ।

## बिषयसूची


| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| भाग – १ लैङ्गिक हिंसा | | | | | | | |
| १ | २०५९।१।१९ | २०५८ सालको रिट नं ५५ | नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित | मिरा ढुंगाना विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेत | | वैवाहिक बलात्कारलाई दण्डनीय अपराध बनाउने सम्बन्धमा। | ३ |
| २ | २०५९।१।१९ | २०५८ सालको रिट नं ५६ | नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित | अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध श्री ५ को सरकार कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | - | जबरजस्ती करणीको कसूरमा पीडितको चरित्र र पेसाअनुसार समान प्रकारको कसुर गर्ने अपराधीलाई फरक फरक सजाय भएको कानूनी व्यवस्था सम्बन्धमा। | ५ |
| ३ | २०६०।११।२९ | २०६० सालको रिट नं. ३४३४ | परमादेशसमेत | अधिवक्ता शर्मिला पराजुलीसमेत विरुद्ध श्री ५ | ने.का.प. २०६१, अङ्क १०, निं.नं. | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धमा | ७ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | को सरकार, मन्त्रीपरिषद् सचिवालयसमेत | ७४४९ | उपयुक्त कानून निर्माण गर्ने सम्बन्धमा । | |
| ४ | २०६१।४।२६ | संवत् २०५८ सालको रिट नम्बर २८९१ | उत्प्रेषणसमेत | अधिवक्ता रेश्मा थापासमेत विरुद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत | ने.का.प. २०६२ अङ्क २, नि.नं. ७४९८ | बोक्सी दोषारोपण गर्ने कार्यलाई सजाय गर्ने कानून निर्माण सम्बन्धमा। | ९ |
| ५ | २०६२।१।१९ | संवत् २०६१ सालको रिट नम्बर ३३०३ | परमादेशसमेत | डिलबहादुर विश्वकर्मासमेत विरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६२ अङ्क ४, नि. नं. ७५३१ | महिलाहरूमा मासिक श्राव हुँदा छाउपडी गोठमा राख्ने प्रथा रोक्ने सम्बन्धमा। | ११ |
| ६ | २०६३।५।२५ | संवत् २०६१ सालको रिट नम्बर ३२१५ | परमादेशसमेत | सोमप्रसाद पनेरुसमेत विरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयसमेत | ने.का.प. २०६३ अङ्क ५, नि. नं. ७७०५ | कमलरी प्रथालाई निर्मूल गराउने र आवश्यक कानूनी एवम् प्रशासनिक व्यवस्था गर्ने सम्बन्धमा। | १३ |
| ७ | २०६३।८।२८ | संवत् २०६३ सालको रिट नं. १३१ | समानताको सिद्धान्तमा आधारित कानूनी व्यवस्था गर्न गराउनको लागि आदेश | अधिवक्ता मीरा ढुंगाना विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६३, अङ्क ८, नि. नं. ७७४२ | सामाजिक व्यवहार सुधार ऐन अनुसार एकै कसुरमा फरक फरक सजाय भई समानताको हक विपरीत भएको कानूनी | १५ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | व्यवस्था सम्बन्धमा। | |
| ८ | २०६३।१०।११ | २०६३ सालको रिट नं. WS-१२८ | संविधानसँग बाझिएको कानून अमान्य घोषित गरी बालबिवाहको उन्मूलनका लागि आवश्यक उपायहरूको अवलम्बन गर्न परामर्शको आदेश | अधिवक्ता रमा पन्त खरेल विरुद्ध नेपाल सरकारसमेत | - | बाल विवाहलाई बदर हुने भनी कानून भन्नु पर्नेमा बदर गराउन सकिने अवस्थामा राखेकोले सो उन्मूलनका लागि आवश्यक कानून, निर्देशन बनाई कार्यान्वयन गर्ने सम्बन्धमा। | १६ |
| ९ | २०६५।३।२६ | संवत् २०६३ सालको रिट नं. ०६४–००३५ | नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(१) बमोजिम संविधान समेतसँग बाझिएका कानूनलाई समानताको सिद्धान्त अनुसार कानून निर्माण गर्न परमादेशसमेत | जितकुमारी पंगेनी (न्यौपाने) समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६५ अङ्क ६, नि. नं. ७९७३ | वैवाहिक बलात्कार र गैरवैवाहिक बलात्कारको अपराधमा बिचविभेदपूर्ण दण्ड सजाय सम्बन्धमा। | १७ |
| १० | २०६५।३ | संवत् २०६३ | संविधानसँग | अधिवक्ता रमा | ने.का.प. | सामाजिक | १९ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | ।२६ | सालको रिट नं. ०६३–WS–००१९ | बाझिएको कानून अमान्य गरी परमादेश लगायत जो चाहिने आज्ञा आदेश | पन्त खरेलसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत | २०६५ अङ्क ४, नि. नं. ७९५१ | व्यवहार (सुधार) ऐन २०३३ ले दाइजो उन्मूलन गर्न नभई नियन्त्रण गर्ने प्रयोजनका लागि अस्तित्वमा आएकोले दाइजोसँग सम्बन्धित व्यवस्थाहरू अमान्य घोषित गरी महिलाको हक संरक्षणका लागि आवश्यक कानून निर्माण गर्ने सम्बन्धमा। | |
| ११ | २०६५।३।२७ | संवत् २०६१ सालको रिट नं. ३३९३ | परमादेश | अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध नेपाल सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत | ने.का.प. २०६५ अङ्क ११, नि. नं. ८०३८ | जबरजस्ती करणी मुद्दामा व्यवस्था गरिएको ३५ दिने हदम्यादको अपर्याप्त भएको सम्बन्धमा। | २० |
| १२ | २०६५।५।२ | संवत् २०६२ सालको रिट नं. ३५८१ | परमादेशसमेत | अधिवक्ता पुन्देवी महर्जन 'सुजाना' विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | ने.का.प. २०६५ अङ्क ६, नि. नं. ७९८१ | कुमारीहरू विरुद्ध भइरहेको भेदभाव र शोषण रोकी कुमारी प्रथाको सुधारका लागि | २२ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | कार्यालयसमेत | | आवश्यक सञ्चालन सम्बन्धमा। | |
| १३ | २०६५।७।६ | ०६४ सालको स.फौ.पु.वे.नं. ०४७९ | जबर्जस्ती करणी | त्रिरत्न चित्रकार विरुद्ध नेपाल सरकार | ने.का.प. २०६६ अङ्कः ५ नि. नं. ८१४८ | Custodial rape मा अपराधको गाम्भीर्यताका साथै ज.क. मुद्दामा कसुरदारको अंशबाट पीडितलाई आधा अंश भराउने व्यवस्था र दण्ड सजायको ४६ नंको व्यवस्थाबिचको भिन्नता सम्बन्धमा। | २४ |
| १४ | २०६५।१०।२६ | २०६३ सालको रिट नं. ०४०२ | परमादेश | इन्दिरा बस्नेत विरुद्ध नेपाल सरकारसमेत | - | जबरजस्ती करणी मुद्दामा व्यवस्था भएको ३५ दिने हदम्यादलाई बढाउने सम्बन्धमा। | २७ |
| १५ | २०६६।४।२८ | संवत् २०६४ सालको रि.नं. WO– ०४२४ | परमादेशसमेत | अधिवक्ता ज्योति पौडेलसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत | ने.का.प. २०६६ अङ्कः १२ नि. नं. ८२८२ | एसिड खन्याई गरिने क्रुर अमानविय अपराधलाई घरेलु हिंसा (कसुर र सजाय) ऐनमा | २८ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | नसमेटिएकोले सो अपराधको मात्राअनुसारको सजायको व्यवस्थाको लागि उक्त ऐनमा संशोधन गर्ने र Fast Tract Court गठन गर्ने सम्बन्धमा। | |
| १६ | २०६७।८।१५ | संवत् २०६६ सालको रिट नं.– ०६६३ | उत्प्रेषणयुक्त परमादेश | अधिवक्ता ज्योती लम्साल पौडेल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६७ अङ्क ११, नि. नं. ८५०७ | सामूहिक बलात्कार जस्तो गम्भीर प्रकृतिको महिला विरुद्धको हिंसा सम्बन्धी मुद्दामा राज्यले निष्पक्ष ढंगले अनुसन्धान गर्न विशेष कानूनी र संरचनागत व्यवस्था गर्न आवश्यक भएको सम्बन्धमा। | ३२ |
| १७ | २०६७।८।१५ | संवत् २०६६ सालको रिट. नं. ०५८४ | परमादेश | सुन्तली धामी (शाह) विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६८ अङ्क १, नि. नं. ८५४१ | सामूहिक बलात्कारमा किटानी जाहेरी परेको अवस्थामा केहीलाई मुद्दा चालाएको र | ३४ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | केहीलाई नचलाएकोमा सरकारी वकिलले मुद्दा नचल्ने गरी गरेको निर्णयलाई अदालतले न्यायिक पुनरावलोकन गर्न मिल्ने नमिल्ने सम्बन्धमा। | |
| १८ | २०६९।२।३ | रिट नम्बर २०६६–WO–०५४४ | परमादेश | अधिवक्ता कविता पाँडेसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६९, अङ्क १० नि. नं. ८९०१ | वैकल्या प्रथाको उन्मूलन गर्ने र आवश्यक व्यवस्था तथा कार्यक्रमहरू सञ्चालन गर्ने सम्बन्धमा। | ३६ |
| १९ | २०६९।५।७ | रिट.नं.२०६८ – WS–००४२ | उत्प्रेषण परमादेश | अधिवक्ता ज्योति लम्साल पौडेलसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६९, अङ्क ९, नि. नं. ८८८३ | सामाजिक व्यवहार (सुधार) ऐन भएको दाइजो दिने सम्बन्धी व्यवस्थाले दाइजो नियन्त्रण नगरी महिलामाथि दाइजोको कारणबाट हिंसा भई सोबाट | ३७ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | मौलिक हक अपहरण भएको सम्बन्धमा। | |
| २० | २०७०।१।१९ | २०६८ सालको रिट नं. ०६८-WS-००४६ | उत्प्रेषणसमेत | अधिवक्ता मिरा ढुंगाना विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | - | सरकारवादी मुद्दा सम्बन्धी ऐन अन्तर्गत चल्ने मुद्दाका पीडित साक्षीलाई अनुचित रुपमा वर्गिकरण गरी अन्य मुद्दामा भन्दा मानवबेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐनका विभिन्न दफामा भएकामा भएका विभेदपूर्ण अवस्था सम्बन्धमा। | ३९ |
| २१ | २०७०।८।३० | २०६६–CR–०७९२ | जबर्जस्ती करणी | बद्री खत्री विरुद्ध यसोदा कार्कीको जाहेरीले नेपाल सरकार | ने.का.प. २०७१ अङ्कः ६ नि. नं ९१८६ | नाबालिका उपर ज.क भएकोमा करणी ठहरिन पुरुषको लिङ्ग प्रवेश असान्दर्भिक भएको सम्बन्धमा। | ४१ |
| २२ | २०७१।५ | ०७०-RC- | कर्तव्य ज्यान | गुराँसदेवी | ने.का.प. | कर्तव्य ज्यान | ४२ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | ।२७ | ०११२ | | लामाको जाहेरीले नेपाल सरकार विरुद्ध राधिका श्रेष्ठ | २०७१ अङ्कः ९ नि. नं. ९२४२ | मुद्दामा Battered Women Syndrome भएकी महिलाले गरेको अपराधको परिस्थितिको पृथकता सम्बन्धमा। | |
| २३ | २०७१।१ ०।१९ | ०६७-CR-१२८८ | मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी | लोकबहादुर कार्कीसमेत विरुद्ध "ख" कुमारीको जाहेरीले नेपाल सरकार | ने.का.प. २०७२ अङ्कः २ नि.नं. ९३४६ | नाबालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा जबर्जस्ती करणी गरेको मानिने सम्बन्धमा। | ४४ |
| २४ | २०७२।१ ०।२१ | ०७१-WO-०७५३ | परमादेश | अधिवक्ता पुण्यशिला दवाडी घिमिरेसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०७४ अङ्कः १ नि. नं. ९७४१ | नाबालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा जबर्जस्ती करणी गरेको मानिने सम्बन्धमा। | ४८ |
| २५ | २०७३।३ ।२१ | ०७१-CR-००८७ | कर्तव्य ज्यान | सञ्जु महतोसमेत विरुद्ध झारी महतोको जाहेरीले नेपाल सरकार | ने.का.प. २०७४ अङ्कः ८ नि. नं. ९८६१ | बोक्सीको आरोप लगाई हत्या गरी जलाउने कार्य महिला हिंसाको उत्कर्ष रुप भएको सम्बन्धमा। | ५० |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| २६ | २०७३।५।१६ | ०७०-CR-०५२४ | मानव बेचबिखन तथा ओसारपसार जबरजस्ती करणी | लाक्पा शेर्पा विरुद्ध परिवर्तित उपनाम यमुना राईको जाहेरीले वादी नेपाल सरकार | ने.का.प. २०७३ अङ्क: ९ नि.नं. ९६८४ | महिलाले महिलालाई जबरजस्ती करणी गर्न सक्ने नसक्ने तथा जबरजस्ती करणीको अपराध कृत्रिम लिङ्गको प्रयोगबाट स्थापित हुने नहुने सम्बन्धमा। | ५१ |
| २७ | २०७४।४।२७ | ०७२-CR-०८७९ | मानव बेचबिखन तथा ओसारपसार | परिवर्तित नाम अप्सराको जाहेरीले नेपाल सरकार विरुद्ध शान्ति वि.क. | ने.का.प. २०७४ अङ्क: ८ नि. नं. ९८६८ | मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐनअन्तर्गत कसुरदारको आर्थिक हैसियत कमजोर रही क्षतिपूर्ति भराउन नसक्ने अवस्थामा पीडितलाई पुनर्स्थापना कोषबाट उक्त रकम भराउने व्यवस्था सम्बन्धमा। | ५३ |
| २८ | २०७४।८।१३ | ०७२-WC-००२० | उत्प्रेषण / परमादेश | अधिवक्ता राजीवजंग | - | सामान्य प्रतिरक्षा र सतित्व | ५४ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | शाहसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | | रक्षाको बिच फरक अवस्था हुने नहुने सम्बन्धमा। | |
| २९ | २०७५।३।७ | ०६७-CR-००२० | नाबालिगसँग अप्राकृतिक मैथुन गरेको | परिवर्तित नाम क कुमारीको जाहेरीले नेपाल सरकार विरुद्ध सन्तोष कु शाह | ने.का.प. २०७६ अङ्कः ८ नि.नं. १०३३५ | अप्राकृतिक मैथुन र आशय करणीको क्रियाबिचको भिन्नता सम्बन्धमा। | ५६ |
| ३० | २०७५।९।३० | ०७२-CR-०७९९ | मानव बेचविखन तथा ओसार पोसार | पदम वि.क. विरुद्ध कैलाली ७१ "ख" खिमा (परिवर्तित नाम) को जाहेरीले नेपाल सरकार | - | मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन अन्तर्गत पीडितलाई पुनर्स्थापना कोषबाट क्षतिपूर्ति भराउने व्यवस्था सम्बन्धमा। | ५७ |
| ३१ | २०७६।१।१५ | ०७०-WO-०६८३ | उत्प्रेषण | सह सेनानी भुपेन्द्र खड्का विरुद्ध नेपाल सरकार, नेपाली सेना, जङ्गी अड्डा भद्रकालीसमेत | ने.का.प. २०७६ अङ्कः ८ नि.नं. १०३४२ | सहमति सहितको यौन सम्बन्ध भनिएकोमा सहमति दिने र दिने व्यक्तिहरूको हैसियतमा शक्ति सम्बन्धको ठूलो अन्तर हुँदा सो | ५८ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रभावमा पार्न सक्ने पद र हैसियतमा रहको व्यक्तिले गरेको करणीमा पीडितले स्वतन्त्र रुपमा सहमति भन्न नमिल्ने सम्बन्धमा | |
| ३२ | २०७६।३।२६ | ०७४-NF-०००१ | जबरजस्ती करणी उद्योग | प्रदिप भट्टराई विरुद्ध पीडितको बुबाको जाहेरीले नेपाल सरकार | ने.का.प. २०७६ अङ्कः ६ नि.नं. १०२८० | आशय करणीको प्रकृति र जबरजस्ती करणीको उद्योगको प्रकृतिबिच भिन्नता सम्बन्धमा। | ६० |
| ३३ | २०७६।८।२ | ०७१-CR-०६५९ | जबरजस्ती करणी | "घ" कुमारीको जाहेरीले नेपाल सरकार विरुद्ध सागर भट्ट | | जबरजस्ती करणी कसुरमा मुख्य वारदात स्थल नै पीडितको शरीर भएकोले वारदार स्थलको यकिनता नभएको भनी कसुरबाट उन्मुक्ति दिन नसकिने सम्बन्धमा। | ६२ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| **भाग – २**<br>**सम्पत्तिमा समान अधिकार** | | | | | | | |
| १ | २०४९।७।६ | संवत् २०४९ सालको नि.नं.– २३११ | उत्प्रेषण | श्रीमती सरला रानी रौनियार विरुद्ध श्री सचिव, श्री ५ को सरकार अर्थ मन्त्रालयसमेत | ने.का.प. २०५० (क) अङ्क १ नि. नं. ४६८० | दम्पत्तिको संयुक्त आयमा लोग्नेको नाममा कर निर्धारण गरिनेछ भन्ने व्यवस्थाले पुरुष र स्त्रीबिच भेदभाव गरेको भन्ने सम्बन्धमा। | ६७ |
| २ | २०५२।४।१८ | संवत् २०५० सालको रिट नं. ३३९२ | संविधानसँग बाझिएको कानून संविधानको धारा ८८(१) बमोजिम बदर घोषित गर्ने आदेश जारी गरिपाऊँ। | मीरा कुमारी ढुंगानासमेत विरुद्ध विरुद्ध श्री ५ को सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत | ने.का.प. २०५२ अङ्क ६ नि. नं. : ६०१३ | ३५ वर्षको उमेर पुगेकी विवाह नभएकी छोरीले छोरासरह अंश पाउने कानूनी व्यवस्थाले छोरा र छोरीबिच लिङ्गको आधारमा समान व्यवहार गरेको भन्ने सम्बन्धमा। | ६९ |
| ३ | २०५२।८।२५ | रिट नं. २७३६ | उत्प्रेषणसमेत | अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध श्री ५ को सरकार, कानून न्याय | ने.का.प. २०५३, अङ्क २ नि. नं. ६१४० | छोरी, सधवा एवं विधवा बुहारीलाई मोहीयानी हकको उत्तराधिकारी | ७१ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | तथा संसदीय व्यवस्था मन्त्रालयसमेत | | अस्वीकार गरिएको कानूनी व्यवस्था सम्बन्धमा। | |
| ४ | २०५३।४।३ | संवत् २०५१ सालको रिट नं. २८१६ | उत्प्रेषण | डा. चन्दा वज्राचार्य विरुद्ध श्री संसद् सचिवालयसमेत | ने.का.प. २०५३ अङ्क ७ नि.नं. ६२२३ | अंशबन्डा, अपुताली, धर्मपुत्र, जारीको, विहावारीको, लोग्ने स्वास्नीको र पशूकरणी सम्बन्धी महलहरूमा भएको समानताको हक विपरीत भेदभावयुक्त रहेको सम्बन्धमा। | ७३ |
| ५ | २०६१।४।१४ | २०५९ सालको रिट नं. ११० | नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ बमोजिम संविधासँग बाझिएको कानून अमान्य र बदर | अधिवक्ता मीरा ढुंगाना विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत | ने.का.प. २०६१ अङ्क ४ नि. नं. ७३५७ | वैवाहिक स्थितिलाई आधार मानी विवाह नभएसम्म अपुताली हक प्राप्त गर्ने तर विवाह पश्चात् अपुताली फर्काउनु पर्ने समान अवस्थाका महिलाबिच | ७५ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | असमान कानूनी व्यवस्था सम्बन्धमा। | |
| ६ | २०६१।४।१४ | २०६० सालको रिट नं. ३४ | नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य र बदर | अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत | ने.का.प. २०६१ अङ्क ४, नि. नं. ७३५८ | लिङ्गको आधारमा अपुतालीको क्रम तोकी छोरा र छोरी, नाति र नातिनीका बिच विभेद गरी वैवाहिक स्थितिका आधारमा समेत छोरीछोरीका बिच विभेद हुने अवस्था सिर्जना गरेको सम्बन्धमा। | ७७ |
| ७ | २०६२।८।८ | २०५८ सालको दे.पु.नं ७२६७ | बन्डापत्र दर्ता बदर | मिना श्रेष्ठ विरुद्ध गन्जबहादुर श्रेष्ठसमेत | ने.का.प. २०६३ अङ्क १ नि. नं. ७६४० | अंश हक लोप हुने गरी बन्डा गरिएको कार्यलाई कानूनी मान्न नमिल्ने सम्बन्धमा। | ७९ |
| ८ | २०६२।८।३० | संवत् २०६१ सालको विशेष रिट नं. ३४ | नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम | लिली थापासमेत विरुद्ध श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालसमेत | ने.का.प. २०६२ अङ्क ९ नि.नं. ७५८८ | स्त्री अंशधनको रूपमा पूर्ण स्वामित्व रहेको सम्पत्ति उपभोगमा बन्देज गरेको | ८१ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | संविधानसँग बाझिएको कानून अमान्य एवं बदर | | | कानूनी व्यवस्थालाई न्यायोचित मान्न नमिल्ने सम्बन्धमा। | |
| ९ | २०६२।८।३० | संवत् २०६१ सालको विशेष रिट नं. ३१ | नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम बाझिएको कानून अमान्य एवं बदर | अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६२ अङ्क ८ नि. नं. ७५७७ | वैवाहिक अधिकार उपभोग गरेकै कारणले छोरीले सगोलको अन्य अंशियारसरह प्राप्त गरेको साम्पत्तिक अधिकारबाट बंचित हुनुनपर्ने सम्बन्धमा। | ८३ |
| १० | २०६३।८।७ | २०६२ सालको विशेष रिट नं. ११४ | नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य र बदर | अधिवक्ता मीरा ढुंगाना विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६३ अङ्क ८ नि. नं. : ७७४३ | महिलाले सम्पत्ति बिक्री गरिदिएको व्यक्तिसँग विवाह गरेमा सम्पत्ति फिर्ता नहुने सम्बन्धमा। | ८६ |
| ११ | २०६४।५।३० | २०६२ सालको दे.पु.नं. ८०२७, ९८२६ | शेषपछिको वकसपत्र लिखतबदर | वस नारायण महर्जन विरुद्ध नरेश महर्जन | ने.का.प. २०६४ अङ्कः ६ नि. नं. ७८६४ | शेषपछिको वकसपत्र गरी पछि केही सम्पत्ति हालैको बकसपत्र गरी दिएको कार्यमा | ८८ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आफ्ना नाममा रहेको सम्पत्ति हस्तान्तरण गर्न पाउने निरपेक्ष अधिकार नरहेको भन्न नसकिने सम्बन्धमा। | |
| १२ | २०६५।८।५ | ०६३-WH-००३० | उत्प्रेषण | अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६५ अङ्कः ११ नि. नं. ८०३१ | विवाह गरिसकेकी छोरीले अंश नपाउने भनी गरिएको व्यवस्थाले छोरीलाई विवाहित र अविवाहित गरी २ वर्गमा छुट्टयाई असमान व्यवहार लागु गरेको तथा अपुताली पाउने सम्बन्धमा पनि छोरासरह समान हैसियत उपलब्ध नगराएको व्यवस्था समानतको सिद्धान्त विपरीत भएको सम्बन्धमा।। | ८९ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| १३ | २०६७।५।१० | रि.नं. : ०६७– WS–००१० | उत्प्रेषणसमेत | अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६७ अङ्क ९ नि. नं. ८४५६ | स्त्री अंशधनको ७ नं ले महिलाको वैवाहिक सम्बन्ध कायम गर्ने अधिकारका साथै त्यस्तो सम्बन्धलाई निरन्तरता दिने अधिकारमाथि अंकुश लगाउन वा नियन्त्रण गरेको सम्बन्धमा। | ९१ |
| १४ | २०६९।२।१४ | दे.पु.नं. २०६७–CI–०९०१ | खानलाउन दिलाइपाऊँ | नरबहादुर आचार्यसमेत विरुद्ध रुकमेणीदेवी शाह | ने.का.प. २०६९ अङ्कः ५ नि. नं. ८८२२ | बुहारीले मानाचामल भराउन पाउने कानूनले सुनिश्चित गरेको अधिकार हुनाले विपक्षको आर्थिक हैसियत असान्दर्भिक हुने। | ९३ |
| १५ | २०६९।२।१७ | संवत् २०६५–WO–०५४५ | परमादेश | अधिवक्ता मीरा ढुंगानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६९, अङ्क १२ नि. नं. ८९२८ | मानाचामलको मुद्दा दायर भइसकेपछि अंशियारको सम्पत्ति रोक्का राख्न पाउने, मानाचामल लिई बसेको | ९५ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अवस्थामा त्यस्ता महिलाको सगोलको सम्पत्ति बेचविखन गर्न नपाउने जस्ता अंशबन्डा, लोग्नेस्वास्नी, अदालती बन्दोबस्तको महलमा भएको कानूनी व्यवस्थाहरू अपर्याप्त रहेकोले सो संशोधनका साथै थप कानूनसमेतको निर्माण गर्नुपर्ने सम्बन्धमा। | |
| १६ | २०६९।५।२१ | ०६८–DF–००१४ | अंश | निर्मला रोका विरुद्ध बालकृष्ण रोका | ने.का.प. २०७० अङ्कः ३ नि.नं. ८९७२ | अंश मुद्दा चल्दाचल्दैको अवस्थामा कानूनले कुनै व्यक्तिलाई पैतृक सम्पत्तिमा अन्य अंशियारसरह अधिकार प्रदान गर्ने व्यवस्था गरेको अवस्थामा सो | ९७ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | मुद्दामा पनि उक्त कानून आकर्षित हुने नहुने सम्बन्धमा। | |
| १७ | २०७५।२।६ | ०७३-CI-०३९२ | मोही नामसारी | रामचन्द्र सहनी विरुद्ध झलिया देवी मल्लाहिन | ने.का.प. २०७६ अङ्कः ६ नि.नं. १०२८३ | मोहिको एकमात्र छोरा र निजको एकमात्र श्रीमती रहेको अवस्थामा कानून बमोजिमको हकवाला व्यक्ति बुहारी भएकोले जग्गाधनीले मोही पत्याउन इन्कार गर्ने नसक्ने सम्बन्धमा। | ९९ |
| १८ | २०७५।३।१३ | ०६९-WO-०२४९ | परमादेश | अधिवक्ता सुष्मा गौतमसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | - | मोहीका अंशियार सदस्यहरूले मोही हकलाई पैत्रिक सम्पत्तिसरह निःसर्त र निरपेक्ष रूपमा दाबी गर्न नमिल्ने सम्बन्धमा। | १०० |
| १९ | २०७५।९।२५ | ०७२-WC-००१७ | उत्प्रेषण | अधिवक्ता तेजबहादुर | - | ऐनमा गरिएको संशोधनले | १०१ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | कटुवाल विरुद्ध राष्ट्रपतिको कार्यालय शीतल निवाससमेत | | महिलाले आफ्ना बाबु आमा र विवाहपश्चात् आफ्नो पतिबाट समेत दोहोरो अंश पाउने अवस्था भएको तथा सो व्यवस्थाले दिदी बहिनीका छोराछोरी र दाजुभाइको छोराछोरी एउटै अंश तथा वंश बनाई संविधानको पैत्रिक सम्पत्ति सम्बन्धी सिद्धान्तसँग बाझिएकोले बदर हुनुपर्ने भन्ने सम्बन्धमा। | |
| २० | २०७६।३।२२ | ०७५-WO-०८७७ | उत्प्रेषण, परमादेशसमेत | श्रीमती सुकुम थापासमेत विरुद्ध पिताम्बर थापासमेत | - | छोरीलाई पनि छोरासरह पैतृक सम्पत्तिमा समान अंशियार कायम गर्ने सम्बन्धमा। | १०३ |
| २१ | २०७६।०९।०३ | ०७३-NF-००३२ | अपुताली हक कायम | नारायणप्रसाद थारु विरुद्ध हरेन्द्रकुमार चौधरी | - | विवाहित छोरीले आफूलाई जन्माउने आमाको | १०४ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अपुतालीको निमित्त विवाहित छोरी नजिकको हकवाला हुने सम्बन्धमा। | |
| | | | **भाग - ३ प्रजनन स्वास्थ्यको अधिकार** | | | | |
| १ | २०५५।२।२५ | संवत् २०५३ सालको रिट नं. २१८७ | उत्प्रेषण | अन्नपूर्ण राणा विरुद्ध गोरख सम्शेर ज.ब.रा. समेत | ने.का.प. २०५५ अङ्क ८ नि. नं. ६५८८ | माना चामल मुद्दामा महिला विवाहित र बच्चाको आमा भए नभएको प्रमाणिताको लागि कुमारित्वको जाँच गर्न आवश्यक नभएको सम्बन्धमा। | १०७ |
| २ | २०६०।५।२५ | संवत् २०५९ सालको रि.नं. ८८ | संविधानको धारा ८८(१) र (२) बमोजिम परमादेशलगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी | अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध श्री ५ को सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयसमेत | ने.का.प. २०६० अङ्क ९ नि.नं. ७२६८ | न्यूनतम प्रसूति बिदाको अवधि निर्धारण सम्बन्धमा। | ११० |
| ३ | २०६१।११।१३ | संवत् २०६१ सालको रिट नं. ५२ | नेपाल अधिराज्यको संविधान, | अधिवक्ता सपना प्रधान मल्लसमेत | ने.का.प. २०६२ अङ्क १ नि. | गर्भपतनको अपराधमा गर्भवती | ११३ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | २०४७ को धारा ८८(१) र ८८(२) बमोजिम संविधानसँग बाझिएको कानूनको प्रावधान अमान्य र बदर | विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | नं. ७४७८ | महिलालाई र सो कार्य गर्न दुरुत्साहन गर्ने अन्य पुरुष वा महिलालाई हुने सजायमा भेदभावपूर्ण व्यवस्था भएको सम्बन्धमा। | |
| ४ | २०६२।२।४ | २०६१ सालको रिट नं ३२५० | परमादेश | अधिवक्ता प्रकाशमणी शर्मासमेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | - | प्रतिष्ठानमा शिशु स्याहार तथा स्तनपानसम्बन्धी स्तरीय सुविधा उपलब्ध गराउने सम्बन्धमा। | ११४ |
| ५ | २०६२।९।१४ | २०६१ सालको रिट नं ६३ | नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) अनुसार संविधानसँग बाझिएको कानून अमान्य | अधिवक्ता प्रकाशमणी शर्मासमेत विरुद्ध श्री ५ को सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | - | निगममा कार्यरत महिला कर्मचारीहरूबिच वैवाहिक हैसियतको आधारमा दिइने प्रसूति बिदाको सम्बन्धमा | ११५ |
| ६ | २०६५।२।२२ | रिट नं. ०६४–WO–०२३० | परमादेश | अधिवक्ता प्रकाशमणी शर्मासमेत विरुद्ध नेपाल सरकार | ने.का.प. २०६५ अङ्क ८, नि. नं.८००१ | महिलाको प्रजनन स्वास्थ्य समस्या तथा पाठेघर समस्या निराकरणका | ११६ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | | लागि पीडित महिलाहरूलाई निःशुल्क परामर्श, उपचार, स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध गराउने सम्बन्धमा। | |
| ७ | २०६५।२।२३ | रिट नं.२०६३–WS–००२८ | संविधान प्रतिकूलको कानूनी व्यवस्था अमान्य घोषित गरी परमादेश लगायत अन्य आवश्यक आदेश | अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६५ अङ्क ४, नि.नं. ७९५२ | कारागारमा रहेका सबै गर्भवती महिलाहरूले पाउने प्रजनन स्वास्थ्य अधिकारमा भएको भिन्नता सम्बन्धमा | ११८ |
| ८ | २०६५।४।२० | २०६१ सालको रिट नं ३३५२ | उत्प्रेषणसमेत | अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | - | वैध गर्भपतनको निर्णयमा महिलाको मात्र निर्वाध एकलौटी हक प्रदान भए नभएको सम्बन्धमा। | १२० |
| ९ | २०६६।२।६ | संवत् २०६३ सालको रिट नं.WO–०७५७ | परमादेश | लक्ष्मीदेवी धिक्तसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प २०६७ अङ्क ९, नि. नं. ८४६४ | सर्वसुलभ एवं पहुँच योग्य गर्भपतनको सुविधा सुनिश्चित गर्ने र गर्भपतनसम्बन्धी छुट्टै कानून निर्माण गर्ने | १२२ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सम्बन्धमा। | |
| १० | २०६६।११।१३ | संवत् २०६४ सालको रिट नं. – ०००४ | उत्प्रेषणसमेत | अधिवक्ता अच्यूतप्रसाद खरेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६७ अङ्क ६, नि. नं ८३८४ | सुत्केरी हुँदाको पटक र बच्चाको संख्याको आधारमा पाउने प्रसुति बिदाले प्रजनन स्वास्थ्यसम्बन्धी हक माथि नियन्त्रण गरेको व्यवस्था सम्बन्धमा। | १२५ |
| ११ | २०६७।४।१२ | २०६५ सालको रिट नं ०७४८ | परमादेश | विमला खड्कासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | - | अपांगता भएका महिलाहरूको स्वास्थ्य विशेष ध्यान दिई अपाङ्ग व्यक्तिहरूको सरल र सहज पहुँच हुन सक्ने गरी नीति कार्यक्रम बनाई लागू गर्ने सम्बन्धमा | १२६ |
| १२ | २०६७।१२।२८ | संवत् २०६६ सालको रिट. नं.– WO–१२२२ | उत्प्रेषण, परमादेश | जङ्गबहादुर सिंहसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६८, अङ्क ६, नि. नं. ८६३१ | कारागारमा रहेका थुनुवा कैदीहरूको प्रजनन सम्बन्धी अधिकारको उपभोगका लागि पारिवारिक | १२७ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | भेटघाटको सुविधा उपलब्ध गराउने सम्बन्धमा। | |
| १३ | २०७३।३।३० | ०७२-WO-०११९ | उत्प्रेक्षण / परमादेश | अधिवक्ता पुष्पराज पाण्डेय विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०७४ अङ्कः २ नि. नं. ९७५७ | कानूनी व्यवस्था नै भएको अवस्था सञ्चालित सरोगेसी सेवा सञ्चालन गर्ने कार्यलाई कानूनबमोजिम कार्य नमिल्ने र सरोगेसी सेवाबाट व्यावसायिक लाभ मात्र लिने प्रयोजन महिला अधिकारको विरुद्ध भएको सम्बन्धमा । | १२९ |
| १४ | २०७३।१०।१२ | ०७२-WO-०४८४ | उत्प्रेषण / परमादेश | शान्ति बलमपाकी विरुद्ध नेपाल सरकार, स्वास्थ्य मन्त्रालयसमेत | ने.का.प. २०७५ अङ्कः ३ नि. नं. ९९७४ | महिलाको स्वीकृतिविना २ वर्षभन्दा सानो बच्चा भएको महिला कर्मचारीको निजको जानकारी वा सहमति विना सरूवा गर्ने कार्यलाई | १३२ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | मनासिब मान्न नसकिने। | |
| १५ | २०७४।३।२६ | ०७१-CR-११६७ | कर्तव्य ज्यान | जयबहादुर तामाङसमेत विरुद्ध इन्दिरा भण्डारीको जाहेरीले नेपाल सरकार | - | फौजदारी कसुरको अनुसन्धानदेखि फैसला र सजाय निर्धारणसम्मका चरणमा महिलाको प्रजनन स्वास्थ्य सुविधा सुनिश्चित गर्न पर्ने। | १३३ |
| **भाग - ४<br>पहिचानको अधिकार** | | | | | | | |
| १ | २०५०।१०।२८ | २०४९ सालको रि. पु. इ. नं. २९ | संविधानको धारा १६।७१ बमोजिम परमादेशको आदेश वा जो चाहिने आज्ञा आदेश वा पुर्जी | मीरा गुरुङ्गसमेत विरुद्ध केन्द्रीय अध्यागमन विभागसमेत | - | नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशी नागरिकलाई लिङ्गको आधारमा दिइने असमान भिषाको समानतको सिद्धान्त विपरीत मानिने सम्बन्धमा | १३७ |
| २ | २०५५।१।११ | संवत् २०५१ सालको दे.पु.नं. २२२८ | अंश माना चामल | रत्नलाल कनौडिया विरुद्ध रेणु अधिकारी | ने.का.प. २०५५ अङ्क ८, नि. नं. | वादी प्रतिवादी बिच करणी लिनु दिनु भई छोरीको | १३८ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | ६५८५ | जायजन्म भएको अवस्थमा यी वादी प्रतिवादीबिच लोग्ने स्वास्नीको नाता कायम हुने । | |
| ३ | २०५८।१०।२५ | संवत् २०५७ सालको रिट नं. ३६६८ | नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३,८८ (१) र (२) बमोजिम उत्प्रेषणयुक्त परमादेशलगायत जुनसुकै उपयुक्त आज्ञा आदेश वा पुर्जी | अधिवक्ता चन्द्रकान्त ज्ञवालीसमेत विरुद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत | ने.का.प. २०५८, अङ्क ११ नि. नं. ७०४४ | वंशजको आधारमा पाउने नागरिकतामा लिङ्गको आधारमा भएको विभेदलाई न्यायोचित मान्न नमिल्ने सम्बन्धमा। | १३९ |
| ४ | २०६१। १२।१० | संवत् २०६१ सालको रि.नं. ३५०४ | उत्प्रेषण परमादेश | अधिवक्ता अच्यूतप्रसाद खरेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६२ अङ्क ४, नि. नं. ७५३३ | मातृत्वको आधारमा कुमारी आमाबाट जन्मिएका नाबालकलाई वंशजको आधारमा नागरिकता दिइने सम्बन्धमा। | १४२ |
| ५ | २०६२।५।३० | संवत् २०६० सालको रिट | परमादेशसमेत | अधिवक्ता टेक ताम्राकारसमेत | ने.का.प. २०६२ | वादी महिलाहरूबाट | १४३ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | नं. १२१ | | विरुद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालयसमेत | अङ्क ६, नि.नं. ७५५० | जन्म भएका नाबालकहरूको जन्मदर्ता गर्न र निजहरूले नागरिकता सम्बन्धमा आवश्यक व्यवस्था गर्न सम्बन्धमा। | |
| ६ | २०६२।८।१३ | संवत् २०६० सालको रिट नं. ३३५५ | उत्प्रेषण परमादेश | पुण्यवती पाठकसमेत विरुद्ध श्री ५ को सरकार परराष्ट्र मन्त्रालयसमेत | ने.का.प. २०६२ अङ्क ८, नि. नं. ७५८५ | महिलाहरूलाई राहदानी जारी गर्दा अभिभावकको स्वीकृति नचाहिने सम्बन्धमा। | १४४ |
| ७ | २०६३।५।१५ | संवत् २०६१ सालको रिट नं. ४३ | उत्प्रेषण परमादेश | अधिवक्ता मीरा ढुंगानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६३ अङ्कः ५ नि. नं. ७६९३ | बालक जन्मेपछि निजको नाम राखिदिने सम्बन्धमा भएको प्राथमिकता निर्धारणका सम्बन्धमा। | १४६ |
| ८ | २०६४।९।६ | संवत् २०६४ सालको रिट नम्बर ९१७ | उत्प्रेषण, परमादेश, प्रतिषेध लगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी | सुनिलबाबु पन्त विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६५ अङ्कः ४ नि. नं. ७९५८ | तेस्रो लिङ्गी व्यक्तिहरूको मौलिक हकको संरक्षण र उपभोगको प्रत्याभूतिका सम्बन्धमा। | १४७ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| ९ | २०६५।१।४ | संवत् २०६३ सालको रिट नं. ००८९ | उत्प्रेषण | नक्कली महर्जनसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६५ अङ्क ११ नि. नं. ८०३५ | विवाहित महिलालाई वंशजको आधारमा बुबाको नामबाट नागरिकता जारी हुन सक्ने सम्बन्धमा। | १५० |
| १० | २०६६।३।१२ | २०६५-WO-००३५ | परमादेश | रञ्जित थापासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६६ अङ्क ६, नि. नं. ८१७५ | आमाको नामबाट नागरिकताको प्रमाणपत्र लिने अधिकारको सुनिश्चितता गर्ने सम्बन्धमा। | १५१ |
| ११ | २०६७।१०।२४ | रिट नं. २०६७– WS–००१७ | उत्प्रेषणसमेत | अधिवक्ता सरोजनाथ प्याकुरेलसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६८ अङ्क १, नि. नं. ८५३६ | कुनै नेपाली नागरिक एकल महिला भएकै कारण मतदान गर्न र चुनावमा उम्मेदवार बन्ने हकबाट वञ्चित हुन नहुने सम्बन्धमा। | १५२ |
| १२ | २०६७।११।१५ | संवत् २०६७ सालको रिट. नं.– २०६७–WO–०७०३ | परमादेशसमेत | सविना दमाईसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६८ अङ्क २ नि नं. ८५५७ | आमाको नामबाट नागरिकता लिने अधिकार महिला अधिकारभित्र पर्ने सम्बन्धमा । | १५४ |
| १३ | २०६९।७ | २०६९–WH- | बन्दीप्रत्यक्षीक | प्रेमकुमारी | ने.का.प. | कुनै महिला वा | १५५ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | ।२० | ००३० | रण | नेपाली विरुद्ध राष्ट्रिय महिला आयोगसमेत | २०७० अङ्कः १ नि.नं. ८९४५ | पुरुषले अर्को समलिङ्गी महिला वा पुरुषसँग बस्न वा जीवन बिताउन स्वतन्त्र जीवनको अधिकार हुने सम्बन्धमा। | |
| १४ | २०७०।२ ।२७ | ०६८–WO– ००२७ | परमादेश | डिलु बुदुजा विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०७० अङ्कः ८ नि.नं. ९०४८ | तेस्रोलिङ्गीले पहिचानसहितको राहदानी प्रदान गर्ने सम्बन्धमा। | १५७ |
| १५ | २०७२।१ २।२ | ०६८-WO- ०७३१ | परमादेश | सज्दा सापकोटासमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०७३ अङ्कः ७ नि.नं. ९६२७ | बाबु विदेशी वा स्वदेशी नखुलेको आधारमा नागरिकताको प्रमाणपत्र जारी हुन बाधा नपर्ने सम्बन्धमा। | १५८ |
| १६ | २०७२।१ २।२२ | ०७१-WO- ०९०३ | परमादेश | विपना बस्नेतसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०७५ अङ्कः ८ नि. नं. १००६६ | बाबुको नाम, थर लेखिएकै कारणले मात्र आमाको नामबाट वंशजको आधारमा नागरिकताको प्रमाणपत्र लिन बाधा नपर्ने | १६० |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | सम्बन्धमा। | |
| १७ | २०७३।५।१३ | ०७१-WO-०७०९ | परमादेश | सृजन खरेल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०७३ अङ्कः ९ नि.नं. ९६८७ | वंशजको आधारमा नागरिकता लिन बाबुको नागरिकताको प्रमाण पेस गर्न आवश्यक नपर्ने सम्बन्धमा | १६२ |
| १८ | २०७३।१०।१० | ०७०-WO-०२८७ | परमादेश | सुनिलबाबु पन्तसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०७४ अङ्कः ९ नि. नं. ९८७५ | यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूको लैङ्गिक पहिचानसहितको नागरिकता (नागरिकता जारी भइसकेकाहरूको हकमा समेत) सम्बन्धमा। | १६४ |
| १९ | २०७४।१।१७ | ०७३-CI-०१३१ | नाता कायम गरिपाऊँ। | नारायणमणी लामिछाने विरुद्ध सरिता श्रेष्ठ | ने.का.प. २०७४ अङ्कः ६ नि. नं. ९८३३ | नागरिकतामा वा नियुक्तिको फारममा पतिको नाम उल्लेख नगर्न वा पतिको नामबाट नागरिकता नलिनुको अर्थ श्रीमती होइन भन्ने पुष्टिको | १६६ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | आधार हुन सक्ने नसक्ने सम्बन्धमा | |
| २० | २०७४।०५।०५ | ०७३-WO-०८५२ | परमादेश / उत्प्रेषण | उमा सिंह (भट्टराई) समेत विरुद्ध जिल्ला प्रशासन कार्यालय, मोरङसमेत | ने.का.प. २०७४ अङ्कः ७ नि. नं. ९८४१ | बाबुको पहिचान नभएको अवस्थामा आमाको नाउँबाट वंशजको आधारमा नागरिकताको प्रमाणपत्र जारी हुने नहुने सम्बन्धमा। | १६८ |
| २१ | २०७४।६।२३ | ०७३-CI-०७२४ | परमादेश | जिल्ला प्रशासन कार्यालय बर्दियाका प्रमुख जिल्ला अधिकारी विरुद्ध श्वेता श्रीवास्तव | - | नागरिकता दिन मिल्ने वा नमिल्ने सम्बन्धमा आवश्यक छानबिन गरी निर्णय दिनुपर्ने सम्बन्धमा। | १७० |
| २२ | २०७४।७।६ | ०७३-WO-१०५४ | उत्प्रेषण / परमादेश | सुमन पन्त विरुद्ध गृह मन्त्रालय, अध्यागमन विभागसमेत | ने.का.प. २०७४ अङ्कः १२ नि. नं. ९९२१ | समलिङ्गी विवाह भएका यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूको गैरपर्यटकीय भिसा सम्बन्धमा। | १७१ |
| भाग - ५ | | | | | | | |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| विवाह तथा पारिवारिक सम्बन्ध | | | | | | | |
| १ | २०५८।४।१८ | संवत् २०५५ सालको रिट नं. ३३१३ | नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३।८८(१) र ८८(२) अनुसार उत्प्रेषणयुक्त परमादेश वा जो चाहिने अन्य आज्ञा आदेश वा पूर्जि | तारादेवी पौडेल विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत | ने.का.प. २०५८ अङ्क ७ नि. न. ७०१६ | श्रीमतीको मृत्युपछि विधुर पुरुषले श्रीमतीको बहिनीसँग विवाह गर्न निषेध नगरेको तर विधवा महिलाको हकमा भने मृतक पतिको भाइसँग विवाह गर्न प्रतिबन्ध लगाइएको कानूनी व्यवस्था न्यायोचित मान्न नमिल्ने सम्बन्धमा। | १७५ |
| २ | २०६१।११।२ | २०६१ सालको रिट नं. ३७ | नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३,८८(१)(२) बमोजिम उत्प्रेषणयुक्त परमादेशलगायत उपयुक्त आज्ञा आदेश वा पुर्जी | अधिवक्ता चन्द्रकान्त ज्ञवालीसमेत विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयसमेत | ने.का.प. २०६१ अङ्क ११ नि. नं. ७४५९ | पुरुषहरूले स–सर्तात्मक रुपमा बहुविवाह गर्न पाउने तर समान अवस्थामा महिलाले बहुविवाह गरेमा सजायको भागीदार हुने कानूनी व्यवस्था सम्बन्धमा। | १७७ |
| ३ | २०६२।१ | संवत् २०६१ | नेपाल | अधिवक्ता मीरा | ने.का.प. | स्वास्नीमानिसको | १७९ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | २।१७ | सालको विशेष रिट नं. ६४ | अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम संविधानसंग बाझिएको कानून अमान्य र बदर घोषित गर्ने आदेश | ढुंगानासमेत विरुद्ध श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | २०६३ अङ्क १, नि. नं. ७६३५ | कारणले विवाह भएको १० वर्ष भित्र सन्तान नभएमा लोग्नेले सम्बन्धविच्छेद गर्न नपाउने कानूनी व्यवस्थाका सम्बन्धमा। | |
| ४ | २०६३।३।२९ | संवत् २०६२ सालको रिट नं. ९८ | नेपाल अधिराज्यको संविधानको धारा ८८(१)(२) बमोजिम उत्प्रेषण परमादेशलगायत उपर्युक्त आज्ञा आदेश | अधिवक्ता श्री सपना प्रधान मल्लसमेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६३ अङ्क ३, नि.नं. ७६५९ | महिला र पुरुषबिचको वैवाहिक उमेरमा भएको विभेदपूर्ण कानूनी व्यवस्था सम्बन्धमा। | १८१ |
| ५ | २०६३।९।२६ | २०६२ सालको रिट नं.२६७९ | उत्प्रेषणयुक्त परमादेश | अधिवक्ता निर्मला उप्रेती विरुद्ध नेपाल सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत | ने.का.प. २०६३ अङ्कः ९ नि. नं. ७७६३ | धर्मपुत्र वा धर्मपुत्रीसम्बन्धी कानूनी व्यवस्थामा परिमार्जन गर्नु पर्ने सम्बन्धमा। | १८२ |
| ६ | २०६५।५।२६ | रिट नं. ०६४– WS– ००११ | उत्प्रेषणयुक्त परमादेश | अधिवक्ता श्री सपना प्रधान मल्लसमेत विरुद्ध नेपाल | ने.का.प. २०६५, अङ्क ८, नि. नं. | श्रीमती असक्त भएको अवस्थामा सहमतिका | १८३ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ७९९७ | आधारमा वहुविवाह गर्न पाउने व्यवस्थाले पीडित महिलाले थप हिंसा व्यहोर्नु पर्ने अवस्था सिर्जना गरेको सम्बन्धमा। | |
| ७ | २०६६।७।५ | रिट नं. ०६४– WS–००३४ | उत्प्रेषणलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ। | अधिवक्ता अच्यूतप्रसाद खरेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६८, अङ्क ९ नि. नं. ८६७७ | नियुक्ति भएको पाँच वर्ष नपुग्दै विवाह गर्ने प्याराचुट फोल्डर महिला सेवाबाट हट्ने भन्ने कानूनी व्यवस्था विभेदकारी भएको सम्बन्धमा। | १८४ |
| ८ | २०६७।२।३ | २०६६ सालको विविध MS ०० १५ | बन्दीप्रत्यक्षीकरण | प्रार्थना रायमाझीको हकमा सविता के.सीं रायमाझी विरुद्ध रामबहादुर रायमाझीसमेत | ने.का.प. २०६७ अङ्कः ६ नि. नं. ८३९३ | नाबालिकाको अभिभावक र संरक्षकको हुने भन्ने सम्बन्धमा। | १८६ |
| ९ | २०७०।३।२४ | ०६७-CR-१२०१ | बहुविवाह | निर्मला बस्नेतको जाहेरीले नेपाल सरकार विरुद्ध | ने.का.प. २०७१ अङ्कः २ नि. नं. | बहुविवाहमा नजानी सौता हुन जाने महिला कसुरदार हुने | १८८ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | योगमाया चिमरिया बस्नेत | ९१२४ | नहुने सम्बन्धमा। | |
| १० | २०७५।१।२८ | ०६७-CR-०७२६ | सम्बन्ध विच्छेद | किरण राणा विरुद्ध पुरण शमशेर ज.ब.रा. | ने.का.प. २०७५ अङ्कः ४ नि. नं. ९९९९ | श्रीमान्ले श्रीमतीको मन्जुरीबेगर लगातार ३ वर्षसम्म अलग रहेमा सम्बन्ध विच्छेद गर्न सकिने नसकिने र पत्नीले अंश लिएमा पतिलाई सम्बन्ध विच्छेद गर्ने बाटो खुलेको अर्थ गर्न मिल्ने नमिल्ने सम्बन्धमा। | १८९ |
| **भाग - ६<br>रोजगारीमा समान अधिकार** | | | | | | | |
| १ | २०५५।५।२९ | २०५५ सालको रिट नं. ३९७५ | उत्प्रेषण मिश्रित परमादेशसमेत | सीता आचार्यसमेत विरुद्ध श्री ५ को सरकार, स्वास्थ्य मन्त्रालयसमेत | - | निजामती सेवा र जनस्वास्थ्य सेवा अन्तर्गतका महिला कर्मचारीको असमान परीक्षणकाल सम्बन्धी व्यवस्थाका सम्बन्धमा। | १९३ |
| २ | २०५७।२।२६ | संवत् २०५४ सालको रिट नं. २८१२ | उत्प्रेषणयुक्त परमदेश लगायतको जो | रिना बज्राचार्यसमेत विरुद्ध श्री ५ | ने.का.प. २०५७ अङ्क ५, | क्रु वर्गका विमान परिचारक | १९४ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | चाहिने आज्ञा आदेश वा पुर्जी | को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत | नि. नं. ६८९८ | (पुरुष) र विमान परिचारिका (महिला) कर्मचारीहरूबिच सेवा र सुविधासम्बन्धी व्यवस्था विभेदकारी भएको सम्बन्धमा । | |
| ३ | २०५८।५।२० | २०५७ सालको रिट नं. २७८४ | नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ (१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गर्ने आदेश | अधिवक्ता मिरा ढुंगाना समेत विरुद्ध श्री ५ को सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | - | रोजगारदाता संस्थाले महिलालाई वैदेशिक रोजगार उपलब्ध गराउन अभिभावक र सरकारको स्वीकृति लिनुपर्ने व्यवस्था विभेदकारी रहेको सम्बन्धमा। | १९७ |
| ४ | २०६०।२।१५ | संवत् २०५९ सालको रिट नं. ८२ | उत्प्रेषणसमेत | अधिवक्ता बसुन्धरा थापा विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेत | ने.का.प. २०६० अङ्क ५, नि. नं. ७२१७ | समान हैसियत राखे, समान अवस्थाका महिला र पुरुष मनोनित सदस्यहरूबिच असमान पदावधिको | १९८ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | व्यवस्था महिला समानता विपरीत भएको सम्बन्धमा। | |
| ५ | २०६२। १२।१७ | २०६२ सालको रिट नं. ६९ | बाझिएको कानून अमान्य घोषित गरी उत्प्रेषण, परमादेश लगायत जो चाहिने आदेश | अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसमेत | ने.का.प. २०६३ अङ्कः १ नि. नं. ७६३४ | फरक फरक सेवाअन्तर्गतका महिला कर्मचारीको असमान परीक्षणकालको व्यवस्था समानताको हक विपरीत रहेको अवस्था। | २०० |
| ६ | २०६४। ३।१४ | २०६३ सालको रिट नं.०१–०६३–००००१ | उत्प्रेषणसमेत | अधिवक्ता मीरा ढुंगाना विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६४ अङ्कः ६ नि. नं. ७८५४ | नेपाली सेनाको सन्ततीवृत्तिसम्बन्धी व्यवस्थामा विवाहको कारणले छोरा र छोरीले पाउने वृत्ति वा भत्तामा भएको विभेदका सम्बन्धमा। | २०२ |
| ७ | २०६५। ८।१३ | २०६२ सालको रिट नं. २८२२ | परमादेश | अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसमेत | ने.का.प. २०६५ अङ्कः ८ नि. नं. ८००५ | डान्स तथा क्याबिन रेष्टुरेन्टहरूमा काम गर्ने महिलाहरूको मौलिक हक अधिकार संरक्षण सम्बन्धमा। | २०५ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| ८ | २०६६।१।१७ | रिट नं. ०६४– WS–०००१ | परमादेशसमेत | अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६६ अङ्क ७, नि. नं. ८१८७ | महिलालाई लिङ्ग र वैवाहिक स्थितिको आधारमा भेदभाव गरी विवाहित महिलालाई सैनिक प्रहरी सेवाभित्र प्रवेशमा नै बन्देज लगाएकोले रोजगारीको हकबाट बञ्चित हुनु परेको अवस्थाका सम्बन्धमा।` | २०७ |
| **भाग - ७<br>विशेष संरक्षणसम्बन्धी व्यवस्था** | | | | | | | |
| १ | २०६१।७।१३ | २०६१ सालको रिट नं. ३०५९ | उत्प्रेषणयुक्त परमादेश | प्रधोष क्षेत्रीसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय | - | महिला, पिछडिएका र संरक्षण आवश्यक भएका वर्गलाई कानून बनाएर संरक्षण दिने भनिएकोमा बिना कानून त्रि. विरुद्ध विरुद्ध कोकर्मचारीमा आरक्षण प्रदान गर्ने निर्णय | २११ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | संविधान विपरीत भएकोमा। | |
| २ | २०६३। २।२५ | २०६१ सालको विशेष रिट नं. ५५ | संविधानको धारा ८८(१) बमोजिम संविधान सँग बाझिएको कानून अमान्य र बदर घोषित गरी धारा ८८ २ बमोजिम उत्प्रेषणयुक्त परमादेशसमेत | रुपक ढकालसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६३ अङ्कः ४ नि. नं. ७६७८ | योग्यताक्रमको आधारमा छात्रवृत्ति कोटाको छनोट नभई विशेष संरक्षण गर्न भनी तोकिएका वर्गको पहिचान गर्ने गरी विषेश कानून नबनेको अवस्थामा छात्रावृत्ति नियमावली अन्तर्गत आरक्षित कोटा निर्धारण गर्नेलगायतका प्रक्रिया त्रुटीपूर्ण भएको सम्बन्धमा। | २१२ |
| ३ | २०६४। ७।२० | २०६३ सालको विशेष रिट नं. WS ००३६ | उत्प्रेषण परमादेशसमेत | शम्भुप्रसाद संजेलसमेत विरुद्ध संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसमेत | ने.का.प. २०६४ अङ्कः ९ नि. नं. ७८७६ | संगठनभित्र कार्यरत कर्मचारहीहरूका बिच स्तर वृद्धिको सम्बन्धमा भएको फरक फरक व्यवस्था विवेकपरक विभाजन वा | २१५ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | विभेदको सिद्धान्तसँग सामञ्जस्य हुनु पर्ने सम्बन्धमा । | |
| ४ | २०६४।९।१० | २०६३ सालको रिट नं. ३५६१ | नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८(२) बमोजिम परमादेशलगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी | अधिवक्ता सपना प्रधान मल्ल समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत | - | गोपनियताको हक सुरक्षित गर्नु नेपाल सरकारको संवैधानिक दायित्व भएको सम्बन्धमा | २१८ |
| ५ | २०६५।५।१६ | संबत् २०६३ सालको रिट नं. ०७२३ | परमादेश | अधिवक्ता राजुप्रसाद चापागाँईसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प. २०६५ अङ्क ७, नि. नं. ७९८७ | लैङ्गिक अमैत्री विज्ञापनहरूलाई नियन्त्रण र नियमित गर्न सेन्सर वोर्ड र उच्चस्तरिय विशेषज्ञ समिति गठन गर्ने सम्बन्धमा। | २२५ |
| ६ | २०६६।४।२८ | २०६४ सालको रिट नं. –WO-०१८७ | परमादेशसमेत | अधिवक्ता ज्योति लम्साल (पौडेल) समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | - | महिला तथा मानव अधिकारकर्मीको सुरक्षाको आवश्यक व्यवस्था मिलाउनु पर्ने सम्बन्धमा। | २२७ |

| क्र.सं | फैसला/ आदेश मिति | मुद्दा नं./ रिट नं. | मुद्दा/निवेदन | पक्ष/विपक्ष | ने.का.प. साल र निर्णय नम्बर | विषय | पृष्ठ नं. |
|---|---|---|---|---|---|---|---|
| ७ | २०६६। ११।२६ | संवत् २०६५ सालको रिट नं.०६५ WO—०३३७ | परमादेशसमेत | अधिवक्ता कविता पाँडेसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ने.का.प २०६७ अङ्क ७, नि. नं. ८४११ | एकल विधवा महिलाहरूलाई विधवा भत्ता दिँदा उमेरको हद लगाई विभेद गरिएको र विधवा महिलाको तथ्याङ्क संकलन गराउने कार्य गराउने सम्बन्धमा। | २२८ |
| ८ | २०६७। ३।२८ | २०६४ सालको रिट नं. ०६४-WO-०१८६ | परमादेश | ज्योती (लम्साल) पौडेल विरुद्ध नेपाल सरकारसमेत | - | CEDAW का प्रावधानहरू पूर्ण पलना गरी उपयुक्त नीति, कार्यक्रम, रणनीति, कानूनी एवम् प्रशासनिक पूर्वाधार निर्माण गर्नु पर्ने सम्बन्धमा। | २२९ |
| ९ | २०६८। १०।१९ | २०६७–WS–००३३ | संविधानसँग बाझिएको कानून बदर घोषित | अधिवक्ता नारायण झा विरुद्ध त्रिभुवन विश्वविद्यालय सभा, कीर्तिपुरसमेत | ने.का.प. २०६९ अङ्क: २ नि.नं. ८७६५ | त्रि. विरुद्ध शिक्षक कर्मचारी सेवासम्बन्धी नियममा भएका व्यवस्थाहरू समानुपातिक समावेशी सिद्धान्त प्रतिकूल रहेको सम्बन्धमा। | २३० |

# भाग-१
# लैङ्गिक हिंसा

| फैसला/आदेश मितिः२०५९।०१।१९ | मुद्दा/रिट नं.: २०५८ सालको रिट नं. ५५ |
|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्याल

माननीय न्यायाधीश श्री केदारनाथ उपाध्याय

माननीय न्यायाधीश श्री कृष्णकुमार वर्मा

**विषयः नेपाल अधिराज्यको संविधान, २०४७ कोधारा ८८(१) बमोजिम संविधानसँग बाझिएको .नून अमान्य र बदर घोषित गरिपाऊँ।**

**मिरा ढुंगाना विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेत।**

- कुनै कार्य स्वभावतः कसुरजन्य छ भने त्यस्तो कार्यकर्ताको भिन्नताले कसुर नहुने भन्ने युक्तिसंगत पनि हुँदैन। त्यही कार्य अन्य महिलाउपर गरे अपराध हुने तर आफ्नी पत्नीउपर गर्दा कसुर नमानिने अर्थ गर्दा भेदभावपूर्ण परिणाम निस्कन जान्छ। पत्नीको हैसियतमा रहेको महिला र अन्य महिलाबिचमा त्यसरी भेदभाव गर्नु औचित्यपूर्ण हुँदैन।
- अपराध आपराधिक कार्य गरेबापत हुन्छ न कि कर्ताको स्थिति वा हैसियतको भिन्नताले। अपराधमा हुने सजायको मात्रामा फरक आउन सक्दछ तर उन्मुक्ति भने हुन सक्दैन। कानूनले नै वैवाहिक सम्बन्धको आधार मन्जुरीलाई मानी विना मन्जुरी विवाह गर्न नहुने नभएपछि विवाहपश्चातको यौन सम्पर्कमा पनि पति र पत्नीबिच सहमति मन्जुरी पनि स्वतः अनिवार्य हुन्छ। मन्जुरीबेगर जबरजस्ती बल प्रयोगद्वारा गरिने यौनसम्पर्क जबर्जस्ती करणीको अपराध मानिन्छ।
- कुनै पनि स्वास्नी मानिसको मन्जुरी विना जबर्जस्ती करणीजस्तो अमानवीय निकृष्ट आपराधिक कार्य गर्ने लोग्ने मानिसले पीडित स्वास्नी मानिस आफ्नै विवाहिता पत्नी भएको कारणबाट उत्पन्न फौजदारी दायित्व निजले बेहोर्नु पर्ने हुन्छ।
- वैवाहिक बलात्कार पनि दण्डनीय अपराध कायम भएकाले सामान्य उनाउ व्यक्तिले गर्ने जबर्जस्ती करणी र पतिले गर्ने जबर्जस्ती करणीको परिमाण एकै नासको हुने नभएकोले तत्सम्बन्धी प्रमाण, परिस्थिति र सजायको मात्राको औचित्यको विषयमा, जबर्जस्ती करणीको ८ नं. ले बाह्य व्यक्तिद्वारा हुने बलात्कारमा सिर्जित परिणामको परिकल्पना गरेकोले पतिले आफ्नै पत्नीलाई जबर्जस्ती करणी गरेको सम्बन्धमा, जबर्जस्ती करणी गर्ने पतिबाट अलग बस्न पाउने वा सम्बन्ध विच्छेद गर्न पाउने गरी तत्काल राहत दिलाउने विषयमा, निषेधित बाल विवाहको अवस्थामा भएको जबर्जस्ती करणीको अपराधको मात्रा कायम गर्ने सम्बन्धमा समेत वैवाहिक सम्बन्धको

विशेष स्थिति र पतिको हैसियतसमेतलाई विचार गरी समष्टिगत रूपले न्यायोचित र स्पष्ट कानूनी व्यवस्था गरी वैवाहिक बलात्कारसम्बन्धी कानूनी व्यवस्थालाई पूर्णता दिनुपर्ने भएकाले तत्सम्बन्धमा आवश्यक कानूनी संशोधन विधेयक संसदमा पेस गर्नु भनी विपक्षीमध्येको कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

| फैसला/आदेश मितिः२०५९।०१।१९ | मुद्दा/रिट नं.: २०५८ सालको रिट नं. ५६ |
|---|---|

विशेष इजलास
माननीय न्यायधीश श्री लक्ष्मणप्रसाद अर्याल
माननीय न्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री कृष्णकुमार वर्मा

**विषयः नेपाल अधिराज्यको संविधान, २०४७ कोधारा ८८(१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गरिपाऊँ।**

**अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध श्री ५ को सरकार कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय।**

- हाम्रो देशको कानूनअनुसार जबर्जस्ती करणी सामान्यतः महिलाविरुद्ध हुने अपराध हो। यस अपराधबाट पीडित महिलाले सहनु पर्ने शारीरिक तथा मानसिक आघात समान प्रकृतिको हुन्छ, चाहे त्यो महिला विवाहित होस् वा अविवाहित, बालिका होस् वा वृद्धा अथवा चाहे त्यो महिला वेश्या नै किन नहोस्। वेश्या पनि महिला साथ साथै मानव पनि हुन्। मानव भएका नाताले मानवले प्राप्त गर्ने सबै हक अधिकारहरू मानव रहुन्जेलसम्म निजहरूलाई पनि प्राप्त हुने हुन्छन्।
- महिलालाई आफनो अङ्ग आफ्नो स्वीकृतिबेगर प्रयोग गर्न दिन बाध्य पारिनु निजको सम्मानपूर्वक जिउन पाउने अधिकार र आत्मनिर्णयको अधिकारमाथि कुठाराघात पुर्याउनु हुन जान्छ, महिलाको मानव अधिकारको अपमान गर्नु हुन जान्छ, चाहे ती महिला वेश्या नै किन नहोस्।
- हाम्रो देशको संविधानले वेश्या स्वास्नी मानिसहरूको सम्बन्धमा कुनै प्रकारको भेदभाव गरेको अवस्था छ भनी मान्न सकिँदैन। संविधानले नै यस्तो भेदभाव नगरेको अवस्थामा कानून वेश्या महिला र अन्य महिलाहरूबिच वर्गीकरण गरी असमान रूपमा गरेको भेदभावमा व्यवस्थालाई उचित र तर्कसङ्गत मान्नसमेत मिल्दैन। यसका अतिरिक्त उल्लिखित महिला तथा मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूले समेत सम्पूर्ण महिला तथा मानवहरूलाई समान रूपमा अधिकारको प्रत्याभूति गरेको र ती महासन्धिहरूको नेपालसमेत पक्ष भएको अवस्थामा तिनबाट उत्पन्न दायित्वहरूसमेत पूरा गर्नु आवश्यक हुन्छ।
- कानूनमा भएको वेश्याविरुद्ध जबरजस्ती करणी गर्ने अपराधीलाई कम सजाय गर्ने प्रावधानबाट वेश्याहरूलाई विना उचित आधार तल्लो दर्जाको महिलाको रूपमा राखी भेदभाव गरिएको देखिन आउँदछ। नागरिकहरूबिच यस प्रकारको असमान एवं भेदभावयुक्त व्यवहार हुने कानून निर्माण

एवं लागु हुनु संवैधानिक मर्म अनुरूप हुँदैन। कुनै व्यवसाय अपनाएको आधारमा मात्र र कसैको चरित्रलाई आधार मानी त्यस्तो व्यक्तिविरुद्ध भएको कुनै प्रकारको अपराधमा अपराधीले पाउने सजायमा भिन्नता हुनुपर्दछ भनी मान्नु युक्तिसङ्गत हुँदैन। यदि त्यस्तो भेदभावयुक्त कानूनी व्यवस्था कायम राखिएमा यसबाट वेश्या वर्गप्रति बलात्कार गर्ने कार्यलाई प्रोत्साहन मिल्न जान्छ। यस्तो सङ्गीन फौजदारी अपराध गर्न प्रोत्साहन मिल्ने कानूनी व्यवस्था कायम राख्नुसमेत युक्तिसङ्गत हुँदैन।

- समान प्रकारको कसुर गर्ने अपराधीलाई पीडितको चरित्र र पेसालाई आधार मानी कम र बढी सजाय गर्ने कानूनी व्यवस्थालाई संविधान एवं महिला तथा मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूको भावना तथा न्यायका मान्य सिद्धान्तहरूसमेतले भेदभावपूर्ण हुन्छ। तसर्थ मुलुकी ऐन जबरजस्ती करणीको ७ नं. को व्यवस्था महिला महिलाहरूबिच नै भेदभावकारी एवं असमान भएको हुँदा नेपाल अधिराज्यको संविधानको धारा ११ को विपरीत भई धारा ८८(१) बमोजिम अमान्य र बदर घोषित हुने।

| आदेश मितिः २०६०।११।२९ | मुद्दा/रिट नं.: संवत् २०६० सालको रिट नं. ३४३४ | निर्णय नं. ७४४९ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री दिलीपकुमार पौडेल
माननीय न्यायाधीश श्री खिलराज रेग्मी

**विषयः परमादेशसमेत।**

**अधिवक्ता शर्मिला पराजुलीसमेत विरुद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालयसमेत।**

- समस्त महिला वर्गहरू यौनदुराचार जस्तो गम्भीर हिंसाबाट मुक्त भई ससम्मान बाँच्न पाउने हकको व्यावहारिक प्रत्याभूति गराउने जस्तो गहनतम सार्वजनिक हित समाविष्ट भएको प्रस्तुत विवादसँग निवेदकहरूको सार्थक सम्बन्ध वा तात्त्विक सरोकार नरहेको भन्न नमिल्ने।
- सामान्यतया यौनजन्य दुर्व्यवहारलाई सम्बन्धित महिलाको इच्छाविरुद्ध हुने कार्य मानिन्छ। यस कार्यले बलात्कारदेखि यौनजन्य शोषण, जिस्क्याउने, शरीर छुने, अपशब्द बोलेर सुनाउने, छाडा चित्रहरू देखाउने वा कोर्ने इसारा गर्ने, आँखा झिम्काउने आदिलाई जनाउँछ जसले पीडितको कार्य सम्पादन, स्वास्थ्य र पेसागत जीवनमा समेत व्यापक रूपमा असर पार्दछ भन्ने कुरामा दुईमत हुन नसक्ने।
- यौनजन्य दुर्व्यवहार भनेको व्यक्तिविरुद्ध यौनजन्य मनसायले गरिने अनिच्छित आचरण र व्यवहार हो भने यौनजन्य दुर्व्यवहार शारीरिक, मौखिक, लिखित र आचरणद्वारा हुने गर्दछ। अनावश्यक रूपमा छुने, अँगालो हाल्ने, बाटो छेक्ने, चिमोट्ने, धाप मार्ने आदि कार्यलाई शारीरिक यौनजन्य दुर्व्यवहार मानिन्छ भने अश्लील वा अपमानित टिप्पणीहरू गर्ने, फोहोर शब्द बोल्ने, जिस्काउने, यौनजन्य चुट्किलाहरू भन्ने, अप्रीय रूपमा यौनजन्य प्रस्ताव राख्ने, आमन्त्रण दिने वा सोको लागि दबाब दिने आदि कार्यलाई मौखिक यौनजन्य दुर्व्यवहार मानिने।
- फोहर र उत्तेजक चित्रहरू देखाउने, यौनजन्य सामग्रीहरू वितरण गर्ने कार्य लिखित यौनजन्य दुर्व्यवहार हो भने घुरेर हेर्ने, आँखा जुधाउने, यौनजन्य अश्लिल इसाराहरू गर्ने कार्यलाई आचरण जन्य यौनजन्य दुर्व्यवहारको कोटिभित्र राखिएको पाइने।
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार भन्नाले आफ्नो काम गर्ने कार्यालय वा प्रतिष्ठानमा आफू भन्दा माथिल्लो अधिकृत वा आफ्नो सहकर्मी साथी वा प्रतिष्ठानमा आएका ग्राहकबाट हुन सक्ने यौनजन्य दुर्व्यवहार भन्ने बुझिन्छ। कार्यालयको हाकिम वा माथिल्लो कर्मचारीले महिला

कामदार कर्मचारीबाट यौनजन्य लाभ नदिएमा जागिर जोखिममा पार्ने धम्की दिने वा पुरस्कार वा कार्यक्षमताको उच्च मूल्याङ्कन वा पदोन्नति आदिको अनुचित प्रलोभन देखाई कार्यस्थलमा नै यौनजन्य दुर्व्यवहार हुन सक्ने अवस्था र स्थिति रहेको पाइने।

- राज्य पक्ष भएको सन्धि, सम्झौता, सम्मेलन महासम्मेलनमा भएका प्रावधानलाई आफ्नु राज्य भित्र लागु गर्ने गराउने र सोही बमोजिम कानून निर्माण गर्ने दायित्व राज्य पक्षको सर्वमान्य सिद्धान्त हुने।
- अदालतले कानून बनाउने होइन व्याख्या गर्ने हो भन्ने सिद्धान्तलाई मनन गर्दा अपराध नियन्त्रण र सजायसम्बन्धी व्यवस्थासमेत समावेश गर्नुपर्ने कानुनी संरचनाको विकल्प न्यायिक मार्गदर्शन उपयुक्त र पर्याप्त नहुने हुनाले पनि कानून सरह मान्य हुने उपयुक्त न्यायिक निर्देशनहरू जारी गरिपाउँ भन्ने निवेदन जिकिर पुग्न नसक्ने।
- यौनजन्य दुर्व्यवहार सम्बन्धमा यसका सबै पक्षलाई समेट्ने गरी जो जस्तो आवश्यक पर्ने हुन्छ अध्ययन गरी गराई उपयुक्त कानून निर्माणको लागि आवश्यक व्यवस्था एवं पहल गर्नु भनी विपक्षीका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

| आदेश मितिः २०६१।४।२६ | मुद्दा/रिट नं.: संवत् २०५८ सालको रिट नं. २८९१ | निर्णय नं. ७४९८ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री रामनगिना सिंह
माननीय न्यायाधीश श्री अनुपराज शर्मा

**विषयः उत्प्रेषणसमेत।**

**अधिवक्ता रेश्मा थापासमेत विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेत।**

- हाम्रो समाजमा अझै पनि बोक्सीको दोषारोपण गरी महिला वर्गमाथि अन्याय अत्याचार गरी मलमुत्र खुवाउने गाली वेइज्जती गर्ने नग्न पारी गाउँ घुमाउने, गाउँ निकाला गर्ने कपाल मुड्ने जस्ता मानव जातिका लागि अति लज्जास्पद कार्य गरी शारीरिक एवं मानसिक यातना दिने जस्ता कार्य हुँदै आएको देखिन्छ। त्यसो हुनाले बोक्सी भनेको के हो? यसले के कस्तो क्रिया गर्ने गर्दछ? हेर्नु पर्ने हुन आएकोले त्यसतर्फ हेर्दा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको नेपाली बृहत् शब्दकोष को पाना नं. ९८६ मा ‘बोक्सी’ को परिभाषामा मन्त्र प्रयोग गरी टुनामुना गर्ने स्त्रीलाई जनाउँछ भन्ने उल्लेख भएको देखिन्छ। खास गरी कोही बिरामी भएमा वा निजको मृत्यु हुन गएमा टुनामुना गरी बोक्सी लगाई दिएकोले निज बराबर बिरामी रहने गरेको वा निजको मृत्यु हुन गएको आरोप लगाई कुनै झाँक्रीले भनेअनुसार कुनै महिलालाई दोषारोपण गरी अमानुषिक व्यवहार ती महिलासित गर्ने गरेको देखिन्छ। मानिसको मृत्यु कुनै न कुनै बिरामीबाट सही उपचारको अभावमा वा साङ्घातिक चोट पटकबाट नै हुने गरेको पाइन्छ। मन्त्रद्वारा टुनामुना गरी दिएको कारणले मानिसको मृत्यु हुन गएको कुराको कुनै वैज्ञानिक तथ्य वा आधार देखिँदैन। टुनामुना गरी मानिस मार्ने कुरा अन्धविश्वासी, रुढीवादी, अशिक्षित र असभ्य समाजको सोच मात्र हो। आजको वैज्ञानिक युगमा त्यस्तो सोचको कुनै स्थान छैन। टुनामुना गरेकोले मानिस मरेको पुष्टि हुने आधार के? जसमाथि आरोप लगाइएको हुन्छ त्यसले गरेको टुनामुनाबाट नै मृत्यु हुन गएको पुष्टि हुने आधार प्रमाण के ? बोक्सीको निराधार र अन्ध विश्वासी आरोप लगाई कुनै पनि स्त्रीलाई नग्न पारी गाउँ घुमाउनु, गुहु घोली खुवाउनु जस्ता अति अमानुषिक व्यवहार गरी महिलाको अस्मिता, इज्जत, मान, प्रतिष्ठामा आघात पुऱ्याउने गरी गर्ने सम्पूर्ण क्रिया आपराधिक क्रियाकै श्रेणीभित्र पर्दछ।

(प्रकरण नं. १२)

- महिला वर्गमाथि हुने गरेको माथि लेखिएअनुसारको अमानुषिक व्यवहार रोकथाम र नियन्त्रण गर्ने समुचित कानून (Appropriate Law) छ, छैन ? भन्नेतर्फ हेर्दा श्री ५ को सरकार कानून तथा न्याय मन्त्रालयले पेस गरेको लिखितजवाफमा त्यस्तो कार्य रोकथाम र नियन्त्रण गर्न मुलुकी ऐन कुटपिटको महल, गाली बेइज्जती ऐन तथा सार्वजनिक अपराध नियन्त्रण र सजाय गर्ने ऐन, २०२७ जस्ता यथेष्ट कानूनी व्यवस्था भएकोले नयाँ कानूनको निर्माण गर्न नपर्ने भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। त्यसतर्फ हेर्दा उल्लिखित ऐनमा बोक्सीको दोषारोपण गरी हुने गरेको अमानुषिक क्रियाकलाप रोकथाम, नियन्त्रण तथा सजाय गर्न सक्ने पर्याप्त व्यवस्था रहे भएको देखिँदैन। उजुर परेका बखत सार्वजनिक अपराध रोकथाम र नियन्त्रण गर्ने ऐन, २०२७लाई प्रयोग गरी कारबाही हुने गरेको देखिन्छ। तर त्यसलाई समुचित कानून रहे भएको मान्न सकिन्न। त्यसबारे यस अदालतबाट २०५५ सालको फौ.पु.नं. १९६६, २१७१ शम्भुप्रसाद गुप्ता विरुद्ध श्री ५ को सरकार केही सार्वजनिक अपराध मुद्दामा निर्णय निरूपण भई सर्वोच्च अदालत बुलेटिन वर्ष १३ अङ्क २ संवत् २०६१ साल पूर्णाङ्क २८४ मा प्रकाशन समेत भइसकेकोले त्यसतर्फ अरू विशेष बोलिरहनु परेन। समाजमा व्याप्त रहेको अन्धविश्वास, अशिक्षा, अज्ञानतालाई हटाउने किसिमको कार्यक्रम गाउँ स्तरमा सञ्चालन गरी जन चेतनाको अभिवृद्धि गर्नु पर्ने त्यतिकै अपरिहार्य हुन गएको टड्कारो रूपमा देखिन्छ र साथ साथै त्यस्तो अमानुषिक कार्य गर्नेहरू माथि कडा कारबाही र दण्ड दिने कानूनहरूको निर्माण पनि हुन जरुरी छ।

(प्रकरण नं. १४)

| आदेश मितिः २०६२।१।१९ | मुद्दा/रिट नं.: संवत २०६१ सालको रिट नं. ३३०३ | निर्णय नं. ७५३१ |
| --- | --- | --- |

संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
माननीय न्यायाधीश श्री अर्जुनप्रसाद सिंह

**विषयः परमादेशसमेत।**

**डिलबहादुर विश्वकर्मासमेत विरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- सुदूर पश्चिमका जिल्लाहरूमा महिलाहरूमा मासिक श्राव हुँदा प्रस्तुत रिट निवेदनमा उल्लेख भएअनुसार छाउपडी गोठमा बस्नु पर्ने, दुध, दहीलगायतका पौष्टिक आहार खान नपाउने भन्नेलगायतका विभेदपूर्ण व्यवहार गर्ने गरिएको छ, छैन? भन्ने सम्बन्धमा हेर्दा मिति २०६१।१।११ को दैनिक समाचार पत्र ‘राजधानी’ मा सुदूर पश्चिमको पहाडी जिल्लामा महिनावारी हुँदा महिलालाई सात दिनसम्म घरदेखि टाढाको छाउपडी गोठभित्र कैदी बनाएर राखिन्छ। महिलालाई महिनावारी हुँदा छाउपडीभित्र पठाउन जबरजस्ती गरेर लोग्ने मान्छेद्वारा कुटपिटसमेत गरिन्छ। त्यस्ता महिलाले दुध, दही, घ्यू खान त के छुन रसमेत पाउँदैनन्। उनीहरूले नुन, खुर्सानीसँग बासी रोटी खाएर सात दिन बिताउनुपर्छ, महिनावारी भएको समयमा महिलाहरू धारा, पँधेरामा जान प्रतिबन्धित हुने गर्छन् भन्ने उल्लेख भै रहेको देखिन्छ। मिति २०६१।८।११ को कान्तिपुर दैनिकमा समेत “छाउपडी विरुद्ध महिला” भन्ने शीर्षकमा प्रकाशित सम्पादकीयमा सुदूर पश्चिमको पहाडी भेगको महिलाले महिनावारी वा सुत्केरी हुँदा घर छाडेर असुरक्षित र फोहोर स्थानमा समय गुजार्नु पर्ने अवस्था (छाउपडी) बाट त्यस भेगका महिलाले रोग बलात्कार र मृत्यु समेतको सामना गर्नु परेको छ भन्ने उल्लेख भएको, त्यस्तै मिति २०६०।११।६ को ‘अन्नपूर्ण पोष्ट’ मा छाउघरमै रात बिताउँछन् ‘छुई भएका महिला’ भन्ने शीर्षकको समाचारमा उपर्युक्त बेहोराकै समाचार प्रकाशित भएको देखिन्छ। उपर्युक्त सामाचार पत्रहरू हेर्दा सुदूर पश्चिमका जिल्लाहरूका महिलाहरूमा मासिक श्राव हुँदा उनीहरू आफ्नो घरभन्दा टाढा छाउपडी गोठमा बस्नु पर्ने प्रथा कायम रहेकोमा शङ्का गर्नुपर्ने देखिएन। अब उक्त छाउपडी प्रथा रोक्नको लागि श्री ५ को सरकारको स्तरबाट के कस्तो पाइला चालिएको छ भन्ने सम्बन्धमा हेर्दा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले उक्त मन्त्रालय अन्तर्गतको महिला विकास विभागले सामाजिक कुरीति एवं भेदभावपूर्ण व्यवहारमा परिवर्तन गर्न चेतना मूलक

कार्यक्रमहरू सञ्चालन गर्ने गरेको भन्नेसम्म लिखितजवाफमा उल्लेख गरेको तर त्यस्ता चेतनमूलक कार्यक्रमहरू कसरी सञ्चालन भइरहेछ र सो कुरीतिविरुद्ध कस्तो संयन्त्रको विकास गरी उक्त प्रथा रोक्नको लागि ठोस व्यवस्था गरेको छ भन्ने कुनै तथ्यहरू पेस हुन आएको देखिँदैन। अतः महिलामा मासिक श्राव हुँदा सुदूर पश्चिमका जिल्लाहरूमा छाउपडी गोठमा राखिने गरिएको, उक्त भेदभावपूर्ण प्रथा रोक्नको लागि विपक्षीबाट प्रभावकारी उपाय अपनाइएको नपाइएको हुँदा विपक्षीहरूको नाउँमा निम्नानुसारको निर्देशात्मक आदेश जारी हुने ठहर्छः–

क) श्री ५को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले, यो आदेश प्राप्त भएको मितिले एक महिनाभित्र मासिक श्राव भएको महिलालाई छाउपडी गोठमा पठाउने प्रथालाई कुरीति भएको घोषणा गर्नू।

ख) स्वास्थ्य मन्त्रालयले चिकित्सकहरूसमेत भएको एक अध्ययन समिति बनाई छाउपडी प्रथा कायम रहेका जिल्लाहरू तथा स्थानहरूमा महिला तथा बालबालिकामाथि सो प्रथाबाट पर्न जाने र परि रहेका असरको समीक्षा गरी त्यस बारे गर्नुपर्ने स्वास्थ्य सम्बन्धी कार्यहरूको पहिचान गरी यथासक्य चाँडो प्रतिवेदन स्वास्थ्य मन्त्रालय र सर्वोच्च अदालतमा पेस गर्नू।

ग) छाउपडी प्रथाको विरुद्ध सार्वजनिक चेतना जगाउन स्थानीय निकायहरूलाई परिचालित गर्न स्थानीय विकास मन्त्रालयले निर्देशन दिनू।

घ) छाउपडी प्रथाअन्तर्गत महिला माथि हुने कुनै पनि प्रकारको विभेद रोक्न श्री ५ को सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले यो आदेश प्राप्त भएको मितिले तिन महिना भित्र निर्देशिका बनाई उक्त निर्देशिका लागु गर्नु गराउनु, साथै त्यस्तो निर्देशिका बनेको बारेमा यस सर्वोच्च अदालतलाई समेत जानकारी गराउनू।

ङ) हाल प्रतिनिधिसभा नरहेको हुँदा माथि उल्लिखित कार्यहरू गर्न यस सम्बन्धमा आवश्यक कानून निर्माण गर्न बृहत् रूपमा अध्ययन गरी आवश्यक परे कानूनको निर्माण गर्नुपर्ने भए सो कानून समेत तयार गर्नु गराउनु, निवेदकहरूगैर सरकारी संस्थासमेत रहेकोले निवेदकहरूले पनि यस सम्बन्धमा व्यापक कार्यक्रम सञ्चालन तर्फ यथोचित कदमहरू उठाउन अपेक्षा गरिएको छ।

(प्रकरण नं. १२)

| आदेश मितिः २०६३।५।२५ | मुद्दा/रिट नं.: संवत २०६१ सालको रिट नं. ३२१५ | निर्णय नं. ७७०५ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री शारदाप्रसाद पण्डित
माननीय न्यायाधीश श्री बलराम के.सी.

**विषयः परमादेशसमेत।**

**सोमप्रसाद पनेरुसमेत विरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयसमेत।**

- कमलरी प्रथाले नेपालले हस्ताक्षर गरेको CRC को धारा ९, १४, १५, १६, १८, १९, २८, २९, ३१ र ३२ समेतका धाराहरूले प्रदान गरेको अधिकारहरूको समेत हनन् हुने हुँदा कमैया श्रमसम्बन्धी (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को प्रभावकारी कार्यान्वयनको लागि विपक्षी नेपाल सरकारको नाममा परमादेशको आदेश जारी हुने।

(प्रकरण नं. ४३)

- ऐनहरू बनाएर र ऐनमा व्यवस्था गर्दैमा हाम्रो जस्तो परम्परागत रुढीवादी गरिबी, अशिक्षित, अज्ञानता भएको स्थितिमा पठन पाठनको सुविधा आदि उपलब्ध नहुने यावत् कारणहरूले गर्दा ऐन र CRC को व्यवस्थाले मात्र बालश्रम निर्मूल हुन नसक्ने।

(प्रकरण नं. ४४)

- नेपालले हस्ताक्षर गरी अनुमोदन गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू खास गरी CRC, ICCPR ICESCR जस्ता मानव जीवनका सबै अवस्थालाई समेट्ने अत्यावश्यकीय Convention हरू बालबालिकाको पाठ्यक्रममा नै समावेश गर्न उपयुक्त हुनेतर्फ विपक्षी मन्त्रिपरिषद् र शिक्षा मन्त्रालयको नाममा निर्देशनात्मक आदेश समेत जारी हुने।

(प्रकरण नं. ४५)

- सामाजिक, आर्थिकलगायत जीवनका सबै क्षेत्रमा न्यायपूर्ण समाजमा आधारित लोक कल्याणकारी व्यवस्था अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुने, आर्थिक एंव सामाजिक असमानता हटाई विभिन्न सम्प्रदाय बिच न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्ने, बालबालिकाको शोषण हुन नदिई उनीहरूको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्ने, शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्थालगायतका अन्य आवश्यक व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका जनजाति र समुदायको उथान गर्ने जस्ता Welfare state बनाउने

सिद्धान्त र नीति बर्तमान संविधानको रहेको छ। यसको साथै मानिसलाई बेच–बिखन गर्नदास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरुद्ध काम गराउन नपाउने गरी नेपालको प्रत्येक नागरिकलाई मौलिक हकको रूपमा शोषण विरुद्धको हक संविधानले प्रदान गरेको छ। राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू मध्येमा सो निवेदनको लागि धारा २६ को उपधारा (८) र (९) महत्त्वपूर्ण छन्। धारा २६ को उपधारा ८ को उद्देश्य बालबालिकाको शोषण हुन नदिने र बालबालिकाको हक र हितको रक्षा गर्नु हो भने उपधारा ९ को उद्देश्य राज्यले अनाथ बालबालिकाको संरक्षण र उन्नतिको लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्नु सरकारको संवैधानिक कर्तव्य हो।

(प्रकरण नं. ५०)

| आदेश मितिः २०६३।८।२८ | मुद्दा/रिट नं.: संवत् २०६३ सालको रिट नं. १३१ | निर्णय नं. ७७४२ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री पवनकुमार ओझा

**विषयः समानताको सिद्धान्तमा आधारित कानूनी व्यवस्था गर्न गराउनको लागि आदेश जारी गरिपाऊँ। अधिवक्ता मीरा ढुंगाना विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- राज्यले विवाह गर्दाका अवस्थामा पनि केटीपक्ष र केटापक्ष भनी विभेद सिर्जना गरी केटी पक्षलाई भन्दा केटा पक्षलाई थप सहुलियत दिने गरी कानून निर्माण गर्न र सोबमोजिम काम गर्न मिल्ने अवस्था रहे भएको नदेखिने।
- केवल एकातिर केटापक्ष र अर्कोतिर केटीपक्ष भएको मात्र आधारमा सजायमा भिन्नता हुनुपर्ने र केटी पक्षलाई केटापक्षलाई भन्दा बढी सजाय हुनुपर्ने गरी गरिएको सामाजिक व्यवहार सुधार ऐन, २०३३ को दफा ४(३) अनुसारको कानूनी व्यवस्था समानतासम्बन्धी हकको प्रतिकूल भएको मान्नुपर्ने।

(प्रकरण नं. १४)

- समानतासम्बन्धी हकको प्रतिकूल भएको कानून यथावत् रहिरहनु उचित नहुने भएको यस अदालतले यस्ता कानून संशोधन गर्न भनी पटक पटक निर्देशनात्मक आदेश जारी गरिसकेको र निवेदकको माग समानताको सिद्धान्तमा आधारित कानूनी व्यवस्था गर्न गराउनको लागि आदेश जारी गरिपाऊँ भन्ने रहेकोले समानताको सिद्धान्तमा आधारित कानूनी व्यवस्था गर्नु गराउनु भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा निर्देशनात्मक आदेश जारी हुने।

(प्रकरण नं. १५)

| फैसला/आदेश मितिः२०६३।१०।११ | मुद्दा/रिट नं.: २०६३ सालको रिट नं. WS-१२८ |
|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी

माननीय न्यायाधीश श्री शारदा श्रेष्ठ

माननीय न्यायाधीश श्री बलराम के.सी.

**विषयः संविधानसँग बाझिएको कानून अमान्य घोषित गरी बालविवाहको उन्मूलनका लागि आवश्यक उपायहरूको अवलम्बन गर्न परामर्शको आदेश जारी गरी पाउँ।**

**अधिवक्ता रमा पन्त खरेल विरुद्ध नेपाल सरकारसमेत**

- मुलुकी ऐन विहावरीको महलको २ नं. मा उल्लिखित संरक्षकको मन्जुरी नभएमा २० वर्ष नपुगी विवाह गर्न नहुने भन्ने र सोही नं. को देहाय ९ मा १८ वर्ष उमेर नपुगी विवाह भएकाले १८ वर्ष उमेर पुगेपछि मन्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउँछ भन्ने कानूनी व्यवस्थाले विवाहका सन्दर्भमा पक्षले स्वतन्त्र सहमति जनाउने उमेरमा भिन्नता भएकोले ती कानूनहरूमा सामन्जस्यता ल्याउनु र बालविवाहसमेत भैरहेको भन्ने देखिन आएको र बालबालिकाको सर्वोतोमुखी हित हेर्ने कर्तव्य तोकेका पक्ष नै बालविवाह गर्न संलग्न भै सो कार्य गर्ने गराउने भएकोले बालविवाहका सम्बन्धमा सो कार्य रोक्न सरकारले त्यसतर्फ ध्यान दिनु अति जरुरी भएकोले तत्सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भनी विप क्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी गरिएको।

| आदेश मितिः २०६५।३।२६ | मुद्दा/रिट नं.: संवत् २०६३ सालको रिट नं. ०६४-००३५ | निर्णय नं. ७९७३ |
|---|---|---|

विशेष इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
माननीय न्यायाधीश श्री बलराम के.सी.

**विषयः नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(१) बमोजिम संविधानसमेतसँग बाझिएका कानूनलाई समानताको सिद्धान्तअनुसार कानून निर्माण गर्न परमादेशसमेत जारी गरिपाऊँ।**

**जितकुमारी पंगेनी (न्यौपाने)समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- अपराध गर्ने व्यक्तिको पीडितसँगको नाता सम्बन्धको आधारमा फौजदारी मुद्दामा सजायमा कमी हुने अन्यत्र कानूनमा व्यवस्था भएको नपाइँदा लोग्नेले स्वास्नीलाई कर्तव्य गरी मारेमा, कुटपिट गरेमा लोग्ने स्वास्नीको नाता रहेको कारणले सजाय कमी हुने व्यवस्था छैन। जबर्जस्ती करणीको महलमा भएको व्यवस्थाले बलात्कारलाई जघन्य फौजदारी अपराध नामकरण गरेको अवस्थामा अपराधको परिणाम एउटै हुने भएपछि सजायमा वैवाहिक बलात्कार र गैरवैवाहिक बलात्कारबिचमा भिन्नता गर्नुको कुनै औचित्यपूर्ण आधार रहेको नदेखिने।
- अपराध, आपराधिक कार्य गरेबापत हुने भएकोले कर्ताको हैसियतको भिन्नताले सजायमा कमी गर्ने हो भने संविधानले अङ्गीकार गरेको समानताको सिद्धान्तको वर्खिलाप गरेको हुन जाने।

(प्रकरण नं. ५)

- कुनै अपराधमा हुने सजायको मात्रा अपराधको प्रकृति र पीडक पीडितको स्वास्थ्य अवस्था, उमेरलगायतका आधारमा मूल सजायमा थप हुँदै जाने तर मूल सजायभन्दा थप सजाय बढी भने हुन नसक्ने।
- सिद्धान्ततः थप सजाय भन्दा कम मूल सजाय हुने हुँदैन, बरु मूल सजायमा अपराधको गाम्भीर्यता अनुसार सजाय केही थप हुँदै जाने कुरा हो। तसर्थ थप सजायभन्दा मूल सजाय कम हुने गरी भएको जबर्जस्ती करणीको महलको ३ नं. को देहाय ६ को विवादित प्रावधानलाई न्यायोचित र समानताको सिद्धान्तको अनुकूल रहेको मान्न नमिल्ने।

(प्रकरण नं. ६)

- सजायसम्बन्धी व्यवस्था समानताको सिद्धान्तको विपरीत देखिए पनि त्यसलाई यस अदालतले अमान्य र बदर घोषित गर्ने अवस्था भएन। तथापि संवैधानिक सिद्धान्त, मौलिक हकमा नै प्रहार गर्ने अपराधशास्त्रका सिद्धान्त प्रतिकूल हुने, अपराध गर्न निरुत्साहनभन्दा प्रोत्साहन दिने खालको सजायको व्यवस्था गरिएको अवस्थामा त्यसले फौजदारी कानून र न्याय प्रणालीको विकासमा नै अवरोध ल्याउने हुँदा दण्ड नीति विधायिकाले तय गर्ने विषय हो भनी अदालत आफ्नो दायित्वबाट पन्छिन नमिल्ने।

(प्रकरण नं. ७)

- समानताको सिद्धान्तको अनुकूल हुने गरी थप सजायभन्दा मूल सजाय कमी हुने गरी भएको तथा वैवाहिक बलात्कार र गैरवैवाहिक बलात्कारको अपराधका बिचमा भएको विभेदपूर्ण सजायको व्यवस्थामा सामान्जस्यता ल्याउने गरी आवश्यक र न्यायोचित व्यवस्था गर्नेतर्फ आवश्यक पहल गर्नु भनी कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेतका नाउँमा निर्देशनात्मक आदेश हुने।

(प्रकरण नं. ८)

| आदेश मितिः २०६५।३।२६ | मुद्दा/रिट नं.ः संवत् २०६३ सालको रिट नं. ०६३– WS–००१९ | निर्णय नं. ७९५१ |
|---|---|---|

विशेष इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
माननीय न्यायाधीश श्री बलराम के.सी.

**विषय :– संविधानसँग बाझिएको कानून अमान्य गरी परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ।**

**अधिवक्ता रमा पन्त खरेलसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत।**

- केवल संविधानको यो यस धारासँग कुनै अमुक कानूनको अमुक व्यवस्था बाझिएको भनेर मात्र नपुग्ने बाझिएको भन्ने पुष्टि गर्न सक्नुपर्ने।

(प्रकरण नं. ६)

- नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिद्वारा राज्यउपर सिर्जित दायित्व राज्यले पूरा गर्दै जाने कुरा हो। अन्तर्राष्ट्रिय सन्धिको व्यवस्था राष्ट्रिय कानूनसरह हुने र राष्ट्रिय कानून बाझेमा अन्तर्राष्ट्रिय सन्धिको व्यवस्था नै मान्य हुने व्यवस्था भए पनि अन्तर्राष्ट्रिय सन्धिमा उल्लिखित प्रावधानको विपरीत राष्ट्रिय कानून रहे नरहेको भनी तत्कालीन संविधानको धारा ८८(१) र हालको संविधानको धारा १०७(१) अनुसार न्यायिक पुनरावलोकन गर्न नमिल्ने।

(प्रकरण नं. ७)

- सामाजिक व्यवहार गर्ने व्यक्तिहरूको स्वयंमा सामाजिक व्यवहार खास गरी विवाहमा बढी र फजुल खर्च गर्न हुँदो रहेनछ भन्ने चेतना जागी ऐनको प्रभावकारी कार्यान्वयन हुनमा मद्दत गर्ने हुनाले नेपाल सरकारले सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ पाठ्यक्रममा समावेश गराउनु पर्ने।
- कार्यपालिकाले कानून उल्लङ्घन भएको हेरेर चस्मदिद गवाह मात्र भएर बस्नु उचित नहुने भएकाले उक्त ऐनको अक्षरशः परिपालना गर्नू गराउनू। ऐनको व्यवस्थाको परिपालना भए नभएको सम्बन्धमा आवश्यक संयन्त्र निर्माण गरी प्रभावकारी अनुगमन गर्नु गराउनु पर्ने।

(प्रकरण नं. १५)

| आदेश मितिः २०६५।३।२७ | मुद्दा/रिट नं.: सम्वत २०६१ सालको रिट नं. ३३९३ | निर्णय नं. ८०३८ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

**विषयः परमादेश।**

**अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध नेपाल सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत।**

- जबर्जस्ती करणीको अपराधमा पीडितको शारीरिक परीक्षण, अभियुक्तको शारीरिक परीक्षण र पीडितको लुगाको परीक्षण, अपराध भएको ठाउँको परीक्षण, अभियुक्तको बयान, प्रयोगशालाको विशेषज्ञको प्रतिवेदन आई विभिन्न प्रमाण सङ्कलन गर्न समय लाग्छ। एक त जाहेरी दरखास्त ढिलो गरी पर्ने अर्कोतर्फ वारदातको मितिबाट ३५ दिनभित्र अनुसन्धान तहकिकात पुरागरी अभियोगपत्र दायर गरी सक्नुपर्ने ३५ दिनको वर्तमान हदम्याद ज्यादै नै अपर्याप्त हुन्छ। महिलाउपर हुने जबर्जस्ती करणी जस्तो गम्भीर अपराध महिलाउपर हुने हिंसा नै भने पनि हुन्छ। सरकार वादी हुने यस्तो जघन्य अपराधमा अदालतलाई शङ्कारहित प्रमाण चाहिन्छ। हाम्रो प्रमाण कानूनले यस्तो अपराधमा प्रमाण पुर्‍याउने भार वादीमा राखिएको छ। हाम्रो प्रमाण कानूनको अलावा फौजदारी न्यायको मान्य सिद्धान्त र नेपालले अनुमोदन गरेको ICCPR लगायत मानव अधिकारसम्बन्धी विभिन्न महासन्धिहरूले पनि हाम्रो जस्तो Accusatorial प्रणाली भएको देशमा अभियुक्तलाई चुपलागी बस्ने अधिकार र कसुर प्रमाणित गर्ने भार वादीमा रहनुलाई स्वाभाविक मान्नुपर्दछ। वास्तवमा यो Fair Trial को एउटा विशेषता नै हो। यस कुरालाई महसुस गरी मिति २०५८।५।१३ मा तत्कालीन श्री ५ को सरकारद्वारा गठित उच्चस्तरीय समितिले र मिति २०५७।५।१ मा फौजदारी न्याय प्रशासन अध्ययन तथा सुझाव कार्यदलद्वारा प्रस्तावित फौजदारी अपराध संहितामा समेत जबर्जस्ती करणीको महलको वर्तमान ३५ दिने हदम्यादको बदलामा ६ महिनाको हदम्याद हुनु पर्ने सुझाव गरेको देखिन्छ। यसबाट पनि जबर्जस्ती करणीको ११ नं. ले गरेको हदम्यादको व्यवस्था छोटो तथा अपुग भएको देखिन आयो।

(प्रकरण नं. १०)

- फौजदारी कानूनको मुख्य उद्देश्य सामाजिक व्यवस्था Social Order को प्रत्याभूति गर्ने हुँदा समाजमा आपराधिक क्रियाकलाप हुन नदिन आवश्यक उपायहरू अपनाउनुका साथै घटित अपराधका कसुरदारहरूलाई सबुत प्रमाणसहितको राज्यको Prosecution को अपेक्षा कानूनले गरेको हुने।
- विधायिकाबाट बनेको कानून पूर्ण नभएमा वा त्यस्तो कानूनमा कुनै त्रुटि भएमा त्यस्तो कुरालाई परिपूर्ण गर्ने उपयुक्त आदेश दिने अधिकार अदालतलाई हुने।

(प्रकरण नं. १२)

- जबर्जस्ती करणीको महलको ११ नं. को हदम्यादको वर्तमान व्यवस्था ज्यादै कम भई पीडितलाई न्याय दिलाउने कार्यमा बाधा पर्न गएकोले पीडितहरूको सामाजिक मनोविज्ञान, अनुसन्धानमा लाग्ने समय र न्यायमा पहुँचको अवस्थालाई ध्यानमा राखी अपराधको गम्भीरतालाई हेरी प्रभावकारी अनुसन्धान र अभियोजन गर्न सक्ने गरी पर्याप्त हदम्यादको व्यवस्था गर्ने हिसाबले जबर्जस्ती करणीको ११ नं. मा व्यवस्था भएको हदम्याद वढाउने गरी कानूनमा सुधार गर्नु भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी हुने।

(प्रकरण नं. १३)

| आदेश मितिः २०६५।५।२ | मुद्दा/रिट नं.: संवत् २०६२ सालको रिट नं. ३५८१ | निर्णय नं. ७९८१ |
|---|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री बलराम के.सी.

माननीय न्यायाधीश श्री तपबहादुर मगर

**विषयः परमादेशसमेत।**

**अधिवक्ता पुन्देवी महर्जन "सुजान" विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत।**

- संविधानले लिखितरूपमा बालबालिकालाई प्रदान गरेको शिक्षा आर्जन गर्ने हक कुनै किसिमको प्रथा, परम्परा, रीतिरिवाज, मान्यता प्रचलन वा रुढीवादीको नाममा हनन् हुन सक्तैन। कुमारी भएको कारण कुमारीले शिक्षा हासिल गर्न नहुने भनी नेपाल कानूनलगायत कुनै पनि कुराले प्रतिबन्ध नलगाएको हुँदा कुमारीहरूको शिक्षा प्राप्त गर्ने मौलिक हक हनन् भएको भन्न नसकिने।
(प्रकरण नं. १८)
- यस अदालतले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) द्वारा प्रदत्त असाधारण अधिकार अन्तर्गत कुनै कानून वा सरकारको कुनै Executive/Administrative निर्णयले बालबालिकाको हक हनन् गरेमा उपयुक्त आदेश जारी गरी हक प्रचलन गराउँछ। तर परम्परा, प्रचलन, प्रथा वा मान्यताको आधारमा कसैले त्यस्तो हक उपभोग गर्दैन भने समाज आफैं सचेत र सजग भएर त्यस्तो हक उपभोग गर्नुपर्छ र यसका लागि समाजमा Awareness को सिर्जना गर्ने र चेतनामूलक कार्यक्रम सञ्चालन गरी हक उपभोग गर्न Empower गर्ने काम कार्यपालिकाको हुने।
(प्रकरण नं. २०)
- बालबालिकाहरूलाई संविधान र अन्तर्राष्ट्रिय महासन्धिहरूले प्रदान गरेका हक हनन् नगरेसम्म कुमारी प्रथालाई अनुयायी सम्प्रदायको धर्म र संस्कृतिसम्बन्धी हकको एक हिस्साको रूपमा मान्नु पर्ने।
(प्रकरण नं. २२)
- कुमारीहरूले कसैका लागि कुनै श्रम गर्नु नपर्ने एवं जीवित देवी मानी पूजा गर्ने प्रयोजनका लागि कुमारी प्रथाको विकास भएको देखिएको र कुमारीहरूले पनि भक्तजनहरूको पूजा र श्रद्धालाई

ग्रहणसम्म मात्र गर्नुपर्ने देखिएको हुँदा कुमारी प्रथाले कुमारी हुने बालिकाहरूको कुनै हक हनन् गर्ने नदेखिने।

(प्रकरण नं. २४)

- कुमारी भएकै कारणबाट नेपाली बालिकाहरूले नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त मौलिक हक तथा बालअधिकार महासन्धिलगायत मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्ताबेजहरूद्वारा प्रदत्त हकहरू उपभोग गर्न रोक लागेको अवस्था नदेखिने।

(प्रकरण नं. २८)

| आदेश मितिः २०६५।७।६ | मुद्दा/रिट नं.: संवत् २०६४ सालको स.फौ.पु.वे. नं. ०४७९ | निर्णय नं. ८१४८ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री गौरी ढकाल

**विषयः जबर्जस्ती करणी।**

**त्रिरत्न चित्रकार विरुद्ध नेपाल सरकार।**

- मिसिल हेर्दा पुनरावेदक एक बलत्कारी मात्र नभई child abuse पनि देखिन्छ। सम्भवतः आफ्नो नियन्त्रणमा राखिएकी एक नाबालक महिलाको Pedophile बाट बारम्बार यौन शोषण भएको अदालतको जानकारीमा आएको सम्भवतः यो पहिलो मुद्दा होला। यस मुद्दामा पीडितउपर आशय करणी, जबर्जस्ती करणी र अप्राकृतिक मैथुनसमेतको अपराध बारम्बार भएको प्रमाणित भएको छ। यस अपराधलाई custodial rape भने पनि हुन्छ। यस्तो अपराधमा पुनरावेदन अदालतले जिल्ला अदालतले गरेको कैद सजायमा हस्तक्षेप गर्न हुँदैन थियो।

(प्रकरण नं. १७)

- पुनरावेदन अदालतले अभियोजनको गल्ती पीडितउपर भएको अपराध तथा जबर्जस्ती करणी जस्तो गम्भीर अपराधलाई ध्यानै नदिई बडो उदार बनी जिल्ला अदालतले ठेकेको कैद सजायमा हस्तक्षेप गरी किन कैद घटाउन परेको हो कुनै आधार र कारण नदिई कैद वर्ष ७ हुन्छ भनी स्वेच्छाचारी ढङ्गले कैदको सजाय घटाएको देखियो। कैद सजाय घटाउने पुनरावेदन अदालतको सो फैसला स्वेच्छाचारी मान्नुपर्छ। पुनरावेदन अदालत जस्तो उच्च तहको अदालतलाई एक नाबालक sexually exploit भएको यस्तो जघन्य अपराधमा जिल्ला अदालतले Trial को सबै चरण हेरी ठेकेको कैद हुकुमी शासन प्रणाली ढाँचामा स्वेच्छाचारी ढङ्गले कुनै आधार र कारण नदिई सजाय घटाउने अधिकार हुँदैन। यो कुरा हाम्रो पुनरावेदन अदालतले बुझ्नुपर्छ। पुनरावेदन अदालतको सो फैसलाबाट सो फैसला गर्ने पुनरावेदन अदालतका माननीय न्यायाधीशहरू sentencing policy सम्बन्धमा अनभिज्ञ पो रहेछ कि भन्नु पर्ने देखिन्छ। विधायिकाले ७-१० वर्षसम्म कैद सजाय हुन सक्ने गरी न्यूनतम ७ वर्ष र अधिकतम १० वर्ष कैद सजाय गर्न सक्ने गरी न्यायाधीशलाई तजबिजी अधिकार दिएको हो।

- अपराधको गाम्भीर्यता, पीडितलाई पुगेको हानि, अपराधको पटक, पीडितको अवस्था अभियुक्तको अपराधको चरम सीमा, मात्रा, अपराध गरेको तरिका आदिलाई विचार गरेर सजाय तोक्न विधायिकाले न्यूनतम ७ वर्ष र अधिकतम १० वर्षको तजबिजी सजायको व्यवस्था गरको हो। तर पुनरावेदन अदालतका माननीय न्यायाधीशहरूबाट यसतर्फ ध्यान दिएको देखिएन।

(प्रकरण नं. १८)

- महिलाविरुद्ध हुने जबर्जस्ती करणीको अपराध यस्तो गम्भीर अपराध हो कि आफूलाई जबर्जस्ती करणी गर्नेलाई पीडितले वारदात भएको १ घण्टाभित्र मारेमा पनि खतबात लाग्दैन। महिलाहरूको inviolable शरीरको सम्मानको लागि विधायिकाले यस्तो अधिकार महिलाहरूलाई प्रदान गरेको हो। जबर्जस्ती करणीको अपराध महिला विरुद्धका अपराध मात्र नभई मानवताकै विरुद्धको अपराध मान्नुपर्दछ। यस्तो गम्भीर अपराधमा जिल्ला अदालतले ठेकेको कैदमा हस्तक्षेप गरी कुनै आधार कारण नदिई सजाय घटाउने गरेको पुनरावेदन अदालतको फैसलालाई गम्भीरताका साथ लिई अब भविष्यमा सबै पुनरावेदन अदालत र जिल्ला अदालतका माननीय न्यायाधीशहरूले सजाय गर्दा अपराधको गाम्भीर्यता र अपराधबाट पीडितलाई पर्न गएको क्षति पीडालाई बुझी अपराध माफिकको सजाय तोक्नू।

(प्रकरण नं. २०)

- जिल्ला अदालतको फैसलामा जबर्जस्ती करणीको महलको १० नं. बमोजिम पीडितको दरखास्त पर्न आए कानूनबमोजिम रीत पुऱ्याई प्रतिवादीको आधा अंश दिलाई भराई दिने भनी तपसिल खण्डमा उल्लेख गरेको देखियो। जिल्ला अदालतले अंशबन्डाको महलको १० नं. अन्तर्गत कसुरदारको अंशबाट पीडितलाई आधा अंश भराउने व्यवस्था र अंशबन्डाको महलबमोजिम अंशियारले अंश पाउने ठहर भएपछि दण्ड सजायको ४६ नं. को व्यवस्थाको फरक नै छुट्याउन सकेका देखिएन। अंशबन्डाको महलको १० नं. अन्तर्गत आधा अंश पाउने व्यक्ति अपराधबाट पीडित व्यक्ति हो। जबर्जस्ती करणीको अपराधबाट पीडित भएका कारण पीडितलाई पारिवारिक, मानवीय, मनोवैज्ञानिक शारीरिक, चारित्रिक, पेसागत, बौद्धिक, सामाजिक, आर्थिकलगायत जीवनका विभिन्न पक्षमा परेको दूरगामी असरलाई ध्यानमा राखी क्षतिपूर्ति स्वरूप प्राप्त हुने सम्पत्ति हो। यस्तोमा पीडितलाई दण्ड सजायको महलको व्यवस्था लागु हुँदैन। पीडितले दण्ड सजायको ४६ नं. बमोजिम भराई पाउन निवेदन नै गर्न पर्दैन। अदालत आफैंले फैसलाको जानकारी पीडितलाई गराई अदालत आफैंले फैसला कार्यान्वयन गरी आधा अंश दिलाई दिनुपर्छ। पीडित प्रतिवादी अभियुक्तको परिवारको सदस्य नभएको कारण कसरी पीडितले अभियुक्त प्रतिवादीको सम्पत्ति देखाई दिन सक्छ ? नाबालक पीडितले अदालतमा कसरी गई फैसला कार्यान्वयन गराउन

सक्छ? संविधानको धारा १३(३) को प्रतिबन्धात्मक वाक्यांश र धारा २० ले महिलालाई दिएको हकको व्यवस्था महिला भेदभाव विरुद्धको महासन्धि र बालबालिकासम्बन्धी महासन्धिको व्यवस्थालाई साकार पार्न र जबर्जस्ती करणी महलको १० नं. को मर्म, भावना र व्यवस्था बुझी पीडितलाई अदालतले बोलाई यस अदालतबाट पुनरावेदक राकेसकुमार सिंह विरुद्ध नेपाल सरकार भएको जबर्जस्ती करणी मुद्दा (नेकाप २०६४ अङ्क १ पृ.८६) मा भएको जबर्जस्ती करणी महलको १० नं. को व्याख्या अनुसार मकवानपुर जिल्ला अदालतले प्रतिवादीको आधा अंश पीडित नाबालकलाई दिलाई फैसला कार्यान्वयन गरी यस अदालतलाई जानकारी गराउनु भनी रजिष्ट्रारले लेखी पठाउनू।

(प्रकरण नं. २६)

| फैसला/आदेश मितिः२०६५।१०।२६ | मुद्दा/रिट नं.: २०६३ सालको रिट नं. ०४०२ |
| --- | --- |

संयुक्त इजलास

माननीय न्यायाधीश श्री बलराम के.सी.

माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा

**विषयः परमादेश।**

**इन्दिरा बस्नेत विरुद्ध नेपाल सरकारसमेत।**

- जबरजस्ती करणीसम्बन्धी मुद्दा संवेदनशील मुद्दा भएकै कारणबाटै सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूचीमा समावेश गरी सरकारवादी मुद्दाको रूपमा व्यवस्था गरिएको हो। यस्तो संवेदनशील विषय र लुकेको अपराधमा कम हदम्यादको कारणले पीडित व्यक्तिले उपचार पाउनबाट वञ्चित हुनु हुँदैन।
- जबरजस्ती करणी मुद्दा जस्तो महिलाहरूउपर हुने अति गम्भीर अपराधमा ३५ दिने हदम्याद ज्यादै कम अवधि हो। ३५ दिनको हदम्याद जाहेरी दरखास्त दिन र राम्रोसँग अनुसन्धान कार्य पूरा गर्न ज्यादै कम र अपुग हुन्छ। फौजदारी अपराधमा मुद्दा दायर गर्ने हदम्याद जति छोटो र कम अवधि हुन्छ। त्यसको लाभ चाहिँ अपराध गर्नेलाई हुन्छ र त्यसको असर चाहिँ पीडितलाई हुन जान्छ।
- यस्तो कुरालाई मध्यनजर राखी जबरजस्ती करणी जस्तो महिलाउपर हुने अपराधमा वर्तमान ३५ दिने हदम्यादलाई बढाउन यस अदालतबाट २०६१ सालको रिट नं. ३३९३ मा निर्देशनात्मक आदेश जारी भएको हो। यस्तो गम्भीर विषयमा आजसम्म जबरजस्ती करणीको महलको ११ नं. संशोधन भएको देखिएन।
- तसर्थ सो सम्बन्धमा आवश्यक कारबाहीको लागि उक्त निर्देशनात्मक आदेश जारी भएको सन्दर्भमा प्रस्तुत रिटमा समेत विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयसमेतका नाममा उक्त हदम्याद बढाउने सम्बन्धमा पुनः ध्यान आकर्षण गराउन सरकारका प्रमुख कानूनी सल्लाहकार महान्यायाधिवक्ताको नाममा यो आदेश जारी गरी दिएको।

| आदेश मितिः २०६६।४।२८ | मुद्दा/रिट नं.: २०६४ सालको रि.नं. WO–०४२४ | निर्णय नं. ८२८२ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री अवधेशकुमार यादव

**विषय : परमादेशसमेत।**

**अधिवक्ता ज्योति पौडेलसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत।**

- नेपालले CEDAW 22 April 1991 मा अनुमोदन गरेको हो। कुनै राष्ट्रले कुनै महासन्धिमा हस्ताक्षर गरी अनुमोदनसमेत गरेपछि त्यस्तो राष्ट्र महासन्धिको पक्ष बन्छ। कुनै महासन्धि वा सन्धिमा पक्ष बनेपछि पक्ष बन्ने राष्ट्रहरूले महासन्धि वा सन्धिका प्रावधानहरू कानूनसरह अक्षरशः पालना गर्नुपर्छ। Derogate गर्न पाइँदैन। Pacta sunt servanda अर्थात् Agreement must be honoured in good faith भन्ने अन्तर्राष्ट्रिय कानूनको मान्य सिद्धान्तबाट पक्ष राष्ट्रका Guided हुन पर्छ। Vienna Convention on Law of Treaties, 1961 को धारा २१ अनुसार पनि कुनै सन्धि वा महासन्धिमा पक्ष बनेपछि Domestic वा Internal कारण देखाएर पक्ष राष्ट्र महासन्धि वा सन्धि उल्लङ्घन गर्न सक्दैन। अन्तर्राष्ट्रिय कानूनसम्बन्धी यो मान्य सिद्धान्त नै हो। नेपाल सन्धि ऐन, २०४७ को दफा ९ मा यही व्यवस्था भएको छ। दफा ९ अनुसार नेपाल पक्ष भै नेपालले अनुमोदन गरेको सन्धि वा महासन्धिको व्यवस्था र नेपाल कानून बाझिएमा नेपाल कानून लागु हुँदैन। सन्धि वा महासन्धिको व्यवस्था लागु हुन्छ भन्ने व्यवस्था भएको हो। अतः यसबाट के स्पष्ट हुन्छ भने नेपाल कुनै महासन्धिमा पक्ष बनेपछि नेपालले आफ्नो Treaty Obligation बाट Derogate गर्न सक्तैन। महासन्धि वा सन्धिका पक्ष बनेपछि महासन्धि वा सन्धिका व्यवस्था अक्षरशः Good Faith मा लागु गर्नुपर्छ। यसमा विवाद हुँदैन।

(प्रकरण नं. ७)

- नेपाल CEDAW को पक्ष बनेको आज झन्डै २० वर्ष पुग्दा पनि महिला खास गरी बुहारी वा पत्नीउपर घरको अन्य सदस्यभन्दा Inferior व्यक्ति भन्ने सोचले व्यवहार हुने गरेको देखिन्छ। सहरी क्षेत्रबाहेक गाउँ गाउँमा अझै पनि पुरुष वर्गले गृहस्थ काम गर्न नपर्ने सबै गृहस्थ काम महिलाले नै गर्नुपर्ने, पुरुषवर्ग अध्ययन मनोरञ्जनलगायत आरामदायी र फुर्सदको जिन्दगी बिताउने तर महिलाहरू पत्नी वा बुहारी भएको कारण उपर्युक्त कुनैपनि सुविधाबाट बञ्चित भई आर्थिक,

सामाजिक, बौद्धिक, शारीरिक रूपले शोषित भई घरेलु हिंसाबाट समेत पीडित हुने गरेको यस अदालतले Judicial notice मा लिने कुरा हो। जबकि यसरी बुहारी वा पत्नी भएको कारणले मात्र अपहेलित शोषित र Inferior व्यवहार गरिनु हुँदैन। यसो हुनमा नेपालले CEDAW का व्यवस्था अक्षरशः पालना गरी महिला विरुद्धका भेदभावकारी कार्य, प्रचलन, परम्परा, व्यवहारलाई Criminalize गर्ने र महिलाउपर हुने घरेलु हिंसा विरुद्ध वा प्रभावकारी र कडा दण्डनीय कानून नबनाउनु हो। यसको साथै शिक्षा एवं चेतनामूलक कार्यको लागि प्रभावकारी नीति एवं योजना लागु नगर्नाले पनि हो। घरेलु हिंसा कसुर र सजाय ऐन, २०६६, मिति २०६६।१।१४ देखि लागु भएको देखिन्छ। उक्त ऐनको दफा २ को खण्ड (क) मा घरेलु हिंसाको परिभाषा भएको देखिन्छ। उक्त दफामा भएको परिभाषा हेर्दाः "घरेलुहिंसा" भन्नाले कुनै व्यक्तिले घरेलुसम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ र सो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ भन्ने उल्लेख छ। दफा २(क) को परिभाषाले पारिवारिक कार्यसम्म मात्रलाई अपराध मानेको देखिन्छ। तर CEDAW ले घरेलु हिंसा मात्र होइन, Custom र Practice मा आधारित संस्कार अन्तर्गत महिलालाई पुरुषभन्दा Inferior को हिसाबले गरिने व्यवहारलाई समेत Criminalize गर्ने भन्ने व्यवस्था गरेको छ। तर घरेलु हिंसा, कसुर र सजाय ऐन, २०६६ ले CEDAW को Article 3 र खास गरी Article 2f र Article 5 लाई समेटेको देखिएन। महिलाहरू घरेलु हिंसा पीडित हुन परेको महिलाहरूले पुरुषभन्दा बढी काम गर्न परेको महिलाहरू अपहेलित हुन परेको महिलाहरू पुरुषहरूभन्दा Inferior व्यक्ति हुन् भन्ने प्रचलनको मुख्य कारण CEDAW को Article 3 र CEDAW को Article 2f र Article 5 को व्यवस्था अनुसारको कानून नबन्नाले हो। वर्तमान कानून घरेलु हिंसा कसुर र सजाय ऐन, २०६६ ले CEDAW को Article 5 र Declaration को Article ३ लाई नसमेटेको कारणले CEDAW मा पक्ष भए पनि महिला पुरुषभन्दा Inferior भन्ने परम्परालाई Abolish गर्न आवश्यक कानून अझै बनेको देखिएन। जबसम्म महिला पुरुषभन्दा Inferior भन्ने कुरालाई शिक्षालगायत कानूनी एवं अन्य चेतनाको माध्यमबाट समाजमा Awareness Create गरी त्यस्तो काम सोच विचार परम्परा प्रचलन र मान्यतालाई Abolish गरिँदैन र Criminalize गरिँदैन तबसम्म महिलाविरुद्ध हुने भेदभाव अन्त्य नहुने हुँदा CEDAW को उपर्युक्त कुरासमेत समावेश भएको कानून बनाउन आजको आवश्यकता हो।

(प्रकरण नं. १८)

- घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा २(क) मा घरेलु हिंसाको परिभाषा भएको देखिन्छ। परिभाषामा महिलालाई एसिड खन्याई कुरूप पारी अपराध गर्ने परिभाषामा परेको

देखिएन। शारीरिक यातना दिन नहुने, दिए घरेलु हिंसाको अपराध मानिनेसम्म व्यवस्था भएको देखिन्छ। सजायको हकमा दफा १३ मा व्यवस्था भएको देखिन्छ। सजायको व्यवस्था हेर्दा महिलाउपर एसिड जस्तो घातक पदार्थ खन्याई महिलाको Right to life र Right to livelihood सँग सम्बन्धित कुरामा गम्भीर असर पार्ने अपराधमा सजायको व्यवस्था हेर्दा सजायको मात्राले Deterrent Effect पनि सिर्जना गर्न नसक्ने सजायको मात्राले महिला पीडितलाई न्याय दिन सक्ने पनि देखिएन। के कस्तो अपराधलाई अपराधको परिभाषाभित्र पार्ने र के कति सजाय गर्ने भन्ने Quantum of punishment सम्बन्धी विषय विधायिकाको नीतिगत स्वविवेकको कुरा हो। एसिड खन्याउने कार्य अपराधको परिभाषाभित्र पार्ने भन्ने विषय वा सजाय बढाई यति नै सजाय गर्ने भन्ने विषय बिधायिकी नीतिगत स्वविवेकीय कुरा भएकोले Legislative Policy मा असाधारण अधिकार अन्तर्गत अदालतले हस्तक्षेप गर्न उचित होइन तर नेपाल धेरै अगाडि CEDAW मा पक्ष बनेको संविधानको धारा १५६ मा नेपाल कुनै सन्धि वा महासन्धिमा पक्ष बनेपछि त्यसको प्रभावकारीताको सम्बन्धमा व्यवस्था भएको र नेपाल सन्धि ऐन, २०४७ को दफा ९ मा नेपाल पक्ष भएको कुनै सन्धि वा महासन्धिको व्यवस्था र नेपाल कानून बाझेमा नेपाल कानून लागु नभई सन्धि महासन्धिको व्यवस्था नेपाल कानूनसरह लागु हुने भनी नेपाल कानूनउपर Treaty Obligation लाई Primacy दिएको हाम्रो आफ्नै र Unique कानूनी व्यवस्थाको सन्दर्भमा घरेलु हिंसाबाट पीडित महिलाले दिएको उजुरीउपर अनुसन्धान गर्ने, अभियोग लगाउने आदि अभियोजन कार्य सम्बन्धमा पछिल्लो ऐन, घरेलु हिंसा (कसुर र सजाय ऐन), २०६६ मा कुनै व्यवस्था नभएको, पीडकलाई प्रभावकारी सजायको व्यवस्था नभएको यस प्रकारका संवेदनशील मुद्दामा छिटो न्याय प्रदान गर्न छुट्टै अदालतको व्यवस्था नभएको पीडितलाई पुनरस्थापना गर्ने र राहतको लागि केही व्यवस्था नभएको हुँदा नेपालले आफ्नो Treaty Obligation पूरा गरेको नदेखिएकोले यस अदालतले guardian of the fundamental right of the citizen को नाताले असाधारण अधिकारअन्तर्गत नेपाल सरकारको नाममा उपयुक्त आदेश जारी गर्न सक्ने देखियो।

(प्रकरण नं. २०)

- महिला पीडित भएको फौजदारी मुद्दा हेर्ने छुट्टै Fast Track Court गठन गर्न कानून आवश्यक पर्छ। यसको साथै जनशक्ति, रकम एवं भौतिक पूर्वाधार पनि आवश्यक पर्ने हुँदा सोबारे पहिला अध्ययन हुनुपर्छ। पहिला अध्ययन हुन आवश्यक देखिएकोले उक्त कुराहरू अध्ययन गरी नेपाल सरकार, महिला तथा बालबालिका मन्त्रालयसमक्ष प्रतिवेदन पेस गर्न देहायको चार सदस्यीय समिति गठन गरिदिएको छ। Fast Track Court गठनसम्बन्धी समितिले दिएको राय नेपालमा

एकै पटक लागु गर्न कठिन हुनसक्छ। तसर्थ क्रमशः नेपाल सरकारले लागु गर्दै जानू भनी निर्देशनात्मक आदेशसमेत जारी गरिदिएको छ।

(प्रकरण नं. २३)

| आदेश मितिः २०६७।८।१५ | मुद्दा/रिट नं.: संवत् २०६६ सालको रिट नं. ०६६३ | निर्णय नं. ८५०७ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी
माननीय न्यायाधीश श्री भरतराज उप्रेती

**विषयः उत्प्रेषणयुक्त परमादेश।**

**अधिवक्ता ज्योती लम्साल पौडेल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- समाजमा कतै कुनै अपराध हुन गएमा अपराध गर्ने व्यक्तिउपर अनुसन्धान गरी मुद्दा चलाई अभियुक्तलाई सजाय दिलाई पीडितलाई न्याय दिलाउनु पर्ने सरकारको संवैधानिक कर्तव्य हुने हुँदा यस्तो जवाफदेहीबाट सरकार पन्छिन नसक्ने।

(प्रकरण नं. १८)

- अपराधमा अनुसन्धान र अभियोजनमा कमी अनुसन्धानकर्ता र अभियोजनकर्ताको लापरवाही, गल्ती, बदनियत आदि कुनैको पनि स्थान हुन हुँदैन। यदि हुन्छ भने सरकारले त्यसको जिम्मा लिनपर्ने।

(प्रकरण नं. २१)

- महिलालाई इच्छाविपरीत अनतिक्रम्य शरीरको पवित्रताको अपहरण गरी जबरजस्ती करणी गर्नु कानूनविपरीत मात्र नभई गम्भीर अपराध पनि भएकाले सभ्य मानव समाजले यस्तो कार्यलाई नैतिकताविहीन कार्य मान्दछ। यस्तो नैतिकताविपरीतको कार्यलाई नै नैतिक पतन देखिने फौजदारी अपराध मान्नुपर्ने।
- राज्यले पीडित महिलाको सहयोगको लागि आवश्यक स्रोत र साधनअनुसार प्रत्येक जिल्लामा पीडित महिलाको लागि एक Counseling Centre को क्रमशः व्यवस्था गर्दै जानुपर्ने।

(प्रकरण नं. ३५)

- अपराध अनुसन्धान गर्ने छुट्टै प्रहरी सङ्गठनको गठन नगरी वर्तमान प्रहरी सङ्गठनबाट नै अनुसन्धान हुने हो भने प्रहरीको पहिलो ध्यान शान्ति कायम गर्नेतर्फ जाने हुँदा अपराध अनुसन्धान सन्तोषजनक नहुन सक्छ। यसले गर्दा सबुद प्रमाण लोप हुने मात्र होइन अपराध अनुसन्धान प्रहरीको Priority मापर्दैन। त्यसैले वर्तमान व्यवस्थामा सुधार गरी अपराध अनुसन्धानका सम्बन्धमा छुट्टै प्रहरी सङ्गठनको गठन हुनपर्ने।

(प्रकरण नं. ३८)

- बलात्कारपीडितलाई न्याय दिलाउन योजनाबद्ध तरिकाले क्रमशः प्रत्येक जिल्लाका अस्पतालमा आवश्यक प्रविधि, प्रयोगशाला र विज्ञको व्यवस्था तुरुन्त गर्नुपर्ने। यसको लागि बजेटको अभाव, विज्ञको अभाव, कर्मचारीको अभाव भन्ने कुरा Excuse हुन नसक्ने।
- प्रत्येक जिल्ला अदालतले जबरजस्ती करणी मुद्दामा पीडित र पीडितलाई Accompany गर्ने व्यक्ति, वादी एवं पीडितका साक्षी एवं प्रतिवादी पक्षको लागि छुट्टै कोठाको व्यवस्था गर्नुपर्ने।

(प्रकरण नं. ४१)

| आदेश मितिः २०६७।०८।१५ | मुद्दा/रिट नं.: संवत् २०६६ सालको रिट. नं. ०५८४ | निर्णय नं. ८५४१ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी
माननीय न्यायाधीश श्री भरतराज उप्रेती

**विषयः परमादेश।**

**सुन्तली धामी (शाह) विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- नेपालको अन्तरिम संविधान, २०६३ को उपधारा २ को व्यवस्था भनेको सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ मा परेका मुद्दाहरू र अन्य नेपाल कानूनमा उल्लेख भएका नेपाल सरकार वादी हुने मुद्दाहरूलाई सङ्केत गरेको मान्नु पर्ने।
- महान्यायाधिवक्ताले गरेको निर्णय सरकारी निकायको लागि मात्र अन्तिम हुन सक्दछ। धारा १३५ ले महान्याधिवक्तालाई उल्लिखित अधिकार दिएको भए तापनि धारा १३५ ले धारा १०७ को यस अदालतको असाधारण अधिकारलाई सीमित गर्न वा कटौती गर्न वा नियन्त्रण गर्न नसक्ने।
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) ले यस अदालतलाई "यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विषय समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपर्युक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ" भन्ने संवैधानिक प्रावधान रहेको देखिन्छ। उल्लिखित संवैधानिक व्यवस्थाअन्तर्गत पूर्ण न्यायको निमित्त यस अदालतले कुनै निकाय वा पदाधिकारीले गरेको निर्णयलाई Judicial Review गर्न सक्ने।

(प्रकरण नं. ४)

- संविधानको धारा ११६ अनुसार यस अदालतले गरेको फैसला नजिर हुन्छ र त्यस्तो नजिर सबै अड्डा अदालतले मान्न कर लाग्छ। यस इजलासले पनि यस इजलासको सङ्ख्याभन्दा बढी सङ्ख्याको इजलासले गरेको फैसला समान विवादको विषय छ भने मान्न कर लाग्छ। तर यदि

विवादको विषय फरक छ भने बृहत् पूर्ण इजलासकै भए पनि र यदि फैसला Per Incuriam छ भने कम सख्याको इजलासले पनि Per Incuriam फैसला नमान्न सक्ने।

(प्रकरण नं. ६)

- अन्तिम अवस्थासम्म सरकारवाटै पीडितको तर्फबाट मुद्दामा प्रतिरक्षालगायतको काम गरिन्छ। पीडितको हैसियत गवाहमा सीमित हुन्छ। हाम्रो प्रणालीमा पीडितले आफै मुद्दा चलाउन सक्तैन। पीडित राज्यबाट व्यवस्थित अपराध अनुसन्धान प्रहरी र सरकारी वकिलमा भर पर्नुपर्ने हुन्छ। पीडितले आफू पीडित भएको बेहोराको आफूमा भएको प्रमाणसहित प्रहरीमा उजूर गर्दा प्रहरी र सरकारी वकिलले मुद्दा नचलाउँदा त्यो अवस्थामा पीडित न्याय पाउने मौलिक हकबाट वञ्चित हुन पुग्ने।

(प्रकरण नं. ८)

- धारा ३२ को हक नागरिकलाई प्राप्त भएपछि संविधानले नै यस अदालतको धारा १०७(२) को न्यायिक पुनरावलोकन गर्न पाउने अधिकारलाई Exclude वा Limit गर्ने गरी स्पष्ट व्यवस्था गरेको अवस्था, मान्य सिद्धान्तअनुसार Political question समावेश भएको विषय वा विधायिकाको आन्तरिक कार्य व्यवस्थापनको विषय र यस अदालत धारा १०७(३) अन्तर्गत अन्तिम भएका विषयहरूमा Writ against Judiciary हुन नसक्ने मान्य सिद्धान्तको अवस्थामा बाहेक अन्य अवस्था र विषयमा मान्य सिद्धान्तमा रहेर कार्यपालिकातर्फका प्रत्येक अधिकारीले गरेको निर्णयको न्यायिक पुनरावलोकन गर्न सक्ने।

(प्रकरण नं. ९)

| आदेश मितिः २०६९।२।३ | मुद्दा/रिट नं.: रिट नम्बर २०६६–WO–०५४४ | निर्णय नं. ८९०१ |
|---|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

माननीय न्यायाधीश डा. श्री भरतबहादुर कार्की

**विषयः परमादेश।**

**अधिवक्ता कविता पाँडेसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- मानिसको स्वतन्त्रता, प्रतिष्ठा र आत्मसम्मानमा चोट पुऱ्याउने खालका कुनै पनि प्रथाहरू मानव अधिकारको दृष्टिकोणबाट मान्य हुन सक्दैनन् र कानूनले मान्यता नदिएका कुनै पनि संस्कृति, परम्परा, मूल्य मान्यता जस्ता कुनै पनि आधारमा व्यक्तिको आधारभूत अधिकारलाई सङ्कुचन र कुण्ठित गरेर राख्न नहुने।

(प्रकरण नं. ४)

- महिला वर्गलाई पीडित बनाउने जुनसुकै प्रथा, परम्परा र संस्कृति महिलाको विकास र महिला सशक्तीकरणको बाधकको रूपमा रहेको हुन्छ। त्यस्ता प्रथा, परम्परा र संस्कृतिले महिला र पुरुषबिच असमानता र विभेदको परिस्थिति उत्पन्न गर्ने हुँदा असमान र विभेदकारी प्रथा र परम्परालाई समाजमा हुर्कने अवस्थालाई कतैबाट समर्थन गरिन नहुने।
- बैकल्या प्रथा तराई क्षेत्रका केही जिल्लाहरूमा विद्यमान विशेष किसिमको समस्याको रूपमा रहेको देखिन्छ। यस्तो प्रथाको कारण माइती घरमै विधवा भएका वा पतिले नलगी छाडिएका महिलाहरूको अंश हक सम्बन्धमा विवाह भैसकेकी छोरीलाई अंश दिने कानूनमा व्यवस्था नभएको र नाबालक अवस्थामै भएको विवाहको कानूनी अभिलेख नहुनुको साथै लोग्ने पक्षकाले स्वीकार गरी घर नलगेको अवस्थामा त्यस्ता पीडितहरूको पारिवारिक हैसियत र अंश हकको समस्या उत्पन्न हुने भै वैयक्तिक हैसियत र सम्पत्तिक अधिकारको लागि विभिन्न समस्या भोग्नुपर्ने अवस्था टड्कारो देखिन्छ। परन्तु, यस विषयमा आवश्यक र पर्याप्त अध्ययन र अनुसन्धान भएको देखिँदैन। जसको कारण समस्याको मात्रा र प्रकृति पर्याप्त मात्रामा निश्चित नभए पनि यस समस्याको विद्यमानतालाई इन्कार गर्न सकिने स्थिति पनि छैन। तराई क्षेत्रमा बालिकाहरूले बेहोर्नु परेको खास किसिमको यस्तो समस्यालाई विशेष प्रकारले सम्बोधन गर्नुपर्ने।

(प्रकरण नं. ७)

| आदेश मितिः २०६९।५।७ | मुद्दा/रिट नं.: रिट.नं. २०६८– WS–००४२ | निर्णय नं. ८८८३ |
|---|---|---|

विशेष इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी

माननीय न्यायाधीश श्री गिरीशचन्द्र लाल

माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की

**विषयः उत्प्रेषण परमादेश।**

**अधिवक्ता ज्योति लम्साल पौडेलसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- कुनै कानूनमा प्रयुक्त कुनै वाक्यांशलाई मात्र एकाङ्गी रूपमा हेरी संविधानसँग बाझिएको वा नबाझिएको भन्ने व्याख्या गर्न वा निष्कर्षमा पुग्न मिल्दैन। त्यसको लागि उक्त ऐन जारी गर्नुपर्नाको पृष्ठभूमि, समाजमा विद्यमान कुनै व्यवहार वा क्रियाकलापलाई रोकथाम, व्यवस्थित वा नियमनसमेतका के कुन आवश्यकता र उद्देश्यबाट ऐन ल्याइएको थियो भन्ने जस्ता विषयतर्फ पनि सूक्ष्मतम् ढङ्गबाट विचार गरिनु पर्ने।

(प्रकरण नं. ३)

- दाइजोलाई सामाजिक आदर्शका रूपमा स्थापित गरेको वा दिनै पर्छ वा दिनुपर्ने चीज हो भन्ने सामाजिक व्यवहार सुधार ऐनको आशय र भावना देखिँदैन। ऐन जारी हुनुपूर्वको नेपाली समाजमा दाइजो प्रथा प्रचलनमै नभएकोमा ऐनले यस कुरालाई कानूनी संरक्षण दिई सामाजिक विकृति ल्याएको भन्ने स्थिति छैन। त्यस पूर्वको समाजलाई यस प्रकृतिको समस्याले आक्रान्त पारेको कारण सामाजिक व्यवहारमा सुधार ल्याउनु पर्ने सामाजिक आवश्यकताबाटै यो ऐन जारी गरिएको वस्तुतथ्य र यथार्थतालाई हेक्का राख्नुपर्ने।

(प्रकरण नं. ७)

- नेपाली समाजमा दाइजो, तिलक वा दहेज जस्ता दाइजोजन्य समस्याहरू रहेको भन्ने निवेदकले उठाएको कुरासँग असहमत हुनुपर्ने अवस्था छैन। दाइजोकै निहुँमा दिनानुदिन महिलामाथि अपमानजनक व्यवहारका अतिरिक्त कुटपिट र आगजनी गरी मार्नेसम्मका गम्भीर प्रकृतिका हिंसाहरू भैरहेको वस्तुतथ्यलाई अस्वीकार गर्नुपर्ने अवस्था छैन। सरकारी तवरबाट छिटपुट प्रयास भैरहेको भन्ने भए पनि समाजमा कायम रहेको दाइजोजन्य हिंसाको समस्या घट्नुको साटो थप वृद्धि हुँदै गएको अवस्थामा सरकारी तवरबाट भएका प्रयासहरू समेत प्रभावकारी नभएको भन्ने देखिन्छ। दाइजो एउटा गम्भीर सामाजिक विकृतिका रूपमा रहेकोले राज्य वा राज्यका

निकायको प्रयासबाट मात्रै यसको रोकथाम सम्भव नभएको जस्तो पनि देखिएको छ। यसको लागि राज्यका साथसाथै नागरिक समाज, गैरसरकारी संघसंस्था, सञ्चार क्षेत्र र समाजका हरेक सदस्यले आआफ्नो स्थानबाट इमानदार प्रयास गर्नुपर्ने।

(प्रकरण नं. १३)

- उक्त कानूनको प्रभावकारिता र समसामयिक सुधारको बारेमा सबै क्षेत्रका व्यक्तिहरू संलग्न गराई व्यापक रूपमा अध्ययन गरी त्यसको आधारमा कानूनमा सुधार गर्ने, उपयुक्त रणनीति र कार्यक्रम बनाई लागु गर्ने, कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि दक्ष जनशक्ति र पर्याप्त बजेटसहितको छुट्टै संरचनाको व्यवस्था गर्ने, दाइजो प्रथाबाट हुने हिंसालाई नियन्त्रण गर्न सो विरुद्धको अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने र सोको लागि राष्ट्रिय तथा स्थानीय सञ्चारमाध्यमलाई प्रयोग गर्नेलगायतका कार्यहरू अविलम्ब गर्नु भनी विपक्षी नेपाल सरकारसमेतका नाउँमा निर्देशनात्मक आदेश जारी गरिएको।

(प्रकरण नं. १६)

| **फैसला/आदेश मितिः२०७०।०१।१९** | **मुद्दा/रिट नं.: २०६८ सालको रिट नं. ०६८-WS-००४६** |
|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री गिरीशचन्द्र लाल
माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की

**विषयः उत्प्रेषणसमेत।**

**अधिवक्ता मिरा ढुंगाना विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- अपराधबाट प्राप्त हुने लाभका हिस्सेदार एकभन्दा बढी व्यक्ति बन्ने हुँदा यस्तो अपराधमा कुनै व्यक्तिका विरुद्ध जाहेरी परेपछि त्यस्तो व्यक्ति पक्राउ नै परेको भए तापनि पीडित वा जाहेरवालाई न्यायको पहुँचबाट बाहेक गर्ने, डर, धाकधम्की वा प्रलोभन देखाई न्याय निरूपणलाई प्रभावित गर्ने खालका प्रयासहरू नहुने भन्ने छैन। त्यसैले यस्तो अपराधको बारेमा सूचना दिने पीडित व्यक्ति वा जाहेरवालाले पहिले दिएको जाहेरी वा बयानलाई खण्डन गर्ने गरी प्रतिकुल बकपत्र गर्ने बाध्य पार्ने सम्भावना रहन्छ नै।
- मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (६) को कार्यान्वयनले पीडित व्यक्ति वैध कारणले अदालतले तोकेको समयमा उपस्थित हुन नसकेमा वा पहिले दिएको बयानभन्दा प्रतिकुल हुने गरी बाध्यात्मक परिस्थितिवश बकपत्र गरेको अवस्थामा समेत दण्डित भई थप पीडित बन्नु पर्ने परिस्थिति सिर्जना गरिदिएको छ। अदालतले पीडितको प्रतिकुल साक्ष्य (Hostile Witness) वा अनुपस्थितिको विषयमा न्यायिक विवेक प्रयोग गर्न सक्ने कुराको अवरोधको रूपमा सो कानूनी प्रावधान खडा भएको देखिन्छ। यस्तो कानूनी व्यवस्थालाई विवेकसम्मत र उचित मात्र सकिने अवस्था छैन।
- फौजदारी न्याय प्रणालीमार्फत अपराधीलाई सजाय र पीडितलाई न्याय दिलाउने कर्तव्य भएको राज्यले अपराधबाट पीडित व्यक्तिलाई यस्तो विषयमा जानकारी वा सूचना उपलब्ध गराउनु अनिवार्य नै हुन्छ। साथै पीडितलाई क्षतिपूर्ति भराउने, अभियोजन पक्षको महत्त्वपूर्ण साक्षीको रूपमा रहने पीडित व्यक्तिलाई अदालतले खोजेका बखत विना अवरोध अदालतसम्म उपस्थित भई स्वतन्त्र रूपमा आफ्नो भनाई राख्ने वातावरण पनि राज्यबाट सिर्जना हुनुपर्दछ।

- भराई दिने ठहर भएको क्षतिपूर्ति रकम भराउने प्रक्रियामा राज्यको संयन्त्रबाट सहयोग र पहल नहुने हो भने यस्ता अपराधबाट पीडितले न्यायको महसुस गर्न सक्ने अवस्था रहँदैन।
- अघि आफूले दिएको बयान वा सूचनाको आधारमा कसैका विरुद्ध कारबाही चलाइएकोमा सत्य तथ्य ढाँटी नियतवश अर्को बयान दिएमा वा पहिलेको बयान परिवर्तन गरेमा वा सो गर्ने नियतले अदालतले बोलाएको समयमा अनुपस्थित भई न्यायिक प्रक्रियालाई असहयोग गरेमा त्यस्तो व्यक्तिलाई मात्रै केन्द्रित गरी दण्डको प्रावधान हुनु पर्नेमा सो नभई जस्तोसुकै परिस्थिति वा कारण परी पहिले दिएको बयानको विपरीत हुने गरी पछि बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित हुन नसकेमा समेत अनिवार्य दण्डको भागीदार बनाउने उल्लिखित कानूनी व्यवस्थाको आवश्यक पुनरावलोकन र सुधार हुनु अनिवार्य देखिएको छ।

| आदेश मितिः २०७०।८।३० | मुद्दा/रिट नं.: २०६६– CR–०७९२ | निर्णय नं. ९१८६ |
|---|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री तर्कराज भट्ट

माननीय न्यायाधीश प्रा.डा. श्री भरतबहादुर कार्की

**विषयः जबर्जस्ती करणी।**

**बद्री खत्री विरुद्ध यसोदा कार्कीको जाहेरीले नेपाल सरकार।**

- कुन उमेर र अवस्थाको मान्छेलाई के कसरी कुन हदसम्मको कार्य गर्दा उद्योग ठहरिने हो। ऐनको सो व्यवस्था प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुन सक्ने हो कि होइन भन्ने पनि प्रश्न उब्जन जाने देखिन्छ। कारण उस्तै उस्तै प्रकृतिको घटनाक्रम भएको मुद्दामा पनि वास्तविक तथ्य फरकफरक हुन सक्ने हुन्छ। किनकि प्रस्तुत मुद्दामा नाबालिका बच्चीको योनिमा आफ्नो लिङ्ग रगडेर योनिमै वीर्य स्खलन गरी यौन आनन्द लिएको अवस्थामा सानो बच्चाको अविकसित योनिमा वयस्क मानिसको उत्तेजित लिङ्ग पूरा प्रवेश हुन नसकेको कारणले मात्रै उद्योग ठहऱ्याउनेतर्फ नतिजामा पुग्दा विधायिकाले जबर्जस्ती करणीको महलले पीडकलाई जुन सजायको व्यवस्था गरेको हो त्यसको औचित्य समाप्त हुन जाने हुन्छ। नाबालक र कम उमेरका बालिकाउपर हुने सबै करणीका वारदातमा उद्योग ठहऱ्याउनुपर्छ भन्ने कानूनले व्यवस्था गरेको मान्न मिल्ने देखिँदैन। लिङ्ग नपसेकै कारणले मात्र सबै मुद्दामा उद्योगसम्म मात्रको कसुर ठहऱ्याउँदा प्रस्तुत मुद्दाको सन्दर्भमा विधायिकाले परिकल्पना गरेको ऐनको उद्देश्य र मक्सद मर्न जाने हुन्छ।

(प्रकरण नं. ८)

| आदेश मितिः २०७१।५।२७ | मुद्दा/रिट नं.: ०७०-RC-०११२ | निर्णय नं. ९२४२ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय

**विषयः कर्तव्य ज्यान।**

**गुराँसदेवी लामाको जाहेरीले नेपाल सरकार विरुद्ध राधिका श्रेष्ठ।**

- प्रताडित महिलाद्वारा भएको हिंसा र आवेशप्रेरित हत्याबिच केही अन्तर रहेको पाइने। आवेशप्रेरित हत्यामा तत्काले उठेको रिसको कारण मौकामा प्रहार गरी हत्या गरेको हुँदा त्यसमा मनसाय तत्त्वको अभाव रहन्छ। Battered Women Syndrome (BWS) को दाबी लिइएको वारदात हत्या नै हो तर वारदातको कारक तत्त्व भने मर्ने व्यक्ति स्वयम् नै रहेको हुने। धेरै जसो BWS सुविधा खोजिएको विवादमा वर्षौंदेखि प्रताडित, घरेलु हिंसाको सिकार भएकी महिला जो पतिबाट दुर्व्यवहारको सिकार निरन्तर भएका हुन्छन्, चोट, प्रहार, धक्का (Trauma) बराबर पाउँछन्, बारम्बार परपुरूषको लाञ्छना, दुर्व्यवहार पाउँछन् वा ज्यान मार्ने धम्कीसमेत पाउँछन्। निजले उक्त पीडक पति, प्रेमीको हत्या मौकामा गरेको नभई कैयौं दिनपछि ज्यान जोगाउन वा पीडक निदाएको वा नशा सेवन गरेको बखत मौका छोपी गर्ने गर्दछन्। यस्तो हत्याको एक मात्र कारण आवेश, घृणा, प्रहारबाट मुक्ति वा पीडकले मार्ने डर, त्रासबाट मुक्ति रहेको हुने।

(प्रकरण नं. ८)

- अदालतले अ.बं.१८८ नं. को प्रयोग कर्तव्य ज्यान मुद्दामा अवस्था हेरी सजायमा छुट प्रदान गर्ने गरिन्छ। तर BWS भन्ने कुरा एक प्रकारले सम्बन्धित महिलाले पाउने कानूनी सुविधा हो जहाँ मृतक पीडक हुन्छ र महिला प्रताडित हुँदा पीडित भएकी हुन्छे। निज महिलाले गर्ने अपराध पीडाको उपज हुन आउँछ। अत: अ.बं.१८८ नं. ले मात्र BWS को सम्बोधन हुन नसक्ने हुँदा यसको लागि छुट्टै कानूनद्वारा सम्बोधन हुन आवश्यक देखिने।

(प्रकरण नं. १८)

- सबै तथ्यगत परिस्थिति र आफ्नै लोग्नेबाट हुने गरेको घरेलु हिंसाबाट प्रताडित भई घरको पारिवारिक वातावरण नै कलहमय भई आजित अवस्थामा पुगी आफ्नै लोग्नेलाई मार्नुपर्ने अवस्थामा प्रतिवादी पुगेको, निजको दुई वटा नाबालिग छोरीहरूसमेत रहेको र निज नाबालिगहरूको पालनपोषण, रेखदेख संरक्षण गर्नुपर्ने तथ्यलाई समेत विचार गर्दा निज

प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा प्रतिवादीको अंशभागको हकमा सर्वस्व गर्नु नपर्ने र कैदको हकमा १० (दश) वर्ष सजाय हुने गरी व्यक्त भएको पुनरावेदन अदालतको राय मनासिब देखिने।

(प्रकरण नं. १९)

- BWS को अवस्था मुलुकी ऐन, अ.ब. १८८ नं. को भन्दा फरकफरक रहेकाले प्रतिपादित सिद्धान्त, परिवर्तित सन्दर्भ, समयको माग र BWS को गाम्भीर्यतासमेतको आधारमा कर्तव्य ज्यान मुद्दामा BWS को परीक्षण गर्ने र सो परीक्षण प्रतिवेदन एवम् विशेषज्ञको रायलाई सजायमा आंशिक छुट वा सजायबाट पूर्ण सफाइ दिनको लागि प्रमाणमा ग्राह्य बनाउन उपयुक्त व्यवस्था हुन आवश्यक देखिने।

(प्रकरण नं. २०)

| आदेश मितिः २०७१।१०।१९ | मुद्दा/रिट नं.: ०६७-CR-१२८८ | निर्णय नं. ९३४६ |
|---|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री सुशीला कार्की

माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल

**विषयः मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी।**

**लोकबहादुर कार्कीसमेत विरुद्ध "ख" कुमारी (नाम परिवर्तन गरिएको) को जाहेरीले नेपाल सरकार।**

- मुलुकी ऐन, विहावरीको २ नं. मा विहावरी गर्दा महिला र पुरूषको उमेर संरक्षकको मन्जुरी भए अठार वर्ष र संरक्षकको मन्जुरी नभए बीस वर्ष नपुगी विहावरी गर्न गराउन हुँदैन भनी गरेको व्यवस्थाले संरक्षकको मन्जुरी भएमा महिला र पुरूष दुवैको उमेर १८ र संरक्षकको मन्जुरी नभए २० वर्ष उमेर नपुगी विवाह गर्न गराउन नहुने व्यवस्थाअनुसार विवाह हुँदा न त पीडितको संरक्षकको मन्जुरी थियो भन्ने प्रतिवादीहरूको जिकिर छ नत पीडितको उमेर २० वर्ष पुगिसकेको थियो भन्ने जिकिर लिन र सो पुष्टि हुने प्रमाण प्रस्तुत गर्न नै सकेको पाइन्छ। माथि उल्लेख भएअनुसार वारदातको समयमा पीडितको उमेर १४ वर्ष मात्र रही वैध विवाहको लागि चाहिने उमेर पूरा भएको नदेखिँदा पीडित र प्रतिवादीको बिच भएको उक्त विवाह वैध विवाह नभई बालविवाह भएको तथ्य पुष्टि हुन आउने।

(प्रकरण नं. ७)

- मुलुकी ऐन जबर्जस्ती करणीको महलको १ नं. मा "कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरको बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबर्जस्ती करणी गरेको ठहर्छ" भन्ने व्यवस्था हुँदा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरको बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबर्जस्ती करणी गरेको मान्नु पर्ने।
- पीडितको उमेर वारदातको बखत १६ वर्षभन्दा कम रहेको अवस्थामा पीडितसँग प्रतिवादीले विवाह गरेको वा पीडितले करणीको लागि सहमति जनाएको भन्ने जस्ता तर्कले कानूनी मान्यता प्राप्त गर्न नसक्ने।

(प्रकरण नं. ९)

- पीडितको उमेर १४ वर्ष रहे भएको अवस्थामा बालिकासँग भएको विवाहलाई वैध विवाह नमानिने र करणी लिनु दिनु गर्ने कार्य कानूनसम्मत नभई जबर्जस्ती करणी भएको मानिने।

(प्रकरण नं. १०)

- पीडित स्वयम्ले अनुसन्धान अधिकारीसमक्ष उपस्थित भएर अपराधको सम्बन्धमा बयान गरेकी छन् र त्यस्तो बयान तुरून्त नजिकको जिल्ला अदालतबाट प्रमाणित भएको छ भने पीडितको सो बयानको बेहोरा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको दफा ६(३) बमोजिम प्रमाणमा लिन मिल्ने।
- पीडित मौकामा अनुसन्धान अधिकारीसमक्ष उपस्थित भएर घटनाको बारेमा बयान मात्र दिइन् वा त्यस्तो घटनासँग सम्बन्धित कसुरको अनुसन्धान प्रक्रिया अगाडि बढाउन निजले नै जाहेरी वा उजुरी दिएकी हुन् होइनन् भनी खोजिनीति गरिरहनु पर्ने र पीडित स्वयम्को उजुरी नभई पीडित बालिकाका माता-पिता वा संरक्षकले उजुरी वा जाहेरी दरखास्त दिएको कारणले मात्र मौकामा पीडितले गरेको प्रमाणित बयानको प्रमाणिकता शून्य हुने वा त्यस्तो बयान प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने भनी न्यायको रोहमा साँघुरो अर्थ गर्न नमिल्ने।

(प्रकरण नं. १४)

- मानव बेचबिखन तथा ओसारपसारको अपराधको सम्बन्धमा पीडितको बयान प्रमाण ग्राह्य बनाउन बेचबिखन तथा ओसारपसार अपराधको उजुरी पीडित वा अरू कसले दियो भन्ने कुराभन्दा पीडितको बयान अदालतबाट प्रमाणित भयो वा भएन भन्ने कुरा महत्त्वपूर्ण हुने।
- पीडित बालिका आफैंले उजुरी नदिएको भन्ने प्राविधिक कारण देखाई अदालतबाट प्रमाणित भएको पीडितको बयान बेहोरालाई पीडितले अदालतमा पुनः उपस्थित भई बकपत्र नगरेको भनी उक्त मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(३) को कानूनी प्रावधान प्रतिकूल हुने गरी अस्वीकार गर्न नमिल्ने।

(प्रकरण नं. १७)

- अपराधबाट पीडितलाई भराइने क्षतिपूर्तिले पीडितलाई पीडित हुनुभन्दा पूर्वको अवस्थामा पुर्याउनु वा पुनस्थापना गर्न सक्नुपर्छ। तसर्थ अपराध पीडितलाई वास्तविक र प्रभावकारी क्षतिपूर्तिको लागि क्षतिपूर्तिसम्बन्धी कानून बनाएर मात्रै हुँदैन, सो कानून आफैंमा उपयुक्त र प्रभावकारी हुनुको साथै सोको प्रभावकारी एवम् यथार्थपरक कार्यान्वयनसमेत हुनु अपरिहार्य हुने।

(प्रकरण नं. २०)

- बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ का पक्ष राष्ट्रहरूलाई बालबालिकाको हितका लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्नु पर्ने तथा बाबु आमा, कानूनी संरक्षक वा अन्य व्यक्तिको हेरचाहमा रहेको अवस्थामा बालबालिकामाथि हुने सबै किसिमको शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, शोषण, यौन दुर्व्यवहारसमेतबाट बालबालिकालाई संरक्षण गर्न

पक्ष राष्ट्रहरूले समुचित कानूनी, प्रशासनिक, सामाजिक र शैक्षिक उपायहरू अपनाउनु पर्ने गरी दायित्व तोकेको पाइन्छ। नेपाल पनि उक्त महासन्धिको पक्ष राष्ट्रको हैसियतले सो दायित्वबाट विमुख हुन मिल्ने नदेखिने।

(प्रकरण नं. २२)

- अब उप्रान्त क्षतिपूर्ति पाउने यस्ता प्रकृतिका अपराधका पीडितहरूलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरेबमोजिमको क्षतिपूर्तिको रकम नेपाल सरकारले एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्कालै उपलब्ध गराउने र सो रकम पीडकबाट सरकारी विगो सरह असुल उपर गर्ने व्यवस्था गर्न उपयुक्त हुने देखिँदा नेपाल सरकारसमेतबाट सोसम्बन्धी आवश्यक र उपयुक्त पूर्वाधार निर्माण हुनु जरूरी देखिने।

(प्रकरण नं. ३१)

- अपराध पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हकलाई नेपालको अन्तरिम संविधानको धारा १२ अन्तर्गतको बाँच्न पाउने हकको अभिन्न अंश (integral part) को रूपमा राख्नुपर्ने हुन्छ। तसर्थ नेपालको सन्दर्भमा अपराध पीडितको क्षतिपूर्तिको हक उक्त धारा १२ अन्तर्गतको बाँच्न पाउने हक अन्तर्गत सम्बोधन गरिनु पर्ने विषय हो भन्ने प्रस्ट हुन आउने।

(प्रकरण नं. ३२)

- पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउँदा पीडितले अपराधबाट भोग्नु परेको पीडाको प्रकृति वा पीडाको कठोरता वा क्रूरतालाई नै क्षतिपूर्ति मापनको आधार बनाइनु पर्ने।
- पीडकको आर्थिक हैसियत वा क्षमताले त्यस्तो क्षतिपूर्तिमा निर्णायक स्थान प्राप्त गर्ने वा निर्णयको आधार बन्ने अवस्था सिर्जना गरिनु नहुने। अन्यथा पीडक पहिचान हुन नसकेको, फरार रहेको, आर्थिक अवस्था कमजोर रहेको वा कम उमेरको रहेको भन्ने जस्ता तर्कहरू अगाडि ल्याएर पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हक कुण्ठित वा सङ्कुचित हुन जाने।
- यस्तो अवस्था सिर्जना हुन गएमा पीडित बाँच्न पाउने हकबाट नै वञ्चित भई पीडितको न्यायमा पहुँचसमेत स्थापित हुन नसकी पीडितको बाँच्न पाउने मौलिक हक र आधारभूत मानव अधिकारले न्यायिक संरक्षणसमेत प्राप्त गर्न नसक्ने।

(प्रकरण नं. ३४)

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र २० को व्यवस्था, अन्तर्राष्ट्रिय कानूनको प्रावधान र अन्य मुलुकहरूको अभ्याससमेतको आधारमा हामी कहाँसमेत अपराध पीडितको क्षतिपूर्तिको हक बाँच्न पाउने हकको अभिन्न अंश (integral part) को रूपमा मान्नुपर्ने हुन्छ। यसरी क्षतिपूर्ति प्राप्त गर्नु अपराध पीडितको मौलिक हक हो। यस हकलाई व्यावहारिक, वास्तविक

र पूर्णरूपमा कार्यान्वयन गरी पीडितलाई न्याय प्रदान गर्नु अदालतको दायित्व र राज्यको कर्तव्य हुने।

(प्रकरण नं. ४०)

- पीडकको क्षतिपूर्ति तिर्ने आर्थिक हैसियत नभएको, पीडक पहिचान हुन नसकेको वा पीडक फरार रहेको अवस्थामा नागरिकको संरक्षकको हैसियतले अपराध पीडितलाई उक्त क्षतिपूर्ति प्रदान गर्ने कर्तव्य राज्यको हुने।

(प्रकरण नं. ४१)

- पीडितशास्त्र (Victimology) अनुसार अपराध गर्ने व्यक्तिको पहिचान भएको होस् वा नहोस्, अपराधको अभियोजन होस् वा नहोस् अपराधबाट पीडितले जीवन निर्वाहको लागि क्षतिपूर्ति पाउनु पर्ने, सो क्षतिपूर्ति यथेष्ट (adequate) हुनुपर्ने र निजको पुनस्थापन (rehabilitation) तत्काल हुनुपर्ने एवम् त्यस्तो क्षतिपूर्ति र पुनस्थापन राज्यले नै गर्नुपर्ने। महिला हिंसा, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार जस्ता मुद्दामा पीडितले भोगेको पीडा स्वरूप पाउने क्षति नागरिकको अभिभावक र संरक्षक भएको हैसियतले राज्य स्वयम्ले तत्काल उपलब्ध गराउनु राज्यको दायित्वभित्र पर्ने। क्षतिपूर्तिबापतको रकम राज्यले पीडकबाट असुल उपर गर्ने सम्बन्धमा उपयुक्त कानूनी व्यवस्था लागु गर्न सक्ने। पीडकबाट क्षतिपूर्ति भराउन नसकिएको भन्ने कारणले मात्र पीडितलाई क्षतिपूर्ति पाउने हकबाट वञ्चित गर्ने गरी प्रणालीले पीडितलाई थप पीडा दिन नमिल्ने।

(प्रकरण नं. ४२)

| आदेश मितिः २०७२।१०।२१ | मुद्दा/रिट नं.: ०७१-WO-०७५३ | निर्णय नं. ९७४१ |
|---|---|---|

संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठ

माननीय न्यायाधीश श्री देवेन्द्रगोपाल श्रेष्ठ

**विषयः परमादेश।**

**अधिवक्ता पुण्यशिला दवाडी घिमिरेसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत।**

- न्यायमा पहुँचलाई सहज बनाउनका लागि राज्यले यथोचित उपायहरू अवलम्बन गर्नुपर्दछ। प्रारम्भदेखि नै पीडितले राज्यको रेखदेख र संरक्षणको अनुभूति गर्ने वातावरणको सिर्जना हुनुपर्दछ। बलात्कार तथा मानव बेचबिखनका कारण मानसिक, शारीरिक मनोवैज्ञानिक तथा भावनात्मक चोट तथा पीडाबाट प्रताडित रहन बाध्य पीडित महिलाहरू न्यायिक उपचारको लागि अग्रसर हुन रोक्ने अन्य सामाजिक तथा सांस्कृतिक कारणहरू भए सोलाई पनि रोक्नेतर्फ लाग्नुपर्ने हुन्छ। साथै परिवार तथा समाजमा महिलाहरूको कमजोर सामाजिक तथा आर्थिक अवस्था र पारिवारिक दबाबका कारण उजुरी गर्न नै हतोत्साहित गरिने अवस्थालाई निरूत्साहित गरिनु पर्ने।

(प्रकरण नं. ४)

- घरपरिवारभित्र नाता सम्बन्धका व्यक्तिहरूबाट भएका यौनजन्य हिंसा भोग्न बाध्य महिलाको तर्फबाट उजुरी गर्दा पीडित मात्र होइन उनलाई सहयोग गर्ने आफन्तसमेत विस्थापित हुनुपर्ने अवस्थासमेत सिर्जना हुनुहुँदैन। त्यसैगरी लोग्ने र घरपरिवारका अन्य सदस्यहरूबाट भएका यौनजन्य हिंसा र घरेलु हिंसासमेत प्रकाशमा नआएका घटनाहरू सुनिन आएका छन् यसले महिलाको समग्र विकासमा चुनौती खडा गर्दछ। त्यसतर्फ राज्यले ध्यान दिनैपर्दछ र हिंसाबाट पीडित महिलाहरूको न्यायमा पहुँच हुनु जरूरी देखिन्छ। पीडितलाई न्यायमा सहज वातावरण सिर्जना गर्नका लागि अन्तरिम राहत, क्षतिपूर्ति तथा अन्य संरक्षणात्मक तथा सहायतायुक्त कार्यक्रम तथा उपायहरूलाई विस्तार गर्नुपर्ने तथा प्रभावकारी बनाउनुपर्ने।

(प्रकरण नं. ५)

- महिला विरूद्ध भेदभाव गराउने प्रकृतिका कुनै पनि नियम, कानून, परम्परा तथा प्रचलनलाई सुधार गर्ने वा हटाउने गरी कानून बनाउनेलगायतका उपायहरूको अवलम्बन गर्ने दायित्व सरकारको हो। त्यस्तै नेपाल सरकार पक्ष बनेको अन्तर्राष्ट्रिय महासन्धिले सिर्जना गरेको राष्ट्रिय

दायित्वबाट राज्य पछि हट्न मिल्दैन। कुनै पनि सभ्य समाज र राज्यले निवेदकले उठाएका विषयवस्तुबाट पछि हट्न नमिल्ने।

- कानूनको चरित्र भनेको गतिशीलता हो, आधुनिक समाजले अपेक्षा गरेअनुसार कानूनलाई समसामयिकरूपमा परिमार्जन गर्दै लैजानु पर्दछ। राज्य स्वयम् पनि कानूनको समयानुकूल संशोधन र परिमार्जनको प्रक्रियामा संलग्न रहनुपर्दछ। साथै अदालतले पनि न्यायिक पुनरावलोकनमार्फत राज्यलाई समयानुकूल कानून बनाउन उत्प्रेरित गर्नुपर्दछ। राज्यको मूल कानूनले व्यक्त गरेको प्रतिबद्धता र अन्तर्राष्ट्रिय दस्ताबेजले गरेको अपेक्षालाई राज्यले नजरअन्दाज गरी महिलाहरू र बालिकाहरूको भेदभावको अनुभूति गर्ने खालका कानूनी प्रावधानहरूलाई निरन्तरता दिन नमिल्ने।

(प्रकरण नं. ९)

- यौन हिंसाका पीडितको न्यायमा पहुँच प्रचलित अन्तर्राष्ट्रिय कानूनमा पनि संरक्षित अधिकारको विषयहो। कानूनी उपचार सुनिश्चित गर्ने कार्य न्यायमा पहुँचको एउटा महत्त्वपूर्ण भाग हो। घटनाबाट पीडित भएपश्चात् पीडितले न्याय प्रणालीमार्फत उपचारको खोजी तथा प्राप्त गर्ने सामर्थ्य गुमाएको अवस्थामा न्यायको पहुँचबाट वञ्चित भएको मानिन्छ। साथै यस्तो अवस्था सिर्जना हुनु भनेको कानूनी अधिकार उपभोग गर्नबाट वञ्चित हुनु हो। यसकारण चेतनाको कुनै लिज हुँदैन। हामी मानव जो जेरूपमा प्राकृतिकरूपमा जन्मिएका छौं हामी लिङ्ग रोजेर जन्मिएका पनि होइन तसर्थ समान अधिकारको प्रत्याभूति राज्यले आम नागरिकलाई प्रदान गर्नु राज्यको अभिभावकीय दायित्व हुन आउने।

(प्रकरण नं. १०)

- बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले हिंसा पीडित बालबालिकाहरूको न्यायमा पहुँच तथा कानूनी उपचारको अधिकारलाई सुनिश्चित गरेको छ। जसको धारा ३ मा हिंसा पीडित बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखेर राज्यले यथोचित उपायहरू अपनाउनुपर्ने हुन्छ भने धारा ३९ ले हिंसाबाट पीडित कुनैपनि बालबालिकाको शारीरिक तथा मनोवैज्ञानिक पुनर्लाभ र सामाजिक पुनर्स्थापना प्रवर्द्धन गर्न सबै समुचित उपायहरू अपनाउने तथा बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र प्रतिष्ठाको प्रवर्द्धन गर्ने दायित्व तोकिएको पाइँदा सोको व्यावहारिक परिपालनाका लागि राज्य मुकदर्शक बन्न नमिल्ने।

(प्रकरण नं. १३)

| आदेश मितिः २०७३।०३।२१ | मुद्दा/रिट नं.: ०७१-CR-००८७ | निर्णय नं. ९८६१ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई

**विषयः कर्तव्य ज्यान।**

**सञ्जु महतोसमेत विरुद्ध झारी महतोको जाहेरीले नेपाल सरकार।**

- कसैलाई बोक्सी वा बोक्साको आरोप लगाउनु, सताउनु, अपहेलनावा वहिष्करण गर्नु, आक्रमण गर्नु, सामाजिक बेइज्जति गर्नु वा मार्नु जघन्य अपराध हो। कसैलाई बोक्सा बोक्सीको आरोप लगाउनु मात्र पनि आरोपित व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्रपूर्वक हिँडुल, कारोबार, व्यवसाय गर्न पाउने हकउपरको आक्रमण हो। यस दृष्टिबाट यो मानव अधिकारको गम्भीर उल्लङ्घनको प्रश्न हुन आउने।
- बोक्सी लगाएको भनी झारफुक गर्ने गराउने, बोक्सीको आरोप लगाई हिंसामा उत्रने वा त्यस्तो हिंसा हेरी ताली पिट्नेहरू बोक्सीको अस्तित्वमा विश्वास गर्छन्। बोक्सीउपर शारीरिक वा मानसिक हिंसामा उत्रनेहरू आफूहरूले बोक्सी भनी आरोप लगाइएका व्यक्तिहरू उपर अन्याय गरेको ठान्दैनन् बरू आफूले न्याय खोजेको र दैवी शक्तिको आडमा न्याय दिएको महसुस गर्छन्। यो मान्यता र अन्धविश्वासबाट समाजलाई बाहिर ननिकालेसम्म हामी यो समस्याबाट मुक्त हुन सक्दैनौं। त्यसको निम्ति सर्वप्रथम बोक्सी-बोक्सा हुँदैनन् भन्नेमा समाजलाई विश्वास दिलाउनु पर्ने। धामी झाँक्रीले सामाजिक सेवा नभई समाजमा अन्धविश्वास फैलाउने र त्यसैको आडमा शोषण गरिरहेका छन् भन्ने पुरूष, महिला, बाल, युवा, प्रौढ सबैलाई बुझाउन जरूरी छ। बोक्सी प्रथाका विरूद्ध मात्र होइन त्यसको कारकको रूपमा रहेको धामी झाँक्री प्रथाको विरूद्ध नै हाम्रो राज्य, कानूनी प्रणाली र न्याय व्यवस्था उभिन सक्नुपर्ने।

(प्रकरण नं. १२)

| आदेश मितिः २०७३।५।१६ | मुद्दा/रिट नं.: ०७०-CR-०५२४ | निर्णय नं. ९६८४ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

**विषयः मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणी।**
**लाक्पा शेर्पा विरुद्ध परिवर्तित उपनाम यमुना राईको जाहेरीले वादी नेपाल सरकार।**

- एउटा महिलाले अर्को महिलालाई जबरजस्ती करणी गर्न सक्छ वा सक्दैन भन्ने प्रश्नको विवेचना गरी हेर्दा आज समाजमा विपरीत लिङ्गी सम्बन्ध राख्ने (Hetro Sexual) मात्र हैन समलिङ्गी यौन सम्बन्ध राख्ने (Homo Sexual) र दुवै लिङ्गीमा सम्बन्ध राख्ने (Biosexual) मानिसहरू पनि रहेका छन्। यस अवस्थामा सहमतिपूर्ण सम्बन्धसँगै असहमतिपूर्ण/जबरजस्ती सम्बन्धहरू हुन सक्दैनन् भन्न सकिँदैन। कुनै महिलाले धोकापूर्ण रूपमा लिङ्गको रूपमा अन्य चिजवस्तु प्रयोग गरी यौन करणीको अनुभूति प्राप्त गर्दछ भने त्यसलाई यौन समागमको रूपमा लिनुपर्छ। विज्ञान र प्रविधिको विकासक्रम सँगसँगै विभिन्न प्रकारका सामग्री (Sex Toy) हरूलाई यौन चाहना पूर्ति गर्ने काममा प्रयोग गर्ने प्रचलन बढ्दै गएको छ। यौन शोषणका नयाँ नयाँ तरिकाको पनि विकास गरेको छ। यस अवस्थामा केवल प्राकृतिक लिङ्ग हुने मानिसले मात्र जबरजस्ती करणी गर्न सक्छ भन्ने मान्यताले पछिल्लो समयमा विकसित चुनौतीहरूलाई सम्बोधन गर्न सक्दैन। कुनै महिलाले नाम, थर, लिङ्ग, हुलिया, ढाँटी धोका दिई नक्कली लोग्ने मानिस भएको अनुभूति दिलाई नक्कली लिङ्ग प्रयोग गरी कसैलाई जबरजस्ती करणी गर्छ भने उसलाई महिला भएकै कारणले उन्मुक्ति दिनु न्यायोचित हुन सक्दैन। जबरजस्ती करणीमा गरिने भनेको Sexual Penetration हो। जसमा प्राकृतिक लिङ्गको नै प्रयोग गरिनु पर्छ भन्ने छैन। जबरजस्ती करणीको अपराध स्थापित हुनको लागि Penile Penetration लाई मात्र आधार बनाउनु हुँदैन र कुनै पनि वस्तु (Object) बाटSexual Intention राखी गरिने Vaginal/Oral/Anal Penetration लाई समेत जबरजस्ती करणीसम्बन्धी कानूनको दायरामा ल्याउनुपर्छ भन्ने मान्यताको पछिल्लो समयमा विकास हुँदै गएको छ। यस सम्बन्धमा हेर्दा कृत्रिम लिङ्गको प्रयोग गरी कुनै महिलाउपर सहमतिबेगर Sexual Penetration गरिन्छ भने सो कार्य पनि जबरजस्ती करणीको परिधिभित्र पर्छ भनी बेलायतको Sexual Offence Act २००३ को Section २ ले पनि व्यवस्था गरेको देखिन्छ। उक्त व्यवस्थामा निम्न कुरा उल्लेख छ।

- A person (A) commits an offence if - (a) he intentionally penetrates the vagina or anus of another person (B) with a part of his body or anything else, (b) the penetration is sexual, (c) B does not consent to the penetration, and (d) A does not reasonably believe that B consents.

(प्रकरण नं. ९)

- समाजको गतिशिलतासँगै अपराधको परिभाषा र प्रकृति पनि परिवर्तन हुँदै जान्छ। विज्ञान र प्रविधिले ल्याएको परिवर्तन तथा सामाजिक मान्यता र सम्बन्धमा भएको बदलावसँगै अपराध गर्ने शैलीमा समेत परिवर्तन आएको छ भने अपराधको प्रकृतिमा समेत जटिलता थपिन पुगेको छ। जबरजस्ती करणीसम्बन्धी अपराधकै सन्दर्भमा हेर्दा पनि समाजको परिवर्तनसँगै यसको सैद्धान्तिक अवधारणामा समेत व्यापक परिवर्तन भई यसको क्षेत्र र पहिचान फराकिलो बन्दै गएको छ जुन समयको आवश्यकतासमेत हो। उदाहरणको लागि १९ औं शताब्दीतिर बनेका प्रायः सबै कानूनले जबरजस्ती करणी अपराध हुनलाई Unlawful sexual intercourse हुनुपर्ने अवस्थालाई स्वीकार गरी वैवाहिक बलात्कारलाई जबरजस्ती करणीको परिधिभन्दा बाहिर राखेको थियो। तर आजको दिनसम्म आइपुग्दा लगभग सबै Common law countries र Civil law countries ले कानून बनाई वैवाहिक बलात्कारलाई जबरजस्ती करणीको परिधिभित्र राखेको पाइन्छ। त्यसैगरी जबरजस्ती करणीअन्तर्गत Vaginal intercourse को साथसाथै Anal intercourse लाई समेत समावेश गरेको पाइन्छ। अझ बेलायतको Sexual Offence Act, २००३ को Section २ ले त शरीरको कुनै अङ्ग वा अन्य कुनै वस्तुबाट गरिएको vaginal / anal penetration लाई समेत Rape को दायरामा राखेको छ। अदालतले कानूनको व्याख्या गर्दा अपराधको प्रकृतिमा आएको परिवर्तनलाई समेत दृष्टिगत गर्नुपर्छ। यस अवस्थामा कृत्रिम लिङ्गको प्रयोग गरी महिलाले अर्को महिलालाई जबरजस्ती करणी गर्न सक्दैन भन्ने निष्कर्ष निकाली कसैलाई उन्मुक्ति दिनु न्यायोचित हुन सक्दैन। एउटा महिलाले अर्को महिलालाई sexual object को प्रयोग गरी जबरजस्ती करणी गर्न सक्ने नै देखिन्छ। महिलाले महिलालाई जबरजस्ती करणी गर्नमा मानसिक, मनोवैज्ञानिक तथा सामाजिककारणहरू रहेका हुन सक्छन्। जस्तो कुनै व्यक्ति शारीरिक रूपमा महिला भए तापनि मानसिक र मनोवैज्ञानिक रूपमा महिला प्रति नै आकर्षित हुन सक्छ र आफ्नो मनोवैज्ञानिक सन्तुष्टिको लागि महिला माथि जबरजस्ती करणी गर्नसक्छ। त्यसैगरी कोही व्यक्तिले यौन रोमाञ्चकताको लागिसमेत यस प्रकारको कार्य गर्न सक्छ भने सामाजिक परिवेश र सम्बन्धको कारणले पनि मानिसमा यस प्रकारको मानसिकताको विकास भएको हुन सक्छ। यस्तो सम्बन्ध वा अनुभूतिभित्र पनि असहमति वा जबरजस्ती करणी हुन सक्छ। जसलाई कानूनको परिधिभित्र ल्याउनु आवश्यक छ।

(प्रकरण नं. १३)

| आदेश मितिः २०७४।०४।२७ | मुद्दा/रिट नं.: ०७२-CR-०८७९ | निर्णय नं. ९८६८ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश डा.आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

**विषयः मानव बेचबिखन तथा ओसारपसार।**

**परिवर्तित नाम अप्सराको जाहेरीले नेपाल सरकार विरुद्ध शान्ति वि.क.।**

- पीडितलाई न्यायको अनुभूत गराउन राज्यले पनि जिम्मेवारी लिनुपर्दछ भन्दै क्षतिपूर्तिमा सरकारको दायित्व अन्तर्राष्ट्रिय कानूनी मापदण्डलाई नेपालको संविधान तथा कानूनले केही हदसम्म आत्मसात् गरिसकेको अवस्थामा सोको कार्यान्वयनको लागि राज्य तथा राज्यका हरेक संरचना संवेदनशील र गम्भीर हुनुपर्ने।
- विद्यमान कानूनी व्यवस्था र त्यस्तो कानूनी व्यवस्था गरिदाको परिवेशलाई कानून व्याख्या गर्दा हेरिनु पर्दछ। सो कानून कुन परिवेशमा ल्याइएको हो र त्यसका मार्फतबाट के कस्ता उद्देश्य हासिल गर्न खोजिएको हो भन्ने कुराको खोजी गर्नु नै कानून व्याख्याको उद्देश्य हुनुपर्ने।
- न्याय प्रणालीले जरिवाना र क्षतिपूर्तिलाई समेत फरक गरी हेर्न आवश्यक छ। जरिवाना पीडकबाट भराइने र सजायको एउटा रूप हो। जरिवाना राज्यको कोषमा जान्छ। अभियुक्तले जरिवाना तिर्न नसकेको अवस्थामा कैदको सजाय गरेर पनि असुल उपर गरिन्छ भने क्षतिपूर्ति पीडितलाई न्यायको अनुभूति गराउने पुनर्स्थापना र परिपूरणको एउटा माध्यम हो। क्षतिपूर्ति पीडकले तिर्न नसकेमा राज्यले भर्नुपर्दछ र क्षतिपूर्ति पीडितले पाउने विषय हो। क्षतिपूर्ति पीडालाई सम्बोधन गर्ने एउटा माध्यम हुने।

(प्रकरण नं. ५)

| फैसला/आदेश मितिः२०७४।०८।१३ | मुद्दा/रिट नं.: ०७२-WC-००२० |
|---|---|

संवैधानिक इजलास
सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री दीपककुमार कार्की

**विषयः उत्प्रेषण/परमादेश।**

**अधिवक्ता राजीवजंग शाहसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- कुनै पनि महिलाउपर निजको इच्छा विपरीत जबरजस्ती करणी जस्तो अपराध घटित हुनु भनेको महिलाको शरीरसँग जोडिएको अपराध मात्र नभई निजको आत्मसम्मान, सतीत्व एवम् सम्मानपूर्वक बाँच्न पाउने हकको समेत हनन् हुनु हो। यो अपराधबाट पीडित महिलालाई शारीरिक रूपमा मात्र क्षति नपुगी सामाजिक तथा मनोवैज्ञानिक रूपमा पनि अपूरणीय क्षति पुगेको हुन्छ। एउटा महिलाको जीवनमा जबरजस्ती करणीको घटनाबाट पीडित हुन भनेको निजको ज्यानै जानेसम्मको घटनाभन्दा कम हुन सक्तैन। जिउ धनको सुरक्षा गर्न पाउने भन्ने आत्मरक्षाको नैसर्गिक अधिकार सम्बन्धित व्यक्तिमा अन्तरनिहित रहेको हुन्छ। महिलामाथि भएको बलात्कारका घटना पीडित महिलाको अस्मिता र आत्मसम्मानमाथिको आघात भएको कुरा महसुस गरी हाम्रो कानून प्रणालीले जबरजस्ती करणीको अपराधलाई जघन्य तथा अक्षम्य अपराधको कोटीमा राखी विधी निर्माताबाट तत्सम्बन्धी कानून निर्माण भएको पाइन्छ। यस अर्थमा हेर्दा नारी अस्मिता विरूद्ध भएका बलात्कारको घटनाको परिणामस्वरूप उत्पन्न हुने लज्जाबोध र पीडाबोधबाट उत्पन्न रिसको आवेगमा पीडकमाथि प्रहार गर्दा ज्यान मर्न गएको स्थितिलाई पीडकको बाच्न पाउने अधिकारको विरूद्धको कार्य भएको भनी सम्झन विवेकले दिँदैन।

(प्रकरण नं. ७)

- वस्तुतः विश्वका जुनसुकै कानून प्रणालीले फौजदारी कानूनको महत्त्वपूर्ण सिद्धान्तको रूपमा रहेको सामान्य प्रतिरक्षा (General Defences) लाई अङ्गीकार गरेको पाइन्छ। यस अन्तर्गत निजी रक्षा (Private Defence) को रूपमा सतीत्व रक्षा (Defence of Chastity) लाई महिलाको जीवनको अस्तित्वको रूपमा लिइएको पाइन्छ। महिलाको जीवनसँग प्रत्यक्ष सरोकार रहेको सतीत्वको

अधिकारलाई हाम्रो कानून प्रणालीले निजी रक्षाको एउटा भागको रूपमा स्वीकार गरेको अवस्था छ।

(प्रकरण नं. ८)

- सामान्य प्रतिरक्षाको सिद्धान्तले वारदात हुनुभन्दा अघिको अवस्थामा आफ्नो जिउ, ज्यान, सम्पत्ति र सतीत्व रक्षा गर्न छुट प्रदान गरेकोमा उक्त ८ नं. को व्यवस्थाले करणीको वारदातपश्चात् पनि प्रतिरक्षाको अवसर प्रदान गरेको विषय फौजदारी कानूनको सिद्धान्त विपरीत भएको भन्ने जिकिर सम्बन्धमा हेर्दा सतीत्वको रक्षाको अधिकार सामान्य प्रतिरक्षाको सिद्धान्त अन्तर्गत पर्ने निजी रक्षाको एउटा भागको रूपमा फौजदारी कानूनको सिद्धान्तले स्वीकार गरेको सिद्धान्त हो। अन्य कुनै पनि प्रकारका वारदातमा फौजदारी कानूनको सिद्धान्तले स्वीकार गरेको प्रतिरक्षा सिद्धान्त र सतीत्व रक्षाको सिद्धान्तलाई एउटै रूपमा हेर्न मिल्ने हुँदैन। महिलाको सतीत्वको संवेदनशीलता र गहनतालाई विशेष महत्त्व प्रदान गरी जबरजस्ती करणीको वारदातबाट आफूलाई बचाउने क्रमको अवस्था र जबरजस्ती करणीको घटनाबाट आफ्नो सतीत्वमा आँच पुगेको दुवै अवस्थालाई समान स्थितिमा राखी दुवै अवस्थालाई प्रतिरक्षाको अधिकार प्रदान गरिएको उक्त व्यवस्थालाई सामान्य प्रतिरक्षाको सिद्धान्त प्रतिकूल भएको भनी अर्थ गर्न मिल्ने देखिँदैन। महिलाहरूको सतीत्व रक्षाको सन्दर्भमा दिइएको यस्ता प्रकारका उन्मुक्तिबाट न त न्यायको मान्य सिद्धान्तमा आँच आउने हुन्छ, न त कुनै व्यक्तिको बाँच्न पाउने हकमाथि नै आघात पुग्ने हुन्छ। महिलाको सतीत्व रक्षाको कवचको रूपमा फौजदारी कानूनको सामान्य सिद्धान्तले समेत स्वीकार गरेको यस सिद्धान्तलाई कानूनी व्यवस्थाको माध्यमबाट फौजदारी दायित्व वहन गर्नु नपर्ने गरी मुलुकी ऐनको जबरजस्ती करणीको महलमा विधायिकाले व्यवस्थित गरेको उक्त व्यवस्था संविधानद्वारा प्रदत्त मौलिक हक विपरीत रहेको भन्न मिल्ने देखिँदैन।

(प्रकरण नं. ९)

| फैसला/आदेश मितिः२०७५।०३।०७ | मुद्दा/रिट नं.: ०६७-CR-००२० | निर्णय नं. : १०३३५ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

**विषयः नाबलिकसँग अप्राकृतिक मैथुन गरेको।**

**परिवर्तित नाम क कुमारीको जाहेरीले नेपाल सरकार विरुद्ध सन्तोष कुशवाह।**

- आशय करणीमा यौनिक प्रकृतिको कार्य (Sexual in Nature) भए तापनि करणी गर्ने मनसाय नहुन सक्दछ। आशय करणीमा यौन दुर्व्यवहार मात्र पनि हुन सक्दछ। जसमा यौनजन्य कुरा लेखेर, देखाएर, हेरेर, छोएर वा बोलेर पीडितलाई हतोत्साही गरी आत्मसम्मानमा आघात लाग्ने कार्य गर्न सक्दछन्। जबरजस्तीकरणीको कसुरमा करणीको मनसायको साथै त्यो मनसायलाई कार्यरूप दिने क्रियासमेत भएको हुन्छ।
- प्रतिवादीले पीडितको योनिमा औंला छिराई चलाएको र स्तन चुसेको भनी पीडितले वारदातको यथार्थ अवस्था बताएको देखिन्छ। पीडितको स्वास्थ्य परीक्षण हुँदा निजको कन्याजाली (Hymen) केही च्यातिएको अवस्था देखिएको र प्रतिवादीले पीडितको योनिमा औंला घुसाई चलाउदा औंलामा लागेको रगत पीडितको छातीमा पुछिदिएको जस्ता वारदातका वस्तुगत अवस्थाहरूबाट प्रवतिवादीले आशय करणी मात्र गरेको मात्र भन्ने अवस्था छैन। शरीरको अङ्ग हेर्ने, छुने काममा मात्र प्रतिवादी सीमित नरही यौनिक आशयलाई कार्यरूप दिई पीडित माथि अमानवीय क्रिया गरी निजको मानसिक अवस्था मात्रै नभै शारीरिक क्षतिसमेत भै Hymen च्यातिएको अवस्था छ। यस्तो अवस्थामा प्रतिवादीले पीडितउपर गरेको कार्य आशय करणी मात्र गरेको भन्ने अवस्था देखिँदैन। निजले गरेको उक्त कार्य बालयौन दुराचारभित्र पर्ने देखिन्छ। उल्लिखित सन्दर्भमा प्रतिवादीले गरेको अपराध जबरजस्ती करणीको महलको ९ क.नं. बमोजिम अप्राकृतिक मैथुन गरेको देखिन आयो।

(प्रकरण नं. ३५)

| फैसला/आदेश मितिः२०७५।०९।३० | मुद्दा/रिट नं.: ०७२-CR-०७९९ |
|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

**विषयः मानव बेचबिखन तथा ओसारपसार।**

**पदम वि.क. विरुद्ध कैलाली ७१ "ख" खिमा (परिवर्तित नाम) को जाहेरीले नेपाल सरकार।**

- देशको फौजदारी कानूनले प्रतिवादीलाई जतिसुकै जेल सजाय वा दण्ड दिए पनि पीडित महिलाको जीवन सामाजिक सोच र व्यवहारले गर्दा सदा पीडामा नै रहन जाने र पीडितले न्याय पाएको अनुभूत गर्न नसक्ने स्थिति सिर्जना हुन जाने हुँदा यस्ता अति संवेदनशील पीडितको जीवनसँग सम्बन्धित मुद्दाहरूका सन्दर्भमा अभियोजन एवं अनुसन्धान पक्ष सधैं सजग, सचेत र समझरूपले पीडित राहत मुखी बन्नु उपयुक्त हुन जान्छ। पीडितले समाजमा आफूलाई सम्मानपूर्वक बाँच्ने स्थिति हुनका लागि राज्यका हरेक अङ्गहरू, कानून निर्माता, कानूनका व्याख्याता, कानूनका कार्यान्वयनकर्ता, न्यायका उपभोक्ताहरू तथा समाजसमेत सचेत, सक्षम पीडितमुखी हुन जरूरी देखिन्छ।

(प्रकरण नं. ३७)

- यस्तो अन्तर्राष्ट्रिय मापदण्ड, संवैधानिक तथा कानूनी व्यवस्था भएको परिप्रेक्षमा पीडितलाई केही हदसम्म क्षतिपूर्ति रकम उपलब्ध गराउन सर्वोच्च अदालतमा निहित न्यायिक इच्छा शक्ति (Residuary Power) को समेत प्रयोग गर्नुपर्ने देखियो। प्रतिवादीबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिन पर्ने छ भन्ने कानूनी व्यवस्था भए पनि प्रतिवादीलाई जरिवाना नभएको हुँदा पीडितको मानवीय संवेदनशीलता र निजलाई पर्न गएको क्षतिको उपचार पीडितले नपाउने भनी अर्थ गर्न मिल्दैन। पीडितका प्रति हुन गएको अनेकन क्षतिलाई अदालत, मुद्दा चलाउने पक्ष र अरू संलग्न निकायले संवेदनशीलरूपमा हेर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा पनि पीडितलाई उचित क्षतिपूर्ति बिना न्यायको महसुस पीडितले पाउन सक्दैन भन्ने निष्कर्षमा इजलास पुगेको छ। व्यक्तिको पवित्रता तथा पीडितराहत शास्त्रको सार नै judge made law भएको पाइएकाले पीडितराहत शास्त्रको भावनालाई समेट्दै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७(१) मा अदालतले कसुरदारलाई भएको जरिबानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्ने।

(प्रकरण नं. ३९)

| फैसला/आदेश मितिः२०७६।०१।१५ | मुद्दा/रिट नं.: ०७०-WO-०६८३ |
| --- | --- |

संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी

**विषयः उत्प्रेषण।**

**सह सेनानी भुपेन्द्र खड्का विरुद्ध नेपाल सरकार, नेपाली सेना, जङ्गी अड्डा भद्रकालीसमेत।**

- कुनै पनि संगठनमा माथिल्लो पदमा कार्यरत व्यक्तिले तल्लो तहमा कार्यरत व्यक्ति उपर कानुन बमोजिमको अख्तियारीको प्रयोग गरेको हुन्छ। अर्को शब्दमा भन्नुपर्दा माथिल्लो तहको व्यक्तिले तल्लो तहको व्यक्ति उपर नियन्त्रण कायम गरेको हुन्छ। यसरी अख्तियारीको प्रयोग गर्दा त्यसको दुरुपयोग भएमा त्यसले तल्लो तहका व्यक्तिलाई कुनै पनि प्रकारको प्रभाव वा दवावमा राखी अनुचित फाइदा लिन सक्ने जोखिम हुन्छ। अझ यौन हिंसाको दृष्टिकोणबाट त महिलालाई जोखिम पूर्ण समूह (Vulnerable Group) मा नै राख्नु पर्ने हुन्छ।

- दुवै बिचआपसी सहमतिमा शारीरिक सम्बन्ध भएको भनिएतापनि एउटै संस्थामा सैनिकका रुपमा कार्यरत यी दुवैबिच तहगत रुपमा निकै फराकिलो अख्तियारी रहेको देखिन्छ। निजहरुको विचमा पदसोपन श्रृंखलामा निकै अन्तर रहेको पाइन्छ। एउटै संगठनमा कार्यरत दुवैबिच असन्तुलित शक्ति सम्बन्ध (unbalanced power relation) देखिन्छ। यसमा पदीय शक्ति (positional power), आर्थिक र सामाजिक शक्ति (economic and social power) कसले प्रयोग गर्न सक्दछ भनी शक्ति सम्बन्धको आधारमा खराब आचरण र अनुशासनको विषय हो, होइन अदालतले संवेदनशील भएर विवेचना गर्नु पर्दछ।
- आफू अधिनस्थ रहेको र आफूले आफ्नो प्रभावमा पारी आफ्नो इच्छानुसार गराउन सकिने व्यक्तिबाट आफ्नो फाइदा वा स्वार्थका लागि कुनै अनुचित लाभ उठाउने मनसायले त्यस्तो व्यक्ति उपर पारेको प्रभावलाई अनुचित प्रभाव सम्झनु पर्छ। त्यसरी अनुचित प्रभावमा रहेका र आफ्नो इच्छानुसार काम गराउन सकिने व्यक्तिमा आफूले आर्थिक वा पदीय दवाब पार्न सकिने व्यक्तिलाई समाहित गरेको देखिन्छ। आफ्नो स्थितिहरु ढाँटी प्रभावमा पारी स्वतन्त्र सहमतिमा सम्बन्ध राखिएको भनिएतापनि गर्भधारण समेत गराई छविसरा स्वयंले भारतमा लगि गर्भपतन गराउँछु भन्दा आफू जोखिममा रहेको महसुस गरी उजुरी गरेको देखिन्छ।

- यसरी आफ्नो पदीय प्रभावमा पारी अफिसर स्तरको सैनिकले सैनिक सेवाभित्रको तल्लो तहको महिला सैनिकसँग यौन सम्बन्ध राख्नका निम्ति लिएको सहमतिलाई अनुचित प्रभावमा पारी लिएको सहमति भनी बुझ्नु पर्ने हुन्छ। अनुचित प्रभाव मार्फत लिइएको सहमति प्रपञ्च (delusion) कै स्वरुप मान्नु पर्दछ। यस्तोमा स्वतन्त्र मनको प्रयोग गरी जानेर वा बुझेर दिइएको सहमति मान्न नसकिने। यस्तो सम्बन्धलाई यौन शोषणकै एउटा प्रकृतिको रुपमा हेरिनु पर्दछ।

| फैसला/आदेश मितिः२०७६।०३।२६ | मुद्दा/रिट नं.: ०७४-NF-०००१ | निर्णय नं.: १०२८० |
|---|---|---|

पूर्ण इजलास
माननीय न्यायाधीश श्री मीरा खड्का
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ

**विषयः जबरजस्ती करणी उद्योग।**

**प्रदिप भट्टराई विरुद्ध पीडितको बुवाको जाहेरीले नेपाल सरकार।**

- करणीसम्बन्धी कसुरलाई जबरजस्ती करणी, जबरजस्ती करणीको उधोग र यौन दुर्व्यवहार गरी तीन वर्गमा विभाजन गरिएको देखिन्छ। उल्लिखित तीनवटै प्रकारका कसुरहरू यौनजन्य हिंसाको रूपमा कानूनले निषेध गरेका कार्यहरू हुन्। कस्तो अवस्थाको कार्यलाई कुन प्रकारको कसुर मान्नुपर्दछ भन्ने कुराको यकिन परिभाषा गर्नु व्यावहारिक हुँदैन। गरिएको कार्यको प्रकृति, घटनाक्रमलगायतका प्रत्येक विवादका सम्बद्ध परिस्थितिजन्य कुराहरूलाई हेरेर कसुरको प्रकार निर्धारण गरिनुपर्दछ। तथापि अवधारणागत रूपमा यसको प्रयोगको क्षेत्र सम्बन्धमा प्रस्ट हुन भने आवश्यक छ। "जबरजस्ती करणीको कसुर" तीन प्रकारका कसुरजन्य कार्यमध्ये सबैभन्दा गम्भीर कार्य अथवा कसुरले पूर्णता प्राप्त गरेको कार्य हो। "जबरजस्ती करणीको उधोग" सम्बन्धी कसुरमा पीडकले इच्छा गरेको करणीसम्बन्धी कसुरजन्यकार्यले पूर्णतासम्म प्राप्त नगरेको, कसुरले पूर्णता प्राप्त गर्नुभन्दा अगाडिका कसुरजन्य चरणहरू पूरा गरिसकेको अवस्था रहन्छ। "यौन दुर्व्यवहारसम्बन्धी कसुरमा" यौनजन्य हिंसा भएको, तर जबरजस्ती करणीको कसुर वा सोसम्बन्धी उद्योगको तहको कसुर भैनसकेको अवस्था रहन्छ।
- फौजदारी कानूनको प्रयोग गर्दा औचित्य वा सम्भावनाको खोजी गरेर प्रयोग गरिने नभएर कानूनले प्रस्ट रूपमा जे जस्तो व्यवस्था गरेको छ, सोही रूपमा यसको अर्थ ग्रहण गरिनु पर्दछ। यदि कुनै कार्य यौन दुर्व्यवहारको परिभाषाभित्र पर्दछ भने त्यस्तो कार्यलाई यौन दुर्व्यवहार नै मान्नुपर्दछ। जबरजस्ती करणीको उद्योग र यौन दुर्व्यवहारका बिच फरक छुट्याउने वा यी दुई कार्यहरूका बिच विभाजन-रेखा कोर्ने कार्य भने केही जटिल हुन सक्दछ। त्यसैले प्रत्येक कार्यको तथ्यगत पृष्ठभूमिका सन्दर्भमा न्यायिक विवेक प्रयोग गरेर यस कुराको निरूपण गरिनु पर्ने हुन्छ। विधायिकाबाट निर्मित कानूनी प्रावधानको सामञ्जस्यपूर्ण तवरबाट व्याख्या र प्रयोग गरिनुपर्दछ, कुनै

एउटा सन्दर्भको कानून प्रयोग गर्दा अर्को कानूनलाई निष्क्रिय तुल्याउने परिणाम आउने गरी व्याख्या र प्रयोग गरिनु विधिशास्त्रीय दृष्टिले उचित मानिँदैन।

(प्रकरण नं. ३६)

| फैसला/आदेश मिति : २०७६।८।२ | मुद्दा/रिट नं.: ०७१-CR- ०६५९ |
|---|---|

पूर्ण इजलास
मानननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल

**विषयः जबरजस्ती करणी**

**"घ" कुमारीको जाहेरीले नेपाल सरकार विरुद्ध सागर भट्ट।**

- जबरजस्ती करणी व्यक्तिको शरीर र आत्मसम्मान माथि समेत आघात लाग्ने जघन्य अपराध हो। सोच्दै नसोचेको अनपेक्षित तरिकाबाट एउटा महिलाको शरीर तथा आत्मसम्मान माथि आक्रमण हुँदा मानसिक विक्षिप्तताको अबस्थामा पुग्न सक्दछ। यस्तो अबस्थामा आफूमाथी भएको यौनिक हिंसाको घटना स्मरण गर्न र व्यक्त गर्न तत्काले कठिन हुन सक्ने वा विस्तारै याद हुने अबस्थाहरु हुन सक्दछ। यस्तो अबस्था भनेकै Rape Trauma Syndrome (RTS) को अबस्था हो। यस्ता अबस्थालाई न्यायकर्ताले गम्भीरता पूर्वक लिनु पर्ने।

(प्रकरण ५८)

- जबरजस्ती करणी अपराधको प्रकृति अन्य अपराध भन्दा फरक हुन्छ। अन्य अपराधमा सत्यताको मूल्याङ्कनको लागि भनाईमा स्थीरता (Consistency)को विद्यमानता हुनुपर्दछ भने जबरजस्ती करणीमा पीडितको भनाईमा पीडाको आघात (Trauma)को कारणले केही विरोधाभाष आउन सक्ने।

(प्रकरण ५९)

- जबरजस्ती करणीको वारदातमा घटना घट्यो वा घटेन भन्ने विषय बढी महत्वपूर्ण हुने र यस अदालतले पनि सोही कुरा नै विचार गर्ने पर्ने देखिन्छ। जबरजस्ती करणी कसूरमा मुख्य वारदात स्थल नै पीडितको शरीर हो अर्थात **"In cases of rape, the victim's body itself is the scene of crime"**। यसै सम्बन्धमा जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी भनेकै स्वयं पीडित हो भने अर्को कडी पीडितको शारीरिक परिक्षणलाई मान्नु पर्ने।

(प्रकरण ५९)

- जबरजस्ती करणी केवल महिलाको शरीर उपर मात्र नभइ, व्यक्तित्व माथि नै हुने अपराध हो। प्रस्तुत मुद्दामा पीडित एस्.एल्.सी.जस्तो भविष्य निर्माणको पहिलो खुडकिलोकोरुपमा रहेको परीक्षामा सहभागी हुँदाको अबस्थामा सामुहिक जबरजस्ती करणीबाट पीडित हुन पुगी एस्.एल्.सी.परीक्षा समेत दिन नपाई शैक्षिक उपलब्धी हासिल गर्ने ढिलाई भई पीडितको भविश्य निर्माणमा समेत

प्रतिकुल असर परेको देखिन्छ। यस अबस्थामा पीडितमाथी परेको पीडा मात्र नभई हिंसाको त्रास (shock)को कारणले निजको मानिसक स्वास्थ्यमा परेको आघात **(mental trauma)** को असरलाई समेत विचार गरी क्षतिपूर्ति निर्धारण गर्ने उपयुक्त हुने।

(प्रकरण ९०)

- क्षतिपूर्ति कति उचित (reasonable) हुने भन्दा पनि कति क्षतिपूर्ति पर्याप्त (adequate) हुने भन्ने आधारणाबाट क्षतिपूर्ति निश्चित गर्नु पर्ने।

(प्रकरण ९१)

# भाग-२

# सम्पत्तिमा समान अधिकार

| आदेश मितिः २०४९।७।६ | मुद्दा/रिट नं.: सम्बत २०४९ सालको नि.नं. २३११ | निर्णय नं. ४६८० |
|---|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री त्रिलोकप्रताप राणा

माननीय न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्याल

माननीय न्यायाधीश श्री केदारनाथ उपाध्याय

**विषयः उत्प्रेषण।**

**श्रीमती सरला रानी रौनियार विरुद्ध श्री सचिव, श्री ५ को सरकार अर्थ मन्त्रालयसमेत।**

- नेपाल अधिराज्यको संविधानको धारा १२ (२) (ङ) ले कुनै पेसा, रोजगार उद्योग र व्यापार गर्ने स्वतन्त्रता सबै नागरिकलाई प्रदान गरेको देखिन्छ। सो सन्दर्भमा आयकर ऐन, २०३१ को दफा २१ को देहाय (क) लाई हेर्दा सो दफाले निवेदिकाको कुनै रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रतामा कुनै बन्देज लगाएको पाइन्न। सो दफाले दम्पति रहेको अवस्थामा पत्नीले कुनै व्यापार, पेसा उद्योग, रोजगार गर्न पाउँदैन भनी निषेध नगरेको।

(प्रकरण नं. ८)

- आयकर ऐन, २०३१ को दफा २१ को देहाय (क) ले निवेदिकाको जब व्यापार, पेसा, उद्योग र रोजगार गर्ने अधिकारलाई हनन् गरेको छैन भने सो दफाले नेपाल अधिराज्यको संविधानको धारा १२ (२) (ङ) लाई बन्देज गऱ्यो भन्ने स्थिति नरहने।

(प्रकरण नं. ९)

- संविधानको धारा ११ (२) मा "सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन" भनी समानताको हक प्रदान गरेकोले दम्पत्तिको संयुक्त आयमा लोग्नेको नाममा कर निर्धारण गरिने व्यवस्था असमान एवं भेदभावपूर्ण छ भन्ने निवेदकतर्फका विद्वान् अधिवक्ताको बहस भएकोमा दम्पत्तिको संयुक्त आयमा लोग्नेको आयमा कम कर र पत्नीको आयमा बढी कर निर्धारण गर्ने व्यवस्था आयकर ऐन, २०३१ को दफा २१ ले नगरेको हुँदा पति र पत्नी अर्थात् पुरुष र स्त्री, नातामा भेदभाव गरेको भन्ने स्थिति नरहने।

(प्रकरण नं. १०)

- वस्तुतः समानता भन्ने कुरा absolute हुँदैन। भेदभावपूर्ण कानून त्यस्तो कानूनलाई मानिन्छ, जब यसले वेमनासिब आधारमा कानूनको वर्गीकरण गरी संवैधानिक अधिकारको हनन् गर्छ। कानूनको दृष्टिमा समान वा कानूनको समान संरक्षण भन्ने वाक्यांशको अर्थ नागरिकलाई शारीरिक, शैक्षिक योग्यता सामाजिक कार्यको विभिन्नता इत्यादिबारे भेदभाव नगरी समानताको हक प्राप्त हुनेछ भन्ने होइन। दम्पत्तिको आयमा लोग्ने पुरुष जाति र पत्नी स्त्री जातिको आयमा कम बेसी गरी भेदभावपूर्ण तरिकाले लिङ्गको आधारमा कर निर्धारण गर्ने गरी उक्त आयकर ऐनले व्यवस्था गरेको छैन। अविवाहिता एक्लो महिला पुरुषको आय जुन तरिकाबाट निर्धारण गरिने हो सोभन्दा बेग्लै किसिमले दम्पत्तिको संयुक्त आयमा कर लागेको कारणले संविधानको धारा ११ बर्खिलाप महिला विरुद्ध भेदभाव गरिएको भन्न मिल्दैन। दम्पत्तिको संयुक्त आयमा लोग्नेको नाममा कर निर्धारण गर्ने कुरा कर निर्धारणको प्रयोजनको लागि कर निर्धारण गर्ने विधिसम्म तोकिएको हो। यसरी दम्पत्तिको संयुक्त आयमा कसको नाममा आयकर निर्धारण गर्ने भन्ने विधिलाई असमान भयो भन्न नमिल्ने।

(प्रकरण नं. ११)

| आदेश मितिः २०५२।४।१८ | मुद्दा/रिट नं.: संवत् २०५० सालको रिट नं. ३३९२ | निर्णय नं. ६०१३ |
|---|---|---|

विशेष इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री विश्वनाथ उपाध्याय

माननीय न्यायाधीश श्री सुरेन्द्रप्रसाद सिंह

माननीय न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्याल

माननीय न्यायाधीश श्री अरविन्दनाथ आचार्य

माननीय न्यायाधीश श्री उदयराज उपाध्याय

**विषयः संविधानको धारा १ बमोजिम संविधानसँग बाझिएको कानून संविधानको धारा ८८(१) बमोजिम बदर घोषित गर्ने आदेश जारी गरिपाऊँ।**

**मीरा कुमारी ढुंगानासमेत विरुद्ध श्री ५ को सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत।**

- नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१) ले सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने व्यवस्थाबाट सबैलाई कानूनको समान संरक्षण प्राप्त हुने प्रत्याभूति धारा ११ ले दिएको छ। मुलुकी ऐन अंशबन्डाको १६ नं. लाई हेर्दा त्यसमा ३५ वर्ष नाघेकी अविवाहित छोरीले मात्र छोरासरह अंश पाउने व्यवस्था रहेको देखिन्छ। हाम्रो कानूनी व्यवस्थाअनुसार छोराले भने जन्मनासाथ बाबुको सम्पत्तिबाट अंश पाउने तर छोरीको हकमा भने ३५ वर्ष पुगेकी अविवाहित छोरीले मात्र अंश पाउने व्यवस्था फरक रहेको देखिन्छ। तर अंशबन्डाकै महलमै गरेको अन्य व्यवस्थालाई हेर्दा छोरीले अंश पाउनबाटै वञ्चित गरी भेदभावपूर्ण व्यवहार भएको भन्न भने नमिल्ने।

  (प्रकरण नं. १४)
- अंशबन्डाको १६ नं. लाई असंवैधानिक भनी छोरीले छोरासरह अंश पाउने व्यवस्था गर्दा विवाह भएकी छोरीले आफ्नो पिता तथा लोग्ने दुवैको सम्पत्तिबाट अंश प्राप्त गर्ने अधिकार हुन जाने र छोराले पिताको सम्पत्तिबाट मात्र अंश प्राप्त गर्ने अधिकार राख्ने भई अंश प्राप्त हुने अधिकारको सम्बन्धमा छोरीमा छोराभन्दा बढी अंश प्राप्त गर्ने अधिकारको सृजना भई छोरालाई भेदभाव हुन जाने अवस्थाको सृजना हुन जान्छ। सम्पत्तिको अधिकारको सम्बन्धमा बनेका राज्यका सम्पूर्ण

कानूनमा यसले असर पुऱ्याउँछ। तसर्थ अंशबन्डाको १६ नं. लाई अमान्य घोषित गरी छोरीले छोरासरह अंश पाउने व्यवस्था गर्नु नै समस्याको समाधान होइन।

(प्रकरण नं. १४)

- लामो समयदेखि समाजले अबलम्बन गर्दै आएको परम्परागत सामाजिक व्यवहार र सामाजिक मान्यताका कुराहरू एकाएक परिवर्तन गर्दा समाजले कतिपय कुराहरू आत्मसाथ गर्न नसक्ने हुन जान्छ र यस्तो भएमा विचार गर्न नसक्ने भिन्नै स्थिति उत्पन्न हुन जान्छ। तसर्थ एकाएक निर्णयमा पुग्नुअघि समानतासम्बन्धी संवैधानिक व्यवस्थालाई समेत विचार गरी व्यापक छलफल र विचार विमर्श गरी न्यायोचित व्यवस्था हुनु पर्दछ। सम्पत्तिसम्बन्धी पारिवारिक कानूनलाई समष्टिगत रूपमा विचार गर्नु पर्ने हुँदा यस सम्बन्धमा मान्यता प्राप्त महिला सङ्गठन, समाजशास्त्रीहरू, सम्बन्धित सामाजिक सङ्गठन तथा कानूनविद्हरू समेतसँग आवश्यक परामर्श गरी अन्य देशहरूमा यस सम्बन्धमा भएको कानूनी व्यवस्थालाई समेत अध्ययन र मनन गरी यो आदेश प्राप्त भएको मितिले एक वर्षभित्रमा संसदमा उपयुक्त विधेयक प्रस्तुत गर्न श्री ५ को सरकारलाई निर्देशन दिने भनी यो निर्देशनात्मक आदेश जारी गरिएको छ।

(प्रकरण नं. १४)

| आदेश मितिः २०५२।८।२५ | मुद्दा/रिट नं.: रिट नं. २७३६ | निर्णय नं. ६१४० |
|---|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री मोहनप्रसाद शर्मा

माननीय न्यायाधीश श्री कृष्णजंग रायमाझी

माननीय न्यायाधीश श्री गोविन्दबहादुर श्रेष्ठ

**विषयः उत्प्रेषणसमेत।**

**अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध श्री ५ को सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत।**

- भूमिसम्बन्धी ऐन, २०२१ भूमिसम्बन्धी व्यवस्थाका लागि बनेको विशेष कानून भएकोले सामान्य कानून मुलुकी ऐनको व्यवस्थाको प्रतिकूल भएको भन्ने कुराले प्रभाव पार्ने अवस्था नहुने।

(प्रकरण नं. १३)

- भूमिसम्बन्धी ऐन, २०२१ को उद्देश्य तथा यसले अपनाउन खोजेको नीति ऐ. को शीर्षक, प्रस्तावना तथा यसले गरेको कानूनी व्यवस्थाबाट बुझ्न सकिन्छ। भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(क) ले मोहियानी हक कुनै किसिमबाट हस्तान्तरण गर्नबाट मोहीलाई रोक लगाउनको पछाडि मोहियानी हक खण्डित पनि नहुने र मोही तथा मोहीकै परिवारमा खेती गर्न जग्गा रहन सक्ने गरी मोहीलाई एउटा निश्चिन्तता प्रदान गरी कृषि उत्पादनमा वृद्धि गर्नेतर्फ प्रोत्साहन हुन सकोस् भन्ने उद्देश्य निहित रहेको भन्न सकिन्छ। ऐनको दफा २६(१) मा मोही पछि मोही हक पाउन सक्ने वर्गहरूमा मोहीकै अंशियार परिवारभित्रकै रहेका छन्। मोही पछि मोहियानी हक अर्कै परिवारमा जाने नीति नरहेको उक्त ऐनको व्यवस्थाबाट बुझ्न सकिन्छ। साथै मोही भन्नाले आफ्नो वा परिवारको श्रमले खेती गर्ने किसान भनी परिभाषित गरेको देखिन्छ। छोरी विवाह गरी अन्यत्र जाने व्यक्तिको रूपमा लिइने सामान्य सामाजिक मान्यता तथा रीतिरिवाज हुँदा अर्कै परिवारको हुने भएकोले पनि ऐनको दफा २६(क) पछाडि निहित नीति अनुकूल हुने गरी ऐनको दफा २६(१) मा व्यवस्था भएको देखिन्छ। यसरी मोहीको सम्बन्धमा मोहीको पति, पत्नी छोराहरू भन्दा बेग्लै अवस्थामा छोरी रहेको देखिने।

(प्रकरण नं. १५)

- नेपालको कानूनी व्यवस्थाअनुसार छोरा बुहारीले सम्पत्तिमा छोराको हकबाट प्राप्त गर्ने भएकोले छोरामा मोहियानी हक प्राप्त नभएसम्म सासू ससुरा पछि निजको मोहियानी हक सिधै बुहारीमा आउने गरी गरिने व्यवस्था कानूनी संरचनासँग मेल नखाने।

(प्रकरण नं. १६)

- पिता मातापछि निजको मोहियानी हक छोराले प्राप्त गरेपछि सोही कानूनी व्यवस्थाले छोराको पत्नी बुहारी भएका नाताले मोही छोरापछि निजको मोहियानी हक बुहारीले पनि प्राप्त गर्ने सक्ने वर्गमा परेकै हुन्छ। तसर्थ निवेदन मागअनुसार भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोहियानी हक प्राप्त हुने उत्तराधिकारीहरूमा छोरी र बुहारीलाई नराखी विभेद गरेको कार्यको कानूनको उद्देश्य र नीतिसँग युक्तिसंगत (rational) सम्बन्ध रहेको भन्ने बोधगम्य आधार भएकोले संविधानको धारा ११ को समानताको हक विपरीत भै बाझिएको अवस्था नदेखिएकोले स्वतः निष्क्रिय भैसकेको भन्न मिलेन।

(प्रकरण नं. १७)

- भूमिसम्बन्धी ऐन, २०२१को दफा २६(१) संविधानको धारा (८८)(१) बमोजिम बदर हुनुपर्ने अवस्था रहेको देखिएन। तर २०५० सालको रिट नं. ३३९२ को उत्प्रेषण मुद्दामा यस अदालतको बृहत् विशेष इजलासबाट २०५२। ४। १८ मा भएको निर्णय आदेश अनुसार विधेयक प्रस्तुत गरिँदा प्रस्तुत ऐनको दफा २६(१) को व्यवस्थामा परिवर्तन गरिनु पर्ने अवस्था देखिएमा यस सम्बन्धमा समेत उपयुक्त विधेयक संसदमा प्रस्तुत गर्न श्री ५ को सरकारलाई निर्देशन दिने गरी यो निर्देशनात्मक आदेश जारी गरिएको छ।

(प्रकरण नं. १८ )

| आदेश मितिः २०५३।४।३ | मुद्दा/रिट नं.: संवत् २०५१ सालको रिट नं. २८१६ | निर्णय नं. ६२२३ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री ओमभक्त श्रेष्ठ
माननीय न्यायाधीश श्री मोहनप्रसाद शर्मा
माननीय न्यायाधीश श्री केदारनाथ उपाध्याय
माननीय न्यायाधीश श्री कृष्णजंग रायमाझी
माननीय न्यायाधीश श्री नरेन्द्रबहादुर न्यौपाने

**विषयः उत्प्रेषण।**

**डा. चन्दा वज्राचार्य विरुद्ध श्री संसद् सचिवालयसमेत।**

- नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को उपधारा (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने उल्लेख भएको पाइन्छ भने सोही धारा ११ को उपधारा (२) मा सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने प्रतिबद्धता व्यक्त गरेको पाइन्छ। रिट निवेदकले संविधानको धारा ११ को विपरीत रहेको भनी प्रश्न उठाएको कानूनी व्यवस्थाहरूतर्फ हेर्दा अंशबन्डा महलको १२ नं. मा एकाघरसँगको छोरा नहुने विधवा स्वास्नीमानिसले ३० वर्ष ननाघेसम्म सँग बस्ने हकवालाले आफूसरह खान लाउन दान पुण्य गर्न दिएसम्म अंश लिई भिन्न बस्न नपाउने प्रावधान गरेको देखिएको छ। छोरा नहुने विधवा स्वास्नीमानिसले अंश पाउन केही सर्तहरू पालन गर्ने गरी तोकेको सर्वविदितछ। छोरा विनाको विधवा स्वास्नीमानिसले पितातर्फको संरक्षणमा रहनु भन्दा पतिका वन्धुवान्धवको संरक्षणमा रहनु हर तरहबाट उत्तम हुने हिन्दू कानूनको अवधारणाबाट ओतप्रोत भै उक्त कानून निर्माण भएको हुन सक्तछ। यसबाट कानूनले निर्देशित गरेको उमेर नपुगेको छोरा नहुने स्वास्नीमानिसले पाउने अंशको संरक्षणात्मक व्यवस्था गरेको हो कि भन्ने कुरा झल्किन आउने।
- अपुतालीको महलको २ नं. मा अपुताली पर्दा मर्नेको लोग्ने स्वास्नी छोरा वा छोराको छोरा भएसम्म छोरीले अपुताली पाउँदिन भन्ने व्यवस्था छ। छोरासरह छोरीले अंश पाउने व्यवस्था भएमा सोही अनुरूप छोरासरह छोरीले अपुताली पाउन सक्ने व्यवस्था गर्न सकिने हुन्छ।

अंशबन्डा र अपुतालीको कानूनी व्यवस्था अन्योन्याश्रित छ। अपुतालीको व्यवस्था अंशबन्डाको व्यवस्थालाई टाढा राखी विचार गर्न नमिल्ने।

(प्रकरण नं. १०)

- निवेदिकाले प्रश्न उठाएको कानूनी व्यवस्थाहरूमा महिला र पुरुषको सम्बन्धमा केही भिन्दा भिन्दै व्यवस्था रहेको कुरालाई इन्कार गर्न भने मिल्ने देखिँदैन। साथै महिला र पुरुष प्राकृतिक रूपमा नै लैङ्गिक विभेद रहेको कारणबाट सामाजिक अवस्थामा पनि स्वभावले केही भिन्न रहने कुरालाई बिर्सन भने मिल्दैन। निरपेक्ष समानता (Absolute equality) को सम्भावना कमै रहने कुरा सर्वत्र स्वीकार गरी आएको सिद्धान्त पनि हो। रिट निवेदिकाले संवैधानिकताको प्रश्न उठाएको माथि उल्लिखित कानूनी व्यवस्थाहरू चाहे त्यो छोरा नहुने विधवा स्वास्नीमानिसले अरू सगोलका अंशियारहरूसँग छुट्टिन पाउने विषय होस् वा अपुताली प्राप्त गर्ने विषय वा धर्मपुत्र धर्मपुत्री राख्न पाउने विषय अथवा लोग्नेमानिसले केही अवस्थामा अर्को विवाह गर्न पाउने वा त्यस्तै गरी कुनै कानूनले निषेध गरेको कुरा उल्लङ्घन गरेमा सजायको भागी बन्ने विषय नै किन नहोस् महिला र पुरुषको सामाजिक हैसियत पनि केही पृथक हुने भै त्यही अनुसार हक अधिकार दायित्व वा सुविधाको निर्धारण पनि भिन्न प्रक्रियाबाट भएको देखिने।

(प्रकरण नं. १५)

- प्रस्तुत रिट निवेदनमा निवेदिकाले प्रश्न उठाएको उपर्युक्त विषयहरूको प्रसङ्गमा पनि उपयुक्त विधेयक प्रस्तुत गर्ने निर्णयमा पुग्नको लागि संविधानको धारा ११ द्वारा प्रदत्त समानताको हकसमेतको सन्दर्भमा विचार विमर्श गर्नु पर्ने प्रकृतिको देखिन आएको छ। सोको लागि केही समय लाग्ने देखिँदा निवेदिकाले प्रश्न उठाएका माथि उल्लेख गरिएका विषयहरू र सोसँग सम्बद्ध अन्य विषयहरूमा समेत समष्टिगत रूपमा समाजको विभिन्न पक्षहरूको समेत अध्ययन मनन गरी सोसँग सम्बन्धित व्यक्ति, निकाय, सङ्घ, संस्था, समाजशास्त्री तथा कानूनविद्हरूसँग जो चाहिने आवश्यक विचार विमर्श गरी यो आदेश प्राप्त भएको मितिले २ वर्षभित्र संसदमा उपयूक्त विधेयक प्रस्तुत गर्नु भनी श्री ५ को सरकारको नाममा यो निर्देशनात्मक आदेश जारी गरिएको छ।

(प्रकरण नं. १६)

| आदेश मितिः २०६१।४।१४ | मुद्दा/रिट नं.: २०५९ सालको रिट नं. ११० | निर्णय नं. ७३५७ |
|---|---|---|

विशेष इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री गोबिन्दबहादुर श्रेष्ठ
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
माननीय न्यायाधीश श्री बलराम के.सी.

**विषयः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ बमोजिम संविधासँग बाझिएको कानून अमान्य र बदर घोषित गरिपाऊँ।**

**अधिवक्ता मीरा ढुंगाना विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत।**

- अपुतालीबाट पाएको सम्पत्ति अंशबन्डाको महलको १८ नं. को व्यवस्थाले निजी ठहरी आफूखुसी गर्न पाउने र बन्डा गर्न कर नलाग्ने सम्पत्ति हो। यसरी अंशियारका बिच बन्डा गर्न कर नलाग्नेसमेतको प्रकृतिको सम्पत्ति स्वतः हकवालाले पाउनेभन्दा सो अंशबन्डाको १८ नं. को कानूनी व्यवस्थासमेत प्रतिकूल हुन जाने।
- अदालतको आदेशानुसार झिकाइएको मुलुकी (एघारौं संशोधन) ऐनको तीन महलको विवरणमा सो अपुतालीको १२क. थप गर्नुपर्ने कारणमा अविवाहिता छोरीले पाएको अंश विवाहपश्चात् नपाउने भए जस्तै अविवाहिता छोरी हुँदा निजले पाएको अपुताली विवाहपश्चात् नपाउने व्यवस्था गरिएको भन्ने उल्लेख गरेको देखिँदा सो १२क. को थप व्यवस्था अंश हकसरह भएकोले वैवाहिक स्थितिको कारणबाट गुमाउनु पर्ने भन्ने तर्क विधि निर्माणकर्ताको रहेको देखिने।
- अंश र अपुताली एउटै कुरा नभई यो फरक फरक कुरा हो। हाम्रो प्रचलित कानूनी व्यवस्थाअनुसार अंश जन्मसिद्ध नैसर्गिक हकको रूपमा रहेको पाइन्छ भने त्यसरी अंश हकद्वारा प्राप्त सम्पत्ति प्रयोगकर्ताको मृत्युपश्चात् क्रमानुसारका व्यक्तिले अपुताली पाउने व्यवस्था कानूनले गरेको पाइन्छ। अपुतालीसम्बन्धी कानूनी व्यवस्थाअनुसार अपुताली हकवालाबाहेक स्याहार संभारगर्ने व्यक्तिले समेत पाउने व्यवस्था गरेको पाइन्छ भने अंश बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जियजियैको अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ। त्यसमा पनि अंशबन्डाको महलको १क. ले विवाह गरिसकेकी छोरी अंशबन्डा गर्नुपर्ने छैन भन्ने व्यवस्था भएको पाइन्छ। जबकि अपुताली विवाहिता छोरीले पनि पाउने उल्लिखित अपुतालीको २ नं. समेतले व्यवस्था गरेबाट कानूनी व्यवस्था र सम्पत्तिको स्वामित्व सर्ने प्रकृति र प्रक्रियासमेतबाट अपुताली र अंश एकै र एउटै अवधारणाका विषयवस्तु होइनन् भन्ने कुरा स्पष्ट देखिने।

- अंश र अपुताली फरक फरक अवधारणाका विषयवस्तु हुनाले विवाहिता छोरीले अंश नै नपाउने अवस्थामा अविवाहिता छोरीले पाएको अंश फिर्ता हुने कानूनी व्यवस्थाको विषयलाई विवाहिता अविवाहिता दुवै छोरीले पाउने अपुतालीसम्बन्धी व्यवस्थासँग समायोजन गरी एकै विषयको हाराहारीमा राख्न मिल्ने नदेखिने।
- मानव भएको नाताले प्राप्त गरेको यस्तो न्यूनतम् नैसर्गिक मानव अधिकारका कुराअन्तर्गत रही गरिएको विवाहका कारणबाट विवाहपूर्व अपुतालीको रूपबाट प्राप्त गरेको सम्पत्ति छोरी वा दिदीबहिनीले फिर्ता गर्नुपर्दछ भन्ने व्यवस्था अन्तर्राष्ट्रिय दस्ताबेजमा उल्लेख भएका छैनन्। त्यसैले विवाहपूर्व प्राप्त गरेको अपुताली विवापश्चात् फिर्ता गर्नुपर्ने भन्ने व्यवस्था नेपालले अनुमोदन सम्मिलनसमेत गरी पक्ष राष्ट्रका हैसियतले पालना गर्नुपर्ने सन्धि सम्झौताको प्रावधानसमेत विपरीत हुन जाने।
- अपुताली मर्नेको बाँचुन्जेल सेवा सुश्रुवा हेरचाह गरी सम्पत्तिको प्रयोगकर्ताको मृत्युपश्चात् सेवा सुश्रुवा हेरचार गरेको परिणाम स्वरूपसमेत पर्न जाने अपुताली सम्पत्ति विवाहको कारणले फिर्ता गर्नुपर्ने भन्नु कानून, न्याय, व्यवहार र परम्परासमेतको विपरीत हुन जाने।
- विवाह भइसकेपछि छोरी वा दिदी बहिनीले पाएको अपुताली चाहिँ फिर्ता गर्नु नपर्ने र त्यही छोरी वा दिदी बहिनीले विवाहपूर्व अपुताली पाई विवाह गरेमा भने त्यस्तो सम्पत्ति माइती पट्टिका हकवालालाई फिर्ता गर्नुपर्ने व्यवस्थामा कुनै औचित्यसमेत देखिन नआउने।
- अरू कसैले फिर्ता गर्नु नपर्ने विवाहित छोरी वा दिदीबहिनीसमेतले फिर्ता गर्नु नपर्ने तर अविवाहिता छोरीले विवाहको कारणले पाइसकेको अपुताली फिर्ता गर्नुपर्ने भन्ने व्यवस्था सामाजिक रूपमा छोरा र छोरीका बिचको मात्र विभेद नभई छोरी छोरीका बिचसमेत स्पष्ट रूपले विभेदजन्य रहेको देखिन आउने।
- मुलुकी ऐन एघारौं संशोधनपूर्वको अपुतालीको २ नं. ले समेत विवाहिता र अविवाहित छोरीले पाएको अपुताली फिर्ता गर्नुपर्ने व्यवस्था गरेको नपाइएको, अपुतालीबाट प्राप्त सम्पत्ति अंशियारका बिच बन्डा समेत नलाग्ने अंशबन्डाको महलको १८ नं. मा व्यवस्था भएको देखिएको अवस्थामा समेत मानवअधिकार स्वरूप विवाह गरी जीवनयापन गर्न पाउने नैसर्गिक अधिकारको आधारमा भएको विवाहको कारणले अपुतालीबाट प्राप्त गरेको सम्पत्ति फिर्ता गर्नुपर्ने वा गुमाउनु पर्ने व्यवस्था मानव अधिकारसम्बन्धी मान्य सिद्धान्तको विपरीत भई अपुतालीको महलको १२क. को व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को समानताको सिद्धान्त प्रतिकूल भई बाझिन गएकोले धारा ८८(१) बमोजिम आजको मितिदेखि लागु हुने गरी सो अपुतालीको महलको १२क. नम्बर अमान्य घोषित हुने।

(प्रकरण नं. ११ देखि १३)

| आदेश मितिः २०६१।४।१४ | मुद्दा/रिट नं.: २०६० सालको रिट नं. ३४ | निर्णय नं. ७३५८ |
|---|---|---|

विशेष इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री गोबिन्दबहादुर श्रेष्ठ
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
माननीय न्यायाधीश श्री बलराम के.सी.

**विषयः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गरिपाऊँ।**

**अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत।**

- नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को व्यवस्था र नेपालले अनुमोदन र सम्मिलन गरेको सन्धि सम्झौता तथा महासन्धिसमेतको व्यवस्थाको प्रतिकूल नहुने गरी प्रस्तुत विवादित विषयमा र पारिवारिक र सम्पत्तिसम्बन्धी विषयमा राष्ट्रिय मानव अधिकार अयोगसँग परामर्श गरी सम्भव भएसम्म राष्ट्रिय मानव अधिकार आयोगको सचिवको संयोजकत्वमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सम्बन्धित विषयवस्तुको ज्ञान भएका प्रतिनिधि, कानून तथा न्याय मन्त्रालयको विषयवस्तुमा जानकार भएका प्रतिनिधि, विषयवस्तुको ज्ञान भएको समाजशास्त्री र विषयवस्तुको ज्ञान भएका महिलासँग सम्बन्धित सामाजिक सङ्गठनको प्रतिनिधि रहने गरी एक विशेषज्ञ समिति बनाई संविधान र मानव अधिकारसम्बन्धी नेपालले अनुमोदन गरेका महासन्धिसँग बाझिएको ऐन नियमहरूको पहिचान गरी सो सम्बन्धमा अध्ययन गरी गराई विद्यमान ऐन कानूनमा संशोधन गर्ने वा संविधान र मानव अधिकारसम्बन्धी महासन्धि अनुकूलको नयाँ कानून यथोचित समयमा लागु गर्न आवश्यक व्यवस्था गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

(प्रकरण नं. १० र ११)

- नेपाल अधिराज्यको संविधान २०४७ को धारा १ ले संविधानलाई मूल कानून मानेको र सो धाराको उपधारा (१) ले संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ भन्ने उल्लेख गरेको छ। धारा १३१ को प्रतिबन्धात्मक वाक्यांशले यस संविधानसँग बाझिएको कानून संविधान प्रारंभ भएको एक वर्षपछि बाझिएको हदसम्म निस्क्रिय हुनेछ भन्ने व्यवस्था गरेको छ। यसै परिप्रेक्षमा समेत यस अदालतबाट निर्देशन निर्णय समेत समय समयमा भइरहेको अवस्थामा समेत अपुताली सम्बन्धी कानूनी व्यवस्थामा अझै पनि अपुताली प्राप्त गर्ने परिवारको क्रम

तोक्दासमेत छोरा र छोरीका बिचमा तथा छोरी छोरीका बिचमा समेत फरकफरक व्यवस्था गरी भेदभाव भएकोले ती ऐन कानूनहरू अमान्य र बदर घोषित गरिपाउँ भनी पटक पटक यस अदालतमा विभिन्न व्यक्तिहरूको रिट निवेदनहरू पर्ने गरेको पाइएको सन्दर्भमा समेत नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को व्यवस्था र नेपालले अनुमोदन र सम्मिलन गरेको सन्धि सम्झौता तथा महासन्धिसमेतको व्यवस्थाको प्रतिकूल नहुने गरी प्रस्तुत विवादित विषयमा र पारिवारिक र सम्पत्तिसम्बन्धी विषयमा राष्ट्रिय मानव अधिकार अयोगसँग परामर्श गरी सम्भव भएसम्म राष्ट्रिय मानव अधिकार आयोगको सचिवको संयोजकत्वमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सम्बन्धित विषयवस्तुको ज्ञान भएका प्रतिनिधि, कानून तथा न्याय मन्त्रालयको विषयवस्तु जानकार भएका प्रतिनिधि, विषयवस्तुको ज्ञान भएको समाजशास्त्री र विषयवस्तुको ज्ञान भएका महिलासँग सम्बन्धित सामाजिक सङ्गठनको प्रतिनिधि रहने गरी एक विशेषज्ञ समिति बनाई संविधान र मानव अधिकारसम्बन्धी नेपालले अनुमोदन गरेका महासन्धिसँग बाझिएको ऐन नियमहरूको पहिचान गरी सो सम्बन्धमा अध्ययन गरिगराई विद्यमान ऐन कानूनमा संशोधन गर्ने वा संविधान र मानव अधिकारसम्बन्धी महासन्धि अनुकूलको नयाँ कानून यथोचित समयमा लागु गर्न आवश्यक व्यवस्था गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

(प्रकरण नं. ११)

| आदेश मितिः २०६२।८।८ | मुद्दा/रिट नं.ः दे.पु. नं. ७२६७ | निर्णय नं. ७६४० |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
माननीय न्यायाधीश श्री राजेन्द्रकुमार भण्डारी

**विषयः बन्डापत्र दर्ता बदर।**

**मिना श्रेष्ठ विरुद्ध गन्जबहादुर श्रेष्ठसमेत**

- प्रतिवादी गन्जबहादुरले यी वादी मीना श्रेष्ठलाई २०४७ सालमा विवाह गरेको हुँ, निजतर्फबाट हालसम्म २ छोराछोरीको जायजन्म भएको छ। जेठी श्रीमती र निजतर्फका छोराछोरीको डरत्रास र दबाबको कारण२०४८।४।२६को बन्डापत्र पारित गरी दिन बाध्य भएको हुँ भनी प्रतिउत्तर फिराएको देखिन आउँछ। कास्की जिल्ला अदालतबाट भएको मिति २०५३।४।२२ को आदेशानुसार वादी मीना श्रेष्ठलाई प्रतिवादी गन्जबहादुरले कुन साल मितिमा विवाह गरी घरमा श्रीमती तुल्याई राखेका हुन् भन्ने सम्बन्धमा गाउँ सर्जमिन बुझ्न मिति ०५३।५।१ मा सर्जमिन हुँदा अधिकांश व्यक्तिहरूले गन्जबहादुरले मीना श्रेष्ठलाई २०४७ सालमा विवाह गरी ल्याएको र निजहरूबाट छोरीको जायजन्म भएको भनी लेखाइदिएको पाइयो। वादी मीना श्रेष्ठ र प्रतिवादी गन्जबहादुरको विवाह दर्ता मिति २०४९।१२।५ मा भए पनि निजहरूको मिति ०४७।३।१४ मा सामाजिक परम्पराअनुसार विवाह भएको भनी उल्लेख भएको देखिन्छ। सो विवाह दर्ताको प्रमाणपत्रउपर प्रत्यर्थीहरूको कुनै दाबी नरहेको र सो प्रमाण पत्रलाई बदर गराउनेतर्फ कुनै कारबाही चलाएकोसमेत देखिन आएन। उक्त प्रमाणपत्रलाई अन्यथा गराउन नसकेको अवस्थामा त्यसमा उल्लेख गरिएका कुराहरू सही रूपमा उल्लेख गरिएका हुन् भनी प्रमाण ऐन, २०३१ को दफा ६ (ग) बमोजिम अनुमान गर्नु पर्ने हुन्छ। यस्तै प्रश्न समावेश भएका विषयमा यस अदालत संयुक्त इजलासबाट "२०४३।११।२५ मा नै भएको विवाह, विवाह दर्ता ऐन, २०२८ को दफा ११(१) अन्तर्गत हाल दर्तासम्म भएको देखिँदा अधिकारप्राप्त अधिकारीबाट कानूनबमोजिम विवाह दर्ता भएको देखिने भनी (ने.का.प. २०४६ अङ्क ५, नि.नं. ३८३१, पृष्ठ ५४५) सिद्धान्त स्थापित भएको पाइन्छ। सो सिद्धान्तको आधारमा समेत प्रस्तुत मुद्दाको सन्दर्भमा सो विवाह दर्ता प्रमाणपत्र प्राप्त गर्नुभन्दा अगाडि के कसरी र कुन प्रक्रियाबाट प्राप्त गरिएको हो भन्ने कुरा सान्दर्भिक हुन आउँदैन। २०४७ सालमा भएको विवाहलाई २०४९

सालमा दर्ता भएको आधारमा २०४९ सालभन्दा अगाडि विवाह नै भएको होइन भनी मान्न उचित र कानूनसङ्गत हुन सक्दैन।

(प्रकरण नं. १४)

- पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराको जन्म प्रमाणपत्र नं. ३१०३ बाट मिति ०४८।८।२३ मा यी वादी मीना श्रेष्ठ र प्रतिवादी गन्जबहादुरको छोरीको जन्म भएको कुरा देखिन आएको छ। यस अवस्थामा २७२ दिनभित्र जन्मेको सन्तान यीनै मीना श्रेष्ठ र गन्जबहादुरको सन्तान हो भनी प्रमाण ऐन, २०३१ को दफा ६ (घ) बमोजिम अनुमान गर्नु पर्ने र निजहरूको विवाह २७२ दिन पूर्व नै भएको हो भन्ने कुरा प्रमाणित हुन आउँछ। यसबाट समेत विवादित बन्डापत्र पारित भएको मिति २०४८।४।२६ भन्दा अगाडि नै वादी मीना श्रेष्ठ गन्जबहादुरकी पत्नी भइसकेको भन्ने कुरा पुष्टि हुन आउँछ।

(प्रकरण नं. १५)

माथि विवेचना गरिएको आधार र कारणहरूबाट वादी मीना श्रेष्ठ र प्रतिवादी गन्जबहादुरको बिचमा २०४७ सालमा नै विवाह भएको कुरा पुष्टि हुन आएको तथा प्रतिवादी गन्जबहादुरले मीना श्रेष्ठलाई ०४७ सालमा विवाह गरेको कुरा स्वीकार गरेको हुँदा प्रस्तुत मुद्दामा प्रकाश नगरिएकी स्वास्नीले अंश नपाउने भन्ने अंश बन्डाको ८ नं. को व्यवस्था आकर्षित हुन सक्ने देखिएन। प्रतिवादीहरूबिच बन्डापत्र पारित भएको मिति २०४८।४।२६ भन्दा अगाडि नै यी वादी मीना श्रेष्ठ अंशियार भइसकेकी र अंश बन्डाको १ नं. अनुसार जियजियैको अंश बन्डा गर्नु पर्नेमा उल्लिखित बन्डापत्र पारित हुँदा वादीको अंश हक लोप गरी बन्डापत्र भएको देखिँदा वादी दाबीबमोजिम बन्डापत्रको लिखत र सो लिखतको आधारमा भएको दर्तासमेत बदर हुने ठहर्छ। वादी दाबीबमोजिम बन्डापत्र दर्ता बदर हुने ठहर गर्नु पर्नेमा वादी दाबी पुग्न नसक्ने ठहराएको सुरु कास्की जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पोखराको मिति २०५५।५।१५ को फैसला उल्टी हुने ठहर्छ।

(प्रकरण नं. १६)

| आदेश मितिः २०६२।८।३० | मुद्दा/रिट नं.: संवत् २०६१ सालको विशेष रिट नं. ३४ | निर्णय नं. ७५८८ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री बद्रीकुमार बस्नेत
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

**विषयः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य एवं बदर घोषित गरिपाऊँ।**

**लिली थापासमेत विरुद्ध श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालसमेत।**

- कन्या, सधवा वा विधवा स्वास्नीमानिसले अंशको रूपमा प्राप्त गरेको सम्पत्तिमा त्यस्ता स्वास्नीमानिसको स्वामित्व निहित भएपछि स्वामित्वको आधारभूत सिद्धान्त प्रतिकूल हुने गरी कानूनी व्यवस्था गर्न वाञ्छनीय नहुने।

(प्रकरण नं. १९)

- दोश्रो प्रश्न स्त्री अंशधनको २ नं. को विवादित व्यवस्था कायम रहँदा त्यसले लैङ्गिक न्यायमा पार्न सक्ने प्रतिकूल प्रभाव कस्तो रहन सक्छ भन्ने रहेको छ। नेपाल अधिराज्यको संविधान, २०४७ ले सामाजिक न्यायलाई प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ। सामाजिक न्यायलाई प्रवर्द्धन गर्ने संवैधानिक संयन्त्रमध्ये सकारात्मक विभेदको सिद्धान्त प्रमुख हो। स्त्री अंश धनको २ नं. को विवादित व्यवस्थाले लैङ्गिक न्यायलाई प्रवर्द्धन गर्न सक्ने देखिँदैन। त्यसले महिलाको साम्पत्तिक अधिकार वा सम्पत्तिमाथिको स्वामित्वमा प्रतिकूल असर पार्ने देखिन्छ। आफ्नो नाउँमा रहेको वा आफ्नो हकको सम्पत्ति आफूखुस गर्न नपाउनु स्वामित्व र सम्पत्तिसम्बन्धी अवधारणाको अनुकूल होइन। यस अदालतले महिलाजन्य संविधान एवं कानून मिश्रित विवादहरूमा लैङ्गिक न्यायलाई प्रवर्द्धन गर्ने गरी निर्णय गरेको छ। यसका केही उदाहरणहरूमा मीरा ढुंगानाविरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत (ने.का.प. २०५२, पृष्ठ ४६२, ने.का.प.२०६१ पृष्ठ ३७७, रिटनं. ५५/०५८ नि.मि. २०५९।१।१९), डा. चन्दा बज्राचार्य विरुद्ध संसद् सचिवालयसमेत (ने.का.प.२०५३ पृष्ठ ५३७), अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत (ने.का.प.२०५३ पृष्ठ १०५, रिट नं. ५६/०५८ नि.मि.२०५९।१।१९), रीना बज्राचार्यसमेत विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत (ने.का.प.२०५७ पृष्ठ ३७६) आदि छन्। यस परिप्रेक्ष्यमा समेत विचार गर्दा

विवादित व्यवस्था कायम रहेको अवस्थामा लैङ्गिक न्यायमा प्रतिकूल असर पर्न सक्ने र कायम नरहेको अवस्थामा महिलाहरू आफ्नो सम्पत्ति आफूखुस गर्न वा प्रयोग गर्न स्वतन्त्र भई आफ्नो हक अधिकारको प्रयोगमा सचेत र शशक्तिकृत हुन सक्छन्। उक्त कानूनी व्यवस्था यथावत् राखिएमा पुरुषले भने सम्पत्तिको प्रयोग गरेर आफ्नो हकको उपयोगको क्षमताको प्रयोग गरी व्यक्तित्व विकास गर्न सक्ने तर महिलाले भने आफ्नो हकको सम्पत्तिसमेत उपभोग गर्न नसकी कुण्ठित जीवन यापन गर्न बाध्य भएको स्थिति भोग्नु पर्ने हुन्छ। त्यस्तो व्यवस्था लैङ्गिक न्याय र न्यायको सार्वभौम मान्यतासमेत विरुद्ध हुन जान्छ।

(प्रकरण नं. ३५)

- स्वामित्व र सम्पत्तिसम्बन्धी मान्यताको समेत विपरीत रहेको र विवादित प्रावधानको निरन्तरताले लैङ्गिक न्यायको प्रवर्द्धनमा समेत प्रतिकूल असर पार्ने देखिएकोले स्त्री अंशधनको २ नं. को प्रावधान नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ र ८८(१) बमोजिम अमान्य र बदर घोषित हुने।

(प्रकरण नं. ३६)

| आदेश मितिः २०६२।८।३० | मुद्दा/रिट नं.ः संवत् २०६१ सालको विशेष रिट नं. ३१ | निर्णय नं. ७५७७ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री बद्रीकुमार बस्नेत
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

**विषयः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम बाझिएको कानून अमान्य एवं बदर घोषित गरिपाऊँ।**

**अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- महिलाको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरू कुनै विषयसम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई, आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि पुरुषसरह समानताको आधारमा महिलाले उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्यकरण पार्ने उद्देश्य भएको लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा बहिष्कार वा प्रतिबन्धलाई महिलाविरुद्धका विभेद भन्नुपर्ने।

(प्रकरण नं. २२)

- विशेष संरक्षणको अर्थ कमजोर वर्गलाई यथास्थितिमा राखिराख्ने र तिनीहरूको भूमिकालाई न्यून वा कमजोर पार्ने (Impoverishment) होइन बरु त्यस्तो वर्गलाई आवश्यक र वाञ्छित उपायहरूसहित उचनीचको धरातल बदलिएर समान धरातल प्रदान गर्नु हुने।

(प्रकरण नं. २५)

- समानता, स्वतन्त्रता र जीवनको हक भन्नु नै हरेकले सम्मानपूर्ण र प्रतिष्ठापूर्ण जीवनयापन गर्न पाउँछ भन्नु हो जसबाट महिलाले बहिष्कृत हुनुपर्ने कुनै पनि अवस्था सह्य हुन नसक्ने।

(प्रकरण नं. २७)

- प्रस्तुत निवेदनमा प्रश्न उठाइएको अंशबन्डाको १क नं. को व्यवस्थाले विवाहित छोरीलाई विवाहपश्चात् गरिने अंशबन्डामा अंशियार नबनाउने नीति कायम गर्दा विधायिकाले यसअघिको कानूनी व्यवस्थाको पृष्ठभूमिमा हालको यस व्यवस्थालाई एक कदम अगाडि मानेको हुनसक्छ भने विवाहपश्चात् छोरी माइतीको सगोलको सदस्य नै नमानेको पाइन्छ। विवाहपश्चात् छोरीले लोग्नेको घरमा जाने सामाजिक पद्धतिको कारणले छोरीले बरु लोग्नेबाट अंश पाउने तर विवाहपूर्वको

माइतीसँगको सगोलको सम्बन्ध टुट्ने प्रणालीलाई कानूनले अवलम्बन गरेको पाइन्छ। उक्त व्यवस्था सबै विवाहित छोरीहरूको हकमा लागु हुने हुँदा छोरीहरूबिचको विभेद मान्न मिल्ने अवस्था देखिन्न। विवाहपूर्व र विवाहपश्चातको स्थितिको भेद नगरी सबै छोरीहरूलाई छोरासरह सगोलको अंशियार मान्ने प्रणाली कायम गर्ने वा हालको व्यवस्था नै कायम गर्ने भन्ने नीतिगत विषय हुने र हालको प्रणालीलाई कानूनले अङ्गीकार गरेको परीप्रेक्ष्यमा नीतिगत प्रश्न उठाउनु अदालतले तत्काल हस्तक्षेप गर्न उपयुक्त देखिन आउँदैन। विवाहपश्चात् पनि छोरीले माइतीको अंशबन्डामा भाग पाउनुपर्छ भन्ने नयाँ मान्यता कायम रहन खोजेको हो भने अतीतमा भएको बन्डापत्रहरूको सम्बन्धमा कुनै प्रभाव पर्छ वा पर्दैन वा तिनमा प्रभाव पार्न दिन मिल्छ मिल्दैन ? भन्नेसमेत प्रश्नमा विचार गर्नुपर्ने हुन आउँछ। यसरी नीतिगत विषयहरूमा प्रवेश गर्न खोजियो भने अदालतले अनेक अन्य प्रश्नहरूको पनि सम्बोधन गर्नुपर्ने हुन्छ। जुन स्वाभाविक रूपले अदालती कार्यक्षेत्रभित्र पर्न आउँदैन। तर यसो भनेर नीतिगत विषयको आडमा संविधान, कानून र न्यायका मान्य सिद्धान्तहरूको प्रतिकूल बनेका नीतिहरूको परीक्षण हुन सक्दैन भन्ने होइन। त्यस्ता प्रश्नहरू उपस्थित भएमा अदालतले सदैव त्यस्ता नीतिहरू निहित रहेका कानूनको संवैधानिकताको परीक्षण गर्नै पर्ने हुन्छ र गर्न सक्दछ पनि। कतिपय कानून एवं नीतिका प्रश्नहरू समयको अन्तरालमा समाजको मूल्य मान्यता र व्यवहारमा परिवर्तन भई नयां सन्दर्भमा कानूनको संवैधानिकताको परीक्षण गर्नुपर्ने अवस्था आउंदछ। यस्तो स्थितिको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी प्रस्तुत अंशबन्डाको महलको १ क नं. को व्यवस्था हालै मात्र संशोधन भएको देखिएको, तिन्को कार्यान्वयनको एवं त्यसले लैङ्गिक न्यायको क्षेत्रमा पार्ने प्रभाव समेतको अध्ययन हुन बाँकी रहेको र उक्त कानूनी व्यवस्थामा परिवर्तन गरी विवाहित छोरीले पनि माइतीतर्फको अंशबन्डामा अंशियार कायम गर्ने वा तिनीहरूको हकमा कस्तो संरचना तय गर्ने भन्ने वारेमा विधायिकाको क्षेत्रभित्रको नीतिगत विषय भएकोले त्यसमा हस्तक्षेप गरी परिवर्तन गर्न वा नयाँ व्यवस्थाद्वारा प्रतिस्थापन गर्न अदालतको लागि उपयुक्त विषय नभएकोले निवेदकको मागबमोजिम संविधानको धारा ११ सँगसमेत बाझिएको भनी धारा ८८(१) अन्तर्गत बदर घोषित गर्न पर्ने देखिन आएन। सो हदसम्म निवेदकको भनाइसँग सहमत हुन सकिएन।

- विवादमा ल्याइएको व्यवस्थामध्ये अंशबन्डाको १६ नं. को संशोधित व्यवस्थाले छोरीलाई अंश दिने गरी बृहत् अर्थमा अंशको हक स्वीकार गर्दा गर्दै पनि आफूले स्वामित्व प्राप्त गरिसकेको अंश हकको त्यस्तो सम्पत्तिको निरन्तर उपभोगको अधिकार विवाहपश्चात् अवरुद्ध हुन जाने देखिन्छ। अंशबन्डाको कानूनबमोजिम विवाहपूर्व छोरीले अंशबापत पाएको सम्पत्ति छोरीको आफूखुसी गर्न पाउने सम्पत्तिको रूपमा यस अदालतले मान्यता दिइसकेको छ। त्यस्तो सम्पत्ति छोरीले आफ्नो इच्छा र आवश्यकता अनुकूल भोग गर्न, हक हस्तान्तरण गर्न वा खर्च गर्न पाउने कुरा हुन्छ।

त्यस्तो सम्पत्ति विवाहपूर्व नै खर्च गर्न चाहे गर्न पाउने तर खर्च गर्न बाँकी रहेको अवस्थामा विवाह भएमा विवाह गरेकै कारणले आफूले प्राप्त गरिसकेको सम्पत्ति पनि आफ्नो नियन्त्रणबाहिर जाने भई फिर्ता नै गर्न पर्ने व्यवस्था प्रचलित कानूनी व्यवस्थाले सिर्जना गरेको छ। यसबाट एक पटक असीमित (absolute) तथा निहित (vested) भएको अंशको सम्पत्तिमाथिको हक वैवाहिक कारणले मात्रै सीमित र सर्तयुक्त (Contingent) हुन जाने स्थिति आउने भएको छ। यसबाट अविवाहित अंशियार छोरीले पाएको अंशको हक विवाहपूर्व नै भोग गरी सिध्याउन दुरुत्साहन हुन सक्दछ, जुन धेरै हदसम्म विवेकसम्मत उपभोग नहुन सक्तछ। अर्कोतिर विवाहपश्चात् अंश लिएकी छोरीको सम्पत्तिमा माइतीको हक पुग्ने कारणले विवाह गर्नमा छोरीलाई दबाब गर्न वा छोरीलाई आफ्नो अंशको सम्पत्ति भोग्नमा व्यवधान खडा गर्ने कोसिस अन्य अंशियारको हुन सक्छ। आफ्नो सम्पत्ति आफ्नो सुविधा र आवश्यकतानुसार विवेकसम्मत ढङ्गले खर्च गर्नु सम्पत्तिको मालिकको स्वाभाविक अधिकार हो तापनि अंशबन्डाको १६ नं. को जस्तो व्यवस्थाले त्यस्तो उपभोग शैलीमा र अधिकारमा प्रत्यक्ष एवं परोक्ष दुवै रूपमा अन्यथा असर पर्न जाने देखिन्छ। यस्तो व्यवस्थाबाट लैङ्गिक समानता कायम गर्ने जुन उद्देश्यले अनुप्राणित भई छोरीलाई समेत अंशको हक दिने गरी भएको अंशबन्डाको १० नं. को व्यवस्था गरिएको हो, त्यसमा सघाउ नपुग्न सक्तछ। अंशबन्डाको महलका १६ नं. को व्यवस्थाबाट उक्त महलको १० नं. को व्यवस्थालाई अप्रत्यक्षतः सीमित तुल्याएको परिणाम आउने भई अन्ततः भेदभावमूलक परिणति तर्फ उन्मूख व्यवस्था देखिन सक्दछ। यसबाट महिला विरुद्धको सबै किसिमको भेदभाव हटाउनेसम्बन्धी महासन्धि, १९७९ (CEDAW) को दफा १ मा वर्णित भेदभावको परिभाषा अनुसारको अवस्था सिर्जना हुन सक्तछ।

(प्रकरण नं. ३२)

- अंशबन्डाको १६ नं. लाई संविधानको धारा ११ र महिला विरुद्धको सबै किसिमको भेदभाव हटाउनेसम्बन्धी महासन्धिको धारा १, २, ३, १५ र १६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (ICCPR) को धारा २६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (ICESCR) को धारा २ र ३ को सन्दर्भमा समानताको हक अनुकूल हुने गरी पूनर्विचार गर्न जरुरी देखिन आउने।
- अंशबन्डाको १६ नं. को व्यवस्थामा सम्बन्धित निकाय एवं सरोकार राख्ने समुदायसमेतसँग परामर्श गरी पुनर्विचार गर्नु भनी श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

(प्रकरण नं. ३४)

| आदेश मितिः २०६३।८।७ | मुद्दा/रिट नं.: २०६२ सालको विशेष रिट नं. ११४ | निर्णय नं. ७७४३ |
|---|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री अनुपराज शर्मा

माननीय न्यायाधीश श्री खिलराज रेग्मी

माननीय न्यायाधीश श्री शारदा श्रेष्ठ

**विषयः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गरिपाऊँ।**

**अधिवक्ता मीरा ढुंगाना विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत।**

- दाइजो पेवाबाहेकका आफ्नो हक पुग्ने अन्य सम्पत्ति स्वास्नीमानिसले दान बकस बिक्री समेत केही बेहोरासँग हक हस्तान्तरण गरी हक प्राप्त गर्ने लोग्ने मानिससँग पछि विवाह गरेमा अघिको सम्पत्ति हक हस्तान्तरणको व्यवहार सदर नहुने, हक पुग्नेले फिर्ता गरिलिन पाउने भन्ने देखिन आउने।
- कानूनले दाइजो र पेवालाई स्पष्टतः बाहेक गरेको देखिँदा दाइजो पेवाको हकमा भने कुनै बेहोराले स्वास्नीमानिसले हक हस्तान्तरण गरी हक प्राप्त गर्ने लोग्ने मानिससँग पछि विवाह भएको कारणले मात्र त्यस्तो हक हस्तान्तरणको कार्य हकवालाले बदर गराई फिर्ता गराउन सक्ने अवस्था नदेखिने।
- स्वास्नीमानिसले दाइजो पेवाबाहेक आफ्नो हक पुग्ने अरू सम्पत्ति कुनै लोग्ने मानिसलाई दानबकस वा बिक्री गरेपछि त्यही व्यक्तिसँग विवाह गरेमा सम्पत्ति हक हस्तान्तरणको अघिको कार्य सदर नहुने, हकवालाले फिर्ता गराई लिन पाउने व्यवस्थाले पछि विवाह गरेको कारणले आफ्नो निर्बाध हकको सम्पत्तिबाट आफ्नो हक हस्तान्तरण गर्ने र हक प्राप्त गर्ने दुवैले वञ्चित हुनसक्ने अवस्था रहेको पाइने।
- स्वास्नीमानिसले कुनै लोग्ने मानिसलाई आफ्नो हक पुग्ने सम्पत्तिको कुनै बेहोराले हक हस्तान्तरण गरिसकेपछि त्यही व्यक्तिसँग विवाह गरेमा अघिको उक्त व्यवहार सदर नहुने,

लोग्नेमानिसले गरेमा भने सदर हुने भई महिला र पुरुषबिच भेदभावपूर्ण प्रावधान रहेको स्पष्टतः देखिन आउने।

(प्रकरण नं. १७)

- मानवअधिकार स्वरूप विवाह गरी जीवनयापन गर्न पाउने नैसर्गिक अधिकारको आधारमा भएको विवाहको कारणले आफ्नो हक पुग्ने अरू कसैको हक नलाग्ने सम्पत्तिको हक हस्तान्तरणको वैध कार्यलाई अवैध गराउनु यथार्थमा विवाहको अधिकार र स्वामित्वको अधिकारलाई सङ्कुचन ल्याउनुसरह हुने।
- एकपटक आफूमा असीमितरूपमा निहित सम्पत्तिको हकको अधिकार पछि त्यो स्वास्नीमानिसको उक्त सम्पत्ति प्राप्त गर्ने व्यक्तिसँग विवाह भएको कारणले सीमित वा सर्तयुक्त हुनजाने स्थितिलाई बिडम्वना नै मान्नु पर्ने।
- स्वास्नीमानिसको आफ्नो हक पुग्ने अरू कसैको हक नलाग्ने सम्पत्ति आफूखुस प्रयोग गर्न पाउने स्वामित्वको अधिकार र विवाहको अधिकार दुई भिन्न र सार्थक अधिकारहरू हुन्। एउटा निर्वाध हकको प्रयोग गर्दा अर्को त्यस्तै हक अधिकारमा सङ्कुचन ल्याउने गरी बनेको कानूनलाई न्यायोचित र तर्कसङ्गत मान्न नमिल्ने।

(प्रकरण नं. १९)

- विवादीत स्त्रीअंशधनको ७ नं. को व्यवस्था नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय महासन्धि तथा प्रतिज्ञापत्रका व्यवस्थाहरू तथा स्वामित्व र सम्पत्तिसम्बन्धी अवधारणाको विपरीत हुनाको साथै नेपाल अधिराज्यको संविधान, २०४७ मा व्यवस्थित समानताको हक समेतसँग वाझिन गई भेदभावपूर्ण रहेको देखिँदा अमान्य र बदर घोषित हुने।

(प्रकरण नं. २०)

| आदेश मितिः २०६४।५।३० | मुद्दा/रिट नं.: संवत् २०६२ सालको दे.पु.नं. ८०२७, ९८२६ | निर्णय नं. ७८६४ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइराला

**विषयः शेषपछिको बकसपत्र लिखतबदर।**

**वस नारायण महर्जन विरुद्ध नरेश महर्जन।**

- माथि उल्लिखित तथ्यहरूबाट छोराले नपालेको अवस्थामा नातिले पालेको भन्ने देखिन्छ। यस्तो अवस्थामा बकसपत्र नभए पनि अपुतालीको कानूनले नै हक प्राप्त गर्न सक्ने व्यवस्था देखिएकोमा आफ्नो हेरविचार नगर्ने व्यक्तिको मन्जुरी चाहिने तर आफ्नो भाग हिस्साको सम्पत्ति आवश्यकताअनुसार भोग गर्न नपाउने गरी स्त्री अंशधनको २ नं. को व्यवस्था नदेखिएको, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ बमोजिम पनि समान अवस्थाका अंशियारमध्ये स्त्री र पुरुष अंशियारहरूबिच प्राप्त अंश वा सम्पत्तिको भोग वा हक हस्तान्तरण सम्बन्धमा भेदभावपूर्ण फरक मापदण्ड अपनाउन पाउने व्यवस्था गरेको नदेखिएको, त्यही आधारमा निवेदक लिली थापा विरूद्ध श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत भएको सम्बत २०६१ सालको विशेष रिट नं. ३४ को मुद्दामा उक्त स्त्रीअंश धनको २ नं. कानूनी व्यवस्था उक्त संविधानको धारा ८८ बमोजिम यस अदालतबाट बदर घोषित भै सकेको छ। उक्त कानून नै सिद्धान्ततः असमान र अमान्य घोषित गरी बदर गरी सकिएको अवस्थामा उपर्युक्त उल्लिखित तथ्यहरू रोहमा पुनः उक्त स्त्री अंशधनको २ नं. जगाई दातालाई नपाल्ने अंशियारकै मन्जुरीबाट मात्रै सम्पत्ति उपभोग गर्न पाउछ भन्नु कानून, न्याय र समन्यायको विषयबाट समेत मिल्ने देखिने।

(प्रकरण नं. २२)

| आदेश मितिः २०६५।८।५ | मुद्दा/रिट नं.: रिट नं. ०६३– WS–००३० | निर्णय नं. ८०३१ |
|---|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

माननीयन्यायाधीश श्री बलराम के.सी.

माननीय न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइराला

**विषयः उत्प्रेषण।**

**सपना प्रधान मल्लसमेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) ले यस संविधानद्वारा प्रदत्त मौलिकहकउपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाझिएको हुँदाको कानून वा त्यसको कुनै भाग बदर घोषित गरिपाऊँ भनी कुनै पनि नेपाली नागरिकले सर्वेच्च अदालतमा निवेदन दिन सक्नेछ र सोअनुसार कुनै कानून संविधानसँग बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य वा बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने।

(प्रकरण नं. १२)

- निवेदकले उपर्युक्त विद्यमान कानूनी व्यवस्थाले लिङ्गका आधारमा विभेद गरेको भनी जिकिर लिनुभए पनि विवाह एउटा अवस्था हो र विवाहले लैङ्गिक स्थितिलाई जनाउँदैन। विवाह नहुँदा वा नभएको अवस्थामा माइतीतर्फबाट छोरासरह सम्पत्ति प्राप्त गर्न सक्ने कुरालाई कानूनले बन्देज गरेको छैन। खाली विवाहपश्चातको अवस्थामा कानूनले विवाहित महिलाले आफ्नो पतिबाट अंश पाउने कानूनी व्यवस्था भैरहेकोमा त्यस्तो कानूनी व्यवस्थालाई विवाहित महिला र अविवाहित महिलाका बिच विभेद सिर्जना गरेको भनी मान्न मिल्ने होइन। हाम्रो सम्पत्तिसम्बन्धी कानूनले जन्म र वैवाहिक सम्बन्धलाई मान्यतासम्म दिएको तर निवेदकले भनेझैं विभेद नगरेको हुँदा मुलुकी ऐन अंशबन्डाको महलको १(क) मा भएको व्यवस्था संविधानसँग वा समानताको सिद्धान्त विपरीत रहेकोसमेत देखिन आएन।

(प्रकरण नं. १८)

- अपुताली भन्ने कुरा स्वाभाविक रूपमा नजिकको हकवालाले पाउने हुँदा ऐनमा उल्लिखित क्रमका हकवाला भएसम्म विवाहित छोरीले अपुताली नपाउने भन्ने कानूनी व्यवस्थालाई अन्यथा भन्न सकिने देखिएन। छोरीतर्फका नातिनीले मावलीतर्फका हजुरवुवा, हजुरआमाको अपुताली पाउन

अविवाहित रहनु पर्ने व्यवस्था विभेदपूर्ण नभई अवस्थाको सीमाङ्कनसम्म मात्र हो। छोरा मरी बिधवा बुहारी भएको अवस्थामा छोरासरह बुहारीले पनि अपुताली पाउने रिट निवेदकले निवेदनमा उठाएको अपुतालीसम्बन्धी विवादलाई निवेदकले भनेझैं अर्थ गर्ने हो भने अर्को विभेदकारी अवस्था सिर्जना हुन जाने देखिन्छ। अपुतालीको २ नं. मा मर्नेको छोरा नभै विधवा बुहारी मात्र भएमा छोरासरह नै बुहारीले पनि समान रूपमा अपुताली पाउने व्यवस्थाले लैङ्गिक विभेद गरेको नभै कानूनले छोरी र बुहारीबिचमा समेत समानता कायम गरेको देखिने।

(प्रकरण नं. २०)

| आदेश मितिः २०६७।५।१० | मुद्दा/रिट नं.: रि.नं. : ०६७– WS–००१० | निर्णय नं. ८४५६ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री प्रेम शर्मा
माननीय न्यायाधीश श्री भरतराज उप्रेती

**विषयः उत्प्रेषणसमेत।**

**अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- लिङ्गको आधारमा भेदभाव हुने कानूनको कानूनी हैसियत हुँदैन, त्यस्तो कानून संविधानको कसीमा वैधानिक नमानिने

(प्रकरण नं. ११)

- व्यक्तिलाई सम्पत्तिको हक प्रदान गर्ने तर कानूनले बन्देज नलगाएको कुरामा त्यस्तो सम्पत्तिको प्रयोग गर्न नदिने हो भने सम्पत्तिको हक निरर्थक हुन्छ। त्यसले महिलाको स्वाभिमान, उनीहरूको आत्मसम्मान र मर्यादाको समेत अवमूल्यन हुनजाने।

(प्रकरण नं. २६)

- आफ्नो खुसी गर्न पाउने सम्पत्तिलाई दान बकस वा बिक्री गर्न नपाउने भन्ने हुनसक्दैन। जब दान बकस बिक्री गर्न पाइन्छ भने त्यसरी दान बकस बिक्री गर्ने क्रियापछि सम्पत्तिको कारोबारको क्रिया स्वतः समाप्त हुन्छ। त्यसरी दान वा बकस वा बिक्रीपछि त्यस्तो सम्पत्तिमा अन्यथा नभएसम्म दाताको नभै प्राप्तकर्ताको अधिकार सिर्जना हुन्छ। त्यसरी अर्को पक्षको हक सिर्जना भैसकेपछि सम्पत्ति दिने महिलाले वैवाहिक सम्बन्ध कायम गर्ने भन्ने कुरा नितान्त फरक विषय हो, त्यसलाई पहिले भएको साम्पत्तिक कारोबारसँग जोडेर हेर्न नमिल्ने।
- वैवाहिक सम्बन्ध वैध (Valid) मानिएको अवस्थामा विवाहभन्दा अघिको आफ्नो सम्पत्तिको आफूखुसी कारोबारलाई अबैध मानिने कानूनी व्यवस्था कुनै पनि दृष्टिकोणबाट औचित्यपूर्ण र न्यायोचित नदेखिने।
- महिलाको साम्पत्तिक अधिकारका सम्बन्धमा व्यवस्था गर्न बनेको कानूनले महिलाको वैवाहिक सम्बन्ध कायम गर्ने अधिकारका साथै त्यस्तो सम्बन्धलाई निरन्तरता दिने अधिकारमाथि अङ्कुश लगाउन वा नियन्त्रण गर्न नसक्ने।

- एकातिर महिलाको सम्पत्तिसम्बन्धी हकलाई कुण्ठित तुल्याउने र अर्कोतिर वैवाहिक सम्बन्ध कायम गर्ने अधिकारमा समेत अवरोध सिर्जना गर्ने कानूनी व्यवस्थालाई संविधानको धारा १३ द्वारा प्रदत्त समानताको हक र धारा १९ द्वारा प्रदत्त सम्पत्तिको हक र धारा २० को महिलासम्बन्धी हक अनुकूल मान्न नसकिने।

(प्रकरण नं. ३०)

- मुलुकी ऐन, स्त्री अंशधनको ७ नं. को कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त समानताको हक एवं सम्पत्तिसम्बन्धी हक समेतसँग बाझिएको देखिएबाट उक्त कानूनी व्यवस्थालाई आजैका मितिदेखि लागु हुने गरी बदर (Prospective Overruling) हुने।

(प्रकरण नं. ३३)

| आदेश मितिः२०६९।२।१४ | मुद्दा/रिट नं.: दे.पु.नं. २०६७– CI–०९०१ | निर्णय नं. ८८२२ |
|---|---|---|

संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी

माननीय न्यायाधीश श्री प्रकाश वस्ती

**विषयः खानलाउन दिलाइपाऊँ।**

**नरबहादुर आचार्यसमेत विरुद्ध रुकमेणीदेवी शाह।**

- यसमा प्रत्यर्थी वादी र पुनरावेदक प्रतिवादीहरूबिच नाता सम्बन्ध रहेको तथ्यमा मुख मिलेकै देखिन आउँछ। पुनरावेदकहरूले प्रत्यर्थी वादीलाई खान लाउन नदिई बारम्बार कुटपिट गरी घरबाट निकाला गरेको भन्ने वादीको फिरादमा उल्लेख भएको पाइन्छ। पछिल्लो पटक वादीको शरीरमा मट्टितेल खन्याई आगोसमेत लगाइदिएकोले घरमा बस्न नसक्ने अवस्था भई बाहिरै बसी उपचारत् रहेको भन्ने वादीको दाबी साक्षीहरूको बकपत्र समेतबाट पुष्टि भएको देखिन्छ। वादीले आफ्नो शरीरमा आफैंले मट्टितेल खन्याई आगो लगाएकी हुन्, हामीहरूले त्यसो गरेको होइन भन्ने पुनरावेदक प्रतिवादीहरूको जिकिर रहेको पाइन्छ। परन्तु प्रतिवादीहरूबाट मानाचामल माग गर्नकै लागि वादीले आफ्नो शरीरमा आफैंले मट्टितेल खन्याई आफैंविरुद्ध शारीरिक हिंसा गरेको होलिन् भनी प्रतिवादीहरूको जिकिरअनुरूप विश्वास गर्न मिल्ने कुनै आधार मिसिलबाट देखिन आउँदैन। सामान्यतयाः आफ्नो घर परिवारबाट मानवीय व्यवहार पाउँदापाउँदै मानाचामल माग गरी अड्डा अदालत धाउने कुरा मुद्दा गर्नकै लागि वा पतिसमेतका आफ्नो परिवारका सदस्यहरूलाई दुःख दिने उद्देश्यबाट गरिएको होला भनी अनुमान गर्नु स्वाभाविक हुन सक्दैन। हाम्रो समाजमा विद्यमान रहेको लैङ्गिक र घरेलु हिंसाको कारणबाट खास गरी महिलाहरू र त्यसमा पनि बुहारीमाथि यस प्रकारका घटनाहरू घट्ने गरेको कुरा बराबर प्रकाशमा आउने गरेकै पाइँदा सामान्यतः वादीको दाबीलाई अस्वाभाविक भनी अन्यथा अनुमान गर्ने नमिल्ने।

(प्रकरण नं. ३)

- आफूले विवाह गरी ल्याएकी पत्नी तथा बुहारीप्रति मानवीय व्यवहार गर्नु सम्बन्धित परिवारको कानूनी र नैतिक दुवै प्रकारको दायित्व हो। यदि परिवारबाट सो दायित्व पूरा गरिदैंन र त्यस्ती महिलामाथि हिंसाजन्य व्यवहार गरी घरमा बस्न नसक्ने अवस्था सिर्जना गरिन्छ भने निश्चितरूपमा मुलुकी ऐन अंशबन्डाको १० नं. र लोग्नेस्वास्नीको ४ नं. बमोजिम खानलाउनको लागि मानाचामल भर्नुपर्ने अवस्था आउँछ। कानूनविपरीतको यस्तो अमानवीय र कठोर व्यवहार गरी

एकजना विवाहित महिलालाई घरमा बस्न नसक्ने वातावरण तयार पार्ने व्यक्ति वा परिवारले पछि आएर मानाचामल भर्न सक्ने आर्थिक हैसियत थिएन वा छैन भनी लिने जिकिर आधारहीन हुने।

(प्रकरण नं. ४)

| आदेश मितिः २०६९।२।१७ | मुद्दा/रिट नं.: संवत् २०६५– WO–०५४५ | निर्णय नं. ८९२८ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा
माननीय न्यायाधीश प्रा.डा.श्री भरतबहादुर कार्की

**विषयः परमादेश।**

**अधिवक्ता मीरा ढुंगानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- देशको कानूनी व्यवस्था महिलाको लागि अपर्याप्त रहेको भन्ने सार्वजनिक प्रकृतिको विषयमा निवेदकहरूलाई अभिरुचि र चासो हुनु अस्वाभाविक दखिँदैन। रिट निवेदनमा उठाइएको विषयमा निवेदकहरूको व्यक्तिगत एवं निजी हकहितको प्रश्न नदेखिई महिलाहरूको अंश हकको सम्पत्ति रक्षासँग लगायतका विषयसँग सम्बन्धित देखिँदा त्यस्तो विषयमा सर्वसाधारण सबैको चासो र सरोकार रहन जाने हुन्छ। सार्वजनिक सरोकार रहेको प्रस्तुत विषयको निरूपणको लागि कानून व्यवसायीको रूपमा रहेका निवेदकहरूलाई अदालत प्रवेश गर्ने हकदैया नरहेको भन्न मिलेन।

(प्रकरण नं. ४)

- नेपालको अन्तरिम संविधानले शक्तिपृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्त अङ्गीकार गरेको पाइन्छ। राज्यका अङ्गहरू जस्तैः व्यवस्थापिका, न्यायपालिका, कार्यपालिकालगायत अन्य संवैधानिक अङ्गका काम, कर्तव्य र अधिकारहरू संवैधानिक व्यवस्थाद्वारा निर्धारित गरिएका छन्। त्यसको दायरमा रही ती संस्थाहरूले कार्य गर्नुपर्ने हुन्छ। संविधानले विधायिकालाई प्रदान गरेको संवैधानिक अख्तियारीभित्र रही विधायिकाले एउटा निश्चित विद्यायिकी नीति वा सिद्धान्त बनाई त्यसलाई कार्यान्वयन गर्न कानून निर्माण गर्ने कार्य विधायिकाको क्षेत्राधिकारभित्रको विषय हो। कुन उद्देश्य प्राप्तिका लागि के कस्तो कानून बनाउने वा नबनाउने भन्ने विषय विधायिकाको एकलौटी क्षेत्राधिकार (Exclusive Jurisdiction) अन्तर्गत पर्ने कुरा हो। शक्तिपृथकीकरणको सिद्धान्तले विधायिकी दायरा (Legislative Domain) को कानून निर्माणको विषयमा सामान्यतया न्यायपालिकाले हस्तक्षेप गर्न मिल्ने हुँदैन। अर्थात् विधायिकी प्रज्ञा (Legislative Wisdom) भित्रका कानूनमा संशोधनका साथै आवश्यक नयाँ कानूनको निर्माणको विषयमा प्रभाव पार्ने गरी अदालती कारबाही उपयुक्त मानिदैन।

(प्रकरण नं. ७)

- नेपालको संवैधानिक व्यवस्थाको मर्म र उद्देश्य नेपाल सन्धि ऐन, २०४७ बमोजिम राज्यले बहन गर्नुपर्ने दायित्वसमेतलाई मध्यनजर राखी महिलाको सम्पत्तिसम्बन्धी हक संरक्षण र प्रचलनका सम्बन्धमा पारिवारिक कानूनका व्यवस्थाहरू समयसापेक्ष समायोजित हुनुपर्ने कुरामा दुईमत हुन सक्दैन। रिट निवेदनमा उठाइएका सार्वजनिक सरोकार विषयहरूमा कानून निर्माणका सम्बन्धमा विचार पुर्याउनु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

(प्रकरण नं. १०)

| आदेश मितिः २०६९।५।२१ | मुद्दा/रिट नं.: ०६८– DF–००१४ | निर्णय नं. ८९७२ |
|---|---|---|

पूर्ण इजलास
माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री कमलनारायण दास

**मुद्दा :– अंश।**

**निर्मला रोका विरुद्ध बालकृष्ण रोका।**

- अंशबन्डाको महलको १ नं. मा भएको संशोधनअनुसार यो नम्बर प्रारम्भ भएपछि अंशबन्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबुआमा, लोग्नेस्वास्नी, छोराछोरीहरूको जियजियैको अंश गर्नुपर्छ भन्ने व्यवस्था भएको पाइन्छ। उक्त कानूनी व्यवस्था संशोधन भई लागु भएपछि सुरु जिल्ला अदालतबाट मिति २०६३।१।२१ मा फैसला भएको देखिन आउँछ। वादीले प्रस्तुत फिराद मिति २०५८।१२।१५ मा दायर गरेको अवस्थामा प्रचलित अंशबन्डाको १ नं. मा भएको कानूनी व्यवस्थाबमोजिम दाबी गरेको तथा सोबमोजिम बाबु, आमा, स्वास्नी छोराहरूको जियजियैको अंश गर्नुपर्ने भन्ने व्यवस्था रहेको पाइन्छ। तर सो अंशबन्डाको १ नं. मा मिति २०५९।६।१० देखि लागु हुने गरी संशोधन भई छोरीसमेतले अंश पाउने व्यवस्था भएको देखिन्छ। वादीकी छोरी नेहा रोकाको जन्म मिति २०५५।४।१० मा भई मुद्दा दर्ता हुँदा अंश पाउने अंशियार नरहेको भए पनि मुद्दा फैसला हुँदा संशोधित कानूनबमोजिम निज अंश पाउने अंशियारको रूपमा रहेको देखिन्छ। यस स्थितिमा फिराद परिसकेपछि फैसला नहुँदै मुलुकी ऐनमा गरिएको संशोधनले छोरीलाई अंशियार कायम गरेको स्थितिलाई मुद्दा पर्दापर्दैको अवस्थामा एक अंशियारको जन्म भएसरह मान्नुपर्ने।

(प्रकरण नं. ३)

- सामान्यतयाः अदालतले वादीको दाबीमा सीमित रहेर निर्णय गर्नुपर्ने र पुनरावेदन गर्दा पनि पहिले गरिएको दाबीमा सीमित रही सुरुले गरेको तथ्यगत वा कानूनी त्रुटितर्फ पुनरावेदनमा जिकिर लिनुपर्ने हुन्छ। पुनरावेदनपत्रबाट सुरुको दाबीमा परिवर्तन, थपघट गर्न वा सुरुको दाबीभन्दा फरक वा अर्कै कुराको दाबी गर्न पाइँदैन। दाबी नै नगरिएको विषयवस्तुमा निर्णय गर्न वा माग गरेकोभन्दा बढी विषयमा अदालतले फैसला गर्न मिल्दैन भन्ने फैसलाको सामान्य नियम हो। तर अंश जस्तो नैसर्गिक अधिकारको विषयमा वादीले दाबी गरेको अवस्थामा कायम रहेको

अंशियारको सङ्ख्या पछि फैसला हुँदाको अवस्थामा घटी वा बढी हुन गएमा प्रमाणको आधारमा अंशियारहरूको वास्तविक सङ्ख्याबमोजिम निर्णय दिनुपर्ने विशेष अवस्था हुन जाने।

- एउटा बाबुबाट जन्मेको सन्तानले वा कुनै अंशियारले तत्काल कायम रहेको अंशियारको सङ्ख्याको आधारमा अंश मुद्दा दिए पनि मुद्दा चल्दाचल्दै अर्को सन्तानको जायजन्म भई अंशियारको सङ्ख्या बढ्न गयो वा कुनै अंशियारको मृत्यु भई कुल अंशियारको सङ्ख्या घट्न गएको अवस्था देखियो भने फैसला हुँदाको अवस्थामा कायम रहेको कुल अंशियारको सङ्ख्या यकिन गरी सो कायम रहेको अंशियारबिच बन्डा गर्ने गरी अंशसम्बन्धी कानूनको आशय र न्यायको अपेक्षा हुने।

(प्रकरण नं. ५)

- अंश मुद्दा चल्दाचल्दैको अवस्थामा कुनै अंशियार वा सम्पत्ति थपघट भयो भने सोहीअनुरूप सम्पत्ति बन्डा गर्ने हाम्रो न्यायिक परम्परा रही आएको छ। यस स्थितिमा कानूनले कुनै व्यक्तिलाई पैतृक सम्पत्तिमा अन्य अंशियारसरह अधिकार प्रदान गर्ने व्यवस्था गऱ्यो भने जुन दिनबाट कानूनले त्यस्तो व्यवस्था गर्दछ सोही दिनबाट नयाँ अंशियारको जन्म भएसरह मान्नुपर्ने हुन्छ। अदालतबाट अंशबन्डाको फैसला भैसकेपछि कार्यान्वयन गर्ने चरणमा समेत फैसला भएको सम्पत्तिमा घटबढ भएको देखिन आएमा अंशियार सङ्ख्या र बन्डा लाग्ने सम्पत्ति यकिन गरी कानूनको रीत पुऱ्याई अंशबन्डा गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको।

(प्रकरण नं. ६)

- फैसला भैसकेपछि कार्यान्वयन नभएसम्मको चरणमा अंशियारहरूको सङ्ख्या थपघट भएमा पुनः मुद्दा गर्नु नपर्ने र सोही फैसला भैसकेको मिसिलबाटै अंशियारको वास्तविक सङ्ख्या यकिन गरी कार्यान्वयन गर्न सकिने कानूनी व्यवस्था रहेको अवस्थामा अंश मुद्दा परी त्यसको अन्तिम फैसला नहुँदैको अवस्थामा फिराद पत्रमा उल्लिखित अंशियार सङ्ख्यामा थपघट भएको स्थितिमा तत्काल कायम रहेको अंशियारहरूका बिच अंशबन्डा गर्नु प्रचलित कानून र न्यायको मान्य सिद्धान्त रही आएको छ। यदि अंशहक जस्तो नैसर्गिक हकका सम्बन्धमा प्रचलित कानूनको सङ्कुचित व्याख्या गरी मुद्दा चल्दाचल्दैको अवस्थामा थपिएका अंशियारले अंश नपाउने व्याख्या गर्ने हो भने छोरीले अंश पाउनुपर्ने भन्ने संशोधित कानूनको विपरीत हुन गई पक्षले न्याय पाउन सक्ने अवस्था नरहने।

(प्रकरण नं. ८)

| फैसला/आदेश मितिः२०७५।०२।०६ | मुद्दा/रिट नं.: ०७३-CI-०३९२ | निर्णय नं.: १०२८३ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.
माननीय न्यायाधीश श्री दीपककुमार कार्की

**विषयः मोही नामसारी।**

**रामचन्द्र सहनी विरुद्ध झलिया देवी मल्लाहिन।**

- प्रस्तुत मुद्दामा मोही मखन सहनीको एकमात्र छोरा सरूप सहनी र निजको एक मात्र श्रीमति वादी झलिया देवी रहेको अवस्थामा एकमात्र कानूनबमोजिमको हकवाला व्यक्ति बुहारी भएकोले जग्गाधनीले मोही पत्याउन इन्कार गर्ने हक रहेको देखिदैन। मोही नामसारी गर्ने हदम्यादको व्यवस्था भूमिसम्बन्धी ऐनमा रहे भएको नदेखिँदा नामसारी नगराएकै कारणले निजको हक स्थापित भएको छैन भन्नु न्याय संगत नहुने।

| फैसला/आदेश मितिः२०७५।३।१३ | मुद्दा/रिट नं.: ०६९-WO-०२४९ |
|---|---|

सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दीपकराज जोशी

माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र

माननीय न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.

माननीय न्यायाधीश श्री दीपककुमार कार्की

माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे

**विषयः परमादेश।**

**अधिवक्ता सुष्मा गौतमसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- विधायिकी कानूनले मोहीको एकासगोलको सदस्यमा मात्र मोही हक सर्ने सगोलमा नरहेको अन्य हकदारमा सर्न नसक्ने भनी व्यवस्था गर्नुको खास उद्देश्य रहेको हुन्छ। मोही हक पैत्रिक सम्पत्तिमा प्राप्त हुने अंश जस्तो निःसर्त हक होइन। मोहीले कसैको जग्गा कमाई जग्गाको उत्पादनशीलता बढाई जग्गाको उपादेयता कायम राखेको कारण जग्गाधनीले मोही पत्याई जग्गा कमाउन दिने गर्दछ। त्यसै कारण दफा २६(१) ले भइरहेको मोहीको मृत्यु भई मोही हक कसलाई दिने भन्ने अवस्था आउँदा मोहीको एकासगोलको कुन सदस्यले आफ्नो जग्गाको हेरविचार, संरक्षण र खनजोत गरी जमिनको उत्पादकत्व वृद्धि गर्न सक्तछ भन्ने कुरा विचार गरी आफूलाई विश्वास लागेको र पत्यार लागेको सदस्यलाई मोही पत्याई मोही कायम गर्ने अधिकार जग्गाधनीलाई रहेको देखिन्छ। यसरी मोही हक जग्गाधनी र जग्गा कमाउने वा खेती गर्ने किसानबिच आफ्नो विश्वासका आधारमा मात्रै सिर्जना हुने विशेष प्रकृतिको हक भएकोले मोहीका अंशियार सदस्यहरूले मोही हकलाई पैत्रिक सम्पत्तिसरह निःसर्त र निरपेक्ष रूपमा दाबी गर्न मिल्ने देखिँदैन। वस्तुतः मोहियानी हक मोही र जग्गाधनी बिचको कानूनी सम्बन्धबाट सिर्जना हुने विषय भएको हुँदा मोहीको एकासगोलमा रहेका व्यक्तिमध्ये मोहियानी हक प्राप्त गर्न सक्ने व्यक्तिको चयन गर्ने अधिकार जग्गाधनीलाई प्रदान गरिएको देखिन्छ। जग्गाधनीले पत्याएको अवस्थामा मात्र दफा २६(१) भित्रपर्ने जोसुकैले पनि मोहियानी हक प्राप्त गर्न सक्ने।

(प्रकरण नं. ७)

| फैसला/आदेश मितिः२०७५।९।२५ | मुद्दा/रिट नं.: ०७२-WC-००१७ |
| --- | --- |

संवैधानिक इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.

माननीय न्यायाधीश श्री दीपककुमार कार्की

माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे

माननीय न्यायाधीश श्री मीरा खडका

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की

**विषयः उत्प्रेषण।**

**अधिवक्ता तेजबहादुर कटुवाल विरुद्ध राष्ट्रपतिको कार्यालय शीतलनिवाससमेत।**

- संविधान र कानूनले महिलालाई पनि सम्पत्तिको मालिक बनाउने उद्देश्य र नीतिका साथ संवैधानिक र कानूनी व्यवस्था गरेको भन्ने कुरामा दुई मत हुन सक्दैन। महिलाको सम्पत्तिमाथिको स्वामित्वले महिलालाई सम्पत्तिको मालिक मात्र स्वीकार नगरी यस व्यवस्थाले महिलाले सम्पत्ति प्राप्त गर्ने, उपभोग गर्ने, भोग गर्ने, हस्तान्तरण गर्ने, परित्याग गर्ने लगायतका सम्पत्तिको विधिशास्त्रीय अवधारणा अन्तर्गतका सबै अधिकारको अधिकतम उपभोग गर्ने अधिकार तथा सुविधाहरू स्वतः सृजना गरेको हुन्छ। महिलालाई कानूनबमोजिम प्राप्त भएको सम्पत्ति के कुन रूपमा कसरी उपभोग गर्ने र कसलाई हस्तान्तरण गर्ने भन्ने सम्पूर्ण अधिकार महिला स्वयम्लाई मात्र प्राप्त हुने विषय हो। महिलाले प्राप्त गर्ने सम्पत्ति महिलाले के गर्छिन् वा गर्दिनन् भन्ने जस्ता काल्पनिक प्रश्न बनाई संविधानले लक्षित गरेको लैङ्गिक समानताको सिद्धान्तलाई आत्मसात गरी आएको व्यवस्थालाई अन्यथा भन्न मिल्ने देखिँदैन। विवाहले महिलाको सामाजिक तथा पारिवारिक अवस्था एवम् हैसियत परिवर्तनसम्म हुने हो। उक्त अवस्था र हैसियतको परिवर्तनले सम्पत्तिको अधिकारमाथिको हकलाई पनि परिवर्तन गरेको अर्थमा बुझ्न हुँदैन र अदालतले त्यस्तो अर्थ लगाई व्याख्या पनि गर्नु हुँदैन। मूल रूपमा पैत्रिक सम्पत्तिमाथि छोरा र छोरीको समानरूपमा हक हुन्छ भन्ने कुरासम्म संविधान र कानूनको सरोकारको विषय हो र सो अधिकारको प्राप्तिपश्चात् त्यस सम्पत्तिको कानूनबमोजिमको उपभोगको तौर तरिकाहरू व्यक्तिले निर्धारण गर्ने नभई, संविधान तथा कानूनबाट तय हुने।

(प्रकरण नं. ९)

- मूलतः विधायिकाले कुनै खास उद्देश्य पूरा गर्नका लागि कानूनी उपायद्वारा कुनै व्यवस्था वा प्रबन्ध गर्दछ र त्यस्तो व्यवस्थाको प्राकृतिक न्याय, समानता, समन्याय एवम् न्यायका मान्य सिद्धान्त विपरीत नरहेसम्म अदालतले आफ्नो असाधारण अधिकार प्रयोग गरी हस्तक्षेप गर्न वाञ्छनीय हुँदैन। प्रस्तुत निवेदकले चुनौती दिएका व्यवस्थाहरू संविधानले स्थापित गरेका मूल्य मान्यता एवम् न्यायका मान्य सिद्धान्त विपरीत रहेको भन्ने कुरा रिट निवेदनमा वस्तुनिष्ठ रूपमा पुष्टी गर्न सकेको पनि पाइँदैन। उल्लिखित अवस्थामा विधायिकाद्वारा बनाइएको उक्त कानूनलाई न्यायिक पुनरावलोकनको रोहमा परीक्षण गरी अन्यथा भन्नुपर्ने अवस्था नहुने।

(प्रकरण नं. १०)

| फैसला/आदेश मितिः२०७६।०३।२२ | मुद्दा/रिट नं.: ०७५-WO-०८७७ |
| --- | --- |

संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

**विषयः उत्प्रेषण, परमादेशसमेत।**

**श्रीमती सुकुम थापासमेत विरुद्ध पिताम्बर थापासमेत।**

- महिला र पुरुषबिच वैवाहिक स्थितिको आधारमा हुने फरक व्यवहार, बहिष्करण वा प्रतिबन्ध लगाई अधिकारलाई शून्यतामा पुऱ्याउनु वा क्षति पुऱ्याउनुलाई पनि उक्त धाराले विभेद मानेको देखिने।

(प्रकरण नं. १८)

- महिला भएकै आधारमा या त विवाह रोज या पैतृक सम्पत्ति प्राप्त गर भन्नु महिला विरुद्धको भेदभाव हुन जाने देखिन्छ। महिलाको पहिचान र पैतृक सम्पत्तिमा साम्पत्तिक अधिकार विवाह भएको आधारमा निर्धारण हुने होइन। पैतृक सम्पत्तिमाथिको अधिकार गर्भबाटै सिर्जना भई जन्मेपछि प्राप्त हुने अधिकार हो। वैवाहिक स्थितिको आधारमा छोरा र छोरीलाई फरक व्यवहार गर्नु भेदभावकै स्वरूप हो। फरक व्यवहार गर्नाले महिलाको सम्पत्ति प्राप्तिमा प्रतिबन्ध लाग्न सक्दछ र पैतृक सम्पत्तिमाथिको अधिकारबाट समेत छोरीहरू बहिष्करणमा पर्न सक्ने

(प्रकरण नं. २०)

| आदेश मिति : २०७६।०९।०३ | मुद्दा/निवेदन नं. ०७३-NF-००३२ |
|---|---|

पूर्ण इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना

माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल

**विषयः अपुताली हक कायम**

**नारायण प्रसाद थारु विरुद्ध हरेन्द्रकुमार चौधरी ।**

- कानूनमा नै अंशवण्डा र अपुताली सम्बन्धी छुट्टै महल तथा हकवालाको क्रम नै छुट्टै व्यवस्था भएको अवस्थामा अंश र अपुताली एउटै हो भनी मान्न सकिने देखिदैन। अंश हकमा नातालाई हेरिन्छ भने अपुतालीमा नातावाला नै हुनुपर्छ भन्ने छैन। स्याहार संभार गर्ने व्यक्तिले पनि अपुताली पाउन सक्दछ वा कानूनले कायम गरेको मर्नेको हकवालाले पनि अपुताली प्राप्त गर्न सक्दछ।तर हकवालाको क्रम भित्र पनि को नजिकको हो भन्ने क्रम कायम गर्दा रगतको नाता नै नजिकको हकवाला हुने ठहर्छ।यस भित्र आफ्नो रगतको गर्भको सन्तान हुँदा हुँदै सौतेनी सन्तान नजिकको हकवाला कायम हुन नसक्ने।

(प्रकरण नं २३)

- संयुक्त नाममा सम्पत्ति राख्नुको अर्थ आफ्नो हक अर्का संयुक्त नामवालालाई समर्पण गर्न वा हस्तान्तरण गर्नु हो भनी मान्न नमिल्ने।

(प्रकरण नं २६)

- विवाहित हुँदैमा छोरीलाई अपुतालीको क्रमबाट वेदखल गर्ने हो भने आफ्नै सन्तान पनि विवाहित छोरी हुँदैमा आमाको अपुतालीबाट बहिष्करणको स्थिति आई विभेदित हुने अवस्था आउँदछ ।नेपालको संविधान र कानूनले विवाहको आधारमा गरिने भेदभावलाई पूर्णरुपमा निषेध गरेको छ। कानूनले नै मुलुकी ऐन अपुतालीको महलको २ नं. मा मर्नेको भन्ने शब्द प्रयोग गरेको अवस्थामा आफ्नो तर्फबाट छोरा नभएको अवस्थामा सौतेनी सन्तानबाट जन्मेको छोरा भन्दा आफ्नो गर्भबाट जन्मेको विवाहित छोरी नै नजिकको नातेदार मान्नु पर्ने देखिन्छ । छोरी विवाहित हुँदैमा सौतेनी छोरा अपुतालीको निमित्त नजिकको हकवाला हुने भनी मान्न नमिल्ने।

(प्रकरण नं २६)

# भाग-३

# प्रजनन स्वास्थ्यको अधिकार

| आदेश मितिः २०५५।२।२५ | मुद्दा/रिट नं.: संवत् २०५३ सालको रिट नं. २१८७ | निर्णय नं. ६५८८ |
|---|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री अरविन्दनाथ आचार्य

माननीय न्यायाधीश श्री राजेन्द्रराज नाख्वा

**विषय : उत्प्रेषण।**

**अन्नपूर्ण राणा विरुद्ध गोरख शम्शेर ज.ब.रा. समेत।**

- जुन माना चामल मुद्दामा यी निवेदिका सो मुद्दाको वादी अन्नपूर्ण राणाको योनि तथा पाठेघर जचाइयोस् भनी माग गरिएको छ सो मुद्दामा प्रतिउत्तरपत्रमा नै प्रतिवादीले वादी अन्नपूर्ण राणाको भारत नैनिताल मुलुकमा आर.यस. तडागीसँग विवाह भएको र निजको एक दुहीलक्ष्मी सिं तडागी नामको छोरी जन्मिएको भनी लोग्ने तथा बच्चीको नाम र बच्चा जन्मिएको जि.विरुद्ध पन्थ नैनिताल अस्पतालको रेकर्डसमेत उल्लेख गरेको देखिन आउँछ। यस प्रकार जब यी निवेदिका अन्नपूर्ण राणाको खास व्यक्तिसँग विवाह भइसकेको छ भनी लोग्नेको नाम तथा बच्चाको नामसमेतको विवरण उल्लेख गरिएको छ भने अब सोही अन्नपूर्ण राणाको योनि तथा पाठेघर आदि जाँच गराई यकिन गराइरहन पर्ने प्रयोजन नै के रहन सक्छ र यस्तो कुमारित्वको जाँच (Virginity Test) को आवश्यकता नै किन पर्ने भन्ने प्रश्न तत्काल सहजै उठ्छ र जब उक्त विवाह एवं सन्तान जन्माएको प्रमाण नै यथेश्ठ हुन सक्छ भने सोही प्रमाणको विश्लेषण एवं मूल्याङ्कनले नै प्राथमिकता पाउन सक्ने स्पष्ट देखिन्छ। यस्तो अवस्थामा गौण रूपमा देखिन आउने कुमारित्व जाँच (Virginity Test) को प्रमाण बुझ्नको लागि अदालतले किन समय नष्ट गर्ने भनी त्यसतर्फ पनि सोच विचार, पुऱ्याउनु पर्ने।

(प्रकरण नं. १४)

- कुनै पनि महिलाको योनि तथा पाठेघर जाँचबाट सो महिला विवाहित नै हुन् भनी ठोकुवा गर्न मिल्ने पनि होइन। कुमारित्व (Virginity) कायम रहेको नदेखिनु तथा विवाहित देखिनु दुई अलग अलग अवस्था हो। कानूनी दृष्टिबाट पनि त्यही हो। कुमारित्व भङ्ग भएको हुँदैमा विवाहित नै हो भनी अनुमान गर्न सकिँदैन। जब उमेरअनुसार कुनै महिलाको कुनै पुरुषसँग कतै कुनै पनि बेला यौन सम्पर्क (Sex) रहन सक्छ। हाल यो सामान्य कुरा भई सकेको छ। जब त्यसरी यौन

सम्पर्क रहन सक्छ भने त्यसबाट चाहेर वा नचाहेर पनि गर्भ रही बच्चा जन्मन सक्छ। त्यो पनि स्वाभाविकै हुन्छ। यस्तो स्थितिमा उक्त कुमारित्वको परीक्षण (Virginity Test) बाट सार्थक के परिणाम आउन सक्छ त्यो नै मुख्य विचारणीय पक्ष देखिन आउँछ। योनि तथा पाठेघरको परीक्षण पनि प्रमाण ऐन, २०३१ को दफा ३ ले सम्बद्ध प्रमाण नै हुन्छ। तर कुनै प्रमाण बुझ्दा तत्काल नैतिक मान्यतामा समेत खलल पुग्न जाने अवस्थाको छ भने त्यस्तो प्रमाण बुझ्दा तत्काल बुझिरहन श्रेयकर नहुने स्पष्ट छ। बदलिँदो सामाजिक परिवेशलाई हेर्ने हो भने पनि कुमारित्व कायम राख्ने वा स्वच्छन्द भएर आफूले मन पराएको मानिससँग यौन सम्पर्क राख्दै जाने भन्ने कुरा सम्बन्धित व्यक्तिको आफ्नो निजी आचरण (Private affair) को कुरा हो। कसैले खुलस्त भएर त्यस्तो आचरण गरी हिँड्छन् भने कसैले लुकिछिपी अर्थात् गोप्य रूपमा त्यस्तो आचरण गर्दै जाने पनि हुन सक्छ। त्यस्तो यौन सम्पर्क (Sex) भएको हुँदैमा महिलाको कानूनी स्थितिमा खास परिवर्तन हुन सक्दैन। कसै कसैले पहिले यौन सम्पर्क राखी त्यसबाट त्यसबाट बच्चासमेत जन्मिएपछि मात्र विधिवत् रूपमा लोग्ने स्वास्नीको सम्बन्धमा जोड्न सक्छन्। अझ यसभन्दा अगाडि बढेर भन्ने हो भने पनि यौन सम्पर्क तथा अन्य यावत् दृष्टिबाट लोग्ने स्वास्नी जस्तो गरी बसे हिँडेडुलेको देखिने भए पनि विवाहको सूत्र नजोडी परस्पर स्वतन्त्र (Independent) भएर वर्षौंसम्म सँगै बसी आउन नसक्ने अवस्था पनि देखिँदैन। यस्तोलाई पनि समाजले मान्यता दिँदै जाने पनि स्थिति छ भने कुनै पनि केटीले आफू Girl Friend भई कुन केटा साथी Boy friend बनाएर सबै सन्तुष्टि लिएर हिँडडुल गर्न सक्छे भने त्यस्तो भएको हुँदैमा कुनै एक केटी र कुनै एक केटाको विवाह नै भयो भनेर मान्न सकिँदैन। त्यसमा पनि हाम्रो सामाजिक परिपाटीअनुसार अभिभावक वा आमाबाबुबाट विधिवत् रूपमा विवाह गरिदिएको अवस्था छैन भने केटीले आफुखुसी कतै कसैसँग यौन सम्पर्क राख्न पुगी र त्यसबाट बच्चा पैदा भयो भन्दैमा त्यो केटीले त्यो केटासँग विवाह गरेको हो भनी स्वतः भन्न मिल्ने होइन। वास्तवमा परम्परागत रूपमा वा विधि विधान केही नगरी सामान्य ढङ्गबाट विवाह भएको वा कानूनबमोजिम दर्ता गरी विवाह भएको हो भन्ने तथ्ययुक्त आधार प्रमाणबेगर कुनै महिलाको कुनै पुरुषसँग विवाह भइसकेको हो भनी निक्र्यौल गर्न उपयुक्त सन्दर्भमा मिल्ने देखिन आउँदैन। अहिलेको समाजमा (Modern society) हरेक क्षेत्रमा आधुनिकतातिर बढी रहेको र अहिलेको यो समाजमा व्यक्तिगत स्वतन्त्रता (Personal Liberty) मा जोड दिने हुँदा यस्तो प्रकारको विवाहपूर्वको यौन सम्पर्ककै आधारबाट मात्र वैवाहिक स्थिति कायम हुन सक्दैन र यस्तो भएकोले मात्र कुनै केटीको सम्बन्धमा आमाबाबुको दायित्व समाप्त नै भयो भनी मान्न मिल्ने स्थिति पनि देखिन आउँदैन। अर्कोतर्फ विवाह नभइकन पनि यौन सम्पर्क तथा बच्चा हुन सक्ने

वास्तविकतासमेतलाई लिएर नै मुलुकी ऐन अंशबन्डाको ७ नं. मा कुनै खास लोग्ने नतुल्याई बसेकी स्वास्नीबाट जन्मेको सन्तानले बाबुको ठेगाना नलागेमा आमाको सम्पत्तिमा मात्र अंश पाउँछन् भन्ने व्यवस्था भएको हुनुपर्छ र विवाह नहुँदै कन्याबाट जन्मेका सन्तानको वैधता वा पितृत्वको प्रश्न उठ्न सक्ने हुन्छ। तर त्यस्तो Legitimecy of chlid को प्रश्नका सम्बन्धमा छुट्टै प्रक्रिया र आधार कायम हुन सक्ने हुदा यहाँ अरू विवेचना गरिरहन नपर्ने।

(प्रकरण नं. १५)

- धारा २२ को गोपनीयताको हकको व्यवस्थाबाट व्यक्तिको निजी जिउ अङ्गको गोपनीयतामा अतिक्रमण गर्न नपाइने गरी गोपनीयताको हकको (Right to privacy) स्पष्ट व्यवस्था भएबाट अदालतकै आदेश भए पनि यदि शरीरको त्यस्तो गोप्य अङ्ग निजको मन्जुरीबेगर जाँच गर्न लगाइन्छ भने त्यसबाट व्यक्तिको सो गोपनीयताको हकबाट निजलाई बञ्चित गर्नुसरह नै हुने स्पष्ट देखिन आउँछ। सो व्यक्तिका लागि अदालतले जाँच गराउनु र अरू कसैबाट अतिक्रमण गर्नुमा सही मानेमा कुनै खास अन्तर हुन पनि सक्दैन। यसर्थ निवेदिका अन्नपूर्ण राणाको योनि तथा पाठेघरको गाइनोक्लोजिष्टबाट परीक्षण गराउने भनी भएको आदेश नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २२ द्वारा प्रदत्त गोपनीयताको अनतिक्रम्य हकको उपेक्षा गरेसरह भई सोको विपरीत हुन जाने।

(प्रकरण नं. १८)

| आदेश मितिः २०६०।५।२५ | मुद्दा/रिट नं.: संवत् २०५९ सालको रि.नं. ८८ | निर्णय नं. ७२६८ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री कृष्णकुमार वर्मा
माननीय न्यायाधीश श्री हरिश्चन्द्रप्रसाद उपाध्याय
माननीय न्यायाधीश श्री खिलराज रेग्मी

**विषयः संविधानको धारा ८८(१) र (२) बमोजिमपरमादेश लगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरिपाऊँ।**

**अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध श्री ५ को सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सिंहदरबारसमेत।**

- मातृत्व संरक्षण एवं शिशु स्वास्थ्यको विषय मानव समाजकै पूर्ण सरोकार र सम्बन्धको विषय भै निवेदकहरूको स्वतः प्रस्तुत विषयसँग सार्थक सरोकार रहेको अवस्था हुँदा र विपक्षीहरूका तर्फबाट यस सम्बन्धमा विशेष रूपमा प्रश्न उठाइएको नपाइँदा पनि निवेदकको हकदैया सम्बन्धमा अरू विचार गरी रहन नपर्ने।
- बिदा बस्नुपर्ने अवस्था भएमा रोजगारदाता समक्ष लिखित वा मौखिक रूपमा अनुरोध गर्न सकिने र रोजगारदाताबाट पनि अवस्था र परिस्थिति हेरी स्वीकृत वा अस्वीकृत गर्न सकिने हुन्छ। यसको प्रकृति कानूनी अधिकार (statutory right) जस्तो नभई करारीय (contractual) जस्तो भएकाले आफ्नो अधिकार हो भनि दाबी गर्न नसकिने।
- ऐन नियमहरूमा रहेको प्रावधानलाई विद्वान् अधिवक्ताहरूले आफ्नो रिट निवेदन तथा वहसको क्रममा समेत उपयुक्त रूपमा खण्डन गर्न सक्नुभएको छैन र उक्त प्रावधान संविधानसँग बाझिएको भन्ने जिकिर लिनु रभएको पनि देखिदैन। केवल बिदासम्बन्धी प्रावधानहरू असमान भएकोले संविधान विपरीत हुदा बदर घोषित गर्न माग गरिएको छ। बिदा अधिकारको कुरा होइन, सहुलियत मात्र हो भन्ने मान्यता कानूनी रूपबाट समेत स्थापित भै आएको परिप्रेक्ष्यमा यसलाई राज्यले आफ्ना नागरिकहरूको लागि प्रदान गरेको संविधान प्रदत्त हक अधिकारसँग दाँजेर हेर्न नमिल्ने।
- महिला कामदार तथा कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघि र पछि गरी लिन पाउने प्रसूति बिदा पनि बिदाको नै एक प्रकार भएको सन्दर्भमा उपर्युक्त विवेचनाको आधारमा प्रसूति

बिदा संविधान प्रदत्त हक, अधिकारको विषय नभएकोले सो बिदा सम्बन्धी कानूनी व्यवस्थाहरू नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ मा उल्लिखित समानताको हक विपरीत रहेको भनि अर्थ गर्न नमिल्ने हुँदा निवेदन जिकिर बमोजिम प्रसूति बिदा सम्बन्धी असमान कानूनी व्यवस्थाहरूलाई अमान्य या बदर घोषित गरी पाउं भन्ने निवेदन जिकिर पुग्न नसक्ने।

- बिदा सेवाको सर्तको रूपमा रहेको र करारीय प्रकृतिको भएकोले संसदबाट ऐन पारित गरेर कानूनी अधिकार (statutory right) को रूपमा प्रत्याभूति दिनै पर्ने भन्न मिल्दैन। प्रसूति बिदा पनि एक प्रकारको बिदा नै भएको कारणबाट यसलाई बाध्यात्मक रूपमा बिदा दिनै पर्ने गरी बिधायिकी संरक्षण दिइनुपर्छ भन्नु बिदा अधिकारको कुरा होइन, सहुलियत मात्र हो भन्ने स्थापित कानूनी मान्यता तथा सिद्धान्त अनुकूल नदेखिनुका साथै विधायिकी संरक्षणले मात्रै सहुलियतको कुरा हकको रूपमा रुपान्तरण पनि नहुने।
- अदालतको न्यायाधीशको पारिश्रमिक, भत्ता, बिदा, निवृत्तिभरण, उपदान तथा अन्य सुविधा र सेवाका अन्य सर्तहरू कानूनद्वारा तोकिएबमोजिम हुनेछन् भनी उल्लेख भएको देखिएकाले यस सम्बन्धमा संसदले ऐन बनाउनै पर्ने बाध्यात्मक संवैधानिक व्यवस्था हुँदा अरू विचार गरिरहन पर्ने अवस्था नरहने।
- नवजात शिशुको हेरचाहका लागि आमाको मुख्य भूमिका रहने र स्तनपान गर्न पाउने शिशुको अधिकार भएको तथ्यलाई मध्यनजर गर्दा त्यस बखत महिलालाई फुर्सदको समयको आवश्यकता पर्ने कुरालाई नकार्न नमिल्ने।
- महिलाहरूलाई गर्भावस्थादेखि लिएर सुत्केरी भैसकेको निश्चित समयसम्म विशेष सुरक्षित वातावरणको आवश्यकता पर्ने हुँदा उनीहरूको पोषण, स्याहार, सम्भार तथा स्वास्थ्यको विशेष व्यवस्था गर्नु राज्यको दायित्वभित्र पर्ने।
- सम्पूर्ण महिला कामदारले मातृत्व संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अभिसन्धि, २००० ले व्यवस्था गरेबमोजिम १४ हप्ताको प्रसूति बिदा समान रूपले प्राप्त गर्ने गरी व्यवस्था गर्नु भन्ने परमादेश जारी गरी पाउँ भन्ने निवेदन जिकिरको सन्दर्भमा उक्त अभिसन्धिको व्यवस्था नेपाल संन्धि ऐन, २०४८ ले नेपाल कानूनसरह वाध्यात्मक रूपले लागु हुने भनी स्पष्ट रूपमा निवेदकले जिकिर लिन नसकेको अवस्थामा परमादेशको आदेश जारी हुने अवस्था र स्थिति स्वतः देखिन नआउने।
- शिशु स्वास्थ्य मातृत्व संरक्षणसम्बन्धी कानूनी व्यवस्थाको परिप्रेक्ष्य र मातृत्व संरक्षण सम्बन्धमा प्रसूति बिदालगायतका अन्तर्राष्ट्रिय अभिसन्धिहरू समेतलाई विचार गरी उपयुक्त मापदण्ड बनाई सोका आधारमा महिला कामदार कर्मचारीहरूका हकमा तोकिएभन्दा कम गर्न नपाइने गरी

न्यूनतम प्रसूति बिदाको अवधि निर्धारण गरी तोकी मातृत्व संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनी श्री ५ को सरकारका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

(प्रकरण नं. १७ देखि २४)

| आदेश मितिः २०६१।११।१३ | मुद्दा/रिट नं.: संवत् २०६१ सालको रिट नं. ५२ | निर्णय नं. ७४७८ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री भैरवप्रसाद लम्साल
माननीय न्यायाधीश श्री दिलीपकुमार पौडेल
माननीय न्यायाधीश श्री बलराम के.सी.

**विषयः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) र ८८(२) बमोजिम संविधानसँग बाझिएको कानूनको प्रावधान अमान्य र बदर घोषित गरिपाऊँ।**

**अधिवक्ता सपनाप्रधान मल्लसमेत विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- एउटै कसुरमा कसुर गर्ने र गराउन दुरुत्साहन गर्नेलाई फरकफरक सजायको व्यवस्था कुनै पनि आधारमा औचित्यपूर्ण र विवेकसम्मत नदेखिने।

(प्रकरण नं. १९)

- ज्यानसम्बन्धीको २८ नं. विशुद्ध गर्भवती महिलालाई सजाय गर्ने व्यवस्था हो भने २८क र ३२ नं. महिला वा पुरुष जोकोहीलाई पनि लागु हुने सजायको व्यवस्था हो। त्यसैले यसलाई लैङ्गिक दृष्टिले भेदभावपूर्ण भन्न मिल्ने अवस्था छैन तर त्यही गर्भपतनको अपराधमा गर्भवती महिलालाई बढी सजाय र सो कार्य गर्न दुरुत्साहन गर्ने अन्य पुरुष वा महिलालाई कम सजाय हुने व्यवस्था भेदभावपूर्ण देखिने।
- अपराधको गम्भीरतअनुसार गर्भवती महिला बाहेकका अन्य कसुरदारलाई तोकिएको सजाय कम नै देखिन्छ। त्यसलाई गर्भवती महिलालाई हुने सजासरह नै कायम गर्न उपयुक्त र विवेकसम्मत देखिने।

(प्रकरण नं. २२)

- २८ नं. मा भएको सजायसम्बन्धी व्यवस्था सापेक्षितरूपमा उपयुक्त नै हुँदा सो व्यवस्थासँग सामाञ्जस्य हुने गरी २८क र ३२ नं. को कानूनी व्यवस्थालाई आवश्यक संशोधन गर्नु वा गर्भपतन सम्बन्धी अपराधमा सजायसम्बन्धी उपयुक्त कानूनी व्यवस्था गर्नु भनी विपक्षी मन्त्रिपरिषद् तथा प्रधानमन्त्रीको कार्यालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

(प्रकरण नं. २३)

| फैसला/आदेश मितिः२०६२।०२।०४ | मुद्दा/रिट नं.: २०६१ सालको रिट नं. ३२५० |
|---|---|

संयुक्त इजलाश

माननीय न्यायाधीश श्री रामनगिना सिंह

माननीय न्यायाधीश श्री राजेन्द्रकुमार भण्डारी

**विषयः परमादेश।**

**अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- शिशु स्याहार तथा स्तनपानसम्बन्धी यी विशेष व्यवस्थाहरू महिला कामदारको मातृत्वको अधिकार, आमाको कामको अधिकार एवं महिला कामदारको बालबालिकाको पर्याप्त पोषण एवं स्वास्थ्यको अधिकार जस्ता महत्त्वपूर्ण अधिकारहरूसँग अन्योन्याश्रित सम्बन्ध रहेको र उपर्युक्त कानूनी व्यवस्था कार्यान्वयन गर्ने गराउने सम्बन्धमा श्री ५ को सरकारको प्रमुख दायित्व रहेको कुरालाई नकार्न सकिँदैन।
- श्रम ऐन, २०४८ को दफा ४२ मा भएको उपर्युक्त कानूनी व्यवस्था प्रत्यक्ष रूपमा बालबालिकाको पोषण र स्वास्थ्य र बालबालिकाको अधिकारसँग गाँसिएको कारणले गर्दा कानूनमा भएको उक्त व्यवस्था कार्यान्वयन नभै निष्क्रिय कानूनी व्यवस्थाको रूपमा रही रहँदा कानून कै उपहास हुने जाने कुरामा दुईमत हुँदैन। तसर्थ, श्रम ऐन, २०४८ को दफा ४२ मा भएको कानूनी व्यवस्था लागु हुने प्रतिष्ठानहरूको सङ्ख्या निश्चित गरी स्रोत र साधनले भ्याएसम्म कार्यान्वयन गर्नतर्फ श्री ५ को सरकारको ध्यानकर्षण गराउने आदेशसम्म जारी गरिएको।

| फैसला/आदेश मितिः२०६२। ९।१४ | मुद्दा/रिट नं.: २०६१ सालको रिट नं. ६३ |
|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री शारदा श्रेष्ठ
माननीय न्यायाधीश श्री बलराम के.सी.

**विषयः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) अनुसार संविधानसँग बाझिएको कानून अमान्य घोषित गरिपाऊँ।**

**अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध श्री ५ को सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।**

- निगममा कार्यरत महिला कर्मचारीहरूबिच वैवाहिक हैसियतको आधारमा भेदभावपूर्ण व्यवहार गर्ने विनियम ११५ को संशोधनबाट नै निवेदकको माग पूरा हुने अवस्था देखिन आएको र उक्त विनियमावलीको संशोधनसमेत विपक्षी निगमबाटै हुन सक्ने भएकोले विनियमावलीको विनियम ११५ को व्यवस्थालाई निवेदन मागबमोजिम अमान्य घोषित गरिरहनु पर्ने अवस्था देखिन आएन। यसर्थ नेपाल अधिराज्यको संविधान, २०४७ तथा नेपालले हस्ताक्षर गरेको मानव अधिकारसम्बन्धी माथि उल्लेख गरिएका अन्तर्राष्ट्रिय महासन्धिमा व्यवस्थित समानताको हकसम्बन्धी व्यवस्थाको प्रतिकूल नहुने गरी शाही नेपालवायु सेवा निगमका कर्मचारीहरूको सेवा सर्त र सुविधासम्बन्धी विनियमावली, २०५८ को विनियम ११५ मा यो आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र आवश्यक संशोधन गर्नु भनी विपक्षी निगमको नाममा निर्देशनात्मक आदेश जारी।

| फैसला/आदेश मितिः २०६५।२।२२ | मुद्दा/रिट नं.: रिट नं. ०६४– WO–०२३० | निर्णय नं. ८००१ |
|---|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी

माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

**विषयः परमादेश।**

**अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- पाठेघर खस्ने समस्यालाई सांकेतिक रूपमा प्रजनन् समस्याको एउटा पाटोको रूपमा हेर्न सकिने भए पनि यो समस्याले समग्र प्रजनन् स्वास्थ्यको र महिला स्वास्थ्यको समस्याकै प्रतिनिधि समस्याको स्थान ग्रहण गर्ने हुनाले प्रस्तुत विषयवस्तुलाई संवैधानिक एवं कानूनी हक, राज्यको उत्तरदायित्व अनि तिनको कार्यान्वयनको रणनीतिक संरचनाको हिसाबले हेर्नु पर्ने।

(प्रकरण नं. ८)

- प्रतिष्ठापूर्ण ढङ्गले मानवोचित जीवन जिउन पाउने हक पनि जीवनको हकको आधारभूत विशेषता भएकाले मानव स्वास्थ्यको लागि राज्यले आधारभूत सुविधा वा संरक्षण नदिने हो भने जीवनको हकको उचित संरक्षण हुन सक्दैन, त्यसैले नै जीवनलाई स्वास्थ्यको अधिकारसँग जोडेर हेर्नु पर्ने।

(प्रकरण नं. १०)

- मौलिक हकको रूपमा स्थापित हकलाई राज्यले कानून र कार्यक्रममार्फत उपभोगयोग्य बनाउनुपर्दछ। स्वयं क्रियाशिल हुने हकलाई कार्यान्वयन गर्ने संयन्त्रको अभाव हुने स्थिति उत्पन्न भएमा राज्यलाई सुम्पिएको दायित्वको उल्लङ्घन हुन आएमा त्यस्तो दायित्व पूरा गर्न आवश्यक आदेश वा निर्देश गर्नु न्यायपालिकाको कानूनी एवं अर्न्तनिहित उत्तरदात्यिव हुने।

(प्रकरण नं. १६)

- प्रजनन् स्वास्थ्यको संवैधानिक मान्यता मात्रैले पुग्ने नभै भौतिक सुविधाको रूपमा व्यवहारमा उपलब्ध गराइनु पनि पर्दछ। खास कानूनी, संस्थागत, कार्यविधिगत र परिणाममूलक पूर्वाधारहरूको विकास विना यो हक औपचारिकतामा सिमित हुन पुग्दछ। त्यसैले यो हकलाई क्रियाशील गराउनको लागि रणनीतिकढङ्गले नीति निर्माण (कानून बनाउनेसमेत) देखि कार्यक्रम तर्जुमा, कार्यान्वयन, विस्तार र मूल्याङ्कन स्तरसम्मको चरणबद्ध प्रयास हुनुपर्ने।

(प्रकरण नं. १७)

- संविधानमा प्रजनन् स्वास्थ्यको हक समावेश हुनुले महिला स्वास्थ्य र हकको दार्शनीक मान्यता पाएको मान्नुपर्ने हुन्छ भने त्यससम्बन्धी सुविधा आवश्यक परेको हरेक महिलाले चाहेको बेलामा पाउन सक्ने गरी हकको प्रत्याभूति दिने कानूनको तर्जुमा गर्दै त्यस्तो कानूनबाट स्वीकृत सुविधाहरूलाई व्यवहारमा तृणमूल स्तरसम्म पाउने सक्ने गरी सेवा र सुविधा विकेन्द्रीकरण गर्नु र त्यससम्बन्धी सूचनाको प्रसारण गरी जागरण पनि ल्याउनु पर्ने।

(प्रकरण नं. ४१)

- महिलाको हक एवं प्रजनन् स्वास्थ्यसँग सम्बन्धित विशेषज्ञ एवं समाजका प्रतिनिधिहरूसँग आवश्यक परामर्श गरी पर्याप्त कानूनी व्यवस्था सहितको कानून निर्माणको लागि प्राथमिकता साथ विधेयक तर्जुमा गरी शीघ्र व्यवस्थापिका संसद समक्ष पेस गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको नाउँमा निर्देशनात्मक आदेश जारी हुने।
- प्रजनन् स्वास्थ्य सम्बन्धमा विशेष कार्ययोजना बनाई पीडित महिलाहरूलाई निःशुल्क परामर्श, उपचार, स्वास्थ्य सेवा तथा सुविधा उपलब्ध हुनसक्ने गरी यथाशीघ्र विभिन्न स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी स्तरमा सेवा पुऱ्याउन जो चाहिने व्यवस्था गर्नु र महिलाको प्रजनन् स्वास्थ्यको हक एवं पाठेघरसम्बन्धी समस्याको निराकरणको सम्बन्धमा जनचेतना जगाउने प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

(प्रकरण नं. ४२)

| आदेश मितिः २०६५।२।२३ | मुद्दा/रिट नं.: रिट नं. २०६३– WS–००२८ | निर्णय नं. ७९५२ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री तपबहादुर मगर
माननीय न्यायाधीश श्री गौरी ढकाल

**विषयः संविधान प्रतिकूलको कानूनी व्यवस्था अमान्य घोषित गरी परमादेशलगायत अन्य आवश्यक आदेश जारी गरिपाऊँ।**

**अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- विधि, विवेक र वस्तुपरक ढङ्गले वर्ग विभाजन गरी एक वर्ग र अर्को वर्गबिच असमान तर सम्बन्धित वर्गका प्रत्येक व्यक्तिबिच समान रूपमा लागु हुने गरी कानून बनाउनु सामाजिक न्यायको दृष्टिले अनुपयुक्त हुन सक्दैन। परन्तुः त्यस्तो कानून मनासिब, उचित र जायज भएन भने आफैं विभेदकारी हुने।
- वर्गीकरण गर्दा एकभन्दा अर्को फरक छ भन्ने कुरा वर्गीकरण गर्ने कानूनले निर्विवाद रूपले स्थापित गर्न सक्नुपर्छ। यसरी एकभन्दा अर्को फरक हो भन्ने कुरा छुट्याइसकेपछि त्यसरी एकभन्दा अर्को फरक छुट्याउन परेको कारणको उद्देश्य अर्थात् वर्गीकरण के उद्देश्य प्राप्तिको लागि गरिएको हो त्यो पनि स्थापित गर्न सक्नुपर्छ। सो स्थितिलाई सम्बोधन हुने गरी बनेको कानून भेदभावकारी हुँदैन र यस्तो कानून प्रयोग गर्दा कानूनले एक वर्गलाई एक व्यवहार र अर्को वर्गलाई फरक व्यवहार गरेको जस्तो देखिए पनि त्यस्तो वर्गीकरण Permissible classification भै भेदभावकारी व्यवहार भएको नमानिने।

(प्रकरण नं. ७)

- अपराधको प्रकृतिको आधारमा गम्भीर अपराधका सजाय पाएका महिला र सामान्य अपराधमा सजाय पाएका महिलालाई दिइने सुविधामा फरक व्यवहार गरेको भन्नेसम्म रहेको हुँदा यस्ता असमान पक्षहरूबिच समान व्यवहार गर्नैपर्छ भनी भन्न नमिल्ने।

(प्रकरण नं. ८)

- कुनै एउटै मुद्दामा कसुरदार ठहरिएका कैदीहरूबिच फरक फरक व्यवहार गरिएको अवस्था नभई केही गम्भीर प्रकृतिका मुद्दाहरू तोकी त्यस्ता मुद्दामा कैद सजाय पाएका कसुरदारलाई सामुदायिक

सेवामा नपठाउने र खुला कारागारमा नराख्ने गरी कानूनद्वारा तोकिएको अवस्था रहेकोले यसलाई सीधै समानताको प्रतिकूल भएको मान्न नमिल्ने।

(प्रकरण नं. १०)

- न्यायोचित ढङ्गले अवस्था अनुसार गम्भीर अपराधमा सजाय पाएका गर्भवती स्वास्नी मानिसलाई भन्दा सामान्य अपराधमा सजाय पाएका गर्भवती स्वास्नी मानिसलाई बढी सुविधा र अवसर कानूनले प्रदान गर्दा समानताको सिद्धान्त वा संवैधानिक व्यवस्थाको विपरीत हुने नदेखिदा सजाय भोग्दाको अवस्थामा दिइने सहुलियत र सुविधालाई अपराधको गाम्भीर्यतासँग दाँजेर हेर्नुपर्ने।

(प्रकरण नं. १२)

| फैसला/आदेश मितिः२०६५।०४।२० | मुद्दा/रिट नं.: २०६१ सालको रिट नं. ३३५२ |
|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री तपबहादुर मगर

**विषयः- उत्प्रेषणसमेत।**

**अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- नेपाली समाजमा अझै पनि शिक्षा र चेतनाको कमी छ। समाजमा अन्धविश्वास, रुढीजन्य प्रथा प्रचलन र मान्यताहरू अझै व्याप्त छन्। परिवारको male dominated संरचनामा उल्लेखनीय रूपमा खासै परिवर्तन भएको छैन। महिलाहरूले पुरुषसरह आफ्ना अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न सक्ने गरी सामाजिक रुपान्तरण भइसकेको छैन। वंश परम्परालाई निरन्तरता दिन सन्तानमा छोरीभन्दा छोरा नै चाहिन्छ भन्ने परम्परागत मान्यता अझै जीवित छ। छोरा वा छोरी जन्मने भन्ने कुरा hormone ले निर्धारण गर्ने कुरा हो र छोरा सन्तान जन्मनमा पुरुषको hormone ले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ भनिन्छ। समाजमा व्याप्त अन्धविश्वास, रुढिवादी तथा परम्परागत गलत मान्यताहरू रातारात परिवर्तन हुँदैनन्। यस्तो सामाजिक र पारिवारिक पृष्ठभूमिमा महिला, जसको शारीरिक र स्वास्थ्यको अवस्था vulnerable छ, उनीहरूलाई केही अधिकारहरू प्रदान गर्नु आवश्यक मान्नुपर्दछ। अब अरू सन्तान आवश्यक छैन भन्ने निर्णय गर्ने बराबर हक महिलालाई पनि हुनुपर्दछ। यदि यस्तो विषयमा निर्णय गर्ने एकलौटी हक पुरुषमा मात्र हुने हो र महिलाको कुनै हक नहुने हो भने महिला र पुरुषबिच समानता छ भनेर कसरी भन्न मिल्छ? त्यसमा पनि प्रजनन् स्वास्थ्य महिलाको जीवनको अधिकार अन्तर्गतको एक अभिन्न हक हो। महिलाको स्वास्थ्यको हकलाई जबरजस्ती हनन् गर्ने अधिकार कसैमा हुन हुँदैन। यदि यी कुराहरूमा महिलाले पारिवारिक वा खास गरी पतिको सहमति प्राप्त गर्नुपर्ने सर्त राख्ने हो भने महिला सशक्तीकरण र सामाजिक उन्नति सम्भव हुँदैन।
- यसरी CEDAW को धारा १६(१)(ङ) र मुलुकी ऐन ज्यान सम्बन्धीको महलको २८ ख १ को व्यवस्थाहरूलाई निरपेक्ष रूपबाट हेर्न मिल्ने देखिदैन। ज्यान सम्बन्धीको महलको २८ ख १ ले महिलालाई प्रदान गरेको हक सरसर्ती हेर्दा पुरुषलाई समानताको हकबाट वञ्चित गरे जस्तो देखिए पनि व्यवहारमा अधिकांश अवस्थाहरूमा त्यसमा पतिको सहमति अन्तर्निहित रहेको हुन्छ। माथि उल्लेख गरिए जस्तो अपवादको स्थितिलाई लिएर उक्त कानुनी व्यवस्था CEDAW सँग बाझिएको

छ मन्न मिल्दैन। यहाँ बिर्सन नहुने कुरा के हो भने CEDAW आफैमा महिलाहरूको हकहितका लागि जारी भएको दस्तावेज हो। महिलाका हक अधिकारहरूको संरक्षण र संवर्धन गर्दै पुरुषसँग समानताको आधारमा महिलालाई अधिकार सम्पन्न तुल्याई सार्वजनिक जीवनका सबै क्षेत्रहरूमा उनीहरूलाई पुरुष सरह समान हिस्सेदार बनाउने CEDAW को उद्देश्य भएकोले CEDAW को धारा १६(१)(ङ) को पनि निवेदकले जिकिर गरे जस्तो निरपेक्ष व्याख्या गर्न मिल्ने देखिएन।

| आदेश मितिः २०६६।२।६ | मुद्दा/रिट नं.: संवत् २०६३ सालको रिट नं. WO–०७५७ | निर्णय नं. ८४६४ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइराला

**विषयः परमादेश।**

**लक्ष्मीदेवी धिक्तसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- भ्रुणको स्वतन्त्र अस्तित्व हुँदैन र त्यसको अस्तित्व भनेको आमाको गर्भ भित्रै मात्र हुन्छ। त्यसैले भ्रुणको कुनै स्वार्थ मान्ने नै हो भने पनि आमाकै विरुद्ध त्यस्तो स्वार्थ वहाल रहन्छ भन्न नमिल्ने।

(प्रकरण नं. १५)

- लोग्नेको बाबु हुने अधिकारको दाबी बेला बखतमा नहुने होइन, त्यसो भए स्वास्नीको आमा हुने हकको सम्बोधन पनि हुनुपर्ने हुन्छ। लोग्नेलाई बाबु हुने रहर पूरा गर्न पत्नीले सबै अनिच्छा र शारीरिक जोखिम वा प्रतिकूलताको अतिरिक्त बाध्य हुनुपर्छ भनी मानेको खण्डमा पत्नीले आफ्नो शरीरमाथिकै नियन्त्रण गुमाउँछ, जसको परिणामस्वरूप प्रत्यक्ष एवं परोक्ष रूपमा निरन्तर अधीनस्थता कबूल गर्नुपर्ने हुन्छ। जसरी पत्नीले अनिच्छुक पतिलाई बाबु बन्न कर गर्न र शारीरिक क्रिया गर्न बाध्य गर्न सक्तैन, त्यसैगरी पुरुषले पनि महिलालाई बाध्य गर्न नसक्ने।

(प्रकरण नं. २६)

- प्रजनन् स्वास्थ्य एवं प्रजनन् अधिकारको बृहत् परिवेशभित्र सन्तान जन्माउने वा नजन्माउने दुवै कुराको निर्णय पर्दछ र सोअन्तर्गत गर्भ रहिसकेको तर सन्तान उत्पादन गर्न अनिच्छित भएकोले गर्भ निरन्तर गर्न नचाहेको अवस्थामा गर्भपतन गर्ने अधिकार पनि सम्मिलित भएको मान्नुपर्ने।
- प्रजनन्को अधिकार भनेको प्रजनन् गर्नै पर्ने बाध्यताको रूपमा बुझ्न मिल्दैन, प्रजनन् गर्न पाउने अधिकारअन्तर्गत प्रजनन् गर्न नचाहेमा सो नगर्ने पनि अधिकार सम्मिलित हुन्छ। जसरी कुनै काम गर्न पाउने अधिकारअन्तर्गत काम नगर्न पाउने स्वतन्त्रता पनि निहित रहेको मानिन्छ, त्यसरी नै प्रजनन् अधिकारलाई हेर्नुपर्ने।

(प्रकरण नं. ४०)

- गर्भपतन सेवाको बैधता वा त्यसको उपलब्धताको सान्दर्भिकता त्यो सेवा जरुरी भएको मानिसको लागि पहुँचयोग्य (Accessible) तथा शुल्क तिर्न सक्ने गरी सुलभ (Affordable) भए मात्रै सार्थक हुने।

(प्रकरण नं. ६२)

- कानूनले प्रदान गरेका हकहरू जनताको हितका प्रश्नहरू पनि हुन्, कानूनले कुनै लाभ वा हितको सिर्जना गरेको छ भने सोको समान वितरण गर्ने अर्थात् समान उपभोग गर्ने स्थिति पनि जरुरी हुन्छ। कानूनको समान संरक्षणको हकदार हुनु भनेको कानूनको लाभहरूमा सबैको समान पहुँच र सर्वसुलभताको पनि हक हो, सो कुरामा न्यायिक उत्तरदायित्व इन्कार गर्न नमिल्ने।

(प्रकरण नं. ७३)

- गर्भपतन स्वास्थ्यसम्बन्धी समस्या भएको, स्वास्थ्यको हक व्यक्तिको मौलिक हक भै जीवनकै हकका रूपमा हेर्नुपर्ने र हाम्रो देशको संविधानले सामाजिक न्यायको हकसमेतलाई मान्यता दिएको साथै राज्यको नीति निर्देशक सिद्धान्तले महिलाको हकको विशेष संरक्षण गर्ने राज्यको दायित्वको रूपमा स्वीकार गरेको हुनाले महिलाको गर्भपतनसम्बन्धी हक वा गर्भसँग सम्बन्धित समस्यालाई नितान्त निजी समस्या मानी सार्वजनिक उत्तरदायित्वबाट अलग्याउन नमिल्ने।

(प्रकरण नं. ७५)

- संविधान र प्रचलित कानूनले जन्मनुपूर्व नै भ्रुणको हकमा जीवनलगायतको हकको मान्यता विकास नगरेको अवस्थामा गर्भपतनसम्बन्धी विषयलाई ज्यानसम्बन्धी महलको अङ्ग बनाउनुको औचित्य नदेखिने।

(प्रकरण नं. ८७)

- कठोर फौजदारी कानूनको अङ्गको रूपमा रहेको ज्यानसम्बन्धी महलको अभिन्न अङ्गको रूपमा नयाँ अधिकारको रूपमा उदीयमान भएको गर्भपतनको अधिकारलाई पूर्ववत् राखी राख्नु विरोधाभाषपूर्ण र सर्वथा अमिल्दो देखिएकोले हाल भएको संशोधित व्यवस्थाको मर्मलाई हृदयंगम गर्दै गर्भपतनलाई एउटा छुट्टै र विशिष्ट विषयको रूपमा छुट्टै कानून बनाई व्यवस्थित गर्नु जरुरी देखिन आउने।

(प्रकरण नं. ९०)

- गर्भपतन सम्बन्धी समस्यालाई केवल गर्भको भ्रुणलाई जन्म दिने वा नदिने, गर्भपतन गराउन पाउने वा नपाउने प्रश्नमा मात्रै सीमित गरेर नहेरी समग्र महिला स्वास्थ्यसँग सम्बन्धित विषयको रूपमा पनि हेर्नु पर्ने हुँदा गर्भपतनको अधिकार हनन् वा सो सेवा दिन इन्कार गरेबाट वा स्तरहीन सेवा दिएबाट पर्न आएको बहुपक्षीय समस्याहरूको सम्बोधनको लागिसमेत कानूनी उपचारको राम्रो

प्रावधान हुन जरुरी देखिन्छ। कानूनी उपचारको बारेमा विचार गर्दा कसुरदारलाई सजाय, पीडितलाई क्षतिपूर्ति, पीडितको स्वास्थ्य सहुलियतसम्बन्धी अन्य व्यवस्थाहरूको समेत व्यवस्था गर्नुपर्ने।

- गर्भपतनसम्बन्धी अधिकारले राज्य पक्ष वा सेवा प्रदायक पक्षसँग निश्चित दायित्वको अपेक्षा गर्ने हुनाले यसलाई राज्यको स्वविवेक वा स्वेच्छिक रूपमा मात्रै हेर्न नमिल्ने।

(प्रकरण नं. ९६)

| आदेश मितिः २०६६।११।१३ | मुद्दा/रिट नं.ः संवत् २०६४ सालको रिट नं. – ०००४ | निर्णय नं. ८३८४ |
|---|---|---|

पूर्ण इजलास
माननीय न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री गिरीशचन्द्र लाल

**विषयः उत्प्रेषण समेत।**

**अधिवक्ता अच्यूतप्रसाद खरेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- कुन समयमा र कति सङ्ख्यामा बच्चा जन्माउने भन्ने निर्णय गर्ने सम्पूर्ण अधिकार महिलाको प्रजनन् अधिकारअन्तर्गत पर्ने भएकाले यस प्रकारको अधिकार प्रयोग गर्दा प्रसूति भएको सङ्ख्याको आधारमा संविधानद्वारा प्रदत्त मौलिक हकको प्रयोगमा सङ्कुचन गर्न नमिल्ने।

(प्रकरण नं. १७)

- पहिलो सन्तानको मृत्यु भएमा वा विकलाङ्ग बच्चा जन्मेमा तेस्रो चौथो पटकसम्म पनि प्रसूति हुने इच्छा वा प्रसूति हुनुपर्ने परिस्थिति महिलामाथि सिर्जना हुनसक्ने अवस्था भएमा दुई पटकभन्दा बढी प्रसूति बिदा नदिने व्यवस्थाले महिलाको संविधान प्रदत्त प्रजनन् अधिकारको संरक्षण गर्न नसक्ने।
- प्रसूति बिदाको सुविधा लिनकै निमित्त मात्र पटक-पटक महिला कर्मचारी सुत्केरी हुने र त्यसबाट सो सुविधाको दुरूपयोग हुने सम्भावना रहेको भन्न स्वाभाविक र त्यस्तो अनुमान गर्न नमिल्ने।

(प्रकरण नं. २०)

- कुनै पनि नागरिकले प्राप्त गर्ने सामाजिक, सांस्कृतिक वा आर्थिक अधिकार नागरिक वा राजनीतिक अधिकार जस्तो कुनै एउटा निर्णय गरेर वा आदेश जारी गरेर मात्र कार्यान्वयन हुन सक्दैन। यसको लागि पर्याप्त आर्थिक स्रोत साधन र समयको आवश्यकता पर्ने हुन्छ। राज्यले चाहेर मात्रै पनि यस्ता अधिकारहरू आर्थिक स्रोत साधनको अभावमा एकै पटक पूरा हुन सक्दैनन्। यस्ता विषयवस्तुहरू राज्यको आर्थिक एवं वित्तीय अवस्थालाई मध्यनजर राखी क्रमशः कार्यान्वयन गर्दै जानुपर्ने।

(प्रकरण नं. २१)

| फैसला/आदेश मितिः२०६७।०४।१२ | मुद्दा/रिट नं.: २०६५ सालको रिट नं. ०७४८ |
|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री बलराम के.सी.

माननीय न्यायाधीश श्री भरतराज उप्रेती

**विषयः परमादेश।**

**विमला खड्कासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- अपाङ्गताबाट पीडित महिला, पुरुष र तेस्रो लिङ्गीहरू संविधानले दिएको मौलिक हक र महासन्धिले दिएको मानव अधिकार उपभोग गर्नबाट वन्चित हुन नहुने र संविधानको व्यवस्था र महासन्धीको व्यवस्था क्रमशः लागु गर्दै जानु पर्ने सरकारको संवैधानिक कर्तव्य भएको हुँदाअब आउँदो आर्थिक वर्षदेखि अपांग महिलाहरूको स्वास्थ्यलाई विशेष ध्यान दिई अपांग व्यक्तिहरूका लागि अस्पताल, सार्वजनिक यातायात लगायत सम्पूर्ण Public places हरूमा अपाङ्गहरूको सरल र सहज पहुँच हुन सक्ने गरी नीति कार्यक्रम बनाई रकम छुट्याई संविधान र महासन्धि क्रमशः लागु गर्नु र बनाईने नीति र कार्यक्रमहरू यस अदालतलाई पनि उपलब्ध गराउनु भनी नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको नाउमा निर्देशनात्मक आदेश जारी हुने।

| आदेश मितिः २०६७।१२।२८ | मुद्दा/रिट नं.ः संवत् २०६६ सालको रिट. नं.– WO–१२२२ | निर्णय नं. ८६३१ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी
माननीय न्यायाधीश श्री गिरीशचन्द्र लाल

**विषयः उत्प्रेषण, परमादेश।**

**जङ्गबहादुर सिंहसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- इच्छुक कैदीलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ को शिक्षा प्राप्त गर्ने हक, धारा २३ को धर्मसम्बन्धी हकसमेत उपभोग गर्ने अवसर दिएको देखिन्छ। कैद सजाय भई कारागारमा बस्दैमा सबै मौलिक हकहरू स्वतः स्थगन वा निलम्बित हुन्छ भन्ने होइन। कैद ठेकिएको व्यक्तिको हिँडडुल र आवतजावत गर्ने स्वतन्त्रताबाहेक अरू स्वतन्त्रता अपहरण हुन नसक्ने।

(प्रकरण नं. ११)

- कुनै पनि व्यक्तिले परिस्थितिवश अपराध गर्ने हुँदा सुधारेर सजाय पाएको व्यक्ति पुनः समाजमा असल नागरिक भएर स्थापित हुन सक्छ भन्ने मान्यतामा रही कैद सजाय पाएको व्यक्तिलाई कैद अवस्थामा नै पढ्न अवसर दिने, Vocational Training आदि दिई व्यापक सुधारात्मक सहुलियतहरू दिन थालिएको छ। सो कुरा नेपालको कारागारमा पनि दिंदै आइएको छ। त्यही भएर कैदीलाई प्राप्त प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक पनि इन्कार गर्न नमिल्ने।

(प्रकरण नं. १२)

- राज्यले अपराध गर्ने व्यक्तिलाई सजाय गर्न सक्दछ, तर प्रजनन्सम्बन्धी हकमा संविधानले नै प्रतिबन्धात्मक वाक्यांश नराखी Restrict गर्नसक्ने व्यवस्था नगरेको हुँदा राज्यलाई नै पनि नागरिकको प्रजनन्सम्बन्धी हक हनन् गर्ने अधिकार नहुने।

(प्रकरण नं. १३)

- पति पत्नी भन्ने विवाह दर्ता र नागरिकताको प्रमाणपत्रबाट प्रमाणित भएमा पति पत्नी भन्ने प्रमाणित बैध दम्पत्तिलाई पति कैदमा भए पत्नीलाई र पत्नी कैदमा भए पतिलाई पारिवारिक भेटको सुविधा दिनुपर्ने।

(प्रकरण नं. २०)

- पारिवारिक भेटको सुविधा प्रदान भएका देशको व्यवस्था, पारिवारिक भेटको सुविधा उपभोग गर्नेको सुरक्षा जाँच, कारागारभित्र शान्त वातावरण कायम गर्नुपर्ने, पारिवारिक भेटको सुविधा उपभोगकर्ताले खानाको व्यवस्था आफैं गर्नुपर्ने, अन्य व्यक्ति लान नपाउनेलगायत सुरक्षाको दृष्टिले कारागार प्रशासनले सर्त तोक्न सक्ने व्यवस्थासमेत गर्नुपर्ने।

(प्रकरण नं. २३)

| आदेश मितिः ०७३।०३।३० | मुद्दा/रिट नं.: ०७२-WO-०११९ | निर्णय नं. ९७५७ |
| --- | --- | --- |

संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय

**विषयः उत्प्रेषण/परमादेश।**

**अधिवक्ता पुष्पराज पाण्डेय विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- आमा, बाबु र सन्तानबिचको सम्बन्ध या त प्राकृतिक हुन्छ या कानूनी हुन्छ। प्राकृतिक सम्बन्ध आफैंले प्राकृतिकरूपमा जन्म दिएर हुन्छ भने हाल प्रचलित कानूनी व्यवस्थाअनुसार कानूनी सम्बन्ध धर्मपुत्र वा धर्मपुत्रीको ग्रहणबाट हुने हुन्छ। प्राकृतिकरूपमा सन्तान जन्माउने कुरा संविधान प्रदत्त प्रजननसम्बन्धी हकसँग सम्बन्धित छ भने कानूनीरूपमा सन्तान ग्रहण गर्न पाउने कुरा कानूनका सर्तको अधीनमा रहने हुन्छ। उक्त कानूनी व्यवस्था सामाजिक हित कायम गर्ने सार्वजनिक नीतिगत विषय भएको देखिन्छ। सोबाहेक अन्य कुनै पनि तरिकाबाट सन्तान प्राप्त गर्ने कुरा हाम्रो सामाजिक प्रचलनका साथै कानूनी व्यवस्थासमेतको अभाव रहेको पाइने।

(प्रकरण नं. १५)

- विवाहित दम्पति बाहेक अर्को व्यक्तिमार्फत सन्तान प्राप्ति गर्ने, बच्चाको पितृत्व एवं मातृत्वको निर्धारण गर्ने र बच्चा एवं आमाबाबुको हक अधिकार र दायित्व निर्धारणसम्बन्धी विषय केवल कानूनद्वारा मात्र स्थापित हुने हुन्छ। सो सम्बन्धमा उठान भएका विवादित विषय पनि कानूनबमोजिम नै निरूपण हुने हुन्छ। सरोगेसी सेवा प्रवाहसँगै अन्तरनिहित भएर आउने विवादित प्रश्नहरूको सम्बोधन गर्न सरोगेसी सम्बन्धमा विधायिका निर्मित कानून आवश्यक मात्र नभई अपरिहार्य नै हुन जाने।

(प्रकरण नं. २०)

- सरोगेसी प्रविधिबाट महिलामा हुनसक्ने शारीरिक र मानसिक हानिको कुनै विचारै नगरी कोख भाडामा दिने र बच्चा जन्माई उपलब्ध गरे गराएबापत रकम लेनदेन गर्ने व्यावसायिक सरोगेसीलाई बिना कानूनी व्यवस्था प्रयोगमा आउन दिनु समाजको लागि घातक मात्र नभएर महिलाहरूको शोषणजन्य कार्यको प्रोत्साहनसमेत हुन जाने हुन्छ। कुनै नारी विवाहपूर्व गर्भवती हुँदा कलङ्कको लाञ्छना लगाइने समाजमा बिना कानूनी व्यवस्था एवं कानूनबमोजिमको

नियमनकारी निकायको अनुमति बिना सरोगेसी सेवाको प्रविधि व्यवहारमा लागु गर्नलाई छुट प्रदान गर्न नमिल्ने।

(प्रकरण नं. २८)

- सरोगेसीसम्बन्धी सेवा वा व्यवसाय विधायिका निर्मित कानूनबाट मात्र व्यवस्थित गरिनु पर्ने जन स्वास्थ्य, शिष्टाचार वा नैतिकताको विषय हो। सरोगेसी आमा, ती आमाबाट जन्मने बच्चा र सरोगेसी आमाबाट सन्तान प्राप्त गर्न चाहने जैविक आमा बाबुको हक अधिकारका विषयहरूलाई सम्बोधन गर्ने कानूनीव्यवस्थाको शून्यतामा सरोगेसी सेवा सञ्चालनसम्बन्धी व्यवसाय सञ्चालन गर्नु वा गर्न दिनु सार्वजनिक नीति एवं सार्वजनिक हितविपरीत हुन जाने हुन्छ। सरोगेसी आमाबाट सन्तान जन्माई ग्रहण गर्न पाउने वा त्यस्तो पेसा वा व्यवसाय सञ्चालन गर्न पाउने कुरा संविधान प्रदत्त हकको विषय होइन। सरोगेसीबाट सन्तान प्राप्ति गर्ने गराउने व्यवसाय सञ्चालनको विषय संविधानले परिकल्पना नगरेको अवस्थामा यसलाई अधिकारको रूपमा मान्न पनि नमिल्ने।

(प्रकरण नं. २९)

- परोपकारको दृष्टिकोणबाट कुनै रकम कलम नलिई स्वयम् सरोगेट हुन चाहने कुनै महिलाको परोपकारी इच्छालाई पनि कानूनी व्यवस्था बिना वैधता प्रदान हुन सक्दैन। त्यसमा पनि सरोगेसीसम्बन्धी कानूनको अभावको अवस्थामा कुनै महिलाको आर्थिक अवस्थाको कमजोरीका कारण निजलाई केही रकम दिई जो कोही व्यक्तिले निजको कोख भाडामा लिई सन्तान जन्माउने स्वास्थ्य संस्थाहरूले आर्थिक मुनाफाको दृष्टिकोणले सरोगेसी सेवा सञ्चालनसम्बन्धी व्यवसाय गर्न लालायित हुने र सरोगेट आमाबाट जन्मिएको बच्चा निजबाट छुटाई लैजाने कार्य अमानवीय मात्र होइन शोषणजन्य नै मानिने हुन्छ। महिलाको मातृत्व र कोख जस्तो अपनत्व भएको कुरा भाडामा लगाएर वा सोसम्बन्धी व्यवसाय सञ्चालन गरेर आर्थिक उपार्जन गर्न प्रेरित गर्नु वा हुनु नैतिक दृष्टिले पनि सुहाउँदो नमानिने।

(प्रकरण नं. ३०)

- कुनै पनि कार्यलाई वैध मान्न त्यो कार्य सामाजिकरूपमा स्वीकार्य, नैतिक मूल्य र मान्यतामा उचित हुनुको साथै कानूनबाट स्वीकृत हुनु आवश्यक हुन्छ। त्यस्तो कार्य न्यायपूर्ण छ छैन सोसमेत महत्त्वपूर्ण हुन्छ। सरोगेसी आमा बन्नु कुनै पनि महिलाको स्वेच्छिक परोपकारको चाहना हो वा बाध्यता हो विचारणीय कुरा हो। सन्तान नभएकालाई सन्तान दान दिने परोपकारयुक्त स्वेच्छिक चाहना भए त्यहाँ कुनै रकमकलम वा शुल्क लिने अवस्था नै हुँदैन। जब रकम लिएर सरोगेसी आमा बन्नुपर्ने सम्झौता हुन्छ भने त्यो आर्थिक कमजोरीको बाध्यता हो भन्ने प्रस्ट हुन्छ। आमा र बच्चाबिचको सम्बन्ध शाश्वत्, पवित्र र सबैभन्दा नजिकको नाता पनि हो। सरोगेट

आमाले आफ्नो कोखमा हुर्काएर जन्माएको बच्चा पूर्व सम्झौताअनुसार अन्य व्यक्तिलाई दिनुपर्ने भए तापनि बच्चाप्रतिको गहिरो मातृत्व रहने नै हुन जाने।

- केवल आर्थिक अभावको कारण अन्य तेस्रो व्यक्तिको बच्चा आफ्नो कोखमा धारण गर्ने, आफूले गर्भमा राखेर जन्म दिएको बच्चाबाट भौतिक एवं कानूनीरूपमा सदाको लागि टाढा हुने गरी हुने सम्झौता कुनै पनि महिलाका लागि सहज विषय होइन। आफूले बच्चा जन्माएपछि आमाले त्यो बच्चा अरूलाई सुम्पनु निकै गाह्रो कुरा हो। केही देशमा सरोगेट आमाले बच्चा जन्माएपछि दिन नमानेको तथा बच्चालाई आमाबाट छुटाएपछि त्यस्ता महिलामा मानसिक समस्या भएको दृष्टान्तसमेत पाइएका छन्। यसले सरोगेसी हुने महिलालाई सदाको लागि पीडित बनाउने, सरोगेट आमालाई कुनै पनि दृष्टिले न्याय नगर्ने र यो महिलाको भावना र संवेदनशीलतासँग गाँसिएको विषय हुँदा यसलाई न्यायपूर्ण मान्न नसकेको कारण अधिकांश देशहरूमा Commercial Surrogacy लाई कानून बनाई बन्देज लगाइएको पाइन्छ। यस्तो अवस्थामा नेपालमा कानून नै नबनाई Commercial Surrogacy सेवा सञ्चालन गर्नु वा गर्न दिनु कुनै पनि हिसाबले उचित मान्न नसकिने।

(प्रकरण नं. ३१)

- सरोगेसी सेवा सञ्चालनका सम्बन्धमा अन्तरनिहित हुने कानूनी एवं नियमनकारी संस्थागत संरचनाको सुनिश्चितताको आवश्यकतालाई उपेक्षा गरी यस्तो गम्भीर मानवीय एवं सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकता र महिलाको भावना र संवेदनशीलता गाँसिएको विषयमा बिना कानूनी व्यवस्था कुनै पनि किसिमको Surrogacy सेवा सञ्चालन गर्नु वा गराउनु उचित नहुने।

(प्रकरण नं. ३२)

| फैसला/आदेश मितिः२०७३।१०।१२ | मुद्दा/रिट नं.: ०७२-WO-०४८४ | निर्णय नं. ९९७४ |
|---|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री दीपककुमार कार्की

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

**विषयः उत्प्रेषण/परमादेश।**

**शान्ति बलमपाकी विरुद्ध नेपाल सरकार, स्वास्थ्य मन्त्रालय रामशाहपथ, काठमाडौंसमेत।**

- प्रकृतिले प्रदान गरेको गर्भधारण र बच्चा पाउने काम महिलाले गर्ने वास्तविकतालाई कसैले नकार्न सक्दैन। साथै बालकको लागि आमाको साथ अत्यन्त नै महत्त्वपूर्ण रहेको हुन्छ। स्तनपान महिलाले मात्रै गराउन सक्ने भएकोले सानो दुधे बालक रहेको आमालाई राज्यले विशेष व्यवस्था गर्न आवश्यक रहने। राज्यस्तरबाट न त शिशु स्याहार केन्द्रकै व्यवस्थित व्यवस्था रहेको र आमाले बच्चा लिई खटिएको ठाउँमा जान र बच्चा स्याहार गर्न कठिन परिस्थिति आई रोजगारीको निरन्तरतामै असर पर्न जाने परिस्थितिमा महिला हतोत्साही हुने वा कामको निरन्तरता गर्न नसक्ने वा सेवामा प्रभावकारिता नरहने अवस्था सिर्जना हुन सक्दछ। यस्तो अवस्थाले विभेदपूर्ण परिणाम आउने हुँदा राज्यले लिएको नीति तथा कानूनअनुरूप राज्यका संरचनाहरूले आमाको सम्मान गर्न तथा सन्तान जन्माउने महिलाको भूमिकालाई सामाजिक भूमिकाको रूपमा मान्यता दिन यस्तो सानो बालबालिका रहेको अवस्थाका महिला कर्मचारीलाई उनको सहमतिविना सरूवा गर्न मिल्ने नदेखिने। राष्ट्रसेवामा समर्पित महिलाले एकातिर राज्यको सेवकको भूमिका निर्वाह गर्नुका साथै सृष्टिको निरन्तरता गर्ने आमाको भूमिका पनि सक्रिय रहेको हुन्छ। यसरी दोहोरो भूमिकामा रहेकी महिलाका लागि राज्यको नीति कानून नियमले समेत स्पष्टरूपमा विशेष संरक्षण गरी महिलाको स्वीकृतिविना २ वर्षभन्दा सानो बच्चा भएको महिला कर्मचारीलाई सरूवा गर्न नमिल्ने स्पष्ट कानूनी व्यवस्थाको उल्लङ्घनले सन्तान जन्माउँदा महिलाको भूमिकालाई सम्मान गर्नुपर्ने प्राकृतिक सामाजिक मान्यता मात्र उल्लङ्घन भएको नभई संविधानको धारा ३८(२) प्रदत्त सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यसम्बन्धी मौलिक हककै उल्लङ्घन भएको देखिने।

(प्रकरण नं. ५)

| फैसला/आदेश मितिः२०७४।०३।२६ | मुद्दा/रिट नं.: ०७१-CR-११६७ |
|---|---|

संयुक्त इजलास
माननीय न्यायधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायधीश श्री सपना प्रधान मल्ल

**विषयः कर्तव्य ज्यान।**

**जयबहादुर तामाङसमेत विरुद्ध इन्दिरा भण्डारीको जाहेरीले नेपाल सरकार।**

- मानिसको जीवनचक्रमा महिला र पुरुषको केही भूमिकाहरू फरक देखिन्छ। विशेष गरी मासिकस्राव हुने, गर्भधारण गर्ने, बच्चा जन्माउने, बच्चालाई आमाको दुध खुवाउने भूमिका महिलाको मात्र हुन्छ। यस्तो प्रजनन् स्वास्थ्यको अवस्थामा कसुरदार महिलाले त सुविधा प्राप्त गर्न सक्दछ भने अभियुक्त महिलाको हकमा यस्तो सुविधासमेत यस मुद्दामा दिइएको पनि देखिदैन। यसतर्फ अनुसन्धान अधिकारी, कारागार प्रशासन तथा म्याद थप्ने क्रममा सरकारी वकिल र अदालतले पनि ध्यान दिनु आवश्यक रहन्छ। प्रहरीले अनुसन्धान गर्दा सरकारी वकिलले अभियोजन गर्दा तथा अदालतले म्याद थप गर्दा वा बयानको क्रममा होस, प्रजनन् स्वास्थ्यको हेरचाहको अधिकार प्रदान गरेकोले सोको सुनिश्चितता गर्नु पर्ने।

# भाग-४

# पहिचानको अधिकार

| फैसला/आदेश मितिः२०५०।१०।२८ | मुद्दा/रिट नं.: २०४९ सालको रि. पु. इ. नं. २९ |
|---|---|

पूर्ण इजलास

सम्मानीय प्रधान न्यायाधीश श्री विश्वनाथ उपाध्याय

माननीय न्यायाधीश श्री ओमभक्त श्रेष्ठ

माननीय न्यायाधीश श्री केशवप्रसाद उपाध्याय

**विषयः संविधानको धारा १६।७१ बमोजिम परमादेशको आदेश वा जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ।**

**मीरा गुरुङ्गसमेत विरुद्ध केन्द्रीय अध्यागमन विभागसमेत।**

- नेपाल अधिराज्यभित्र प्रवेश गर्ने, बसोबास गर्ने वा रहने कुरा विदेशीको हकको कुरा होइन। कुन वा कस्ता विदेशीहरूलाई के कस्तो सर्तमा नेपाल अधिराज्यभित्र प्रवेश गर्नदिने वा कति अवधिसम्म बस्न दिने कुरा श्री ५को सरकारको विवेक र तजबिजको कुरा हुने।
- औचित्य, पारस्परिकता (Reciprocity), कुटनीतिक व्यावहारिकता (Diplomatic Expediency) इत्यादि विभिन्न आधारहरूमा श्री ५ को सरकारले कुनै विदेशी नागरिकको नेपालमा प्रवेश र उपस्थितिलाई अनुमति दिन वा नदिन सक्तछ। विदेशीको प्रवेश वा उपस्थितिलाई नियमित वा नियन्त्रीत गर्नको लागि श्री ५ को सरकारले औचित्य र उपर्युक्तताको विचारगरी जस्तो सुकै निति निर्धारित गर्न र त्यसलाई नियमबद्ध गरी कार्यान्वित गर्न सकिने।
- विदेशीलाई केवल विदेशीको नाताले भिसा दिनु वा नदिनु वा भिन्न भिन्न वर्ण, लिङ्ग वा जात जातिका नेपाली नागरिकसँगको वैवाहिक सम्बन्धका आधारमा विदेशीहरूलाई भिन्न भिन्न प्रकार वा अवधिको भिसा दिनु दुई अलग अलग कुरा हुन्। विदेशीसँग वैवाहिक सम्बन्ध हुने नेपाली नागरिकको वर्ण, लिङ्ग वा जातजातिलाई आधार बनाएर विदेशीहरूलाई भिन्न भिन्न प्रकार वा अवधिको भिसा दिने कानूनी व्यवस्था गर्नलाई कुनै विवेकपरक कारण हुनु पर्ने। अन्यथा त्यो कानूनी व्यवस्था उपर्युक्त संवैधानिक व्यवस्थासँग असङ्गत हुने र नेपाली लोग्ने मानिससँग वैवाहिक सम्बन्धको दाँजोमा नेपाली स्वास्नी मानिससँगको सम्बन्ध असमानर कम सुविधायुक्त देखिने गरी उपनियम (४) मा गरिएको व्यवस्था अनुचित र अनुपयुक्त देखिएकोले सो व्यवस्था तत्कालीन नेपालको संविधानको धारा १० र वर्तमान संविधानको धारा ११ को प्रतिकूल हुन जाने।

| आदेश मितिः २०५५।१।११ | मुद्दा/रिट नं.ः संवत् २०५१ सालको दे.पु.नं. २२२८ | निर्णय नं. ६५८५ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री कृष्णजंग रायमाझी
माननीय न्यायाधीश श्री हरिश्चन्द्रप्रसाद उपाध्याय

**विषयः अंशमानाचामल।**

**रत्नलाल कनौडिया विरुद्ध रेणु अधिकारी।**

- सामान्यतया गर्भ रहेको ९ महिनापश्चात् बच्चाको जायजन्म हुन्छ। प्रस्तुत मुद्दामा वादीले छोरी जन्मिसकेपछि दाबी लिएको ९, १० महिनाअगाडिको प्रतिवादीसँग यौन सम्बन्ध रहेको कुराको यकिन मिति खुलाउन नसकेको कुरा अस्वाभाविक नहुने तथा यसरी यकिन मिति खुलाउन नसके तापनि २०३२ साल भाद्र महिनसम्म उल्लेख गरेको र प्रसूतिगृहको रिपोर्टबाट पनि वादीको २०३२ साल भाद्र महिनादेखि महिनावारी रोकिएको भन्ने रहेको छ। यस्तो अवस्थामा करणी भई गर्भ रहेको यकिन मिति वादीले खुलाउन नसके कै कुराले मात्र प्रतिवादीको जिकिर पुष्टि हुने अवस्था पनि नदेखिने।
- यी वादी प्रतिवादी दुवैलाई प्रतिवादी बनाई वादी श्री ५ को सरकारले मुद्दाको तहकिकात गरी का.जि.अ. मा बहुविवाह मुद्दा दायर गरेको कुरामा मुख मिलेकै देखिन्छ। सो मुद्दा हद म्याद नाघी दायर भएको कारण जनाई का.जि.अ. बाट तामेलीमा राखेको देखिन्छ। यसरी हदम्याद नाघेको कार्यविधिगत कारणबाट सो बहुविवाह मुद्दा तामेलीमा राखिएको कुराले वादी प्रतिवादीलाई उक्त मुद्दामा सजाय हुने वा नहुने भन्ने विषयसँग मात्र सरोकार राख्ने हुँदा सो मुद्दा तामेलीमा रहेबाट वादी प्रतिवादीवीचको सम्बन्ध नै स्थापित हुन नसक्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

(प्रकरण नं. १९)

| आदेश मितिः २०५८।१०।२५ | मुद्दा/रिट नं.ः संवत् २०५७ सालको रिट नं. ३६६८ | निर्णय नं. ७०४४ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री कृष्णजंग रायमाझी
माननीय न्यायाधीश श्री हरिप्रसाद शर्मा
माननीय न्यायाधीश श्री केदारनाथ आचार्य
माननीय न्यायाधीश श्री टोपबहादुर सिंह
माननीय न्यायाधीश श्री रामनगिना सिंह

**विषयः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३, ८८) १ (र) २ (बमोजिम उत्प्रेषणयुक्त परमादेशलगायत जुनसुकै उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ।**

**अधिवक्ता चन्द्रकान्त ज्ञवालीसमेत विरुद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत।**

- नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ ले लिङ्गसमेतको आधारमा भेदभाव नगरी नेपाली नागरिक महिला र पुरुषलाई समान दृष्टिले हेरिने र कानूनको समान संरक्षबाट हुने प्रत्याभूतिका साथ समानताको हक प्रत्याभूत गरेको छ। साथसाथै संविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने, नेपाल अधिराज्यभित्र फेला परेको पितृत्वको ठेगान पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक हुने संवैधानिक व्यवस्थाहरू धारा ९ को उपधाराहरू क्रमशः (१) र (२) मा व्यवस्था गरिएको छ। उल्लिखित विवाद उठाइएको धारा ९ का व्यवस्थाहरूमा आमा र मातृत्व समेतलाई आधार नलिई बाबु तथा पितृत्व मात्रलाई मान्यता दिइएकोले भेदभावपूर्ण भई धारा ११ को समानताको हकसँग बाझिएको छ भन्ने निवेदकतर्फको जिकिर रहेको। धारा ८८ (१) अन्तर्गत विधायिकाद्वारा निर्मित कुनै कानून तथा विधायिकी अधिकार प्रयोग गरी बनेको कुनै कानूनी व्यवस्थाले संविधान प्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाएको तथा संविधानकै कुनै व्यवस्थासँग बाझिने गरी कुनै कानून बनेको छ भने स्पष्ट देखिन आएमा यस अदालतले आफ्नो असाधारण अधिकारद्वारा त्यस्तो कानूनको संवैधानिकतावारे पुनरावलोकन गरी अमान्य तथा बदर घोषित गर्न सक्ने हुन्छ। प्रस्तुत मुद्दामा संविधानको धारा ९ (१) (२) को निवेदकले उठाएको संवैधानिकताको प्रश्न यस अदालतको न्यायिक पुनरावलोकनको अधिकार क्षेत्रको दायराभित्र पर्दछ भन्न सकिने अवस्था नदेखिने।

संविधानका उल्लिखित दुवै धाराहरूको व्याख्या सामन्जस्यपूर्ण तरिकाले (Harmonious constitution) गरीनु पर्ने भनी बहसको क्रममा निवेदकतर्फका विद्वान् अधिवक्ता श्री बलराम के. सीले उठाउनुभएको सम्बन्धमा विचार गर्दा ती दुवैधाराहरूको आ आफ्नै उद्देश्यहरू राखी आपसमा स्वतन्त्र रहेको र धारा ११ को समानताको हक पनि निरपेक्ष हक मान्न सकिने अवस्था नहुँदा यस किसिमको व्याख्याको गुन्जाइस नदेखिने। यसका अतिरिक्त संविधान निर्माणकर्ताले पनि संविधानका उक्त धाराहरू आपसमा बाझिने गरी बनाएको भनी अर्थ गर्न मिल्ने अवस्था हुँदैन। नागरिकता सम्बन्धी विषय अत्यन्त महत्त्वपूर्ण र संवेदनशील विषय भएकोले अन्यत्र पनि देशको संविधानमै व्यवस्था गरिएको पाइन्छ। वृहत्तर दृष्टिकोणबाट देशको हितमा आवश्यक सम्झेर नै संविधान निर्माताले संविधानमा धारा ९ (१) र (२) को उक्त व्यवस्था गरिएको सम्झनु पर्ने हुन्छ। मूल कानून नेपाल अधिराज्यको संविधान, २०४७ ले गरेको त्यस्तो व्यवस्थाको उद्देश्य अनुकूल नहुने गरी यस अदालतले अन्यथा अर्थ हुने गरी त्यसरी व्याख्या गर्नु संविधानसम्म समेत नहने। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणले पुरुष एवं महिलाबिचको कुनै पनि प्रकारको भेदभाव अमान्य हुने सिद्धान्त अनुरूप संयुक्त राष्ट्र संघद्वारा पारित महिलाउपर हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९ को पक्ष राष्ट्र नेपाल पनि भएकोले महासिन्धका मान्यता पालना गर्नु नेपालको पनि दायित्व हुने।

- महिलाउपर हुने सबै प्रकारको भेदभावलाई भत्सर्ना गर्दै आफ्नो राष्ट्रिय संविधान वा अन्य उपयुक्त कानूनमा पहिले नै नपरिसकेको भए महिला र पुरुषमा समानताको सिद्धान्तलाई समावेश गर्ने तथा यस सिद्धान्तलाई कानून वा अन्य माध्यमबाट व्यावहारिक रूपमा साकार पार्ने कबुल उक्त महासन्धिका पक्ष राष्ट्रहरूको रहेको महासन्धिको धारा २ बाट देखिन्छ भने महासन्धिको धारा १ मा महिला विरुद्ध भेदभावको परिभाषामा नागरिक सम्बन्धी मानव अधिकारको विषय पनि समावेश रहेको देखिन्छ। संविधान र कानून निर्माण तथा संशोधनको कार्यक्षेत्र यस अदालतको अधिकार क्षेत्रभित्र नपर्ने। यस अदालतले प्रचलित संविधान र कानूनको आधारमा न्याय सम्पादनको कार्य गर्नुपर्ने र नेपाल सन्धि ऐन, २०४७ को दफा ९ मा रहेको व्यवस्थाले सन्धिका व्यवस्थाहरू प्रचलित कानूनसँग बाझिएमा सो प्रयोजनको लागि बाझिएको हदसम्म कानूनको व्यवस्था अमान्य हुने सन्धिको व्यवस्था कानून सरह लागु हुने व्यवस्था गरेको देखिन्छ। प्रस्तुत विवादमा यस्तो अवस्था रहेको देखिदैन। संवैधानिक व्यवस्थाको सामु सन्धिको व्यवस्थाले प्राथमिकता पाउँछ भन्न सकिने अवस्था पनि देखिदैन। त्यस्तै कुनै सन्धिको कुनै थप दायित्व नेपाल अधिराज्य वा श्री ५ को सरकारलाई दिएकोमा त्यसको कार्यान्वयनका लागि कानूनी बनाउने तर्फ कदम चलाउनु पर्ने गरी उक्त ऐनमा गरिएको।

- संविधान प्रारम्भ भएपछिको नागरिकता प्राप्ति र समाप्तिसम्बन्धी संविधानको धारा ९ (१) (२) मा उल्लिखित व्यवस्था अनुरूपनै नेपाल नागरिकता ऐन, २०२० को दफा ३ मा व्यवस्थाहरू रहे भएको पनि पाईन्छ। तसर्थ संविधानको धारा ९ को उपधारा (१) र (२) तथा नेपाल नागरिकता ऐन, २०२० को दफा ३ को उपधारा (१), (४) र (५) मा भएको बाबु नेपाली नागरिक भएको आधारमा मात्र वंशजको नागरिकता लिन सकिने व्यवस्थाहरू तथा संविधान तथा ऐनको उल्लिखित व्यवस्थालाई कार्यान्वयन गर्न निर्माण गरीएको नेपाल नागरिकता नियमावली, २०४९ को नियम ३ तथा ३क मा वंशजको आधारमा नागरिकता दिने सम्बन्धमा तोकिएको प्रक्रिया र सोसँग सम्बन्धित अनुसूची १ र २ मा बाबुले प्राप्त गरेको नेपालको नागरिकताको अधारमा मात्र वंशजको नागरिकता लिन सकिने गरी निर्धारण गरेको निवेदनपत्रको ढाँचा सम्बन्धी व्यवस्था समेत भेदभावपूर्ण भएकोले संविधानको धारा ११ (१) (२) (३) द्वारा प्रदत्त समानताको हकसँग बाझिएको भन्न सकिने अवस्था देखिएन।
- नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९ (१) र (२) नेपाल नागरिकता ऐन, २०२० को दफा ३ (१) (४) (५) तथा नेपाल नागरिकता नियमावली, २०४९ को नियम ३.३ क र सोही नियमको अनुसूची १ र २ समेतका व्यवस्थाहरू भेदभावपूर्ण भई संविधानको धारा ११ (१) (२) र (३) सँग बाझिएको भन्न सकिने अवस्था नदेखिएकोले विवादमा ल्याइएका संवैधानिक तथा कानूनी व्यवस्थाहरू निवेदकको मागबमोजिम अमान्य तथा बदर घोषित गरी परमादेशलगायतको कुनै आदेश समेत जारी हुनु पर्ने अवस्था नदेखिने।

(प्रकरण नं. १४ देखि १६)

| आदेश मितिः २०६१।१२।१० | मुद्दा/रिट नं.: सम्वत २०६१ सालको रि.नं. ३५०४ | निर्णय नं. ७५३३ |
|---|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री परमानन्द झा

**विषयः उत्प्रेषण परमादेश।**

**अधिवक्ता अच्यूतप्रसाद खरेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- नाबालकको पितृत्वको ठेगाना नै नलगाई नाबालकलाई सदाको लागि नेपाली आमाबाट जन्मेको आधारबाट स्वतः नेपालको नागरिकता पाउने विषय सैद्धान्तिक र नीतिगतरूपमा राष्ट्रिय प्रतिष्ठा एवं मर्यादा र राष्ट्रबासीको नैतिकता एवं धार्मिक मान्यता सुहाउँदो मान्न नमिल्ने।

(प्रकरण नं. १०)

- पितृत्वको ठेगाना नलागेसम्म सो नाबालकलाई वंशजकै नाताले नेपालको नागरिक मानिने गरी हाम्रो कानूनले स्वीकारेको हुनाले पितृत्वको ठेगाना नलागेसम्मको नाबालकलाई नागरिकताविहीन गरिराखेको अवस्था देखिन नआउने।

(प्रकरण नं. ११)

- मातृत्वको आधारमा कुमारी आमाबाट जन्मिएका नाबालकलाई अरूसरह नागरिकता दिन रिट जारी गरिपाऊँ भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने।

(प्रकरण नं. १३)

| आदेश मितिः २०६२।५।३० | मुद्दा/रिट नं.: संवत् २०६० सालको रिट नं. १२१ | निर्णय नं. ७५५० |
|---|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री अनुपराज शर्मा

माननीय न्यायाधीश श्री शारदाप्रसाद पण्डित

माननीय न्यायाधीश श्री अर्जुनप्रसाद सिंह

**विषयः परमादेशसमेत।**

**अधिवक्ता टेक ताम्राकारसमेत विरुद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालयसमेत।**

- निवेदनपत्रमा बाबुको ठेगान नभएकै कारणले वादी महिलाहरूबाट जन्म भएका नाबालकहरूको जन्मदर्ता गर्न र निजहरूले नागरिकता प्राप्त गर्न नसकेको भन्ने जिकिर लिएको परिप्रेक्ष्यमा माथि गरिएको विवेचनाबाट त्यस्तो गर्नु संविधान तथा कानून सम्मत हुने नदेखिएकोले बाबुको ठेगान नभएको भन्ने मात्र कारणले वादी महिलाहरूबाट जन्मिएका बालबालिकाको जन्मदर्ता गर्न पाउने कानूनी तथा नागरिकता प्राप्त गर्न सक्ने संवैधानिक तथा कानूनी हकबाट वन्चित नगरी त्यस्ता व्यक्तिले कानूनबमोजिमको प्रक्रिया पूरा गरी जन्मदर्ता तथा नागरिकताको लागि निवेदन गर्न आएमा कानूनबमोजिम जन्मदर्ता गर्न तथा नागरिकता प्रदान गर्न नमिल्ने भन्न नसकिने।

(प्रकरण नं. ३२)

- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने ) ऐन, २०३३ को दफा ४ को उपदफा (१) को खण्ड (क) मा रहेको "जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको पुरुषहरूमध्ये सबैभन्दा जेठो व्यक्तिले" भन्ने व्यवस्थामा रहेको "पुरुषहरूमध्ये" भन्ने वाक्यांश संविधानको धारा १३१ अनुसार निष्क्रिय हुने।
- वादी समुदायका बालबालिकाहरूलगायत बाबुको ठेगान नलागेको सबै बालबालिकाहरूलाई बाबुको ठेगान नभएको भन्ने कारणले निजहरूको जन्म दर्ता गर्न इन्कार नगर्नु तथा त्यस्ता बालबालिकालाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९ को उपधारा (२) तथा नेपाल नागरिकता ऐन, २०२० को दफा ३ को उपदफा(४) बमोजिम नेपालको नागरिकता प्रदान गर्न अविलम्ब आवश्यक व्यवस्था गरी त्यस्ता व्यक्तिहरूलाई नेपालको नागरिकता प्रदान गर्न विपक्षीहरूको नाममा परमादेश जारी हुने।

(प्रकरण नं. ३४

| आदेश मितिः २०६२।८।१३ | मुद्दा/रिट नं.: संवत् २०६० सालको रिट नं. ३३५५ | निर्णय नं. ७५८५ |
|---|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री बद्रीकुमार बस्नेत

माननीय न्यायाधीश श्री बलराम के.सी.

**विषयः उत्प्रेषण परमादेश।**

**पुण्यवती पाठकसमेत विरुद्ध श्री ५ को सरकार, परराष्ट्र मन्त्रालयसमेत।**

- राहदानी ऐन तथा नियमावली एवं संविधानको धारा ११ र १२ ले महिलाहरूको हकमा मात्र अभिभावकको सहमति नभई राहदानी प्राप्त गर्न नसक्ने सर्त तोक्ने अधिकार श्री ५ को सरकारलाई प्रदान गरेको नदेखिँदा मन्त्रिपरिषद्को मिति २०५२। ९। १० को निर्णयले तोकेको उक्त सर्त संवैधानिक र कानूनी व्यवस्थातर्फ ध्यान नदिई मन्त्रिपरिषद्ले प्रयोग गर्न पाउने कार्यकारिणी अधिकारभन्दा बाहिर गएर गरिएको निर्णय मान्नुपर्ने।

(प्रकरण नं. २३)

- महिलावर्गलाई पुरुषलाई भन्दा वढी Hardship हुने गरी गरिएको कुनैपनि कार्यकारिणी निर्णय जसको जतिसुकै bona fide intention भए पनि त्यस्तो निर्णयलाई कानूनी राजको मान्य सिद्धान्त विपरीत discriminatory, excess of power र arbitrary निर्णय मान्नुपर्ने।

(प्रकरण नं. २३)

- हाम्रो कानूनमा संयुक्त राष्ट्रसघको विभिन्न सभामा भाग लिन जान, एशियाली विकास वैंकमा भाग लिन जान, सार्कमा भाग लिन जान र अरू अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन जान र नेपाली राजदूतावासमा नेपाली प्रतिनिधि र नियोग प्रमुख भएर जान अध्ययन गर्न जान राहदानी जारी हुने व्यवस्थाबाट नै राहदानी भनेको पुरुषसरह नै महिला नेपाली नागरिकहरूले पनि धारा १२ को स्वतन्त्रताहरूको उपभोगको प्रयोजनको लागि जारी हुने Document हो भन्ने प्रमाणित हुन्छ। उक्त ऐनमा महिला र पुरुष छुट्याएको छैन। माथि उल्लिखित सङ्गठनहरूमा नेपालले लिएको अन्तर्राष्ट्रिय सङ्गठनहरूको सदस्यताहरूको प्रतिनिधित्व नागरिकबाट नै हुन्छ। नागरिक भनेको महिला पुरुष दुवै हुन्। यदि महिला नागरिकहरू २०५२।९।१० को मन्त्रिपरिषद्को निर्णयको सर्तको कारण अभिभावकको अभावमा राहदानी जारी भएन भने एकातिर राष्ट्रको प्रतिनिधित्व हुन सक्दैन भने अर्कोतिर महिलाहरूले हाम्रो संविधानले दिएको धारा १२ का आफ्ना स्वतन्त्रताहरू उपभोग गर्नबाट वन्चित हुनुपर्ने हुन्छ। हाम्रो राहदानी सम्बन्धी

कानूनी व्यवस्थाहरूबाट राज्यको प्रतिनिधित्वका सम्बन्धमा होस वा आफ्नो निजी प्रयोजन र उद्देश्यका लागि होस् नागरिकहरूले राहदानीको माध्यमबाट संविधान र ICCPR ले दिएको स्वतन्त्रताहरूको उपभोगमा नै अनुचित बन्देज लाग्न सक्ने हुनाले सोबमोजिमको कार्यकारिणी निर्णय गर्न नमिल्ने।

(प्रकरण नं. २७)

| आदेश मितिः २०६३।५।१५ | मुद्दा/रिट नं.: संवत् २०६१ सालको रिट नं. ४३ | निर्णय नं. ७६९३ |
|---|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री रामनगिना सिंह

माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री खिलराज रेग्मी

**विषयः उत्प्रेषण परमादेश।**

**अधिवक्ता मीरा ढुंगानासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- बालबालिका सम्बन्धी ऐन, २०४८ का प्रावधानहरू बालवालिकाको हक हितसँग सम्बन्धित भएको र निबेदकहरूले अमान्य घोषित गराई माग्न जिकिर लिएको उक्त ऐनको दफा ३(१) को प्रावधान बालवालिकाको नाम राख्ने सम्बन्धमा कार्यविधि व्यवस्थित गर्ने कुरा परिचयात्मक प्रकृतिको हुने, यस्तो कुरा परिवारमा आपसी सल्लाह समझदारीबाट हुने व्यवहार प्रचलनको विषय रहेको तथा विपक्षी महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको लिखितजवाफमा अन्तर्राष्ट्रिय महासन्धीहरूको अनुमोदनपश्चात् विभेदजन्य देखिएका कानूनहरूमा संशोधन गर्ने सम्बन्धमा उच्चस्तरीय समिति गठन भई सो समितिले पेस गरे अनुरूप विभेदपूर्ण देखिएका कानूनहरूको पुनरावलोकन गरी संशोधन गर्ने क्रममा रहेको भन्ने उल्लेख भएकोले निवेदकले जिकिर लिएको कानूनमा पनि समायानुकूल संशोधन हुन सक्ने अवस्थासमेत रहेकोले रिट निवेदन मागबमोजिम बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३(१) को प्रावधानलाई अमान्य घोषित गरिरहनु नपर्ने।

(प्रकरण नं. १५)

| आदेश मितिः २०६४।९।६ | मुद्दा/रिट नं.ः संवत् २०६४ सालको रिट नम्बर ९१७ | निर्णय नं. ७९५८ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री पवनकुमार ओझा

**विषयः उत्प्रेषण, परमादेश, प्रतिषेधलगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ।**
**सुनिलबाबु पन्त विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- देहायका विषयमा संवैधानिक वा कानूनी प्रश्न निरूपण गर्नुपर्ने विवाद भएमा Public Interest Litigation को विवाद मान्न सकिने
- ➢ राज्यको ढिलाइ वा Inaction को कारण विभिन्न वर्ग, जातजाति, लिङ्ग, समूह, भाषा भाषी आदि नागरिकको विभिन्न समूह संविधानको भाग ३ ले प्रदान गरेको मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु परेको विषय, राज्यले क्रमशः लागु गर्ने निर्देशक सिद्धान्तलाई बेवास्ता गरेको कारण मौलिक हक उपभोग गर्नबाट वञ्चित हुनु परेको विषय,
- ➢ राज्यको तर्फबाट वर्तमान संविधानको प्रस्तावना खास गरी प्रस्तावनाको चौथो प्रकरणको व्यवस्था र भावना विपरीत हुने कार्य भएको अवस्थामा,
- ➢ न्यायपालिकाको स्वतन्त्रता र संविधानबमोजिम स्वतन्त्र भएर काम गर्नुपर्ने अन्य संवैधानिक निकायको स्वतन्त्रतामा हस्तक्षेपसम्बन्धी विषय,
- ➢ वातावरण प्रदूषणसम्बन्धी विषय,
- ➢ संविधानको धारा १३(३) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएका विशेष व्यवस्था गरी संरक्षण र सशक्तीकरण गर्न सकिने जातजाति वा व्यक्ति वा वर्गको हकहितसम्बन्धी विषय,
- ➢ संविधानको भाग ३ र ४ मा उल्लिखित अन्य व्यक्ति वा समूह वा वर्गको हकहितसम्बन्धी विषय,
- ➢ नेपालको प्राकृतिक स्रोत सम्पदा जस्तैः सार्वजनिक जग्गा, नदीनाला, वनजङ्गल आदि Public Trust Doctrine अन्तर्गत पर्ने विषय,
- ➢ नेपालको सांस्कृतिक सम्पदासम्बन्धी ऐतिहासिक र पुरातात्त्विक विषयहरू,
- ➢ कार्यपालिकाले आफ्नो संवैधानिक कर्तव्य पालना नगरेको कारणबाट नागरिकहरूको कुनै वर्ग वा समूह वा जातजाति पीडित हुन परेको विषय आदि।

(प्रकरण नं.२)

- बच्चा जन्मँदा एउटा लिङ्गीमा जन्मेको भए पनि जैविक (Biological) र प्राकृतिक (Natural) प्रक्रियाअनुसार जन्मदाभन्दा अर्को लिङ्गीमा विकास भई जन्मँदाको भन्दा फरक लिङ्गीमा लैङ्गिक स्वरूप परिवर्तन हुन सक्छन्। यस्तो परिवर्तन हुँदैमा तिनीहरू मानव जाति वा नागरिक नै होइनन् भन्न नमिल्ने।
- महिला र पुरुषबाहेक अन्य तेस्रो लिङ्गीलगायतका व्यक्तिहरूलाई यौन अभिमुखीकरण (Sexual Orientation) का आधारमा भेदभाव गर्न नमिल्ने।
- राज्यले महिला र पुरुषबाहेकका तेस्रो लिङ्गी प्राकृतिक व्यक्ति नागरिकहरूको अस्तित्वलाई स्वीकार गरी उनीहरूलाई पनि संविधानको भाग ३ द्वारा प्रदत्त मौलिक हकहरूबाट वञ्चित गर्न नमिल्ने।

(प्रकरण नं.४)

- कानूनले निर्धारण गरेको उमेर पूरा गरेका व्यक्तिहरूले कसरी यौन सम्पर्क (Sexual Intercourse) राख्दछन् र त्यस्तो सम्पर्क प्राकृतिक अप्राकृतिक के हो भनी प्रश्न गर्ने अधिकार कसैलाई पनि प्राप्त हुन नहुने।
- महिला र पुरुषहरू (विपरीत लिङ्गी) ले गर्ने यौन सम्पर्कमा गोपनीयताको हक सुरक्षित छ त्यस्तो अधिकार फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका तेस्रो लिङ्गी व्यक्तिहरूको हकमा पनि समान रूपमा आकर्षित हुने।
- यौनिक क्रियाकलापलाई अप्राकृतिक भनी समलिङ्गी र तेस्रो लिङ्गीहरूको लैङ्गिक पहिचान र यौन अभिमुखीकरणलाई अस्वीकार गर्न सकिने अवस्था हुनु हुँदैन। जब कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्दछ, तत्पश्चात् उसको जैविक लिङ्ग के हो ? निजले कस्तो यौन साथी रोज्नु पर्ने हो, कस्तो व्यक्तिसँग वैवाहिक सम्बन्ध कायम गर्नुपर्ने हो भन्ने कुराको निर्धारण अरू व्यक्ति, समाज, राज्य वा कानूनले गरिदिने होइन। यो नितान्त रूपमा त्यस्तो व्यक्तिको वैयक्तिक आत्मनिर्णयको अधिकारअन्तर्गत पर्ने।
- मानिसको स्वतन्त्रता, प्रतिष्ठा र आत्मसम्मानमा चोट पुऱ्याउने खालका कुनै पनि व्यवस्थाहरू मानव अधिकारको दृष्टिकोणबाट मान्य हुन सक्दैनन्। धर्म, संस्कृति, परम्परा, मूल्य मान्यता जस्ता कुनै पनि आधारमा व्यक्तिको आधारभूत अधिकारलाई सङ्कुचन गर्न नहुने।
- संविधानको भाग ३ का मौलिक हक र नेपालले हस्ताक्षर गरी नेपाल कानूनसरह लागु भएका मानव अधिकारसम्बन्धी विभिन्न महासन्धिहरूले दिएको अधिकार आफ्नै पहिचानमा उपयोग गर्न नपाउने कानुनी व्यवस्था छ भने त्यस्तो व्यवस्थालाई स्वेच्छाचारी (Arbitrary), आधारहीन

(Unreasonable) र भेदभावयुक्त (Discriminatory) मान्नुपर्ने हुन्छ र त्यस्तो कानून कार्यान्वयन गर्ने राज्यको कार्य पनि Arbitrary Unreasonable र discriminatory नै मान्नुपर्ने।

- आफ्नै पहिचान कायम राखी मौलिक हक र स्वतन्त्रताको उपभोग गर्न नपाउने कानूनलाई भेदभावकारी कानून मान्नुपर्ने।
- नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम ICCPR/ICESCR समेत नेपाल कानूनसरह भएको हुँदा LGBT हरूले आफ्नोपनको अधिकार (Right to have one's own identity) को आधारमा विना भेदभाव आफ्नै पहिचानसहित नेपाल कानूनले दिएको हकहरू अरूसरह निर्वाध रूपमा उपभोग गर्न पाउनु पर्ने। सरकारले आवश्यक अध्ययन गरी फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले समेत अरूसरह नै विना भेदभाव आफ्नो अधिकार उपभोग गर्न पाउने गरी उपयुक्त कानून बनाउनु वा भैरहेको कानून संशोधन गरी आवश्यक प्रबन्ध गर्नु भनी नेपाल सरकारको नाउँमा निर्देशनात्मक आदेश जारी हुने। एउटा सावालक व्यक्तिले अर्को सावालक व्यक्तिसँग राजीखुसी मन्जुरीले आफ्नो चाहना अनुरूप वैवाहिक सम्बन्ध राख्न पाउनु उसको नैसर्गिक हक र अधिकार हो। समलिङ्गी विवाहलाई सम्बन्धित व्यक्तिहरूको हक अधिकार र सामाजिक पारिवारिक दृष्टि सबै पक्षबाट हेरिनुपर्ने।

(प्रकरण नं. ६)

| आदेश मितिः २०६५।१।४ | मुद्दा/रिट नं.: संवत् २०६३ सालको रिट नं. ००८९ | निर्णय नं. ८०३५ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

**विषयः उत्प्रेषण।**

**नक्कली महर्जनसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (१) अनुसार संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल अधिराज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुने र तत् सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागु हुनेछ भन्ने कानूनी व्यवस्था रहेबाट उल्लिखित अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्रको हैसियतले नेपालले उक्त महासन्धि अन्तर्गतको दायित्व निर्वाह गर्नु राज्यको कर्तव्य हुन आउने।

(प्रकरण नं. ८)

- अन्तर्राष्ट्रिय महासन्धिहरूको साथै नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) एवं नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) बमोजिम कुनै व्यक्तिको जन्म हुँदा निजको वावु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने कानूनी व्यवस्था रहेबाट समेत लिङ्ग वा वैवाहिक स्थितिको आधारमा निवेदकलाई भेदभाव गरी नागरिकताको प्रमाणपत्र लिनबाट वञ्चित हुने गरी विपक्षी नगरपालिकाबाट सिफारिस नदिने गरी भएको कार्यलाई कानूनसम्मत भन्न नमिल्ने।

(प्रकरण नं. ९)

| आदेश मितिः २०६६।३।१२ | मुद्दा/रिट नं.: २०६५-WO-००३५ | निर्णय नं. ८१७५ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री गौरी ढकाल
माननीय न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइराला

**विषयः परमादेश।**

**रञ्जित थापासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा नेपाल पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत्सम्बन्धी सन्धिको व्यवस्था नेपाल कानूसरह लागु हुने छ भन्ने व्यवस्था भएबाट नेपालले अनुमोदन गरेका उपर्युक्त सन्धि सम्बन्धित व्यवस्थाहरू नेपालका लागि पनि कानूनसरह मान्य भई नेपालको लागि बन्धनकारी हुने। नागरिकता प्राप्तिसम्बन्धी नेपालको अन्तरिम संविधान, २०६३ को व्यवस्था नेपाल नागरिकता ऐन, २०६३ एवं नेपाल नागरिकता नियमावली, २०६३ मा भएका व्यवस्थाहरू मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध अनुकूल भई नागरिकता प्राप्त गर्ने कार्यमा महिला र पुरुषबिच कुनै भेदभाव रहेको भन्न नमिल्ने।

(प्रकरण नं. ७)

- बाबु वा आमामध्ये दुवैलाई वंशज मानी बाबु वा आमामध्ये कुनै एकको नामबाट नागरिकताको प्रमाणपत्र लिने अधिकार नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ समेतले प्रदान गरिसकेको बाबुआमाको अलगअलग वतन भए पनि निवेदकले रोजेको बाबु वा आमाको ठेगानामध्ये कुनै एक स्थानमा सम्बन्धित निकायको सिफारिससाथ तोकिएको कार्यविधि पूरा गरी नागरिकताको प्रमाणपत्र माग गर्न आएमा रोजेको बाबु वा आमाको ठेगानामध्ये एक स्थानबाट नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने।

(प्रकरण नं. ८)

| आदेश मितिः २०६७।१०।२४ | मुद्दा/रिट नं.: रिट नं. २०६७– WS–००१७ | निर्णय नं. ८५३६ |
|---|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री बलराम के.सी.

माननीय न्यायाधीश श्री भरतराज उप्रेती

माननीय न्यायाधीश प्रा.डा. श्री भरतबहादुर कार्की

**विषयः उत्प्रेषणसमेत।**

**अधिवक्ता सरोजनाथ प्याकुरेलसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- मतदान गर्ने र संविधानसभा वा विधायिका अर्थात् संसद र स्थानीय निकायमा उम्मेद्वार बन्ने अधिकार नागरिकलाई मात्र प्राप्त हुन्छ। लामो समयदेखि वसोवास गर्दैआएको भए पनि नेपाली नागरिक भन्ने परिचय गराउने प्रमाण नेपाली नागरिकताको प्रमाणपत्र हो। संविधानसभा वा संसद् वा स्थानीय निकायहरूमा उम्मेद्वार बन्ने वा मतदान गर्ने दुवै अधिकार Political Right हो। Political Right केवल नागरिकलाई मात्र प्राप्त हुने।

(प्रकरण नं. ३)

- नागरिक भनी चिनाउने नागरिकताको प्रमाणपत्रको अभावमा सम्बन्धित व्यक्ति खास देशमा लामो समयदेखि बसोबास गरिआएको हो भन्ने चिनाउने अन्य जुनसुकै परिचयपत्रको आधारमा मतदान गर्ने अधिकारप्राप्त हुँदैन। त्यसरी बसोबास गरेको भन्ने प्रमाण वा नागरिकता प्राप्त गर्नसक्ने भन्ने योग्यताले नागरिकताको प्रमाणपत्रलाई Substitute वा Replace गर्न सक्तैन। नागरिक र राजनीतिक अधिकार प्रयोग गर्ने अधिकार नागरिकले मात्र प्राप्त गर्दछ। त्यस्तो अधिकार प्रयोग गर्न नागरिकताको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने।

(प्रकरण नं. १०)

- नेपाली नागरिक हुन योग्यता पुगेको सबैले नेपाली नागरिकताको प्रमाणपत्र लिनै पर्छ भनी बाध्य गर्न नसक्ला तर कसैले नेपालको नागरिकको हैसियतले यो देशमा आफ्नो Voting Right मार्फत Political Right Exercise गर्ने हो भने आफूलाई परिचय गराउन नागरिकताको प्रमाणपत्र लिनुपर्ने।

(प्रकरण नं. २०)

- मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को उपदफा (१) मा "नागरिकताको प्रमाणपत्र" भन्ने शब्दावली स्पष्ट हुँदाहुँदै नागरिकताको प्रमाणपत्रलाई नै Substitute गर्ने गरी अन्य कागजात विधायिकाले थप्न सक्तैन। मतदाता नामावलीमा नाम दर्ता गर्न नागरिकताको प्रमाणपत्रको अपरिहार्यतालाई कायमै राखी नागरिकताको प्रमाणपत्र केही गरी अस्पष्ट वा द्विविधाजनक देखिएमा नागरिकताको प्रमाणपत्रको Corroboration र Verify को लागि मात्र जग्गाधनी प्रमाणपूर्जालगायत उपदफा (१) र (२) मा उल्लेख भएका अन्य कागजपत्रहरू नाम दर्ता अधिकारीले माग गर्न सक्ने।

(प्रकरण नं. २३)

- संविधानले परिकल्पना गरेको संवैधानिक सर्वोच्चताको सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि धारा १०७ द्वारा यस अदालतलाई प्रदत्त असाधारण अधिकारको Pivotal Role रहेको छ। यस अदालतको उक्त असाधारण अधिकारलाई विधायिकाले बनाएको कुनै पनि कानूनले नियन्त्रण वा सीमित गर्न नसक्ने।

(प्रकरण नं. २५)

- मतदाता नामावलीका विषयमा निर्वाचन आयोगले गरेको कामकारबाहीउपर कुनै अदालतमा कुनै प्रश्न उठाउन सकिने छैन भनी मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ को दफा २५ मा उल्लेख भएको व्यवस्थाले संविधानको धारा १०७ द्वारा यस अदालतलाई प्रदत्त असाधारण क्षेत्राधिकारलाई उपेक्षा (Ignore) गर्ने, अनादर (Dishonour) गर्ने, निस्तेज तुल्याउने वा कुनै पनि रूपबाट सीमित वा नियन्त्रित गर्न नसक्ने।

(प्रकरण नं. २६)

| आदेश मितिः २०६७।११।१५ | मुद्दा/रिट नं.: संवत् २०६७ सालको रिट. नं. – २०६७– WO–०७०३ | निर्णय नं. ८५५७ |
|---|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री बलराम के.सी.

माननीय न्यायाधीश श्री भरतराज उप्रेती

**विषयः परमादेशसमेत।**

**सविना दमाईसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- नागरिकताको प्रमाणपत्र संविधान र कानूनले नागरिक हुन योग्यता पुगेको व्यक्तिलाई मात्र प्रदान गरिन्छ। संविधान र कानूनले नागरिक हुन तोकेको योग्यता नपुगेको व्यक्ति जतिसुकै लामो अवधि बसोवास गरेको भए पनि नागरिक बन्न नसक्ने।

(प्रकरण नं. ४)

- प्रत्येक व्यक्तिको लागि नागरिकताको प्रमाणपत्र महत्त्वपूर्ण हुन्छ। नागरिक नभई कसैले पनि यो देशको राजनीतिक अधिकार प्रयोग गर्न नपाउने।
- तोकिएको अधिकारीले संविधान, कानून र मानव अधिकारसम्बन्धी Covenant नबुझेर वा कानूनको गलत तर्क र अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट बञ्चित हुन सक्दैन। नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कठिनाइ (Hardship) को सामना गर्न पर्ने कुरा स्वीकार्य नहुने।

(प्रकरण नं. १०)

- बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्नसक्ने।

(प्रकरण नं. ११)

| आदेश मितिः २०६९।७।२० | मुद्दा/रिट नं.: रिट नम्वर २०६९– WH-००३० | निर्णय नं. ८९४५ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल

**विषयः बन्दीप्रत्यक्षीकरण।**

**प्रेमकुमारी नेपाली विरुद्ध राष्ट्रिय महिला आयोगसमेत।**

- यौनाङ्गको हिसाबले शारीरिक रूपको पहिचान एउटा भए पनि यौनिक अभिमुखीकरणको हिसाबले शारीरिक पहिचानभन्दा फरक प्रवृत्ति रहेको छ भने त्यस्तो अभिमुखीकरण वा प्रवृति स्वयं निषेध गर्न नमिल्ने।

(प्रकरण नं. २)

- संविधानले उपलब्ध गराएका हकहरू तेस्रो लिङ्गी वा समलिङ्गीको हकमा आकर्षित नहुने संवैधानिक बन्देज रहेको नदेखिँदा संविधानले उपलब्ध गराएका हकहरू महिला, पुरुष, तेस्रो लिङ्गी वा समलिङ्गी जोसुकैले संविधान र प्रचलित कानूनबमोजिम समान रूपमा उपभोग गर्न सक्ने।

(प्रकरण नं. ४)

- विवाह गरेको भन्ने आधारमा पत्नीको वैयक्तिक अधिकार र स्वतन्त्रतालाई सीमित गर्ने अधिकार नितान्त पतिमा निहित हुन्छ भनी कानूनतः भन्न नमिल्ने।

(प्रकरण नं. ५)

- प्रचलित कानूनले बर्जित नगरेको र संविधानले उपलब्ध गराएको हकसँग सादृश्यता राख्ने अधिकारको उपभोगलाई सामाजिक मान्यताको कारणले बञ्चित गर्न नमिल्ने।

(प्रकरण नं. ७)

- कुनै महिला वा पुरुषले अर्को समलिङ्गी महिला वा पुरुषसँग बस्न वा जीवन बिताउन चाहन्छ भने अदालतले त्यसमा कानूनतः रोक लगाउन सक्ने अवस्था नहुने।

(प्रकरण नं. ९)

- "बन्दी" शब्दले कुनै पनि व्यक्तिलाई प्रचलित संविधान तथा कानूनले उपलब्ध गराएको वैयक्तिक स्वतन्त्रताको हक उपभोग गर्न नदिई निजलाई नियन्त्रणमा राख्नु भन्ने जनाउँछ। चाहे त्यस्तो नियन्त्रण सुरक्षा निकायको, कुनै संघ संस्थाको वा व्यक्ति विशेषको नै किन नहोस्। यस

परिप्रेक्ष्यमा "बन्दी" शब्दको विस्तार प्रहरी हिरासत वा कारागारमा थुनेर राख्नुसम्म मात्र नभई सो शब्दले जुनसुकै प्रकारको कानूनविपरीतको वैयक्तिक स्वतन्त्रताको नियन्त्रण र सङ्कुचन गरी बन्दीसरहको अवस्थामा पुऱ्याएको स्थितिसमेत जनाउने हुन्छ। प्रहरी कार्यालय, सरकारी पदाधिकारी, व्यक्ति, कुनै सरकारी वा गैरसरकारी संस्था वा सङ्गठन नै किन नहोस्, कसैलाई कानूनविपरीत नियन्त्रणमा राख्ने अधिकार हुँदैन। यदि राखेको देखिन्छ भने त्यस्तो अवस्थामा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन आकर्षित हुने।

(प्रकरण नं. १२)

- कसैको वैयक्तिक स्वतन्त्रतामा नियन्त्रित गर्ने गरी कुनै पनि असल वा खराब नियतले कुनै रूपमा सीमित गर्न नमिल्ने हुनाले त्यस्तो भौतिक नियन्त्रण पनि बन्दीसरहकै स्थितिमा रहन जाने हुनाले कुनै संस्थाले पुनर्स्थापकीय संरक्षणमा राखेको कार्यसमेत कानूनसंगत भन्न नमिल्ने।

(प्रकरण नं. १६)

| आदेश मितिः २०७०।२।२७ | मुद्दा/रिट नं.: ०६८– WO–००२७ | निर्णय नं. ९०४८ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय

**विषयः परमादेश**

**डिलु बुदुजा विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- मेसिन रिडेबल राहदानी (MRP) कुनै एउटा देशसँग मात्र सरोकार रहने प्रकृतिको लिखत नभै अन्तर्राष्ट्रियस्तरको लिखत हो। यस्तो प्रकृतिको लिखतमा परिवर्तन गर्दा सो सम्बन्धमा अन्य स्थानमा पर्ने असरसमेतलाई दृष्टिगत गरी परिवर्तत गर्नु पर्ने हुन्छ। रिट निवेदक डिलु बुदुजा तेस्रोलिङ्गी भएको र निजले तेस्रोलिङ्गी पहिचानको नागरिकता प्राप्त गरिसकेको भन्ने कुरामा दुई मत छैन। निजले तेस्रोलिङ्गी पहिचानको नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरी सकेको अवस्था हुँदा र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) र १३(१), तथा ऐ. को उपधारा २ अनुसार सबैलाई समानताको हक प्रत्याभूत गरी जाति, लिङ्ग र वर्गको आधारमा विभेद नगर्ने भन्ने संविधानमा उल्लेख भएको आधारमा निजलाई तेस्रोलिङ्गीको पहिचानसहितको राहदानी प्रदान गर्ने कर्तव्यसमेत प्रत्यर्थीहरूले पूरा गर्नैपर्ने हुन्छ। तथापि राहदानीसम्बन्धी विषय अन्तर्राष्ट्रिय प्रकृतिको हुँदा यस सम्बन्धमा परिवर्तन वा हेरफेर गर्दा अन्तर्राष्ट्रिय संरचना बिग्रन नदिनेतर्फ सचेत रहनु पर्ने हुँदा अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको लिखत, ९३०३ ले तोकेको मापदण्डबमोजिमको मेसिन रिडेबल राहदानी जारी गर्नु अनिवार्य भएकोले यसको Software हाल बनिसकेको भए तापनि निवेदकको लैङ्गिक पहिचान र संवैधानिक हकको बहालीका निम्ति Software मा थपथाप वा परिवर्तन वा जे जस्तो उपायहरू अपनाउनु पर्ने हो सोसमेत अपनाई तेस्रोलिङ्गीलाई समेत पहिचानसहितको राहदानी दिलाउन राहदानी नियमावली, २०६७ को नियम ७ को उपनियम १ सँग सम्बन्धित अनुसूची २ मा संशोधन गरी यथाशीघ्र तेस्रोलिङ्गीय पहिचान हुने गरी राहदानी दिने व्यवस्था गर्दै जानु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने।

(प्रकरण नं. ८)

| आदेश मितिः २०७२।१२।२ | मुद्दा/रिट नं.: ०६८-WO-०७३१ | निर्णय नं. ९६२७ |
|---|---|---|

संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र

**विषयः परमादेश।**

**सज्दा सापकोटासमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- जहाँसम्म निवेदकहरूका बाबु विदेशी वा स्वदेशी के हो भन्ने आधारमा नागरिकताको प्रमाणपत्र नदिएको भन्ने विपक्षीको भनाइलाई हेर्दा संविधान तथा कानूनले नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरिरहेका व्यक्तिहरूले आमाको नामबाट नागरिकता प्राप्त गर्नसक्ने भनी व्यवस्था गरिसकेको अवस्थामा बाबु विदेशी वा स्वदेशी हो भन्ने प्रश्न उठाई संविधान र कानूनबमोजिम नागरिकता प्राप्त गर्ने योग्यता पुगेका व्यक्तिहरूलाई नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी नागरिकताविहीन बनाउनु कानून अनुकूलको कार्य मान्न सकिएन। बाबु विदेशी वा स्वदेशी नखुलेको भनी निवेदकहरूलाई नागरिकता नदिनु नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१), (२) र धारा २०(१) समेतको विरूद्ध हुन जान्छ। उक्त धारा १३(१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने भन्ने र उपधारा (२) मा लिङ्गको आधारमा कुनै नागरिकलाई भेदभाव गर्न नपाउने भन्ने व्यवस्था रहेको देखिन्छ। त्यस्तै धारा २०(१) मा महिला भएकै कारणले मात्र महिलालाई कुनै प्रकारको भेदभाव गर्न नपाइने भनी मौलिक हकको रूपमा स्वीकार गरिसकेको अवस्थामा निवेदकहरूकी आमा अनिता सापकोटा नेपालको नागरिक भन्ने कुरा निजको नेपालको नागरिकताको प्रमाणपत्रबाट प्रमाणित हुँदाहुँदै बाबु विदेशी वा स्वदेशी भन्ने नखुलेको आधार देखाई नेपालको नागरिकताको प्रमाणपत्र जारी नगरेको विपक्षीहरूको कार्यले महिला भएकै आधारमा निवेदकहरूकी आमामाथि विभेद गरेको भन्नेसमेत देखिँदा विपक्षीहरूको सो कार्य संवैधानिक व्यवस्थालाई परास्त गर्ने प्रकृतिको देखिएको।

  (प्रकरण नं. ७)

- उल्लिखित संवैधानिक एवम् कानूनी व्यवस्था तथा नजिर सिद्धान्तअनुसार नेपाली नागरिक बाबु वा आमाबाट नेपालको कुनै भू-भागमा जन्मिएको व्यक्तिले त्यही जिल्लाबाट नेपालको नागरिकताको प्रमाण पत्र प्राप्त गर्ने अधिकार राख्दछ। नागरिक नभई कसैले पनि यो देशको राजनीतिक तथा नागरिक अधिकार प्रयोग गर्न, अचल सम्पत्ति प्राप्त गर्न, कुनै चुनावमा भाग लिने वा मतदान गर्ने

अधिकार वा नेपाली नागरिकले मात्र प्रयोग गर्न पाउने कुनै पनि हक तथा अधिकार प्रयोग गर्न पाउने हुँदैन। नेपाल राज्यमा जन्मेको कारण नेपाली नागरिक हुन योग्यता पुगेपछि र आवश्यक रीत पुऱ्याई कानूनमा तोकिएको ढाँचामा आवेदन गरेपछि सहज र सरल तरिकाले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने प्रत्येक योग्यता पुगेको व्यक्तिको अधिकार हो। तर कानूनबमोजिमको न्यूनतम प्रक्रिया पुऱ्याई नागरिकता प्राप्तिको लागि आवेदन परेको अवस्थामा यस अदालतबाट प्रतिपादित उक्त सिद्धान्तसमेतको आधारमा नागरिकता जस्तो संवेदनशील प्रश्नमा सौहार्द्रतापूर्वक सहयोग गर्नुपर्नेमा यस्तो र त्यस्तो बहाना गरी नागरिकताको प्रमाणपत्र दिन इन्कार गरी विपक्षीहरूले निवेदकहरूलाई झुलाउने कार्य गरेको देखिदा यस्तो कार्यलाई जिम्मेवारपूर्ण एवम् कानून सम्मत कार्य मान्न नसकिने।

(प्रकरण नं. ९)

| मुद्दा/रिट नं.: ०७१-WO-०९०३ | आदेश मितिः २०७२।१२।२२ | निर्णय नं. १००६६ |
| --- | --- | --- |

संयुक्त इजलास

माननीय न्यायाधीश श्री गोपाल पराजुली

माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय

**विषयः परमादेश।**

**विपना बस्नेतसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- निवेदक रिनेक्सको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक देखिएकोले उपर्युक्त संवैधानिक व्यवस्थाबमोजिम त्यस्तो व्यक्ति वंशजको आधारमा नागरिक ठहर्नेमा विवाद देखिँदैन। नेपालको संविधानको धारा १२ मा "वंशीय आधार तथा लैङ्गिक पहिचानसहितको नागरिकता भन्ने व्यवस्था अन्तर्गत यो संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ" भन्ने उल्लेख भएको पाइन्छ। उल्लिखित संवैधानिक र कानूनी व्यवस्थाको अध्ययनबाट महिलालाई पुरूषसरह समान अधिकार प्रदान भएको र "तोकिएको अधिकारीले संविधान, कानून र मानव अधिकारसम्बन्धी Covenant नबुझेर वा कानूनको गलत तर्क र अर्थ गरेर कुनै नागरिक नागरिकताको प्रमाणपत्र पाउनबाट वञ्चित हुन सक्दैन। नागरिकताको प्रमाणपत्र प्राप्त गर्न कठिनाइ (Hardship) को सामना गर्नुपर्ने कुरा स्वीकार्य नहुने। बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने" भनी यस अदालतबाट (निवेदक सविना दमाईसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मुद्दा परमादेशसमेत नि.नं. ८५५७) सिद्धान्त कायम गरेको देखिँदा निवेदकले उल्लेख गरेका आधारमा आमाको नामबाट नागरिकता लिन चाहेमा नेपालको नागरिकता लिन सक्ने नै देखिएको छ। निवेदक रिनेक्सले बाबुको नाम, थर, उल्लेख गरी नागरिकता लिन चाहेको अवस्थामा आमाले सो कुरा अड्डामा सनाखत गर्नसमेत तयार रही रहेको देखिएपछि वंशजको आधारमा नागरिक हुने अवस्थाको विद्यमानता देखिए बाबुको नाम उल्लेख गर्ने कानूनी आधार र प्रमाण हेरी वंशजको आधारसमेतमा सम्बन्धित अधिकारीले नागरिकता जारी गर्न सक्ने नै हुन्छ। साथै माथि विवेचित निवेदन सविना दमाई भएको मुद्दामा आमाको नामबाट वंशजका आधारमा नागरिकता पाउने भई आमाको थर लेख्न सक्ने अवस्था देखिएबाट बाबुको नाम, थर लेखिएकै कारणले मात्र आमाको थर लेख्न

नपाउने भन्ने स्पष्ट संवैधानिक र कानूनी आधार देखिँदैन। यसरी नेपालको संविधान, कानून र नजिरसमेतले बाबु वा आमाको नामबाट नागरिकता लिन सक्ने गरी कानूनी व्यवस्था गरेको र सन्तानको लागि बाबुआमा समान वंशीय आधार भएकोले बाबुको नामथर लेख्न चाहेको कारणले मात्र आमाको पहिचानको थर प्रस्तुत निवेदनमा "बस्नेत" लेख्न नपाउने गरी रोक लगाउँदा अर्थात् बाबुको थर मात्र लेख्नुपर्छ भनी बाबु वा आमाको थरमा विभेद व्यवहार देखिने हुन्छ। साथै त्यस्तो निष्कर्षमा पुग्दा निवेदक रिनेक्सको वंशीय आधारको थर छनौटको अधिकार (Right to choose the family name) विरूद्ध हुनुको साथै महिला र पुरूषको समान अधिकार विरूद्धसमेत हुने देखियो। कानूनबमोजिम अधिकारप्राप्त निकाय वा अधिकारीले कुनै पनि उचित आधार र कारण नखुलाई नागरिकता नदिने कार्य कानूनसङ्गत र उपयुक्त व्यवहार मान्न नमिल्ने हुँदा कानूनी व्यवस्थाबमोजिम नागरिकलाई नागरिकता प्रदान गर्ने कार्यमा सहजीकरण र सरलीकरणका उपायहरू खोजी गर्नुपर्ने र कारणसहितको निर्णयविना नागरिकता प्रदान नगर्ने वा नागरिकता दिने/नदिने निर्णय गर्न ढिलाई गर्ने कार्य कानून कार्यान्वयनको उचित मार्ग हुन नसक्ने हुँदा नेपालको संविधान, नेपाल नागरिकता ऐन, २०६३ र नेपाल नागरिकता नियमावली, २०६३ समेतबमोजिम जो जे बुझ्नुपर्छ यथाशीघ्र बुझी निवेदकले खुलाएको वा दाबी लिएको बेहोरा अन्यथा नदेखिए निवेदन मागबमोजिम निवेदकको जन्मदर्ता र प्रमाणपत्रमा उल्लिखित आमाको थर "बस्नेत" लेख्न चाहेकै आधारमा मात्र नेपाली नागरिकताको प्रमाणपत्र दिन वञ्चित नगरी अविलम्ब नागरिकता सम्बन्धमा निर्णय गर्नु भनी विपक्षी जिल्ला प्रशासन कार्यालय काठमाडौंका नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ।

(प्रकरण नं. ५)

| आदेश मितिः २०७३।०५।१३ | मुद्दा/रिट नं.: ०७१-WO-०७०९ | निर्णय नं. ९६८७ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायधीश डा. आनन्द मोहन भट्टराई
माननीय न्यायधीश श्री प्रकाशमान सिंह राउत

**विषयः परमादेश।**

**सृजन खरेल विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ। नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न सकिँदैन। राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ। मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने र मतदान गर्ने आदि विभिन्न मौलिक हक राज्यले आफ्ना नागरिकलाई प्रदान गर्दछ। राजनीतिक हक नागरिक बाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन। नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूतरूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर समस्यामा पार्नु न्यायपूर्ण हुँदैन।

(प्रकरण नं. ९)

- यस अदालतबाट सविना दमाईसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. ०६७-WO-०७०३ ने.का.प.२०६८ नि.नं. ८५५७ अङ्क २ पृष्ठ २४७) रिट निवेदनमा यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्नेसमेत जिल्ला प्रशासन कार्यालयको नाउँमा परमादेश जारी भएको देखिन्छ। तत्पश्चात् सो आदेश कार्यान्वयनको लागि मन्त्रिपरिषद्बाट मिति २०६८।६।६ गृह मन्त्रालयलाई र गृह मन्त्रालयबाट मिति २०६८।५।५ को पत्रमार्फत सबै जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायलाई सो आदेशको कार्यान्वयनको लागि परिपत्र गरिसकेको भन्नेसमेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफबाट देखियो। त्यस्तै गरी भोला नगरकोटीसमेत विरूद्ध नेपाल सरकार भएको (रिट नं. २०६९-WO-०८८०) निवेदनमा पनि यस अदालतबाट आमाको नामबाट नागरिकता प्रदान गर्नु भन्नेसमेत जारी भएको देखिन्छ। रन्जिता थापाको निवेदनमा भएको निर्णय माथि उल्लेख भएकै छ। यसरी यस अदालतबाट यसपूर्व नै नेपाली नागरिक आमाको नाउँबाट नागरिकता पाउन सक्ने भन्ने कुरा स्थापित भइसकेकोसमेत देखिन आयो। आमाको नामबाट नागरिकता पाउँ भन्ने निवेदकको माग भएकोबाट

बाबु कहाँ गयो वा के भयो भन्ने कुरा प्रासाङ्गिक नै देखिएन। आमाको नामबाट नागरिकता लिन सकिने व्यवस्था हुँदाहुँदै निवेदकलाई नागरिकता प्राप्त गर्नबाट वञ्चित गर्नु भनेको कानूनको बर्खिलाप कार्य गरेको मानिन आउँदछ। कानूनी अधिकारप्राप्त अधिकारीद्वारा आफ्नो कानूनी कर्तव्य पूरा गर्नुपर्ने हुन्छ। सो नगर्नु समानता विरूद्ध मात्र होइन समन्यायको समेत बर्खिलाप हुने देखिन्छ। निवेदकले जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा निवेदन दिएको भनेबाट विपक्षी कार्यालय आफैं संवेदनशील भई यो विषय वस्तुलाई हेर्नु वाञ्छनीय देखिन्छ।

(प्रकरण नं. १२)

| आदेश मितिः २०७३।१०।१० | मुद्दा/रिट नं.: ०७०-WO-०२८७ | निर्णय नं. ९८७५ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की

**विषयः परमादेश।**

**सुनिलबाबु पन्तसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- कुनै पनि व्यक्तिले आफ्नो पहिचानसहितको आत्मसम्मानपूर्वक बाँच्न पाउनु निजको आधारभूत मानव अधिकारको विषय हो। यस्तो अवस्थामा फरक लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूले पनि आफ्नो स्वतन्त्र पहिचानसहित आत्मसम्मानपूर्वक बाँच्न पाउनु निजको मानव अधिकार तथा संवैधानिक हक हुने।

(प्रकरण नं. ४)

- कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्नु निजको नितान्त वैयक्तिक आत्मनिर्णयको अधिकारअन्तर्गतको विषय हो। यसमा अरू व्यक्ति समाज राज्य वा कानूनले जैविक लिङ्ग के हो भनी निर्धारण गर्नु सान्दर्भिक हुँदैन। मानिसको स्वतन्त्रता, प्रतिष्ठा र आत्मसम्मानमा चोट पुऱ्याउने खालका कुनै पनि व्यवस्थाहरू मानव अधिकारको दृष्टिकोणबाट समेत मान्य हुन नसक्ने।

(प्रकरण नं. ६)

- संविधान, नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा अन्य जनाई नागरिकता जारी गर्नेसम्बन्धी निर्देशिका, २०६९ समेतले तेस्रो लिङ्गीको अस्तित्वलाई स्वीकार गरी त्यस्ता समुदायको हकअधिकारप्रति प्रतिबद्धता जनाइसकेको अवस्थामा आफ्नो यौनिक पहिचान नै थाहा नभएको अवस्थामा जैविक अङ्गको आधारमा प्राप्त गरेको नागरिकता प्रमाण पत्र संशोधन गरी आफ्नो वास्तविक लैङ्गिक पहिचानसहितको नागरिकता प्रमाण पत्रमा संशोधन गर्न मिल्दैन भन्नु निवेदकहरू जस्ता लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूको अस्तित्व स्वीकार गर्नबाट इन्कार गर्नु समान हुने।

(प्रकरण नं. ७)

- लैङ्गिक अल्पसंख्यक समुदायहरू आफ्नो वास्तविक पहिचानभन्दा फरक परिचयपत्रका साथ रहन पर्दा आत्मसम्मानमा चोट पुग्नुका साथै सामुदायिक अपनत्वलाई समेत कमजोर तुल्याउने हुन्छ। आफ्नो अनुभूतिभन्दा फरकरूपमा आफ्नो परिचय लुकाई त्रासपूर्ण तथा अदृश्य जीवन जिउन बाध्य पार्नु यस्ता यौनिक अल्पसंख्यकहरूको मानव अधिकारको उल्लङ्घनसमेत हुन जाने।

(प्रकरण नं. ८)

- कतिपय अवस्थामा आफ्नो लैङ्गिक पहिचान ढिलो गरी मात्र थाहा पाउने र व्यक्त गर्नसक्ने हुँदा यस्तो अवस्थामा पहिले शारीरिक जैविक अङ्गको आधारमा पाएको नागरिकता प्रमाण पत्रमा संशोधन गर्न पाउने अधिकार कानूनतः सुरक्षित गर्नुपर्ने।

(प्रकरण नं. ९)

| आदेश मितिः २०७४।०१।१७ | मुद्दा/रिट नं.: ०७३-CI-०१३१ | निर्णय नं. ९८३३ |
|---|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

**विषयः नाता कायम गरिपाऊँ।**

**नारायणमणी लामिछाने विरुद्ध सरिता श्रेष्ठ।**

- निर्णयतर्फ विचार गर्दा मिति २०६५/४/१६ मा प्रतिवादी नारायणमणी लामिछानेले वादी सरिता श्रेष्ठलाई विवाह गरी श्रीमती स्वीकार गरेको कागज कानूनविपरीत छ। अमूक महिलालाई स्वास्नी स्वीकार्छु भनी गराइएको घरसारको कागजले कानूनी मान्यता प्राप्त गर्न सक्दैन भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, मिति २०६५/४/१६ को कागजमा म नारायणमणी लामिछाने र सरिता श्रेष्ठबिच मिति २०५६/१/१५ मा जिल्ला घरेलु तथा साना उद्योग विकास कार्यालयमा पहिलो पटक चिनजान भई उक्त चिनजान प्रेम सम्बन्धमा परिणत भई पटक पटक शारीरिक सम्बन्ध कायम हुन गए तापनि वैधानिकरूपमा मूलघरमा भित्र्याउन नसकेको हुँदा निज श्रीमतीकै डेरा कोठामा उपस्थित भई विवाह गरी तपसिल साक्षीहरूको रोहवरमा सहिछाप गरिदिएँ भनी कागज गरेको देखिन्छ। साक्षीमा वादी पक्षका २ जना र प्रतिवादी पक्षका २ जना राखेको भन्ने देखिन्छ। प्रतिवादीले उक्त कागज करकापसँग गराएको सहिछाप मेरो होइन भनी अ.ब. ७८ नं. बमोजिम बयान गरेको हुँदा उक्त लिखतको हस्ताक्षर र ल्याप्चे राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट परीक्षण प्रतिवेदन आएको देखिन्छ। उक्त कागजमा भएको ल्याप्चे यी प्रतिवादी नारायणमणी लामिछानेको ल्याप्चेसँग मिलेको भनी वैज्ञानिक परीक्षणको प्रतिवेदन आएको देखिन्छ। औंठाछाप नै मिलिसकेको अवस्था छ। जसलाई साक्षीहरूले गरेको बकपत्रबाट पनि पुष्टि भएको छ। उक्त कागज करकापसँग गराएको हो भने निजले करकाप गरी कागज गराए भनी सम्बन्धित निकायमा उजुरी दिएको पनि देखिँदैन। यो कागज २०६५।४।१६ मा गरेको देखिएकोले द्वन्द्वको समयमा डर धाक धम्की दिएर गरिएको भन्ने जिकिरसँग सहमत हुन सकिएन। पत्नी हो भनी स्वीकारेको साक्षी राखी गरिएको कागजले विवाहको कानूनी मान्यता नै हुन्छ भन्ने पनि होइन तर उक्त कागजले वैवाहिक सम्बन्धमा रहेको आत्मीय र सामाजिक सम्बन्धको स्वीकारोक्ति गरेको छ। विवाह दर्ता गर्नुपर्ने कानून रहे तापनि नेपालमा हालसम्म व्यक्तिगत घटना दर्ता ऐनको प्रभावकारिता नरहेको अवस्थामा प्रेम विवाह सामाजिक सांस्कृतिक

विवाहलाई अन्यथा भन्न मिल्दैन। पतिपत्नी भनी लामो समयसम्म सम्बन्धलाई प्रकाश गरिसकेपछि सम्बन्धको इन्कारपछि नै फिरादी नाताको वैधानिकताको लागि अदालतको शरणमा आएको र मिति २०६५।४।१६ को कागजसमेत पेस गरेको अवस्थामा उक्त कागजलाई अन्यथा भन्न सकिँदैन। अदालतले प्रमाणको रूपमा लिखित, मौखिकलगायत कुनै सङ्केत, चिह्न, नोटबुक, फोटोचित्र आदि आवश्यक पर्ने जुनसुकै चिज पनि लिन सक्छ। पक्ष विपक्षबिच मन्जुरी सहमतिले साक्षी राखी गरिएको लिखतले प्रमाणको कुनै मान्यता प्राप्त गर्न सक्दैन भनी मान्न सकिँदैन। हुनत शारीरिक सम्बन्ध हुँदैमा विवाह भयो भन्न सकिँदैन तर वादीले २०५६ सालदेखि नै शारीरिक सम्पर्क भएको भनी फिरादमा उल्लेख गरेको तथा लोग्नेस्वास्नी भई बसेको र प्रतिवादीले उक्त कुरा २०६५।४।१६ को कागजमा स्वीकार गरिसकपछि प्रतिउत्तर फिराउँदा मैले शारीरिक सम्पर्क गरेको छैन लोग्नेस्वास्नीको सम्बन्ध छैन र वादीसँग सामान्य चिनजान मात्र भएको हो भनी उल्लिखित बेहोरा कुनै पनि प्रमाणबाट पुष्टि हुने सकेको छैन।

(प्रकरण नं. २)

- जहाँसम्म मिति २०६५।५।१७ मा नियुक्तिको फारम भर्दा पतिको नाम नराखेको र नागरिकता लोग्नेको नामबाट किन नलिएको भन्ने प्रश्नमा महिलाले कुन थर लिने उसको स्वनिर्णयको अधिकार रहेको, महिला अधिकारसम्बन्धी महासन्धि (CEDAW) को धारा १६ ले पारिवारिक नामथर छान्ने व्यक्तिको व्यक्तिगत अधिकार हो (same personal right choose a family name) भन्ने मान्यता स्थापना भएको अवस्थामा आफ्नो स्वतन्त्र पहिचानसहितको पारिवारिक जीवनको हक रहेको हुन्छ। तसर्थ, नागरिकतामा वा नियुक्तिको फारममा पतिको नाम उल्लेख नगर्न वा पतिको नामबाट नागरिकता नलिनुको अर्थ श्रीमती होइन भन्ने पुष्टिको आधार हुन सक्दैन। विवाह नगरेकी एक महिलाले कुनै सम्पर्क वा सम्बन्ध नै नरहेको कुनै पुरूषलाई हाम्रोबिचमा प्रेम सम्बन्ध भई शारीरिक सम्पर्क भएको तथ्य श्रीमान्श्रीमतीको रूपमा रहेर प्रतिवादीको सतधर्ममा रहेकी छु अन्य कोही कसैसँग सम्बन्ध सम्पर्क छैन भन्नेसम्म उल्लेख गर्नुपर्ने अवस्था रहन्न। "प्रेम विवाह गरी लोग्नेस्वास्नी भई नबसेको भए त्यसरी आफ्नो चरित्रको हत्या हुने गरी वादीसँग प्रेम विवाह गरेको मेरो लोग्ने हो भनी देखाउने अवस्था रहन्न (ने.का.प. २०४६, अङ्क ११, नि.नं. ३९८५, पृष्ठ १११३) भनी सिद्धान्तसमेत प्रतिपादन भएको अवस्थामा कुनै अविवाहित नारीले मैले यो पुरूषसँग करणी लेनदेन गरेको श्रीमान् श्रीमतीको रूपमा सँगसाथमा रहे बसेको र समाजमा अन्य व्यक्तिहरूलाई श्रीमान् श्रीमतीको रूपमा चिनजान गराएको र पुरूषको सतमा रहेको भनी भन्नु पर्ने अवस्था देखिने।

(प्रकरण नं. ४)

| आदेश मितिः २०७४।५।५ | मुद्दा/रिट नं.: ०७३-WO-०८५२ | निर्णय नं. ९८४१ |
|---|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री दीपकराज जोशी

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

**विषयः परमादेश/उत्प्रेषण।**

**उमा सिंह (भट्टराई)समेत विरुद्ध जिल्ला प्रशासन कार्यालय, मोरङसमेत।**

- नेपाल पक्षधर महिला विरूद्ध सबै प्रकारको भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ को धारा ९(२) ले सन्तानलाई नागरिकता दिने सवालमा महिलालाई पुरूषसरह समानताको अधिकारको सुनिश्चितता गर्नुपर्ने व्यवस्था गरेको छ। सोही महासन्धिको धारा १ ले वैवाहिक स्थितिको कारणले महिलालाई पुरूषसरहको समानताको अधिकारमा विभेद गर्न नपाइने र अरू कुनै पनि किसिमको बहिष्करण, प्रतिबन्ध वा फरक व्यवहारले पुरूषसरह समानताको अधिकारमा महिलाको मानव तथा मौलिक स्वतन्त्रताको मान्यता, प्रयोग वा उपभोगमा क्षति पुऱ्याउने वा शून्यतामा पुऱ्याउने कामलाई विभेद मानिएको छ। बाबु बेपत्ताको स्थितिमा रहेको, स्थायी ठेगाना थाहा नभएको आमा जो आफैं यो देशको वंशजको नागरिक छिन् जो वास्तविकता हो, यथार्थता हो। सन्तानहरूसँगै रहेको अवस्थामा आमाको नामबाट सन्तानले नागरिकता प्राप्तिमा अवरोध खडा गरिएमा यसले आमाको नेपाली नागरिकसरहको समानताको हक तथा उनको परिवारको हक, वासस्थान चयनको हकमा समेत असर पर्न जान्छ। साथै नेपाल बाल अधिकारसम्बन्धी महासन्धिको पक्षधरको नाताले बाल अधिकारसम्बन्धी महासन्धिको धारा ७ तथा ८ अनुसार हरेक बालबालिकाको राष्ट्रियता प्राप्ती गर्ने अधिकार रहने, नागरिकताको अधिकारमा गैरकानूनी हस्तक्षेप गर्न नहुने व्यवस्था गरेको छ। अन्तर्राष्ट्रिय कानूनले राज्यविहीनता स्वीकार्य नगर्ने तथा प्रत्येक बालबालिकाको पहिचान संरक्षण गर्न पर्ने दायित्व राज्यपक्षको हुने।

(प्रकरण नं. ५)

- निवेदकहरूले आमाको नाउँबाट नागरिकताको प्रमाणपत्र पाउँ भन्नेतर्फ हेर्दा नेपालको संविधानको धारा १२ मा "यो संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाण पत्र पाउन सक्ने छ" भन्ने संवैधानिक प्रावधान रहेको देखिन्छ भने नेपाल नागरिकता ऐन, २०६३ समेतले निजको जन्म हुँदा बाबु वा आमा नेपालको नागरिक रहेको छ भने त्यस्तो व्यक्ति

वंशजको आधारमा नेपालको नागरिक हुने व्यवस्था गरेबाट बाबु वा आमा जोसुकैको नागरिकताको आधारमा नेपाली नागरिकता पाउन सक्ने देखिएकोछ। सो प्रावधानबाहेक पनि नेपालको संविधानको धारा १८ द्वारा प्रदत्त समानताको हकको धारमा समेत नागरिकता प्रदान गर्ने कुरामा पुरूष (बाबु) वा महिला (आमा) बिचमा विभेद गर्न नमिल्ने अवस्था देखिन्छ भने नेपालको संविधानको धारा ३८(१) ले प्रत्येक महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुनेछ भन्ने व्यवस्थासमेत गरेबाट वंशजको नामकरण वा पहिचानको मामिलामा महिलालाई समान हक दिएको देखिएकोले निज महिलाका सन्तानलाई नागरिकता दिने विषयमा महिला (आमा) पुरूष (बाबु) बिच विभेद गर्नु मौलिक हकको प्रावधानसमेत विपरीत हुन जाने।

(प्रकरण नं. ६)

- नेपाल नागरिकता ऐन, २०६३, नेपालको संविधानको धारा ११(२), १२ समेतको माथि विवेचित प्रावधानहरूले समेत स्पष्टरूपमा आमा वा बाबुको नामबाट नेपालको नागरिकताको प्रमाण पत्र पाउन सक्ने स्पष्ट व्यवस्था गरेबाट तथा यस्तै प्रकृतिको विवादमा "बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भए पनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने" भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प. २०६८, अङ्क २, नि.नं. ८५५७) समेतको आधारमा निज रिट निवेदकहरूलाई आमाको नामबाट वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र दिनबाट इन्कार गर्न सकिने अवस्था देखिँदैन। साथै नेपालको संविधानको धारा ११(५) ले नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नागरिकता प्रदान गर्न सक्ने व्यवस्था रहेको तर बाबु विदेशी व्यक्ति भएको ठहरिएमा त्यस्तो व्यक्तिको नागरिकता अङ्गीकृतमा परिणत हुने व्यवस्थासमेत रहेको छ। बाबुको पहिचान हुन नसकेको अवस्थामा त नेपालको संविधानले नेपाल अधिराज्यभित्र फेला परेको नाबालकलाई वंशजको नागरिकताको व्यवस्था गरेको छ भने यस मुद्दामा बाबु बेपत्ता भएको घर ठेगाना पहिचान नभएको अवस्था रहेको छ। आमा वंशजको आधारमा नेपाली नागरिक र सन्तानको जन्म र बसोबाससमेत नेपालमै छ। नेपालको संविधानको धारा १८ ले नागरिक नागरिकबिच लिङ्ग, वैवाहिक स्थिति, गर्भ धारण वा अन्य कुनै आधारमा विभेद विरूद्धको हक सुनिश्चितता गरेको छ। यी संवैधानिक व्यवस्थाको सन्दर्भमा आमाको नामबाट सन्तानलाई नागरिकतामा प्रतिबन्ध लगाउनु संविधानको मर्मविपरीत हुने।

(प्रकरण नं. ७)

| आदेश मितिः २०७४।६।२३ | मुद्दा/रिट नं.: ०७३-CI-०७२४ |
| --- | --- |

संयुक्त इजलास

माननीय न्यायाधीश श्री मीरा खडका

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

**विषयः परमादेश।**

**जिल्ला प्रशासन कार्यालय बर्दियाका प्रमुख जिल्ला अधिकारी विरुद्ध श्वेता श्रीवास्तव।**

- परमादेशको आदेश सार्वजनिक प्रकृतिको हुन्छ। कानूनबमोजिम पूरा गर्नुपर्ने कर्तव्य भएका सार्वजनिक पदाधिकारी, प्रशासनिक निकाय वा पदाधिकारीले आफूलाई कानूनबमोजिमको तोकिएको कर्तव्य पूरा नगरेको अवस्थामा उक्त कानूनी कर्तव्य पालना गराउन परमादेशको आदेश जारी गर्ने गरिन्छ। रिट निवेदिकाले नेपालको नागरिकताको प्रमाणपत्र पाउँ भनी पुनरावेदक विपक्षीसमक्ष निवेदन दिएकोमा कानूनबमोजिम आवश्यक कारबाही गरी निजले माग गरे बमोजिमको नेपाली नागरिकताको प्रमाणपत्र दिन मिल्ने वा नमिल्ने निर्णय समयमै गरी दिन मिल्ने भए नागरिकताको प्रमाणपत्र दिनुपर्ने र दिन नमिल्ने निर्णय भएको भए सोको जानकारी निवेदिकालाई दिनुपर्ने कानूनी दायित्व यी पुनरावेदक विपक्षीउपर रहेको छ।
- यी पुनरावेदक विपक्षीले आफूलाई कानूनले तोकेको कर्तव्य बमोजिम नागरिकता दिन मिल्ने वा नमिल्ने सम्बन्धमा आवश्यक छानबिन गरी निर्णय दिनुपर्नेमा सो नगरेको देखिएकोले पुनरावेदकलाई तोकिएको कानूनी कर्तव्य पूरा गराउनका लागि पुनरावेदन अदालत राजविराजबाट परमादेशको आदेश जारी भएको देखिँदा सो आदेश मिलेको देखिन आएको।
- निवेदिकाले नागरिकताको प्रमाणपत्र पाउँ भनी पुनरावेदक विपक्षी कार्यालयमा दिएको निवेदनका सम्बन्धमा कानूनको तोकेको कर्तव्य पूरा नगरी नागरिकता दिने वा नदिने सम्बन्धमा निर्णयसमेत भएको नपाइएकोले नागरिकतासम्बन्धी विषयको संवेदनशीलतालाई ध्यानमा राखी निवेदिकाको नागरिकता पाउँ भन्ने विषयको निर्णय गरिदिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरेको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०७२/११/५ को आदेश मिलेकै देखिँदा सदर हुने।

| आदेश मितिः २०७४।७।६ | मुद्दा/रिट नं.: ०७३-WO-१०५४ | निर्णय नं. ९९२१ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान

**विषयः उत्प्रेषण/परमादेश।**

**सुमन पन्त विरुद्ध गृह मन्त्रालय, अध्यागमन विभाग, डिल्लीबजारसमेत।**

- संविधानमा प्रयुक्त "व्यक्ति" वा "नागरिक" भन्ने शब्दहरू लैङ्गिकरूपमा निरपेक्ष शब्द हुन्। यी शब्दले पुरूष मात्र वा महिला मात्र भनी बुझाउँदैनन्। तसर्थ संविधानद्वारा प्रत्याभूत मौलिक हकहरू पुरूष वा महिलालाई मात्र प्राप्त हुन्छन्, पुरूष वा महिलाको परम्परागत वर्गमा नपर्ने वा आफूलाई सो वर्गमा राख्न नचाहने अन्य वर्गका व्यक्तिहरूलाई प्रत्याभूत गरिएका होइनन्; संविधानको समान संरक्षण उनीहरूलाई प्राप्त छैन भनी भन्न र त्यसरी प्रत्याभूत गरिएका हकहरूबाट उनीहरूलाई वञ्चित गर्न नमिल्ने।
- संविधानले प्रत्येक व्यक्तिलाई प्रत्याभूत गरेको सम्मानपूर्वक बाँच्न पाउने हकअन्तर्गत व्यक्तिको रूपमा उसको पहिचानको हक पनि पर्छ। व्यक्तिको रूपमा उसको भौतिक अस्तित्व र पहिचानलाई नस्वीकारेसम्म सम्मानको कुरा आउँदैन। त्यस्तैगरी व्यक्तिको रूपमा जीवनलाई पूर्ण बनाउने स्वायत्तताको सम्मान नगरेसम्म उसको सम्मानलाई स्वीकार गरिएको भन्न मिल्दैन। यस दृष्टिबाट संविधान प्रदत्त हकहरूसँग नमिल्ने कानून, नीति र व्यवहारहरूले मान्यता पाउनसक्ने अवस्था नहुने।

(प्रकरण नं. ६)

- मानव अधिकार कानूनको बृहत् परिवेश र हाम्रो संविधानले गरेको मौलिक हकसम्बन्धी व्यवस्थाको आलोकमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकउपर गरिने सबैखाले विभेदहरू, चाहे कुनै कार्य (action) हुन् वा कार्य नगरिएको स्थिति अर्थात् अकर्मण्यता (Omission) हुन्, गैरकानूनी देखिने। लिङ्ग, शारीरिक स्थिति, वैवाहिक स्थितिसमेतको आधारमा भेदभाव गर्न नपाइने तथा सामाजिक वा सांस्कृतिक रूपले पिछडिएको लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायतका समूहको अस्तित्व, पहिचान र सम्मानमा वा चाहनामा प्रतिकूल असर पर्ने वा अधिकारको उपभोग वा प्रचलन निस्तेज वा निरर्थक हुने गरी परहेज, वञ्चना वा प्रतिबन्धको स्थिति सृजना गर्न कुनै किसिमबाट पनि मिल्ने नदेखिने।

(प्रकरण नं. १३)

- नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको दाबी गर्ने विदेशीले विवाह दर्ताको प्रमाणपत्र पेस गर्छ भने र उसँग विवाह गर्ने नेपाली नागरिकले भिसाको निवेदनमा मैले विवाह गरेको व्यक्ति यही हो भनी सनाखत गर्छ भने नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेको विदेशी नागरिकलाई गैरपर्यटकीय भिसा जारी गर्न इन्कार गर्न नमिल्ने। कुनै विषयमा कुनै व्यक्तिको हक अधिकारको प्रश्न आउँछ त्यस्तोमा कानूनले स्पष्टतः निषेध गरेको अवस्थामा बाहेक व्यक्तिलाई अधिकार प्राप्त छ भन्नेतर्फ नै सबैको सोच बन्नुपर्ने। संविधान अधिकारको दस्ताबेज मात्र नभई न्यायको दस्ताबेज पनि हो। संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकको अलग पहिचान स्वीकार गरी लिङ्गको आधारमा विभेद गर्न नपाइने कुराको प्रत्याभूति गरेको छ र अध्यागमन ऐन वा नियमले त्यस्तो पहिचानलाई अस्वीकार गरेको छैन भने दरखास्त फाराममा उल्लेख भएको पति/पत्नी भन्ने शब्दले संविधान प्रदत्त हक निस्तेज गर्नु अन्यायपूर्ण हुँदा विपक्षीबाट संविधानविपरीत गैरपर्यटकीय भिसा जारी गर्नबाट गरिएको अकर्मण्यता (Omission) स्वीकारयोग्य नदेखिने।

(प्रकरण नं. १८)

# भाग ५

# विवाह तथा पारिवारिक सम्बन्ध

| आदेश मितिः २०५८।४।१८ | मुद्दा/रिट नं.ः संवत् २०५५ सालको रिट नं. ३३१३ | निर्णय नं. ७०१६ |
|---|---|---|

विशेष इजलास

सम्माननीय प्रधानन्यायाधीश श्री केशवप्रसाद उपाध्याय

माननीय न्यायाधीश श्री कृष्णजंग रायमाझी

माननीय न्यायाधीश श्री हरिप्रसाद शर्मा

माननीय न्यायाधीश श्री कृष्णकुमार वर्मा

माननीय न्यायाधीश ज्ञाइन्द्रबहादुर श्रेष्ठ

**विषयः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३। ८८(१) र ८८(२) अनुसार उत्प्रेषणयुक्त परमादेश वा जो चाहिने अन्य आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ।**

**तारादेवी पौडेल विरुद्ध मन्त्रिपरिषद् सचिवालयसमेत।**

- सामान्य कानून मुलुकी ऐनका कतिपय व्यवस्थाहरूमा धर्मशास्त्रका प्रभाव पनि रहेको कुरा यस्को प्रस्तावनाको अध्ययनबाट बोध हुन्छ। विवाद नभएको हाडनाता करणी गर्नेको १०क. ले आफ्नो जात र कूलमा चली आएको चलनलाई मान्यता दिएको छ। प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चली आएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने स्वतन्त्रताको हक हुनेछ भनी धर्मसम्बन्धी हक नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १९ ले व्यक्तिलाई मौलिक हकको रूपमा दिएको पाइन्छ। हाडनातामा करणी गर्नेको ४ नं. को व्यवस्थाको अभिप्राय समाजमा व्यभिचार रोक्नु हो र यस्ता कुरामा विधायिकाको बुद्धि विवेकमा अदालतबाट हस्तक्षेप गरिनु सामान्यतया उपयुक्त नहुने।
- नेपालको कानूनी व्यवस्था अन्तर्गत लोग्ने मरेपछि लोग्नेको हक दायित्व विधवा स्वास्नी मानिसमा सर्ने र अंशियारको हैसियतबाट अंश प्राप्त गर्न सक्ने परिवारको सदस्य हुँदा लोग्नेको सत्यमा रहेसम्म लोग्ने स्वास्नीको नाता सम्बन्ध रहिरहने हुन्छ। लोग्नेसँग नाता सम्बन्ध रहिरहेका अवस्थामा लोग्नेको सहोदर भाइ देवरसँग विधवा भाउजूको पहिलेकै जस्तै भाउजू नाता नरहेको भन्न कानूनसंगत हुने देखिंदैन। श्रीमतीको मृत्युपछि विधुर पुरुषले श्रीमतीको बहिनीसँग विवाह गर्न निषेध नगरेको कारण आधारमा उक्त ४ नं. को व्यवस्था पुरुष र महिलाबिच भेदभाव पूर्ण छ भन्ने निवेदिकाको निवेदन जिकिरतर्फ विचार गर्दा, परलोक भएको श्रीमतीकी त्यस्ती बहिनी विधुर पुरुषको परिवारभित्रको कुनै किसिमको हक पुग्ने सदस्य तथा सगोत्री रहेको हुँदैनन्। अर्थात्

विधुर पुरुष र विधवा महिला यस कुरामा समान स्थितिको मान्न मिल्ने अवस्था देखिएन। सामाजिक, धार्मिक र परम्परागत मान्यता र चलनबाट प्रभावित कानूनी व्यवस्थाहरूबाट यस सम्बन्धमा दुवैको समान स्थिति भन्ने देखिंदैन। समानताको हक भन्नाले समानहरूका बिचमा कानूनको समान प्रयोग र समान संरक्षण भन्ने हो। असमानहरूका बिचमा कानूनको समान प्रयोग र समान संरक्षण भन्ने होइन। उक्त कानूनी व्यवस्था पुरुषहरूका बिचमा असमान हुने गरी बनेको छ भन्ने निवेदिकाको जिकिर पनि होइन। यस्तो कसुरमा जानी जानी सहभागी हुने महिलासमेत सजायको भागी हुने विवाद नभएको विहावारीको १ नं. र हाडनातामा करणी गर्नेको १० नं. मा व्यवस्था रहेको देखिन्छ। निवेदिकाको निवेदन दाबी जिकिरबमोजिम हाडनातामा करणी गर्नेको ४ नं. ले मौलिक हकमा अनुचित बन्देज लगाएको भन्न सकिने स्पष्ट कानूनी आधार रहेको देखिन आएन। तसर्थ उल्लिखित आधारहरूबाट हाडनातामा करणी गर्नेको ४ नं. संविधानको धारा ११ (१) (२) (३) को प्रतिकूल भई भेदभावपूर्ण छ भन्न मिलेन। मुलुकी ऐनको हाडनातामा करणी गर्नेको ४ नं. को उक्त व्यवस्था संविधानको धारा ८८ (१) बमोजिम अमान्य घोषित गरी उपचार पाऊँ भनी परेको निवेदनबाट निवेदन जिकिरबमोजिम आदेश जारी हुने अवस्था नदेखिने।

- दर्ता भएको फिराद दाबीबमोजिम सार्वजनिक महत्त्व र सरोकारको विषय रहे नरहेको, फिराद कानूनको रीत पुगी दर्ता भए नभएको तथा वादीलाई निवेदिकासमेत विरुद्ध हाडनाता करणी मुद्दा दायर गर्ने हकदैया रहे नरहेको भन्नेसमेतको विषयहरूमा प्रतिउत्तर जिकिर समेत हेरी मुद्दाको तथ्य कानून र सवुद प्रमाणहरूका आधारमा न्यायिक निर्णय गर्ने जिल्ला न्यायाधीशबाट न्याय निरूपण गर्दा विवेचना हुन सक्ने विषय हो। यस्तो अवस्थामा यस अदालतले असाधारण अधिकारक्षेत्रको प्रयोगबाट जिल्ला अदालतमा विचाराधीन मुद्दामा हस्तक्षेप गर्न न्याय संगत नहुने।

(प्रकरण नं. २० देखि २२)

| आदेश मितिः २०६१।११।२ | मुद्दा/रिट नं.: २०६१ सालको रिट नं. ३७ | निर्णय नं. ७४५९ |
|---|---|---|

विशेष इजलास

सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री भैरवप्रसाद लम्साल

माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी

माननीय न्यायाधीश श्री बलराम के.सी.

**विषयः नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३, ८८(१)(२) बमोजिम उत्प्रेषणयुक्त परमादेशलगायत उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ।**

**अधिवक्ता चन्द्रकान्त ज्ञवालीसमेत विरुद्ध श्री ५ को सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत।**

- अधिकारको रूपमा व्यवस्थित कुरालाई समान अवस्थाका महिला र पुरुषका बिच कुनै खास खास कारणद्वारा विभेद गर्न नहुने।
- समानता निरपेक्ष नहुने भन्ने र सकारात्मक विभेद गर्न सकिने भन्ने आधारकै भरमा असमान व्यवहार गरे जस्तो देखिनु न्यायोचित र विवेकसम्मत नहुने।

(प्रकरण नं. २०)

- उही अवस्थामा लोग्ने मानिसले स्वास्नी जीवित हुँदै र सम्बन्धविच्छेद नहुँदै अर्को विवाह गर्न पाउने वा अर्को स्वास्नी राख्न पाउने तर स्वास्नीमानिसले विवाह गरेमा वा अर्को लोग्ने राखेमा सजायको भागि हुनुपर्ने व्यवस्थालाई वैवाहिक विभेदकारी व्यवस्थाको संज्ञा दिनुपर्ने।

(प्रकरण नं. २१)

- मुलुकी एघारौं संशोधनद्वारा समेत संशोधित विहावरीको ९ नं. को ससर्तात्मकरूपमा लोग्ने मानिसले मात्र बहुविवाह गर्न पाउने कानूनी व्यवस्था महिला र पुरुषबिच वैवाहिक रूपमा गरिएको विभेद स्पष्टरूपमा देखिन आउने।

(प्रकरण नं. २४)

- कुनै कानूनी व्यवस्था समान्य तर्क र विश्लेषणको आधारमा अमान्य नहुने।

(प्रकरण नं. २५)

- जुनसुकै कानून निर्माण वा संशोधन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ द्वारा प्रत्याभूत समानताको हकको विपरीत हुनु हुँदैन। यस अदालतमा परेका पारिवारिक र सम्पत्ति कानूनसम्बन्धी विवादमा महिला र पुरुष वा छोरा छोरीबिचमा विभेद नहुने गरी समाजका विभिन्न

वर्गका बिच छलफल बहस गरी हाम्रो सामाजिक मान्यता, मूल्य र आचरण समेतका कुरालाई विश्लेषण र विचार गरी कानून निर्माण, संशोधन, खारेज गर्न उपयुक्त व्यवस्था गर्नु भनी आदेश जारी गरेको छ। निवेदक अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध मन्त्रीपरिषद् सचिवालयसमेत भएको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गरिपाउँ भनी परेको रिट निवेदनमा निवेदिकाले उठाएको अपुतालीसम्बन्धी कानूनी व्यवस्था र पारिवारिक र सम्पत्तिसम्बन्धी विषयमा समाजशास्त्री समेतका विभिन्न प्रतिनिधिको एक विशेषज्ञ समिति वनाई संविधान र मानव अधिकारसम्बन्धी नेपालले अनुमोदन गरेका महासन्धिसँग वांझिएको ऐन नियमहरूको पहिचान गरी सो सम्बन्धमा अध्ययन गरी गराई विद्यमान ऐन कानूनमा संशोधन गर्ने वा नयां कानून यथोचित समयमा लागु गर्न व्यवस्था गर्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

(प्रकरण नं. २८)

| आदेश मितिः २०६२।१२।१७ | मुद्दा/रिट नं.: संवत् २०६१ सालको विशेष रिट नं. ६४ | निर्णय नं. ७६३५ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्रीमती शारदा श्रेष्ठ

**विषयः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम संविधानसंग बाझिएको कानून अमान्य र बदर घोषित गर्ने आदेश जारी गरिपाऊँ।**

**अधिवक्ता मीरा ढुंगानासमेत विरुद्ध श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- नपुंसकता (Impotency) र निःसन्तान वा बाँझोपन (Infertility) शब्द एउटै नभई फरकफरक अवस्था र अर्थबोध दिने शब्दहरू हुन् भन्ने प्रस्ट हुने।

(प्रकरण नं. १२)

- वस्तुतः विवादमा ल्याइएको "विवाह भएको १० वर्षभित्र स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने श्री ५ को सरकारबाट मान्यता प्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा लोग्नेले सम्बन्धविच्छेद गर्न पाउने" भनी मुलुकी ऐन लोग्ने स्वास्नीको महलको १ नं. को देहाय (१) मा उल्लिखित प्रावधान नेपाल अधिराज्यको संविधान, २०४७ तथा नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको प्रतिकूल रहेको छ, छैन भन्ने कुरा नै विचारणीय विषय रहेको छ। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने, सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा राज्यबाट भेदभाव नगरिने व्यवस्थाका अतिरिक्त महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने भनी उल्लेख भएको छ। निवेदकले लोग्ने स्वास्नीको महलको १ नं. को देहाय (१) को व्यवस्थालाई त्यस्तो हकसँग जोडेर पुरुषलाई स्वास्नीमानिसको कारणले विवाह भएको १० वर्षभित्र सन्तान नभएमा लोग्नेले सम्बन्धविच्छेद गर्न पाउने तर लोग्नेको कारणले १० वर्षसम्म सन्तान नभएमा स्वास्नीमानिसको लागि सम्बन्धविच्छेद गर्न पाउने आधार कानूनमा उल्लेख नभई लिङ्गको आधारमा लोग्ने र

स्वास्नीबिच भेदभाव गरिएको भनी दाबी लिनुभएको अवस्थामा सरसर्ती हेर्दा महिलाहरूको हकमा त्यस किसिमको व्यवस्था भएको पाइँदैन। एउटै विषयमा त्यसरी गरिने अलग अलग व्यवहार समानताको आधुनिक सिद्धान्तसमेतबाट समर्थित हुन सक्दैन। संविधानले त अझ महिलाहरूका हकमा महिला उत्थान र विकासका लागि विशेष कानून बनाई महिलाहरूलाई विशेष संरक्षण गर्न सक्ने सकारात्मक विभेदको सिद्धान्तलाई समेत अङ्गीकार गरेको छ। महिला सशक्तीकरण र तिनीहरूको विकासको लागि महिलालाई विशेष संरक्षण गर्नुपर्ने राज्यको दायित्व भएकोमा विशेष संरक्षण गरिनुको सट्टा लोग्ने वा स्वास्नी मानिस दुवैमा हुन सक्ने सन्तान उत्पादन गर्ने क्षमता केवल स्वास्नीमानिससँग मात्र हुन्छ, लोग्नेमानिसमा हुँदैन भन्ने आशय आउने प्रकृतिको कानून निर्माण गर्नु र लागु गर्नु निश्चय नै माथि उल्लिखित संवैधानिक प्रावधान र समानताको सिद्धान्त अनुकूल नहुने। लोग्ने र स्वास्नीबिच स्पष्टरूपमा भेदभावजन्य व्यवहार प्रदर्शित मानिने।

(प्रकरण नं. १४)

- मुलुकी ऐन (एघारौं संशोधनसहित) भाग ३, महल १२, लोग्ने स्वास्नीको १ नं. का देहाय (१) मा रहेको प्रावधानमध्ये "वा विवाह भएको दश वर्षभित्र स्वास्नीको कारणबाट सन्तान नभएको भन्ने श्री ५ को सरकारबाट मान्यताप्राप्त मेडिकल बोर्डबाट प्रमाणित भएमा" भन्ने प्रावधान नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(१) बमोजिम अमान्य र बदर घोषित हुने।

(प्रकरण नं. २२)

| आदेश मितिः २०६३।३।२९ | मुद्दा/रिट नं.: संवत् २०६२ सालको रिट नं. ९८ | निर्णय नं. ७६५९ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री शारदाप्रसाद पण्डित
माननीय न्यायाधीश श्री बद्रीकुमार बस्नेत

**विषयः नेपाल अधिराज्यको संविधानको धारा ८८(१)(२) बमोजिम उत्प्रेषण परमादेशलगायत उपर्युक्त आज्ञा आदेश जारी गरिपाउँ।**

**अधिवक्ता श्री सपना प्रधान मल्लसमेत विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- मुलुकी ऐन एघारौं संशोधनद्वारा विवाह सम्बन्धमा भएको विहावरीको महलमा विहावरी गर्दा महिला र पुरुषको उमेर संरक्षकको मन्जुरी भए १८ वर्ष र मन्जुरी नभए २० वर्ष नपुगी विहावरी गर्न गराउन हुँदैन भन्ने देखिन्छ। सो व्यवस्था र विवाह दर्ता ऐनको दफा ४(३) को व्यवस्थासमेत एक आपसमा मिल्न भिड्न आएको नदेखिने।
- मुलुकी ऐन एघारौं संशोधनद्वारा गरिएको प्रावधानबमोजिम संरक्षकको मन्जुरीबेगर नै २० वर्ष उमेर पुगेपछि विवाह गर्न पाउनेमा दर्ता विवाहको लागी सोही व्यक्तिलाई अयोग्य मानिरहनु युक्तसंगत नदेखिने।

(प्रकरण नं. २२)

- मुलुकी ऐन विहावरीको महलको २ नं. को व्यवस्था र विवाह दर्ता ऐन, २०२८ को दफा ४(३) को व्यवस्था एक आपसमा तादाम्यता नदेखिएकोले उक्त कानूनहरूमा सामञ्जस्यता र एकरूपता ल्याउनुपर्ने अवस्था देखिन आएकोले ती कानूनहरूमा सामञ्जस्यता र एकरूपता ल्याउने गरी कानून संशोधन गर्नुका साथै बालविवाहका सम्बन्धमा बालविवाह भै रहेको भन्ने कुरा देखिन आएकोले सो कार्य रोक्न सरकारले त्यसतर्फ ध्यान दिनु अति जरुरी भएकोले तत्सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने।

(प्रकरण नं. २४)

| आदेश मितिः २०६३।९।२६ | मुद्दा/रिट नं.: संवत् २०६२ सालको रिट नं. २६७९ | निर्णय नं. ७७६३ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री शारदाप्रसाद पण्डित

**विषयः उत्प्रेषणयुक्त परमादेश।**

**अधिवक्ता निर्मला उप्रेती विरुद्ध नेपाल सरकार, कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत।**

- वस्तुतः नेपाल सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेतको पहलमा देवानी संहिता मसौदा भै २०६३ सालको जेठ महिनामा नै पुस्तकको रूपमा प्रकाशनमा ल्याइएको पाइन्छ, जो हाम्रो जानकारीमा आई उपलब्धसमेत भएको छ। त्यसको परिच्छेद-६ मा धर्मपुत्र तथा धर्मपुत्री सम्बन्धी व्यवस्था गरी मस्यौदा प्रस्तावित गरिएको पाइन्छ। साबिक मुलुकी ऐन धर्मपुत्रको महलमा भएका व्यवस्थाहरूमा थपघट एवं परिमार्जन गरी प्रस्तुत मस्यौदा प्रस्ताव गरिएको देखिन आउँछ। नेपाल सरकार स्वयंले पनि धर्मपुत्र तथा धर्मपुत्रीसम्बन्धी साबिकको कानूनी व्यवस्थामा समयानुकूल परिवर्तन गर्नुपर्ने कुरा महसुस गरेको अवस्था देखिएको छ। यस परिप्रेक्ष्यबाट विचार गर्दा नेपाल सरकारले धर्मपुत्र वा धर्मपुत्रीसम्बन्धी कानूनी व्यवस्थालाई सुधार र परिमार्जन गर्न नचाहेको भन्न मिल्दैन। देवानी संहिताको मस्यौदा २०६३ सरकारको विचाराधीन अवस्थामा रहेको र एक प्रकारले सुझावकै लागि भनौं सार्वजनिक रूपमा प्रकाशनमा ल्याएको पाइँदा बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ (Convention on the rights of the Child 1989) समेतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा अन्तर्राष्ट्रिय मापदण्डलगायतका दस्ताबेजहरू एवं अन्य प्रचलित सिद्धान्तहरूसमेतलाई मध्यनजर राखी सोको अध्ययन गरी गराई निवेदकले उठाएका धर्मपुत्र तथा धर्मपुत्रीको हकहित संरक्षणको विषयमा समेत उल्लिखित देवानी संहिता मसौदामा जो जे परिमार्जन गर्नु उपयुक्त हुन्छ? त्यस सम्बन्धमा उपयुक्त कानूनी व्यवस्था मिलाउनेतर्फ आवश्यक पहल गर्नु भनी विपक्षीका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

(प्रकरण नं. ११)

| आदेश मितिः २०६५।५।२६ | मुद्दा/रिट नं.: रिट नं. ०६४–WS–००११ | निर्णय नं. ७९९७ |
|---|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री अनुपराज शर्मा

माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

माननीय न्यायाधीश श्री गौरी ढकाल

**विषयः उत्प्रेषणयुक्त परमादेश।**

**अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- अन्तर्राष्ट्रिय दस्ताबेजहरूमा व्यक्त गरिएका प्रतिबद्धताहरूलाई व्यवहारमा अनुवाद गर्नका लागि राज्यका अन्य कानूनहरूमा पनि तदनुरूपका व्यवस्थाहरू समावेश गर्दै लैजानु पर्ने।

(प्रकरण नं. ६)

- न्यायपालिकाले न्यायिक पुनरावलोकन गर्ने अधिकारको प्रयोग गर्दा त्यसले सिर्जना गर्न सक्ने कानूनी रिक्तता र सोको पूर्ति गर्ने उपायहरूसमेतको मूल्याङ्कन गर्नुपर्ने।

(प्रकरण नं. ९)

- राज्यको मूल कानूनले व्यक्त गरेको प्रतिबद्धता र अन्तर्राष्ट्रिय दस्ताबेजहरूले गरेको अपेक्षालाई राज्यले नजरअन्दाज गरी महिलाहरूले भेदभावको अनुभूति गर्ने खालका कानूनी प्रावधानहरूलाई निरन्तरता दिन नमिल्ने, त्यस्ता प्रावधानहरूमा समयानुकूल परिवर्तन, संशोधन र परिमार्जन गर्दै जानुपर्ने र त्यस क्रममा संविधान र आफूसमेत पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धिहरूका साथै मुलुकको सामाजिक, सांस्कृतिक एवं पारिवारिक संरचनासमेतलाई दृष्टिगत गर्नुपर्ने।

(प्रकरण नं. १०)

- मुलुकी ऐन, विहावारीको महलको ९ नं. र ९क नं. का प्रावधानहरूलाई नेपालको अन्तरिम संविधान, २०६३ तथा नेपालसमेत पक्ष रहेको महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) को प्रावधानसँग सामञ्जस्य कायम गर्दै लोग्नेस्वास्नीका बिचमा भेदभावको अनुभूति नहुने गरी सो कानून संशोधन गरी उपयुक्त कानूनी प्रबन्ध गर्नु पर्ने।

(प्रकरण नं. ११)

| आदेश मितिः २०६६।७।५ | मुद्दा/रिट नं.: रिट नं. ०६४– WS–००३४ | निर्णय नं. ८६७७ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह
माननीय न्यायाधीश श्री गौरी ढकाल
माननीय न्यायाधीश श्री प्रेम शर्मा

**विषयः उत्प्रेषणलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ।**
**अधिवक्ता अच्यूतप्रसाद खरेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- कुनै पनि सेवामा रहेर गर्नुपर्ने कार्यसँग सम्बन्ध नै नराख्ने विषयलाई सेवाको सर्त बनाइनु न्यायिक र व्यावहारिक कुनै पनि दृष्टिकोणबाट उचित र विवेकसम्मत् मान्न नमिल्ने।
- हरेक सार्वजनिक सेवाका सर्तहरू परस्पर भिन्नता राख्ने हुन सक्छन्। कामको प्रकृतिअनुरूप अलग–अलग सेवाका सर्तहरू माग गर्नु पनि स्वाभाविकै मान्नुपर्दछ। तर हरेक सेवाको लागि निर्धारण गरिएका सेवाका सर्तहरू त्यस्ता सेवा समूहभित्र रही सम्पादन गरिने कामसँग वस्तुनिष्ठ रूपमा सम्बन्धित देखिनुपर्दछ। यदि त्यस्ता सेवाका सर्तहरू सम्बन्धित सेवाको कुनै पनि पदमा रही सम्पादन गर्नुपर्ने कार्यसँग सम्बन्ध राख्ने प्रकृतिका देखिन नआई कुनै वर्ग वा समुदायका मानिसहरूको आत्मसम्मान वा भावनामा प्रत्यक्ष रूपमा चोट पुऱ्याउने, जातीय वा लैङ्गिक आधार समेतबाट भेदभावपूर्ण हुने प्रकृतिका देखिन आउँछन् भने त्यस्ता विषयहरूले संविधानको धारा १२ को उपधारा (१) द्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हकलाई कुण्ठित गरेको मान्नुपर्ने।

(प्रकरण नं. ४)

- सैनिक सेवाभित्र सबै कामहरू एकै प्रकृतिका नहुन सक्दछन्। युद्धको अग्रीम मोर्चामा रही सैनिक कारबाहीमा सामेल हुने र अन्य व्यवस्थापकीय कार्यमा सघाउने कार्यलाई एउटै मापदण्डभित्र समावेश गर्नु उचित हुन सक्दैन। त्यसमा पनि एउटै कार्यसम्पादन गर्नको लागि महिला र पुरुषको लागि फरक–फरक योग्यता र अयोग्यताका सर्तहरू निर्धारण गरिन्छ भने त्यसको आधारसमेत स्पष्ट र बोधगम्य हुनु अपेक्षित हुने।

(प्रकरण नं. ५)

- महिला भएकै कारणबाट सो सेवामा बहाल रहन लामो समय विवाह गर्न नपाउने गरी बन्देज लगाइनुले नेपाली महिलाहरूलाई उक्त सेवामा प्रवेश नगर्ने वा सेवा प्रवेश गरेको पाँच वर्षसम्म विवाह नगर्ने भन्ने दुई विकल्पहरूमध्ये एक विकल्प छनौट गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना

गरेको देखिन्छ। प्रत्यर्थीहरूको लिखित जवाफमा महिलाहरू सो सेवामा प्रवेश नगर्न स्वतन्त्र रहेको भन्ने जिकिर गरिएको देखिएबाट नै प्याराचुट महिला फोल्डरप्रति लैङ्गिक दृष्टिकोणबाट भेदभावजन्य व्यवहारको सङ्केत गर्दछ। लिङ्ग भनेको प्राकृतिक कुरा भएकोले कुनै खास लिङ्गमा जन्मनु नै कसैको दोष वा अयोग्यताको मूलभूत मापदण्ड हुन नसक्ने।

(प्रकरण नं. ९)

- महिला वर्गलगायतका पिछडिएका वर्गको विकास वा सशक्तीकरण गर्ने नाममा सामान्य रोजगारी प्राप्त गर्ने विषयमा नै अनावश्यक र अनुचित सर्त वा बन्देज लगाइन्छ भने त्यस्तो कार्यलाई संवैधानिक व्यवस्थाअनुरूप मान्न नमिल्ने।

(प्रकरण नं. १२)

- संविधानले प्रजनन् तथा प्रजनन् स्वास्थ्यको हकलाई मौलिक हकको रूपमा व्यवस्था गर्ने, तर कानूनले उमेर पुगेका महिलालाई पाँच वर्षसम्म विवाह गर्न नपाउने व्यवस्था गर्नु संविधानसम्मत् हुन नसक्ने।

(प्रकरण नं. १४)

| आदेश मितिः २०६७।२।३ | मुद्दा/रिट नं.: २०६६ सालको विविध MS ००१५ | निर्णय नं. ८३९३ |
|---|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री तपबहादुर मगर

माननीय न्यायाधीश श्री भरतराज उप्रेती

**विषयः बन्दीप्रत्यक्षीकरण।**

**प्रार्थना रायमाझीको हकमा सविता के.सीं रायमाझी विरुद्ध रामबहादुर रायमाझीसमेत।**

- मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको ३ नं. मा ५ वर्ष मुनिका र ५ वर्ष उमेर पुगिसकेका नाबालक पाल्ने विषयमा व्यवस्था गरेको पाइन्छ। उक्त नं. को देहाय १ मा पाँच वर्ष मुनिका नाबालकलाई पाँच वर्षको उमेर नपुगेसम्म आमाले आफैं पाल्न चाहेमा निजैले र निजले पाल्न नचाहेमा बाबुले पाल्नुपर्छ भन्ने व्यवस्था रहेको छ। त्यसै गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४ ले बालकको पालनपोषण, शिक्षा, स्वास्थ्योपचारको अधिकार, दफा ८(१) ले वैवाहिक सम्बन्ध विच्छेद भई वा अरू कुनै कारणबाट बाबु र आमा भिन्न बसेको अवस्थामा बाबुसँग वसेको बालकलाई आमासँग र आमासँग बसेको बालकलाई बाबुसँग समय समयमा भेटघाट गर्न वा केही समयको निमित्त साथ बस्न दिनुपर्नेछ भन्ने व्यवस्था गरेको छ। नाबालकको पालनपोषण र संरक्षणमा विशेष सतर्‌कता अपनाउन पर्ने हुन्छ। यस प्रसँगमा बाबु र आमा कुनै कारणवश अलग अलग बस्ने भएमा मातृ वात्सल्यको आवश्यकता ठानिएकी नाबालिकाले निजकी आमाको काखमा हुर्कन पाउने र आमाको स्तनपान गर्न पाउने बालकको जन्मसिद्ध तथा बाँच्न पाउने अधिकारसँग गाँसिएको विषयलाई आत्मसात गरी मुलुकी ऐन लोग्ने स्वास्नीको महलको ३ नं. को देहाय (१) मा भएको कानूनी व्यवस्थालाई यस अदालतले नजरअन्दाज गर्न नसक्ने

(प्रकरण नं. ७)

- नाबालिका प्रार्थना १० महिनाको रहेको भन्ने अवस्था देखिएको र आमा सविता रायमाझीले आफूले पाल्न इन्कार नगरी पाल्न चाहेको स्थितिसमेत देखिएको यस्तो परिप्रेक्ष्यमा उपर्युक्त मुलुकी ऐनको लोग्ने स्वास्नीको महलको ३ नं. को व्यवस्था र नाबालिकाको उमेर र उसले पाउन पर्ने मातृवात्सल्य एवं आमाको काख र अमृतमय स्तनपानसमेतलाई दृष्टिगत गर्दा नाबालिकालाई सँग साथ राख्न पाउने कानूनी हक आमामै निहीत रहेको।

(प्रकरण नं. ८)

- बालिकाको प्राकृतिक र कानूनी संरक्षकलाई यस्तो अधिकारबाट बञ्चित गरेको कार्यलाई उपचार प्रदान गर्ने माध्यम नै बन्दीप्रत्यक्षीकरणको उपचार हो। नाबालिका वच्चीलाई आमासँग रहन नदिई बाबुको घरमा सीमित गरी राखेको कार्यबाट नाबालक वच्चाको कानूनले प्रदान गरेको जन्म सिद्ध मातृवात्सल्य एवं स्तनपानलगायत सबै प्रकारको हक गैरकानूनी तरिकाले अपहरण हुनुका अतिरिक्त आफ्नो आमाको संरक्षकत्वबाट पालनपोषण हुन पाउने हकबाट समेत बञ्चित हुन गएको देखिएको स्पष्ट छ। बालिकालाई रिट निवेदिकासँग भेटघाट गर्न नदिई घरमा राखेबाट पनि यी नाबालिका आमा सविताको संरक्षकत्वमा रही पालनपोषण शिक्षा दिक्षा गर्न पाउने कानूनी हकबाट गैरकानूनी रूपबाट बञ्चित हुनु परेको देखिन आएको हुँदा आमाको मन्जुरी विना विपक्षीले बलजफ्ती राखेको कार्यबाट बच्चीको स्वतन्त्रतालगायत सम्पूर्ण हक अपहरण भएको देखिन्छ। स्वतन्त्रतासम्बन्धी हक हनन् भएको अवस्थामा साधारण अधिकारक्षेत्र अवलम्बन गर्नुपर्ने भन्ने विपक्षीको जिकिर कानून र न्यायका मान्य सिद्धान्तसमेतको विपरीत मानिने। बालबालिकालाई निजहरूको आमा प्राकृतिक र कानूनी संरक्षक हुँदाहुदै विपक्षीले आमाको संरक्षकत्वबाट बञ्चित गरी जन्माउने आमालाई भेटघाट गर्नसम्म पनि नदिई घरमा सीमित गरी राखेबाट निज नाबालक बच्चाको कानूनले प्रदान गरेको हिँडडुल गर्न पाउनेलगायतका स्वतन्त्रताको हक गैरकानूनी तरिकाले अपहरण हुनुका अतिरिक्त आफ्नो आमाको संरक्षकत्वबाट पालनपोषण हुनपाउने हकबाट समेत वञ्चित हुन गएको देखिने" भन्ने सिद्धान्त प्रतिपादन भएकोले विपक्षीहरूको कार्य उक्त सिद्धान्तसमेत विपरीत मानिने।

(प्रकरण नं. ९)

| आदेश मितिः २०७०।३।२४ | मुद्दा/रिट नं.: ०६७-CR-१२०१ | निर्णय नं. ९१२४ |
|---|---|---|

संयुक्त इजलास

सम्माननीय का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा

माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय

**विषयः बहुविवाह।**

**निर्मला बस्नेतको जाहेरीले नेपाल सरकार विरुद्ध योगिता भन्ने योगमाया चिमरिया बस्नेत।**

- सामान्यतः कुनै अविवाहित महिला घरमा श्रीमती रहेको विवाहित पुरूष हो भन्ने थाहा जानकारी हुँदाहुँदै त्यस्तो पुरूषसँग विवाह गरी जाने स्थिति प्रायः हुँदैन। फौजदारी मुद्दामा अनुमानकै भरमा कसुरदार कायम गर्नु न्यायोचित हुँदैन। बहुविवाहमा नजानी सौता हुन जाने काममा सौता हुन जाने महिला नै अन्जानवश पीडित हुन पुगेको अवस्था पनि हुन्छ। तसर्थ, यस्तो स्थितिलाई साबधानीपूर्वक हेरिनुपर्दछ। अन्जानवश सौता भई पीडित हुन पुगेको अवस्थामा सबुद प्रमाणको अभावमा कसुरदार कायम गरी सजाय गर्नुबाट झन् पीडा थपिने कार्य हुन जान्छ। तसर्थ, अन्जानमा सौता हुन जाने महिलालाई उसको हुने पतिको पहिले नै विवाह भई अर्को श्रीमती भएको भन्ने तथ्यको जानकारी उसलाई थियो भन्ने स्पष्ट प्रमाणको अभावमा कसुरदार ठहर गरी सजाय गर्न नमिल्ने।

(प्रकरण नं. ६)

| आदेश मितिः २०७५।१।२८ | मुद्दा/रिट नं.: ०६७-CR-०७२६ | निर्णय नं. ९९९९ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

**विषयः सम्बन्ध विच्छेद।**

**किरण राणा विरुद्ध पुरण शमशेर ज.ब.रा.।**

- श्रीमान् स्वयंले श्रीमतीलाई घरमा छाडी लगातार तीन वर्षभन्दा बढी समय अलग रहेको कारणबाट निजलाई श्रीमतीसँग सम्बन्ध विच्छेद गर्ने अधिकार हुन्छ वा हुँदैन ? भन्ने प्रश्न विचारणीय देखिन आउँछ। सो सम्बन्धमा विचार गर्दा, नेपालको कानूनले सबै अवस्थामा सरल तरिकाले सम्बन्ध विच्छेदको अधिकार दिएको नभई दुवैको मन्जुरी हुँदा सकेसम्म मेलमिलापको वातावरण बनाउनु पर्ने कुरा कानूनमा स्पष्ट व्यवस्था रहेको छ भने अन्य अवस्थामा सर्तसहितको सम्बन्ध विच्छेदको मात्र व्यवस्था गरेको छ। अब लगातार ३ वर्षसम्म अलग रहेमा सम्बन्ध विच्छेद गर्न सकिने भन्ने व्यवस्थाको सन्दर्भमा हेर्दा "स्वास्नीले लोग्नेलाई निजको मन्जुरीबेगर लगातार तीन वर्ष वा सोभन्दा बढी समयदेखि छोडी अलग बस्ने गरेमा त्यस्ती स्वास्नीसित लोग्नेले आफ्नो सम्बन्ध विच्छेद गर्न पाउँछ" भनी लोग्नेस्वास्नीको १ नं. को देहाय १ मा उल्लेख भएको पाइन्छ। प्रस्तुत मद्दामा स्वयं श्रीमान्ले नै घर छाडी अलग बसेको भन्ने तथ्य तथा प्रमाणबाट देखिन आयो। यसरी आमा, छोरा, छोरी र श्रीमतीको रक्षा-शिक्षाको जिम्मेवारीबाट उम्की घरै छोडी हिंड्ने लोग्नेले आफ्नी श्रीमतीसँग निजको मन्जुरी नहुँदा नहुँदै पनि सम्बन्ध विच्छेद गर्न पाउँछ भन्ने मनसाय उक्त कानूनी व्यवस्थाको नभई श्रीमतीले श्रीमान्को मन्जुरीबेगर घर छाडी अलग बसेको हकमा मात्र आकर्षित हुने हुँदा उक्त कानूनी व्यवस्थाले निज प्रत्यर्थी वादीलाई सम्बन्ध विच्छेद गर्न छुट दिएको भन्न नमिल्ने।

(प्रकरण नं. ३)

- वादी प्रतिवादीबिचमा अंश मुद्दा चली प्रतिवादीले दाबीबमोजिम अंश पाउने ठहर भएको अवस्थामा वादी प्रतिवादीबिचको सम्बन्ध विच्छेद हुने वा नहुने प्रश्नतर्फ विचार गर्दा, पत्नीले घर परिवारको (सासू र बालबच्चाको) जिम्मा लिई घरमा बस्दा घरको आर्थिक व्यवहार मिलाउनका निम्ति अंश लिन सक्ने तर पारिवारिक पहिचान (Identity) र सामाजिक संस्कारको निम्ति सम्बन्ध विच्छेद

नगरी बस्न सक्ने नै हुन्छन्। अतः पत्नीले अंश लिएमा पतिलाई आफ्नी पत्नीसँग विहावरीको महलको १० नं. ले अर्को विवाह गर्न सक्ने भन्नुको अर्थ सम्बन्ध विच्छेद गर्न बाटो खुलेको भनी अर्थ गर्न मिल्दैन। प्रचलित कानूनले यस मान्यतालाई स्वीकारेको पनि छैन। अतः अर्को विवाह गर्ने, छुट्टी भिन्न भई बस्ने र सम्बन्ध विच्छेद हुनु भनेका फरक फरक मान्यता मानिने।

(प्रकरण नं. ५)

# भाग ६

# रोजगारीमा समान अधिकार

| फैसला/आदेश मितिः२०५५।५।२९ | मुद्दा/रिट नं.: २०५५ सालको रिट नं. ३९७५ |
|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश लक्ष्मणप्रसाद अर्याल

माननीय न्यायाधीश श्री चन्द्रप्रसाद पराजुली

**विषयः उत्प्रेषण मिश्रित परमादेशसमेत।**

**सीता आचार्यसमेत विरुद्ध श्री ५ को सरकार, स्वास्थ्य मन्त्रालयसमेत।**

- नेपाल निजामती सेवा ऐनमा परीक्षण कालमा रहने पुरुष कर्मचारी र महिला कर्मचारी भनी महिलाको विशेष कानूनी व्यवस्था गरेकोले यस्तो विशेष व्यवस्थाको पृष्ठभूमिमा नेपालले अन्तर्राष्ट्रिय महासन्धितमा स्वीकार गरेका सम्झौता अनुरूप व्यवस्था गर्नु पर्ने हुन आउँछ। तसर्थः उक्त महासन्धि, नेपाल अधिराज्यको संविधान, नेपाल निजामती सेवा ऐन, २०४९ को दफा १६ मा महिलाको सन्दर्भमा भएको विशेष व्यवस्था तथा निवेदिकाहरूलाई विपक्षी जन स्वास्थ्य कार्यालयले ६ महिनाको परीक्षणकाल तोकी नियुक्ति दिइएको कार्यसमेतको आधारमा निजामती सेवाका महिला कर्मचारीको ६ महिना परीक्षण काल र स्वास्थ्य सेवाको प्रकृतिले फरक हुनेबाहेकका कुरामा श्री ५ को सरकारको निजामती सेवाको पदमा कार्यरत महिला कर्मचारी र स्वास्थ्य सेवा अन्तर्गत कार्यरत महिला कर्मचारीबिचको परीक्षणकाल भिन्न भिन्न मानी अर्थ गर्नु संविधानको भावना प्रतिकूल हुन जाने।

| आदेश मितिः २०५७।२।२६ | मुद्दा/रिट नं.: सम्वत २०५४ सालको रिट नं. २८१२ | निर्णय नं. ६८९८ |
|---|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री लक्ष्मणप्रसाद अर्याल

माननीय न्यायाधीश श्री कृष्णकुमार वर्मा

माननीय न्यायाधीश श्री दिलिपकुमार पौडेल

**विषयः उत्प्रेषणयुक्त परमदेशलगायतको जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ। रिना बज्राचार्यसमेत विरुद्ध श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत।**

- मनुष्यजातिमा पुरुष र महिला दुवै पर्दछन्। अर्थात् पुरुष पनि मनुष्य हुन्, महिला पनि मनुष्य नै हुन्, त्यसैले मनुष्यको नाताबाट प्राप्त हुने सबै हक अधिकार समान रूपले महिला र पुरुषलाई उपलब्ध हुनुपर्दछ भन्ने कुरामा दुईमत हुन सक्दैन। यो नैसर्गिक अउल्लङ्घनीय नियम हो। तर विभिन्न मुलुकमा विभिन्न समयमा यस नियम सिद्धान्तको प्रयोग भने भिन्दाभिन्दै रूपले हुँदै आएको पाइन्छ। जुन मुलुक र युगमा यस शाश्वत नैसर्गिक सिद्धान्तको पालना भएको हुन्छ त्यो मुलुक र त्यस युग स्वर्णिम अवस्था अर्थात् सभ्य मानवोचित रहन आएको हुन्छ। यसको ठीक उल्टा जुन मुलुक र युगमा पुरुष र महिला बिच कुनै प्रकारको भेदभाव गरिन्छ त्यो असभ्यताको अविकसितताको सूचक हुन जान्छ। त्यसैले आधुनिक सभ्यताको प्रारम्भकाल खास गरेर प्रजातान्त्रिक व्यवस्था उदयकालदेखि नै नारी स्वतन्त्रताको आवाज साथसाथै गुन्जिन थालेको पाइन्छ। किनकि प्रजातान्त्रिक व्यवस्थाको मुटु नै समानता हुन्छ। यसरी संसारका विभिन्न प्रजातान्त्रिक मुलुकहरूले सर्वमान्य रूपमा मानी आएका मानव अधिकारलाई लिग अफ नेसन र संयुक्त राष्ट्र संघले मानव अधिकार भनी घोषणा गरी आफ्ना सदस्य राष्ट्रहरूमा ती अधिकारको प्रत्याभूति गराउने दायित्व बोकेको पाइन्छ। दोस्रो विश्व युद्धपछि घोषित मानव अधिकारहरूको विश्वव्यापी घोषणा सन् १९४८ (Universal Declaration of Human Rights १९४८) मानव अधिकारको लागि सर्वमान्य दस्तावेजको रूपमा विश्वमा स्वीकार गरिएको छ। यस घोषणाले मानव अधिकारको पहिचान गरी मानव प्रतिष्ठा र नरनारीका समान अधिकार र स्वतन्त्रताको विश्वव्यापी सम्मान र पालना गर्न प्रतिज्ञा गर्नुपर्ने जस्ता कुराहरू प्रस्तावनामा उल्लेख गरी विभिन्न धारामा मानव अधिकारहरूको उल्लेखन गरी सोमध्ये धारा २, धारा ७ र धारा २३ ले क्रमशः जाति, वर्ण, लिङ्ग .... समेतका आधारमा भेदभाव नगरिने, कानूनको दृष्टिमा सबै समान र बिना

भेदभाव सबै कानूको समान संरक्षणको अधिकारी हुने र प्रत्येक व्यक्तिलाई काम गर्ने, नोकरी रोज्ने, बेकारीबाट रक्षा पाउने, समान कार्यको लागि समान तलब पाउनेसमेतका अधिकार मानिसले पाउनु पर्ने घोषणा गरेको पाइन्छ। यो घोषणा मानव अधिकारको सामूहिक घोषणापत्र भएको र समयको गतिसँगै मानव अधिकारका विविध पक्षमाथि विभिन्न राज्यहरूले आ-आफ्नो राजनीतिक पृष्ठभूमिका आधारमा निषेध बन्देज र नयाँ नयाँ अवरोधहरू सिर्जना गर्न थालेबाट विश्वव्यापी रूपमा विभिन्न सन्धि महासन्धि प्रोटोकल र सम्झौताद्वारा पनि मानव अधिकारलाई व्यवस्थित र संरक्षित गरिएको पाइन्छ। प्रस्तुत विवाद नारी समानतासम्बन्धी भएकोले तत्सम्बन्धी विश्वव्यापी प्रयासहरूमा सर्वप्रथम १९५२ को नारीको राजिनीतिक अधिकारसम्बन्धी महासन्धि (Convention on the Political Rights of Women १९५२) राष्ट्रसंघीय महासभाद्वारा पारित गरिएको पाइन्छ। जसले नारीहरूलाई मताधिकार प्रदान गर्ने कुराहरूको व्यवस्था गरेको पाइन्छ। त्यस्तै महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १८ डिसेम्बर १९७९ संयुक्त राष्ट्रसंघीय महासभाद्वारा पारित भएको र यसले महिला विरुद्ध भेदभावको परिभाषामा लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा बहिष्कार वा प्रतिबन्ध सम्झनुपर्दछ भन्ने उल्लेखन गरी महिलाहरूलाई पुरुषसरह गरिनु पर्ने व्यवहार र महिलालाई निजको विभिन्न अवस्थामा गरिनु पर्ने व्यवहारलाई उद्‌बोधन गरी धारा १५ ले स्पष्टरूपमा कानूनको दृष्टिमा महिलालाई पुरुषसरहको समानता गर्नुपर्ने कुरालाई स्वीकार गरिएको छ।

- नेपालमा प्रजातन्त्रोतरकालमा मानव अधिकारलाई मौलिक अधिकार, नागरिक अधिकारको सीमाभित्र राख्दै आएको थियो। २००७ साल फाल्गुण ७ गतेपछिका संविधानहरूमा समानताको हक अन्तर्गत लैङ्गिक समानताको उल्लेखनसम्म भएको र विद्यमान कानूनमा भएका दण्ड सजाय अंश अपुताली आदिमा भएका भेदकारी व्यवस्थाहरू २०२० साल भाद्र १ गते आएको मुलुकी ऐनले सामाजिक समानता स्थापना गर्ने कानूनी व्यवस्था भयो। यस मुलुकी ऐनमा नारी वर्षको उपलक्ष्यमा भएको अपुताली, स्त्री अंशधन आदि महलहरूमा संशोधन गरी नारी स्वतन्त्रतालाई अघि बढाउन खोजे पनि सिङ्गो समान भेदमूलक संस्कारमा संस्कारित भई नै रहेकोले लैङ्गिक समानताका पक्ष उपेक्षित नै रहन गएको थियो। नेपाल अधिराज्यको संविधान, २०४७ को आगमनपश्चात् नारी स्वतन्त्रता र समानताको क्षेत्रमा पनि फड्को मार्ने उद्देश्य राखेको देखिन्छ। संविधानको प्रस्तावनामा आधारभूत मानव अधिकार सुनिश्चित गर्ने उद्‌घोष र नयाँ संविधानको आगमन पश्चात् नेपालले केही मानव अधिकारसम्बन्धी दस्तावेजमा हस्ताक्षर गरेबाट पुष्टि हुन आउँछ। ती हस्ताक्षरित दस्तावेजहरूमध्ये सर्वप्रथम महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १८ डिसेम्बर १९७९ लाई नेपालले २२ अप्रिल १९९१ मा

अनुमोदन सम्मिलन गरेको छ। सन्धि ऐन, २०४७ को दफा ९ ले यस्ता मानव अधिकारसम्बन्धी सन्धिलाई सामान्य कानूनको भन्दा माथिल्लो श्रेणीमा राखी तिनको कार्यान्वयनलाई सरल र छिटो छरितो बनाएको मान्न सकिने।

- लैङ्गिक समानता जस्तो आधारभूत मानव अधिकारको महत्त्व परिणाम, दुरगामी र सम्पूर्ण राष्ट्रिय मानव जीवनको समुन्नतिसँग अपृथकीय रूपले आबद्ध भएको हुँदा लैङ्गिक भेदभावको गन्धसम्म पनि कानून र कानून अन्तर्गतका काम कारबाही आउन दिन हुँदैन किनकी यो लैङ्गिक समानताको विषय सम्पूर्ण मानवताको विषय हो। सबैको साझा कर्तव्य र चासोको विषय हुने।

(प्रकरण नं. २२)

- नेपाल वायु सेवा निगमको कर्मचारी नियमावलीको नियम १६.१.३ को प्रतिबन्धात्मक वाक्यांशले एयरहोस्टेसहरूको सेवाको सुरक्षा गरेकै हुँदा असमान रहेको भन्न नमिल्ने भन्ने विपक्षीहरूको भनाइका सन्दर्भमा विचार गर्दा सो व्यवस्था कर्मचारीको अधिकारको रूपमा नरही निगमको स्वविवेकमा निर्भर रहने देखिन आउँछ। व्यवस्थापनको स्वेच्छामा निर्भर रहने ससर्त र आफूलाई पुनः अर्को कामको लागि योग्य सिद्ध गर्नुपर्ने गरी अवलम्बन गरेको नियमको प्रतिबन्धात्मक व्यवस्थाले उक्त अवधिपछि अर्को काममा लगाउन सकिने भन्न मिल्ने अवस्था देखिएन। यसबाट निवेदिकाहरूले निगमको सेवाबाट वञ्चित हुन नपर्ने निश्चित बाध्यात्मक व्यवस्था रहेको भन्न मिलेन। त्यसमा पनि सबै एयरहोस्टेसले त्यस्तो सुविधा पाउन सक्ने अवस्था पनि पर्न नसक्ने हुँदा स्वविवेकाधीन किसिमबाट बनेको कानूनले समानताको हक रक्षा गर्न सक्दछ भन्न नसकिने हुँदा त्यो निश्चित र बाध्यात्मक व्यवस्था हो भन्न मिलेन।
- माथि गरिएको विवेचनाबाट निवेदिकाहरू क्रु वर्गका पुरुषसरहका समान कर्मचारी भै निजहरूको कामको समय, पारिश्रमिक र माथि उल्लेख भएबमोजिम अन्य सुविधाहरू र सोसम्बन्धी सर्त विमान परिचारक (पुरुष) र विमान परिचारिका (महिला) दुवैको समान रहे भएको भन्नेमा विवाद देखिन नआई माथि गरिएको संवैधानिक विवेचना अनुरूप विवादित नियमावली, २०३१ को नियम १६.१.३ को व्यवस्था लैङ्गिक समानताको विपरीत भै संवैधानिक व्यवस्था प्रतिकूल रहेको मानिने।

(प्रकरण नं. २५-२७)

| फैसला/आदेश मितिः२०५८।०५।२० | मुद्दा/रिट नं.: २०५७ सालको रिट नं. २७८४ |
|---|---|

**विशेष इजलास**

**माननीय न्यायाधीश श्री कृष्णकुमार बर्मा**

**माननीय न्यायाधीश श्री भैरवप्रसाद लम्साल**

**माननीय न्यायाधीश श्री दिलिपकुमार पौडेल**

**विषयः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ (१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गर्ने आदेश जारी गरिपाऊँ।**

**अधिवक्ता मिरा ढुंगानासमेत विरुद्ध श्री ५ को सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय।**

- संविधानको धारा १७ (१) द्वारा प्रत्याभूत सम्पत्तिसम्बन्धी हक कानूनको अधीनमा रही नागरिकलाई प्राप्त हुने हक हो। कुनै पनि महिलालाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने त्यस्तो हकमा इजाजत पत्रवालालाई लागु हुने गरी गरेको प्रक्रियागत कुराले कुनै पनि महिलाको त्यस्तो हकलाई भेदभाव हुने किसिमले अनुचित बन्देज लगाएको देखिँदैन। तसर्थ, उपर्युक्त आधारबाट वैदेशिक रोजगार ऐन, २०४२ को दफा १२ को महिलासम्बन्धी कानूनी व्यवस्थाले संविधानको धारा ११, १२(२)(ङ) र १७(१) द्वारा प्रत्याभूत मौलिक हकमा अनुचित बन्देज लगाई महिला वर्गको हित विपरीत लैङ्गिक असमान र भेदभावपूर्ण कानूनी व्यवस्था भएको भन्ने विद्वान् कानून व्यवसायीका बहस जिकिरसँग सहमत हुन सकिएन। सो कानूनी व्यवस्था महिला वर्गकै संरक्षण र विकासको लागि संरक्षित कानून व्यवस्था नै रहेको मानिने।

| आदेश मितिः २०६०।२।१५ | मुद्दा/रिट नं.: संवत् २०५९ सालको रिट नं. ८२ | निर्णय नं. ७२१७ |
|---|---|---|

विशेष इजलास

सम्माननीय प्रधानन्यायाधीश श्री केदारनाथ उपाध्याय

माननीय न्यायाधीश श्री दिलीपकुमार पौडेल

माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

**विषयः उत्प्रेषणसमेत।**

**अधिवक्ता बसुन्धरा थापा विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालयसमेत।**

- निवेदिका स्वयं आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा २(क) अनुसार परिभाषित एवं सोसँग सम्बन्धित अनुसूचीको ३६ सौं नम्वरमा अनुसूचीकृत जातिको महिला भएको भन्ने देखिएको तथा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ को उपधारा (१) अनुसार संविधानसँग बाझिएका कानून वा त्यसको कुनै भाग बदर घोषित गरिपाउँ भनी कुनै पनि नेपाली नागरिकले यस अदालतमा निवेदन दिन सक्ने नै भएकोले निवेदिकालाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को दफा ७(३) को प्रतिबन्धात्मक वाक्यांशले लैङ्गिक असमानताको व्यवस्था गरेको भनी संविधानको धारा ११ सँग बाझिएको भन्ने जिकिर लिई सो कानूनी व्यवस्थाको संवैधानिकता निरूपण गराउन यस अदालतमा निवेदन गर्ने हक अधिकार (Locus Standi ) रहेकै देखिने।
- सदस्यताको प्रकृति र स्वरूप अन्य प्रकारका मनोनित सदस्यको जस्तै समान स्थितिमा रहेका मनोनित महिला सदस्यहरूको पदावधि कम तोकिएको र निजहरू पुनः मनोनित हुन नसक्ने गरी अयोग्यतासमेत तोकिएको तथा घुमाउरो किसिमले मनोनित महिला सदस्यहरूको प्रतिनिधित्वलाई दोस्रो श्रेणीको रूप दिएको उक्त कानूनी व्यवस्था स्पष्टतः भेदभावयुक्त भएको देखिन आउने।
- समान हैसियत राख्ने, समान अवस्थाका अन्य मनोनित सदस्यहरूको तुलनामा मनोनित महिला सदस्यहरूको पदावधि कम तोकिएको र निजहरू पुनः मनोनित हुन नसक्ने गरी अयोग्यतासमेत सिर्जना गर्ने गरी आदिवासी र जनजाति महिलाहरूको प्रतिनिधित्वका सम्बन्धमा भेदभावयुक्त व्यवस्था गरेको, आदिवासी र जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान ऐन, २०५८ को दफा ७ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को

धारा ११ सँग बाझिएको देखिएकोले संविधानको धारा ८८(१) बमोजिम असंवैधानिक भई अमान्य हुने।

(प्रकरण नं. १७)

| आदेश मितिः २०६२।१२।१७ | मुद्दा/रिट नं.: संवत् २०६२ सालको रिट नं. ६९ | निर्णय नं. ७६३४ |
|---|---|---|

विशेष इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री दिलीपकुमार पौडेल
माननीय न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री तपबहादुर मगर

**विषयः बाझिएको कानून अमान्य घोषित गरी उत्प्रेषण, परमादेशलगायत जो चाहिने आदेश जारी गरिपाऊँ।**

**अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- नेपाली समाजमा महिलाहरूको अवस्था कमजोर रहेको यथार्थतालाई यस अदालतले यस अघिका महिलासँग सम्बन्धित साम्पत्तिक, पारिवारिक वा सजायसम्बन्धी व्यवस्था लिएर परेका विभिन्न मुद्दाहरूबाट सो कुरालाई आत्मसात गर्दै आएको छ। यथार्थमा यो अवस्थाको विद्यमानता रहिनैरहेको छ। कूल जनसङ्ख्याको आधा सङ्ख्यामा रहेका महिलाहरूको विशेष संरक्षण र विकासको लागि पुरुषसरह सबै अधिकारको सुरक्षा गर्नुपर्ने त छँदै छ। यसको लागि वर्तमान परिस्थितिमा महिला वर्गको राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले लिनुपर्ने हुँदा महिलाहरूकै बिचमा एकै प्रकारको विषयमा विभिन्न प्रकारको व्यवस्था हुनु र रही रहनु महिला वर्गको विकास र संरक्षणमा निश्चय नै प्रतिकूल प्रभाव पार्न सक्ने।

(प्रकरण नं. १५)

- निवेदकले निजामती सेवा ऐन, २०४९ ले महिला कर्मचारीहरूको हकमा ६ महिना परीक्षणकालको अवधिको व्यवस्था गरेकोले अरू कानूनी व्यवस्थामा महिलाको लागि छुट्टै कानूनी व्यवस्था नभएको भन्ने लिएको जिकिरकै आधारमा ती कानूनी व्यवस्थाहरूलाई तत्काल नै असंवैधानिक घोषणा गर्न मिल्ने देखिँदैन। तथापि माथि उल्लेख गरिएको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(३) को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था र धारा २५ (७) ले अवलम्बन गर्ने नीति अनुरूप पनि महिला वर्गको विकास र संरक्षणको लागि विभिन्न निकायमा काम गर्ने भए पनि समान किसिमको संरक्षण हुनु उचित र वाञ्छनीय विषय हुने। निश्चय नै काम र सेवाको प्रकृति अनुसार केही पृथकता रहने भए पनि परीक्षणकाल कायम गर्ने जस्तो विषयमा एकरूपता हुनु जरुरी हुन जाने।

(प्रकरण नं. १६)

- महिला कर्मचारीहरूको परीक्षणकालसम्बन्धी निजामती सेवा ऐन, २०४९ ले सकारात्मक विभेद र महिला वर्गको संरक्षण र विकासको लागि परीक्षणकाल पुरुष कर्मचारीहरू भन्दा कम हुने गरी ६ महिनाको गरे पनि शिक्षा नियमावली, २०६० समेतका विभिन्न ६ वटा कानूनी व्यवस्थामा महिला कर्मचारीहरूको हकमा परीक्षणकालसम्बन्धी छुट्टै व्यवस्था नगरी परीक्षणकालसम्बन्धी व्यवस्थामा एकरूपता रहेको नदेखिँदा यो आदेश प्राप्त भएपछि यथासम्भव छिटो सबै महिला कर्मचारीहरूको परीक्षणकालमा समान किसिमको व्यवस्था गरी एकरूपता कायम गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु पर्ने।

(प्रकरण नं. १७)

| आदेश मितिः २०६४।३।१४ | मुद्दा/रिट नं.: संवत् २०६३ सालको रिट नं. ०१–०६३–०००01 | निर्णय नं. ७८५४ |
|---|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री अनुपराज शर्मा

माननीय न्यायाधीश श्रीमती गौरी ढकाल

माननीय न्यायाधीश श्री ताहिरअलि अन्सारी

**विषयः उत्प्रेषणसमेत।**

**अधिवक्ता मीरा ढुंगाना विरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयसमेत।**

- साधारण अदालतबाट न्याय माग्ने र पाउने अवसरबाट वञ्चित गरिन्छ र त्यसो गर्नुपर्ने कुनै विवेकपरक र बोधगम्य आधार देखिन्न भने त्यो निश्चिय नै भेदभावपूर्ण र संविधानको धारा ११ को उपधारा (१) प्रतिकूल हुने।

(प्रकरण नं. १६)

- समानताको हकसम्बन्धी अवधारणाको अर्को पक्ष कानूनको समान संरक्षण (Equal protection of Law) लाई मानिन्छ। प्राकृतिक, आर्थिक, हैसियत, सांस्कृतिक तथा धार्मिककारणले मानिस असमान रहेकोले पूर्ण रूपमा समानताको प्रयोग हुन सम्भव हुँदैन। तसर्थ समान परिस्थितिमा रहेकाहरूलाई समान र असमान परिस्थितिमा रहेकाहरूलाई असमान व्यवहार गरिनुपर्दछ भन्ने मान्यता राखिने हुँदा उस्तै परिस्थितिमा रहेका समानहरूबिच असमान व्यवहार गरिनु मात्र होइन असमानहरूका बिच समान व्यवहार गरिनु पनि यो सिद्धान्तको प्रतिकूल रहेको मानिने। Equal protection of Law लाई आत्मसात् गर्दै महिला, दलित, आदिवाशी, जनजाती, मधेशी, किसान, मजदूर वा आर्थिक, समाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त प्रत्येक वर्ग वा समूहभित्र पर्ने व्यक्तिहरूलाई समान वर्गमा राखी त्यस वर्गका व्यक्तिहरूलाई समान सुविधा अवसर उपलब्ध गराउने उद्देश्य लिएको छ। त्यस वर्गबाहेकका अन्य वर्ग तथा व्यक्तिहरूले उक्त सुविधा र अवसरको उपभोग गर्न नपाउन सक्दछन्, यसलाई असमान व्यवहार भयो भन्ने दाबी गर्न नमिल्ने।

(प्रकरण नं. १७)

- समानता पूर्ण र निरपेक्ष नभै सापेक्षित विषय हो। यस्को सापेक्षता लक्षित वर्गको हैसियतअवस्था, क्षमता आदिसँग सम्बन्धित हुन्छ। उस्तै परिस्थिति, उस्तै हैसियत, क्षमता भएका व्यक्तिहरू एउटा

वर्ग हुन्। राज्यद्वारा नागरिकका सम्बन्धमा गरिने व्यवहार, उपलब्ध हुने सुविधा, अवसर आदिमा विभेद गर्न पाइन्न भन्ने नागरिकको समानताको हक सम्बन्धमा एवं समानहरूका बिचमा समान र असमानहरूका बिचमा असमान व्यवहार गर्नु पर्दछ भन्ने समान संरक्षणको मान्यता सम्बन्धमा विधि, विवेक र वस्तुपरक ढङ्गले वर्ग विभाजन गरी त्यस्तो एक वर्ग र अर्को वर्गबिच असमान तर सम्बन्धित वर्गका प्रत्येक व्यक्ति वा वस्तुबिच समान रूपमा लागु हुने गरी कानून बनाउन सकिने।

(प्रकरण नं. १९)

- विभेद गरिने बाहेकका बाँकी अन्य वर्ग वास्तवमै भिन्न देखिने गरी सारभूत भिन्नता (Substantial Distinction) मा आधारित हुनुपर्दछ। साथै त्यो सार्वजनिक हित र औचित्यको दृष्टिले समेत उपयुक्त हुनुपर्ने।

(प्रकरण नं. २०)

- व्यक्तिहरूका बिचमा विभेद गर्ने गरी बनाएको कानूनको उद्देश्य र वर्गीकरण वैध (Lawful) हुनुपर्ने।

(प्रकरण नं. २०)

- वास्तवमा वर्गीकरणका आधारलाई वस्तुपरक सिद्धान्तको रूपमा वर्णन गर्न र संविधानमा पूर्व सर्तको रूपमा उल्लेख गर्न सम्भव हुँदैन। यो विधायिकाको असल नियतमा भर पर्दछ भने न्यायिक जाँचको क्रममा अदालतको सन्तुष्टि (Subjective Satisfaction) नै मुख्य आधारको रूपमा रहने।

(प्रकरण नं. २२)

- नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावना अध्ययन गर्दा प्रथम दृष्टिमा यसले औपचारिक समानताको पालन पोषण गरेको भान परेपनि यस्को प्रथम अनुच्छेदमा उल्लिखित "नेपालीजनतालाई चिरकाल पर्यन्त, सामाजिक, राजनीतिक एवं आर्थिक न्याय प्राप्त हुन सकोस्" भन्ने शव्दाबलीहरू प्रयोग भएको हुँदा यसले शुद्ध समानतालाई मात्र जोड दिएको देखिँदैन। अति असमानता र विविधता रहेको समाजमा उल्लेख भए बमोजिमको "न्याय" ले असमान र पिछडिएका वर्गसमेतका हकमा विशेष व्यवस्था गरी सारभूत न्याय प्रदान गर्ने लक्ष्य लिएको देखिन्छ, जसले सकारात्मक विभेदको सिद्धान्तलाई आत्मसात गरेको मान्नु पर्ने।
- नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(३) र प्रतिबन्धात्मक वाक्यांशमा महिला वर्गको संरक्षण सशक्तीकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सक्ने कानूनी व्यवस्था गर्न सकिने तर तिनीहरूलाई कम सुविधा वा प्राप्त सुविधाबाट वञ्चित गर्ने गरी कानून

निर्माण गर्न नसकिने संवैधानिक प्रत्याभूति भै रहेको परिप्रेक्ष्यमा केवल विवाह (त्यो पनि प्रचलित कानून प्रतिकूल हुने गरी) भएको आधारमा मात्र विवाह हुने छोरी र विवाह नहुने छोरी तथा विवाह हुने छोरी र छोराबिच विभेद हुने गरी भएको नेपाली सेना (निवृत्तिभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३ को नियम १० को प्रतिवन्धात्मक वाक्यांश तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को व्यवस्थासँग मेल खाएको देखिन नआउने हुँदा बदर हुने।

(प्रकरण नं. २३)

| आदेश मितिः २०६५।८।१३ | मुद्दा/रिट नं.: सम्वत २०६२ सालको रिट नं. २८२२ | निर्णय नं. ८००५ |
|---|---|---|

सयुक्त इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

**विषयः परमादेश।**

**अधिवक्ता प्रकाशमणि शर्मासमेत विरुद्ध नेपाल सरकार महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयसमेत।**

- अध्ययन प्रतिवेदनबाट राति ढिलासम्म काम गरेको अवस्थामा घरसम्म पुऱ्याउने कुनै सवारी साधनको व्यवस्था नभएको, कार्यअवधि सुनिश्चित नभएको जस्ता अवस्था रहेको भन्ने देखिन्छ। अध्ययन प्रतिवेदनबाट समेत डान्स तथा क्याबिन रेष्टुरेन्टहरूमा काम गर्ने महिला कामदारहरू Sexually Exploit भएको भन्ने देखिन्छ। डान्स तथा क्याबिन रेष्टुरेन्टहरूमा काम गर्ने महिलाहरूले सम्मानपूर्वक इज्जतअनुसार र शोषणमुक्त वातावरणमा काम गर्न पाएको नभई शोषित र अपमानित मात्र होइन, इज्जत नै सौदामा राखी काम गर्न बाध्य भएको भन्ने देखिन्छ। संविधानले नागरिकलाई समानताको आधारमा सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गरेको, रोजगारी र सामाजिक सुरक्षाको हक प्रदान गरेको र सामाजिक न्याय र शोषण विरुद्धको हकलाई मौलिक हकको रूपमा हक प्रदान गरेको अवस्थामा डान्स तथा क्याविन रेष्टुरेन्टहरू र डान्स बारमा काम गरेको भन्दैमा त्यस ठाउँमा काम गर्ने महिलाहरू शोषित हुन सक्दैनन। सरकार मुकदर्शक भएर बस्ने होइन, त्यसमा सरकार जवाफदेही हुनु पर्ने।

(प्रकरण नं. १६)

- संविधानको उल्लिखित व्यवस्थालाई कार्यान्वयन गर्ने उद्देश्यले विषय विषयमा छुट्टाछुट्टै र विशेष कानून नभए पनि केही हदसम्म समुचित र सहज वातावरणमा सम्मानपूर्ण ढङ्गले काम गर्ने वातावरणको सिर्जनाका लागि श्रम ऐन, २०४८ को व्यवस्था भै सो ऐनको दफा ४ मा काममा लगाउँदा कामदार कर्मचारीलाई नियुक्तिपत्र दिएर मात्र काममा लगाउनु पर्ने ऐ दफा ५ मा महिलालाई काममा लगाउँदा निजको मन्जुरी वेगर विहान ६ बजेदेखि साँझ ६ बजेसम्म बाहेक काममा लगाउन नसकिने व्यवस्था गरेकोछ। ऐ ऐनको दफा २७ ले उद्योग प्रतिष्ठानमा स्वास्थ्य र सुरक्षासम्बन्धी व्यवस्था गर्नुपर्ने कानूनी व्यवस्था गरेको पाइन्छ। साथै ऐ दफा ४८क ले होटल

वा ट्राभल एजेन्सीहरूमा कामको प्रकृतिको आधारमा विशेष सुरक्षाको प्रबन्ध गरी महिलालाई अन्य समयमा पनि काममा लगाउन सक्ने व्यवस्था भएको देखिन्छ। तर उपर्युक्त कानून पर्याप्त छैन र उक्त कानूनले डान्स रेष्टुरेन्ट तथा मसाज पार्लर जस्ता व्यवसायलाई समेटन सक्दैन। औद्योगिक व्यवसाय ऐन, २०४९ बमोजिम होटल रेष्टुरेन्ट र रिसोर्ट दर्ता गर्ने प्रावधान भएको देखिन्छ तर डान्स तथा क्याबिन रेष्टुरेन्ट तथा मसाज पार्लर दर्ता गर्ने व्यवस्था भएको देखिँदैन। सरकारले डान्स तथा क्याविन रेष्टुरेन्ट तथा मसाज पार्लरलाई Regulate गर्ने छुट्टै र विशेष कानून निर्माण गरी अविलम्ब लागु गर्नुपर्ने।

(प्रकरण नं. १९)

- निवेदकको मागबमोजिम कानून बनाउने निर्देशनात्मक आदेश जारी गरी सो कानूनहरूको निर्माण नहुँदासम्म अदालतबाट निर्देशिका निर्धारणगरी निर्धारित निर्देशिका अबलम्बन गर्नु गराउन भन्नेसमेतको परमादेश लागायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ भन्ने निवेदकको मुख्य निवेदन माग रहेको देखिएको अवस्थामा माथि विवेचित तथ्यका आधारमा निवेदकको मागबमोजिम निर्देशिका (Guideline) समेत जारी हुनुपर्ने हो वा होइन सो सम्बन्धमा विचार गर्दा नेपालमा सञ्चालित डान्स बार, क्याबिन रेष्टुरेन्ट, डान्स रेष्टुरेन्ट तथा मसाज पार्लरहरूमा काम गर्ने कामदार तथा कर्मचारीहरूको मौलिक हक अधिकारलाई व्यवस्थित गरी सामाजिक नैतिकता तथा सामाजिक सुरक्षासमेतलाई ध्यानमा राखी व्यवस्थित एवं मर्यादित रूपले सञ्चालन गरिनु पर्ने कुरामा दुईमत हुन सक्दैन। माथि उल्लेख भएबमोजिम यस विषयमा कुनै कानून बनेको देखिएन। कानूनको अभावमा व्यवसायहरू मर्यादित तथा व्यवस्थित रूपमा सञ्चालन हुन नसक्ने।

(प्रकरण नं. ३५)

- अदालत स्वयमले कानून निर्माण गर्ने होइन तर यस अदालत नेपालको नागरिकहरूको मौलिक हक र मानव अधिकारको संरक्षण गर्न Guardian of the fundamental rights of the citizen भएको कारण नागरिकहरूलाई संविधान, कानून र न्यायका मान्य सिद्धान्त तथा नेपाल पक्ष भएका विभिन्न अन्तरराष्ट्रिय मानव अधिकारसम्बन्धी कानूनसरह लागु हुने सन्धिहरूद्वारा प्रदान भएको हनन् भएको हक प्रचलन गराउन यस अदालतले उपयुक्त आदेश जारी गर्न सक्ने।

(प्रकरण नं. ३६)

| आदेश मितिः २०६६।१।१७ | मुद्दा/रिट नं.: रिट नं. ०६४– WS–०००१ | निर्णय नं. ८१८७ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह
माननीय न्यायाधीश श्री अवधेशकुमार यादव

**विषयः परमादेशसमेत।**

**अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- सशक्तीकरण र विकासको प्रयास नगर्ने बरु रोजगारीको ढोका नै बन्द गर्ने कुरालाई सशक्तीकरण र विकासको रूपमा लिन नसकिने।
- वृत्ति विकासका थप अवसरहरू दिने वा मूल प्रवाहमा ल्याउनेभन्दा भएका अवसरहरूमा पनि कुनै न कुनै आधारमा बञ्चना गरिन्छ भने त्यसलाई सकारात्मक विभेद गरिएको भनी मान्न नसकिने।

(प्रकरण नं. १५)

- सम्बन्धित पेसाको प्रकृतिले अनिवार्य रूपमा निषेध गरेको अवस्थामा बाहेक राज्यको सार्वजनिक सेवामा प्रवेश गर्नको लागि लिङ्गसमेतको आधारमा कुनै विभेद सिर्जना गरिएको छ भने त्यस्तो कार्य समानताको सिद्धान्त सापेक्ष हुन्छ भन्न सकिने आधार कमै हुन्छ। परम्पराको विरासतको रूपमा कुनै क्षेत्रमा त्यस्ता कानून र प्रचलनहरू जीवित रहेका छन् भने पनि राज्यले क्रमशः सुधार गर्दै जानु श्रेयस्कर हुने।

(प्रकरण नं. १६)

- गर्भधारण गरेकी महिलालाई कठिन शारीरिक श्रम आवश्यक पर्ने सैनिक प्रहरीको आधारभूत तालिममा सहभागी हुन दिंदा प्रजनन् स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भै त्यस अवस्थामा समेत राज्यलाई संविधानको प्रावधान उल्लङ्घन गरेको आरोप लाग्नसक्ने देखिँदा उक्त दुवै विषयलाई उचित तवरले समायोजन गरी विवादित कानूनमा समसामयिक सुधारको आवश्यकता पर्ने।

(प्रकरण नं. २२)

- मानव अधिकार र लैङ्गिक न्यायको पक्षमा संवेदनशील ठानिने केही मुलुकहरूको कानूनी व्यवस्था एवं अभ्याससमेतको तुलनात्मक अध्ययन, देशको सामाजिक र सांस्कृतिक अवस्थासमेतको समग्र

अध्ययन, महिलाहरूको रोजगारीको अवस्थासमेतको समग्र विषयहरूमा अध्ययन अनुसन्धान गरी सैनिक प्रहरीसम्बन्धी विवादित नियमावलीमा समसामयिक संशोधन वा सुधार गर्न आवश्यक पर्ने।

(प्रकरण नं. ३८)

# भाग-७

# विशेष संरक्षणसम्बन्धी व्यवस्था

| फैसला/आदेश मितिः२०६१।०७।१३ | मुद्दा/रिट नं.: २०६१ सालको रिट नं. ३०५९ |
|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी

माननीय न्यायाधीश श्री अनुपराज शर्मा

**विषयः उत्प्रेषणयुक्त परमादेश।**

**प्रघोष क्षेत्रीसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय।**

- विभिन्न जातजाति वर्गमा विभाजित नेपाली जनताबिच आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा रहेको असमानताको ठुलो खाडल पुर्न बिशेष व्यवस्था नितान्त आवश्यक छ। समष्टीगतरूपमा जबसम्म हाल कायम रहेको असमानताको न्यूनीकरण हुँदैन। तबसम्म संविधानले संकल्प गरेको आर्थिक, सामाजिक न्याय पिछडिएका समुदाय वा वर्गले अनुभूत गर्न सक्ने अवस्था रहँदैन। संरक्षण आवश्यक भएकालाई कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रावधान रहेकोमा संविधानको धारा ११(३) लाई क्रियाशील गर्न संविधान लागु भएको १४ वर्ष बित्न लाग्दा पनि विशेष व्यवस्था गर्न सकिने कानून बन्न नसक्नुलाई राज्यको ध्यान पिछडिएका एवं संरक्षण आवश्यक भएका वर्गतर्फ पुगेको भन्न सक्ने स्थिति देखिन आएन। पीछडिएका वर्गलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउन जति ढिलो हुन्छ, त्यति नै सामाजिक असन्तोष बढ्न गई नेपाली जनताका समान आकांक्षालाई समेत खलल पुग्न जाने हुँदा यस विषयमा राज्यको ध्यान जान जरुरी हुने।
- महिला, बालक वा शारीरिक वा मानसिकरूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेकोमा संविधान लागु भएको यति लामो अवधि बितिसक्दा पनि कानून निर्माणतर्फ सरकारको दृष्टि पुगी समयमै कानून निर्माण भएको अवस्था नदेखिएको पिछडिएका संरक्षण आवश्यक वर्ग वा समुदाय महिलालाई उठाउन राज्यबाट विशेष व्यवस्था हुन नितान्त आवश्यक भएको कुरा माथि विस्तृत विवेचना गरी सकिएकै हुँदा यसै आर्थिक वर्षभित्रमा यथासक्य चाँडो आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिबाट पिछडिएको र अशक्त भन्ने कुरा निरूपणका स्पष्ट आधार तोकी कानून निर्माण गरी पिछडिएका, संरक्षण आवश्यक भएका वर्ग र महिलाको संरक्षण र सन्तुलित विकासको कार्यक्रम सञ्चालन गर्नु भनी श्री ५ को सरकार मन्त्री परिषद्को नाममा निर्देशनात्मक परमादेश जारी हुने।

| आदेश मितिः २०६३।२।२५ | मुद्दा/रिट नं.ः संवत् २०६१ सालको विशेष रिट नं. ५५ | निर्णय नं. ७६७८ |
|---|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री खिलराज रेग्मी

माननीय न्यायाधीश श्री बलराम के.सी.

माननीय न्यायाधीश श्रीमती गौरी ढकाल

**विषयः संविधानको धारा ८८(१) बमोजिम संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गरी धारा ८८(२) बमोजिम उत्प्रेषणयुक्त परमादेशसमेत जारी गरिपाऊँ।**

**रूपक ढकालसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- संविधानको धारा ११(१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने धारा ११(२) मा सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने र धारा ११(३) मा राज्यले नागरिकहरूका बिच धर्म, वर्ण, लिङ्ग, जात, जाति वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन तर महिला बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण र विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ भन्ने उल्लेख भएको पाइन्छ। उक्त संवैधानिक प्रावधानमध्ये उपधारा (१) र (२) को प्रावधान औपचारिक समानता (Formal Equality) सँग सम्बन्धित देखिन्छन् भने उपधारा (३) को प्रावधान सारभूत समानता (Substantive Equality) सँग सम्बन्धित देखिन्छ। सारभूत समानताले व्यवहारतः सामाजिक, आर्थिक, शैक्षिक दृष्टिले पछाडि परेका वा शारीरिक वा मानसिक दृष्टिले असक्षम वा उमेरको आधारमा बयस्क सरहको सक्षमता ग्रहण गर्न नसक्ने बालक वा वृद्ध र पितृसत्तात्मक सामाजिक संरचनाको कारणबाट व्यक्तित्व विकासमा पछाडि परेका महिला वर्गले पनि समानताको हकलाई सामाजिक, आर्थिक वा शैक्षिक दृष्टिले अगाडि रहेका व्यक्ति वा शारीरिक वा मानसिक रूपले सक्षम व्यक्ति वा उमेरको आधारमा वयस्क व्यक्ति वा सामाजिक विकासमा अग्रणी रहेका पुरुषसरह उपभोग गरी राष्ट्रिय विकासको मूल प्रवाहमा सहभागी बन्न सकून् भन्ने उद्देश्य राख्दछ। यसरी सक्षमता निर्माण गर्ने अवसर प्रदान गर्ने प्रमुख संयन्त्र भनेको कानून नै हो। कानूनले व्यक्तिको हकको सुनिश्चितता गर्ने भएकोले पिछडिएका बर्गको संरक्षण र

विकासको लागि विशेष व्यवस्था पनि कानूनद्वारा नै गरिनु पर्छ भनी संविधानमा स्पष्ट उल्लेख भएको देखिन्छ। तर उपरोक्तानुसारको संवैधानिक प्रावधान र त्यसको आशय अनुरूप राज्यबाट कानून निर्माण गरी विशेष व्यवस्था हालसम्म पनि हुन सकेको पाइँदैन। राज्यले संविधानको धारा ११(३) को प्रावधानलाई सही रूपमा कार्यान्वयन गराउने हो भने त्यसमा उल्लेख भएका महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक दृष्टिले कमजोर वा सामाजिक, आर्थिक वा शैक्षिक दृष्टिले पिछडिएका वर्गको संरक्षण र विकासलाई समेट्ने गरी एउटा विस्तृत, व्यापक र बोधगम्य दायरासहितको छाता कानून (Comprehensive and umbrella Law) को निर्माण गर्नु जरुरी हुने।

(प्रकरण नं. १४)

- निवेदकले विवादमा ल्याउनु भएको छात्रवृत्ति नियमावली, २०६० छात्रवृत्ति ऐन, २०२१ को दफा १० ले दिएको अधिकार प्रयोग गरी निर्माण गरिएको देखिन्छ। छात्रवृत्ति ऐन, २०२१ नेपाल अधिराज्यको संविधान, २०४७ जारी हुनुभन्दा अगाडिको ऐन हो। त्यसलाई सो संविधानको अनुकूल हुने गरी संशोधन गरिएको पनि देखिँदैन। सोही ऐनले दिएको अधिकार प्रयोग गरी साबिकको छात्रवृत्ति नियमवलीलाई श्री ५ को सरकारद्वारा संशोधन गरी नयाँ छात्रवृत्ति नियमावली, २०६० मिति २०६०।३।२६ को नेपाल राजपत्रमा प्रकाशित गरी लागु गरिएको अवस्था देखिएको छ। वस्तुतः नियमावली यान्त्रिक रूपले लागु हुने कानूनी भए पनि संविधानले स्थापित गर्न चाहेको सारभूत समानताको समग्र मान्यता र उद्देश्यको अनुकूल देखिन आउँदैन। सामाजिक, आर्थिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको स्पष्ट, बोधगम्य र विवेकसम्मत मापदण्ड वा आधारबाट पहिचान नगरी सर्सर्ती हेर्दा पिछडिएको जस्तो बोध हुने गरी कुनै वर्गलाई छात्रवृत्तिको लागि निश्चित प्रतिशत सुरक्षित गरिनु हचुवा र त्रूटिपूर्ण हुन्छ। सर्वप्रथम राज्यले संविधानको धारा ११(३) को प्रतिबन्धात्मक वाक्यांशले विशेष संरक्षण गर्न भनी तोकिएका वर्गको वस्तुनिष्ठ र वैज्ञानिक आधारसहितको पहिचान गर्ने नीति बनाउनु पर्ने र सो नीतिको आधारमा विशेष कानून बनाई लागु गर्नुपर्ने। त्यस्तो छुट्टै विशेष कानून निर्माण नगरी अन्य संयन्त्रबाट गर्न खोजिएको सरकारी प्रयास मनोगत एवं हचुवा मात्र हुने। छात्रवृत्ति नियमावाली, २०६० को नियम १०(३) र १२ को प्रतिबन्धात्मक वाक्यांशलाई यसै परिप्रेक्ष्यमा हुनुपर्ने हुन्छ। यस नियमावलीले सरकारी छात्रवृत्तिमा महिला, दलित र जनजातिको लागि केही प्रतिशत स्थान सुरक्षित गरेको भए पनि त्यो पूर्ण छैन र संविधानले लिएको उद्देश्य र मर्म अनुकूलको छैन। किनकि महिला, दलित र जनजातिमध्येमा पनि सामाजिक, आर्थिक वा शैक्षिक दृष्टिले पिछडिएका र सक्षमका बिच फरक छुट्टाई वर्गीकरण गर्ने प्रयाश गरिएको छैन। व्यवहारमा महिला, दलित र जनजाति सम्पन्न र सक्षम पनि छन्, विपन्न त छँदैछन्। त्यसैले पिछडिएको वर्गलाई आधार र

कारणसहित नछुट्टाई सिङ्गो समूहलाई संरक्षण प्रदान गर्न खोज्दा सारभूत समानता नभै फेरी पनि व्यवहारमा असमानताकै पृष्ठपोषण हुन जाने।

(प्रकरण नं. १५)

- नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ का उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशको उद्देश्य र मर्म अनुकूल नहुनुका अतिरिक्त सारभूत समानताको सिद्धान्तसमेतको अनुकूल नहुँदा छात्रवृत्ति नियमावली, २०६० को नियम १०(३) र १२ को प्रतिबन्धात्मक वाक्यांशको प्रावधानलाई संविधानको धारा ८८(१) बमोजिम आजका मितिदेखि अमान्य र बदर घोषित गरिदिएको छ। आजका मितिदेखि ती प्रावधान बदर हुने भएको र आज अघि सो प्रावधान बदर नहुँदाका अवस्थामा सो अन्तर्गत भएगरेका कामकारबाही र निर्णयलाई कानून विपरीत भन्न नमिल्ने हुँदा मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्न मिल्ने भएन। परन्तु संविधानको धारा ११(३) मा प्रत्याभूत गरिएको समानताको हकलाई सारभूत रूपमा जनस्तरमा कार्यान्वयनका लागि उक्त धारा ११(३) मो प्रतिबन्धात्मक वाक्यांशले निर्दिष्ट गरेको महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले असक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि आधार र कारणसहितको निश्चित मापण्डको व्यवस्थासमेत गर्ने गरी कानून बनाउन आवश्यक हुँदा तदनुरूपको व्यवस्था मिलाउनु भनी मन्त्रिपरिषद्का नाउँमा निर्देशात्मक आदेश जारी हुने।

(प्रकरण नं. १७)

| आदेश मितिः २०६४।७।२० | मुद्दा/रिट नं.: संवत् २०६३ सालको विशेष रिट नं. WS ००३६ | निर्णय नं. ७८७६ |
|---|---|---|

विशेष इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

**विषयः उत्प्रेषण परमादेशसमेत।**

**शम्भुप्रसाद संजेलसमेत विरुद्ध संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसमेत।**

- समानताको हक कुनै कानूनद्वारा त्यस्तै स्तर अवस्था र हैसियतका व्यक्तिहरूबिच एउटाको तुलनामा अर्कोलाई कुनै विशेष सुविधा वा संरक्षण गर्नु र अर्कोलाई त्यस्तो विशेष सुविधा वा संरक्षणबाट वञ्चित गरिनु समानतासम्बन्धी संवैधानिक हकको विपरीत भै उक्त कानून संविधानको समानतासम्बन्धी व्यवस्थासँग असङ्गत भएको मान्नुपर्ने। समानतासम्बन्धी कानूनले सबै नागरिकहरूलाई एकै प्रकारको व्यवहार गरिनुपर्छ भनी निरपेक्ष समानता (Absolute Equality) लाई अङ्गीकार गरेको अर्थ गर्न पनि नमिल्ने।
- कुनै खास आवश्यकताको पूर्तिको लागि वा कुनै खास समस्याको समाधानका लागि कुनै कानून बनाइन्छ र सो कानून त्यस्तै अवस्था, हैसियत र स्तरका व्यक्तिहरूलाई छुट्टै वर्गीकरण गरी कसैले बढी सुविधा र संरक्षण पाउने र तीमध्ये कसैले कम सुविधा वा संरक्षण पाउने वा त्यस्तो सुविधा वा संरक्षणबाट वञ्चित गर्ने गरिन्छ भने त्यस्तो कानून स्वभावैले समानताको हक विरुद्धको कानून मान्नुपर्ने।
- कानून बनाउँदा कसैलाई लागु हुने र कसैलाई लागु नहुने गरी बनाउन त्यस्तो कानून बनाउनुको खास बोधगम्य कारण (Intelligible differentia) र सो कानूनद्वारा प्राप्त गर्न खोजिएको उद्देश्यसँग त्यस्तो फरक गर्नु पर्नाको विवेकपरक सम्बन्ध (Rational nexus or objectivity) हुनुपर्ने।
- राज्यद्वारा नागरिकका सम्बन्धमा गरिने व्यवहार, उपलब्ध हुने सुविधा, अवसर आदिमा सामान्यतः विभेद गरिनु हुन्न। यदि वर्ग विभाजन गर्नै पर्ने अवस्था भएमा विभाजन गर्नुको वोधगम्य आधार र विवेकपरक सम्बन्ध छ र सो कुरा न्यायका मान्य सिद्धान्तहरूको विपरीत छैन वा हुँदैन भने मात्र नागरिकलाई समानहरूका बिचमा समान र असमानहरूका बिचमा असमान व्यवहार गर्नु पर्दछ। यस अर्थमा विधि, विवेक र वस्तुपरक ढङ्गले वर्ग विभाजन गरी त्यस्तो एक वर्ग र अर्को

वर्गबिच असमान तर, सम्बन्धित वर्गका प्रत्येक व्यक्ति वा वस्तुबिच समान रूपमा लागु हुने गरी कानून बनाउन सकिने।

(प्रकरण नं. ५)

- व्यक्तिहरूका बिचमा विभेद गर्ने गरी बनाएको कानूनको उद्देश्य र वर्गीकरण वैध (Lawful) र बोधगम्य हुनु पर्दछ। त्यस्तो उद्देश्य बोधगम्य छैन भने वर्गीकरण औचित्यपूर्ण नमानिने।
- ऐन बनाई स्वीकार गरिएको वर्गीकरण अनिवार्य रूपमा कानूनका सिद्धान्तहरूसँग मेल खाने हुनु पर्दछ र कुनै अमुक वर्गलाई त्यस्तो सुविधा प्राप्त गर्नबाट रोक्ने अथवा कुनै अर्को वर्गलाई अनुचित भार बहन गराउने एवं कार्यान्वयनको क्रममा गैरकानूनी दबाब थोपर्ने नहुने।

(प्रकरण नं. ६)

- स्तरवृद्धि र विशेष बढुवामा के भिन्नता छ सो हेर्नुपर्ने हुन्छ। स्तरवृद्धि भन्नाले सोही पद तह वा तहभित्रको एक तह माथिल्लो स्तरमा वृद्धि हुने र सो नाताले तहभित्रको माथिल्लो तलबसम्म पाउने अर्थात् कामको प्रकृति, स्वभाव, पद नाम आदिमा भिन्नता नआउने स्थितिलाई जनाउँछ भने विशेष बढुवा वा बढुवाले तल्लो तहबाट माथिल्लो तह वा पदमा बढुवा पाउने भई त्यसबाट पदको कामको प्रकृति, स्वभाव, पदनामसमेत भिन्न भई भिन्न तलब भत्ता सुविधा पाउने र सो अनुसारको अधिकार र मान्यता पाउने भई सो पदभन्दा माथिल्लो पदमा पछि हुने बढुवाको बाटोसमेत खोलिदिने।

(प्रकरण नं. १०)

- समान अवस्था र समान आधारमा सरकारी सेवाबाट प्राधिकरणको सेवामा आएका यी निवेदकहरूलाई यस्तै अवस्था र आधारमा आएका अन्य कर्मचारीबाट किन भिन्न व्यवहार गर्नु परेको हो सो नखुलाएको अवस्थामा त्यस्तो स्थितिले भेदभावको स्थितिलाई दर्शाएको छ। वस्तुतः समानताको मुख्य मर्म भनेकै विद्यमान सामाजिक सन्दर्भहरू हेरेर औचित्यको आधारमा समेत भेदभावरहित व्यवहार गर्नुपर्ने।

(प्रकरण नं. ११)

- विशेष बढुवाको व्यवस्था गर्दासमेत एउटा मापदण्ड र अर्कोलाई अर्को मापदण्ड खडा गर्ने, त्यसमा पनि त्यसको औचित्य पुष्टि नगर्ने हो भने त्यस्तो व्यवहार मनपरी तरिकाले भिन्न व्यवहार गरेको (arbitrary) भन्नुपर्ने हुन्छ। प्रश्न कुन कर्मचारी कुन तहको हो भन्ने महत्त्वपूर्ण होइन, बढुवाको विशेष प्रावधान गर्दा लक्षित नीति, वर्ग र परिणाम के हो त्यो देखिनु पर्ने हुन्छ। नीतिगत आधारमा पनि बिना कुनै औचित्य भेदभाव गरिन्छ भने त्यो समानताको सिद्धान्त प्रतिकूल मान्नुपर्ने।

(प्रकरण नं. १४)

- समान सिद्धान्तको आधारमा विशेष बढुवाको सिद्धान्त लागु गरिएमा पछिल्लो वर्गको हितमा प्रतिकूल अवस्था सिर्जना हुने एकातिर देखिन्न भने अर्कोतिर विशेष बढुवा जस्तो नीतिगत रूपमा अपनाइएमा उपचारको समान लाभ तल्लो तहको कर्मचारीले समेत पाउन सक्ने हुनुपर्नेमा विशेष बढुवा भन्ने कुराले विशेष भेदभाव गर्ने आधारको काम गर्न नमिल्ने।

(प्रकरण नं. १५)

- तल्लो तहको खास काम तोकिएको कारणले मात्रै कानूनद्वारा नै नीतिको रूपमा अङ्गीकार गरेको विशेष बढुवाको व्यवस्थाबाट बाहेक गर्नुपर्ने उचित र वैध आधार रहेको नदेखिने।
- तल्लो तहका सीमान्तकृत वर्गको लागि सकारात्मक विभेद गरी अरूसरहको स्थानमा उकास्न राज्यलाई संविधानको समानतासम्बन्धी प्रावधानले छुट दिएको पनि छ। तल्लो तहमा कार्यरत वर्गलाई पनि कानून वा नीतिबाट उचित व्यवहार (Fair treatment) गरेको हुनुपर्छ। अन्य वर्गले पाउने सुविधा, सहुलियत वा अवसरबाट बाहेक, बञ्चित रोकावट वा निषेध गर्ने जस्ता कार्य गर्न निश्चय नै रोकेको मान्नुपर्ने।
- नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीको सेवाका सर्त र सुविधासम्बन्धी (दोस्रो संशोधन) नियमावलीद्वारा मूल नियमावलीको नियम ३.६(४) मा भएको "उपनियम (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो तहको परिचर (पियन) र तेस्रो तहको सवारी चालकको हकमा नियम ६.३ को उपनियम (६) बमोजिम हुनेछ "भन्ने वाक्यांश र सोही आधारमा भएको नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरूको विशेष बढुवा सम्बन्धी कार्यविधि निर्देशिका, २०६३ को निर्देशन नं. ३(१) मा उल्लिखित"पहिलो तहको परिचर (पियन) र तेस्रो तहको सवारी चालक बाहेक" भन्ने वाक्यांश र सोको आधारमा जारी भएको नेपाल नागरिक उड्डयन प्राधिकरण विशेष बढुवासम्बन्धी कार्यविधि निर्देशिका, २०६३ को निर्देशन नं. ३(१) मा रहेको "पहिलो तहको परिचर (पियन) र तेस्रो तहको सवारी चालकबाहेक" साबिक श्री ५ को सरकारको कर्मचारीबाट प्राधिकरणको कर्मचारीमा परिणत हुँदाको अवस्था र हालको नियमावलीको तह एकदेखि तह आठसम्मका अन्य पदहरूबाट विशेष बढुवा भएपछि पनि साबिकबमोजिमको जिम्मेवारी तोक्न सक्ने प्रावधानसमेतका आधारमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१) द्वारा निवेदकहरूलाई प्रत्याभूत समानताको हकको विपरीत देखिन आएकोले उक्त प्रावधान आजका मितिदेखि लागु हुने गरी अमान्य र बदर घोषित हुने।

(प्रकरण नं. १८)

| फैसला/आदेश मितिः२०६४।०९।१० | मुद्दा/रिट नं.: २०६३ सालको रिट नं. ३५६१ |
|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ

**विषयः नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८(२) बमोजिम परमादेशलगायत जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाऊँ।**

**अधिवक्ता सपना प्रधान मल्लसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत।**

- महिलाले जबरजस्ती करणी, हाडनाता करणी, गर्भपतन, नाताकायम, सम्बन्ध विच्छेद जस्ता कतिपय महिला विरुद्धको हिंसाजन्य र सोको कारणवश उत्पन्न समस्याको रूपमा थुप्रै मुद्दाहरू बेहोर्नुपरेको छ। त्यस्तै बालक पक्ष वा विपक्ष भएको मुद्दाहरू र एच.आई.भी.एड्स संक्रमण भएको व्यक्ति संलग्न भएको मुद्दाहरू आज पनि नेपाल राज्यभरिका विभिन्न प्रहरी कार्यालयहरू सरकारी वकिल कार्यालयहरू, जिल्ला प्रशासन कार्यालयहरू अन्य न्यायिक अर्धन्यायिक निकायहरूमा अनुसन्धान तहदेखि अभियोग लगाउने, मुद्दा दायर गर्ने वा मुद्दा दायर भै मुद्दाको पुर्पक्ष भई कारबाहीयुक्त अवस्थामा रहेका छन् वा हुन सक्छन्। उपर्युक्तबमोजिमको कानूनी व्यवस्था भै कार्यान्वयनमा नआउन्जेल उपर्युक्त उल्लिखित व्यक्तिहरू संलग्न भएका मुद्दाहरूमा यो निर्णय हुनुपूर्वको अवस्थामा अपनाई आएका प्रणाली नै निरन्तर रहन दिनु मुनासिब हुन्छ वा हुँदैन ? भन्ने कुरामा विचार गर्नुपरेको छ। यस निर्णयपश्चात् पनि यस इजलासले संवेदनशील अवस्थाको भनी ठम्याइएका पीडित महिला, बालबालिका तथा एच.आई.भी.एड्स सङ्क्रमित संलग्न रहेका मुद्दा मामिलामा गोपनीयताको हकको निरन्तर उल्लङ्घन भइरहन दिने हो भने त्यस्तो स्थिति रहिरहन दिँदा यस आदेशपछि बनेको कानूनले गोपनीयताको संरक्षण दिएमा पनि भइसकेको गोपनीयता उल्लङ्घनबाट निजहरूउपर परेको क्षतिको क्षतिपूर्ति हुन नसक्ने हुनाले त्यस्तो व्यवस्था निरन्तर रहिरहन दिन वाञ्छनीय देखिन नआउने मात्रै होइन, त्यस्तो प्रक्रियालाई अविलम्ब रोक्नु अनिवार्य हुने।
- विशेष प्रकृतिका मुद्दा मामिलामा पीडितको रूपमा संलग्न महिला, बालबालिका पक्ष भएका वा एच.आई.भी.एड्स सङ्क्रमित व्यक्तिहरू पक्ष भएको मुद्दामा प्रहरीमा दर्ता हुने वा सिधै अदालत वा अन्य निकायमा दर्ता हुने स्थितिदेखि फैसला गर्दा वा त्यसपछिको अवस्थामा समेत तोकिएको

गोपनीयताको स्तर कायम रहने गरी सम्बन्धित पक्षको हक र दायित्वसहितको कानून निर्माण गर्न विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको नाममा निर्देशात्मक आदेश जारी हुने ठहरेकाले सोबमोजिमको व्यवस्था नहुन्जेल यसै साथ संलग्न निर्देशिकाबमोजिमको व्यवस्थाको पालना गर्नु गराउनु भनी उक्त विपक्षीहरूका नाममा यो आदेश जारी हुने।

- उक्त कानून नबनेसम्मका लागि यस अदालतबाट जारी गरिएको निम्मबमोजिमको निर्देशिका मुताबिक काम कारबाही गर्नू।

# विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४

प्रस्तावनाः नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हकअन्तर्गत गोपनीयताको हक समावेश गरी न्यायिक उपचारको हकसमेतको प्रत्याभूत गरेको भए तापनि सोको संरक्षणका लागि निश्चित कानूनी व्यवस्थाको अभावमा एच.आई.भी.एड्स सङ्क्रमित व्यक्तिले आफू सङ्क्रमित भएको स्थितिमा, महिलाले आफुविरुद्ध हिंसा भएको स्थितिमा र बालबालिकाले कानूनसँगको द्वन्द्व बेहोरेको स्थितिमा आफूउपर भएको अन्यायविरुद्ध उपचार माग्न वा न्यायमा पहुँच पाउन व्यवधान महसुस गरेको अनुभव भइरहेको, मुद्दा मामिलाको अनुसन्धान देखी फैसला कार्यान्वयनसम्मका कारबाहीको क्रममा र सोपश्चातको अवधिमा समेत निजहरूको व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखिदिएको कारण आत्मसम्मानपूर्वक जीवनयापन गर्नमा थप सङ्कट र असुविधा बेहोर्नु परिरहेको सन्दर्भमा यस्ता वर्गका व्यक्तिको गोपनीयताको अधिकारको संरक्षण गर्न कार्यविधिसहितको आवश्यक कानूनी व्यवस्था गर्न नेपाल सरकारको नाममा यस अदालतबाट निर्देशात्मक आदेश जारी गर्ने निर्णय भएको र सोबमोजिम आवश्यक कानून बनाई व्यवस्थित नभएसम्मका लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) द्वारा प्रदत्त अधिकारअन्तर्गत यस अदालतको अन्तर्निहित अधिकार प्रयोग गरी उपर्युक्त विशेष प्रकृतिका मुद्दा मामिलाको कारबाहीका हरेक चरणमा लागु हुने गरी गोपनीयताको हक संरक्षणको लागि गोपनीयता कायम राख्नेसम्बन्धी यो निर्देशिका जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस निर्देशिकाको नाम "विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४" रहेको छ।

(२) यो निर्देशिका आजका मितिले तिस दिनपछि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) 'मुद्दा' भन्नाले यस निर्देशिकाको प्रयोजनको लागि व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने भनी सम्बन्धित अधिकारीले निर्णय गरी तोकिदिएका देहायका प्रकृतिका मुद्दा सम्झनुपर्छः–

(१) मुद्दाको प्रकृति र त्यसले पीडितउपर पार्न सक्ने असरको आधारमा गोपनीयता कायम गर्नु पर्ने देखिएका बलात्कार, गर्भपतन, यौन दुर्व्यवहार, मानव बेचबिखन, जिउ

मास्नेबेच्ने, हाडनाता करणी एवम् महिलाविरुद्धको हिंसालगायतका मुद्दामा पीडितको रूपमा महिला भएका फौजदारी मुद्दाहरू,

२) बाल अदालत वा बाल इजलासबाट हेरिने बालबालिका पक्ष भएका फौजदारी मुद्दाहरू,

३) एच.आई.भी.एड्सबाट प्रभावित वा सङ्क्रमित व्यक्तिहरूसँग सम्बन्धित त्यस्तो विवरण खुलेका मुद्दाहरू।

ख) "व्यक्तिगत पचियात्मक विवरण" भन्नाले,

१. खण्ड (क) को देहाय (१) मा उल्लिखित मुद्दाको हकमा पीडित महिलाको नाम, थर, वतनलगायतका पहिचान खुल्ने सम्पूर्ण सम्बद्ध विवरणहरूलाई जनाउनेछ।

२. खण्ड (क) को देहाय (२) मा उल्लिखित मुद्दाको हकमा पक्षको रूपमा रहेका बालबालिकाको नाम, थर, वतनलगायतका पहिचान खुल्ने सम्पूर्ण सम्बद्ध विवरणहरूलाई जनाउनेछ।

३. खण्ड (क) को देहाय (३) मा उल्लिखित मुद्दाहरूको हकमा एच.आई.भी.एड्स प्रभावित वा सङ्क्रमित भएको व्यक्तिको त्यसरी प्रभावित वा सङ्क्रमण भएको पहिचान खुल्न सक्नेलगायतका सम्पूर्ण सम्बद्ध विवरणहरूलाई जनाउने छ।

ग. "सम्बन्धित अधिकारी" भन्नाले जिल्ला अदालतको हकमा जिल्ला न्यायाधीश, पुनरावेदन अदालत र सर्वोच्च अदालतको हकमा सो अदालतका रजिस्ट्रार र अन्य निकाय वा कार्यालयको हकमा सम्बन्धित कार्यालयका कार्यालय प्रमुखलाई जनाउने छ।

३. व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्नेः

(१) अपराध अनुसन्धानको निमित्त सूचना प्राप्त भएदेखि तहकिकात, अभियोजन, सुनुवाई, फैसला, फैसला कार्यान्वयनलगायतका सम्पूर्ण काम कारबाहीका क्रममा र फैसला कार्यान्वयनपश्चात् पनि अनुसन्धान तहकिकात गर्ने निकाय, मुद्दा हेर्ने निकाय र फैसला कार्यान्वयन गर्ने निकायलगायतका सम्पूर्ण निकायहरूले दफा २ बमोजिमका मुद्दामा पीडित पक्षको रूपमा प्रस्तुत भएका व्यक्तिको व्यक्तिगत परिचयात्मक विवरणहरू गोप्य राख्नु पर्ने छ।

(२) उपदफा (१) बमोजिम गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरणलाई फिराद पत्र, प्रतिउत्तर पत्र, उजुरी, निवेदन, प्रतिवेदन, पुनरावेदन पत्र, फैसला वा अदालत वा अन्य निकायले प्रकाशन गर्ने सार्वजनिक प्रकाशनलगायत सम्पूर्ण अवस्थामा गोप्य राख्नु पर्ने छ।

(३) उपदफा (१) बमोजिम गोप्य राखिएको परिचयात्मक विवरण खुलाउन सम्बन्धित व्यक्तिलाई बाध्य पारिने छैन।

(४) मुद्दाहरूको कारबाहीको कुनै पनि चरणमा उपस्थित भई गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण थाहा पाउने कुनै पक्ष वा निजको कानून व्यवसायी, विशेषज्ञ, साक्षी, न्यायाधीश, कर्मचारीलगायत कसैले पनि त्यस्तो गोप्य राखिएको विवरण कसैसँग पनि प्रकाश गर्नु हुँदैन।

(५) यस निर्देशिकाबमोजिम गोप्य राखिएको विवरणहरू मुद्दा किनारा भएपछि पनि गोप्य राख्नु पर्ने छ।

४. गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण खुल्ला गर्न सकिनेः गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण देहायको अवस्थामा आवश्यक देखिएको हदसम्म खुल्ला गर्न अनुमति दिन सकिनेछ।

(१) कानूनबमोजिम खुल्ला गर्न आवश्यक ठहर्‍याई गोप्य राख्नु पर्ने अधिकारीले अनुमति दिएमा,

(२) स्वच्छ न्यायिक सुनुवाइको संरक्षणका लागि आवश्यक देखिएमा,

(३) व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नु पर्ने व्यक्तिले सो विवरण गोप्य राख्न जरुरी नभएको भनि लिखित निवेदन दिएमा।

५. गोपनीयता कायम गर्ने प्रक्रियाः

(१) दफा ३ बमोजिम गोप्य राखिएका व्यक्तिगत परिचयात्मक विवरणहरू छुट्टै पानामा लेखबद्ध एवम् शिलबन्दी गरी गोप्य राखिएको विवरणलाई सङ्केत गर्न छुट्टै परिचयात्मक नाम वा सङ्ख्या वा चिह्न दिनु पर्नेछ र सोको प्रमाणीकरण सम्बन्धित अधिकारीले गर्नु पर्ने छ।

(२) यस निर्देशिकाबमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्नका लागि कुनै कागज प्रमाण गोप्य राख्नु पर्ने भएमा सोलाई शिलबन्दी गरी सोको बेहोरा छुट्टै पानामा खुलाई मिसिल संलग्न राख्नु पर्ने छ।

(३) गोप्य राखिएका विवरणहरूको गोप्यता संरक्षणको लागि सम्बन्धित अदालत वा कार्यालयले त्यस्तो मिसिलहरूको छुट्टै लगत खडा गर्ने, सङ्केत चिह्न दिने र अभिलेख संरक्षण गर्ने व्यवस्था गर्नु पर्ने छ।

(४) कसैले आफ्नो व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखी पाउन माग गरेमा सोबमोजिम गोप्य राख्ने वा नराख्ने भन्ने बारेमा सम्बन्धित अधिकारीले निर्णय गरेबमोजिम

हुनेछ। यसरी माग भएका मुद्दामा व्यक्तिगत विवरण गोप्य राख्नु पर्ने भए त्यसको कारणसहितको पर्चा खडा गर्नु पर्ने छ।

६. परिचयः

(१) मुद्दाको अनुसन्धान वा कारबाहीको सिलसिलामा विवरण गोप्य राखिएको व्यक्तिको उपस्थिति भए पनि निजसँग सम्बन्धित परिचयात्मक कुराहरू उल्लेख गर्दा निजलाई सङ्केत गर्न दिइएको नाम, नम्वर वा चिह्नद्वारा नै गरिने छ। निजको दस्तखतसमेत सोही सङ्केत, नाम, नम्बर वा चिह्नबाट गर्नु पर्ने छ।

(२) यस निर्देशिकाबमोजिम व्यक्तिगत परिचयात्मक विवरण गोय राखिएको व्यक्तिलाई निजको सङ्केत, नाम, नम्बर वा चिह्न उल्लेख भएको परिचय पत्र दिनु पर्ने छ।

७. म्याद, सूचना र पत्राचारः व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएका व्यक्तिका नाममा समाह्वान, इतलायनामा वा सूचना जारी गर्दा वा पत्राचार गर्दा निजको सङ्केत, नाम, नम्बर वा चिह्नबाट गर्नु पर्ने छ। सोसम्बन्धी आधिकारिक परिचयको लागि अर्को पक्षले माग गरेमा गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण अनावश्यक रूपले खुल्ला नहुने अवस्था मिलाई शिलबन्दी गरिएको विवरण खोली जानकारी दिनु पर्ने छ र काम सकिएपछि पुनः शिलबन्दी गरी राख्नु पर्ने छ।

८. सूचना प्रकाशनमा बन्देजः यस निर्देशिकाबमोजिम गोप्य राखिएको व्यक्तिको परिचय खुल्ने विवरण कुनै पनि माध्यमबाट प्रकाशमा ल्याउन वा प्रचारप्रसार गर्न हुँदैन।

९. गोपनीयता भङ्ग गरेमा कारबाही हुनेः

(१) यस निर्देशिकाविपरीत कसैले परिचयात्मक विवरण गोप्य राखिएको व्यक्तिको वास्तविक पहिचान खुल्ने गरी नाम र विवरणहरू सार्वजनिक गरेमा निजले अदालतको आदेशको उल्लङ्घन गरेको मानी अदालतको अवहेलनामा कारबाही चलाइने छ।

(२) बन्द इजलासको कारबाहीको सिलसिलामा कर्मचारीलाई जानकारी हुन आएको गोप्य राखिएको व्यक्तिगत परिचयात्मक विवरण वा सूचनाहरू बन्द इजलासबाहिर कुनै पनि तेस्रो पक्षसमक्ष खुला गर्न पाइने छैन। सोविपरीत कुनै काम गरेमा उपदफा (१) बमोजिम हुने कारबाहीको अतिरिक्त अनुशासनसम्बन्धी विभागीय कारबाहीसमेत गर्न सकिने छ।

१०. उजुर गर्ने निकायः यो निर्देशिकाको बर्खिलाप कार्य गरेकाले कारबाही गरिपाऊँ भनी कुनै कर्मचारीको विरुद्धमा उजुरी दिनु पर्ने भएमा कर्मचारीको हकमा सम्बन्धित कार्यालय

प्रमुखसमक्ष र कार्यालय प्रमुखको हकमा एक तह माथिको सम्बन्धित निकायमा उजुरी दिनु पर्ने छ। यसरी पर्न आएको उजुरीको सम्बन्धमा ७ दिनभित्र टुङ्गो लगाइसक्नु पर्ने छ।

११. निर्देशिकाको पालनाः यो निर्देशिकाबमोजिम कार्य गर्नु सम्बन्धित कार्यालय, अदालत एवं सम्बन्धित सबैको कर्तव्य हुनेछ।

१२. निर्देशिकाको कार्यान्वयनसम्बन्धी व्यवस्थाः

(१) यो निर्देशिका सर्वसाधारणको जानकारीको लागि आमसञ्चारका माध्यमबाट प्रचारप्रसार गर्नु पर्ने छ।

(२) यो निर्देशिका सबै तहका अदालत, प्रहरी कार्यालय तथा सरकारी वकिल कार्यालयको सूचना पाटीमा टाँसिने छ।

(३) यो निर्देशिका कार्यान्वयन गर्दा बाधा अड्काउ पुग्न गएमा सम्बन्धित अधिकारीले उपयुक्त तरिका अपनाई बाधा अड्काउ फुकाउने छ। तर सम्बन्धित अधिकारीबाट बाधा अड्काउ फुक्न नसकेमा प्रतिवेदन पेस गरी सर्वोच्च अदालतले बाधा अड्काउ फुकाई निकासा दिनु पर्ने छ।

(४) यो निर्देशिकाबमोजिमका प्रावधानहरू हाल चालू अवस्थामा रहेका मुद्दाहरूमा समेत अबको कामकारबाहीमा अनुशरण गर्नु पर्ने छ।

१३. प्रचलित कानूनबमोजिम हुनेः यो निर्देशिकामा व्यवस्था भएदेखि बाहेकका अन्य कुराहरू प्रचलित कानूनबमोजिम हुनेछ।

| आदेश मितिः २०६५।५।१६ | मुद्दा/रिट नं.: संबत् २०६३ सालको रिट नं. ०७२३ | निर्णय नं. ७९८७ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री अनुपराज शर्मा

**विषयः परमादेश।**

**अधिवक्ता राजुप्रसाद चापागाँईसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- महिलालाई यौन एवं भोग्य वस्तुको रूपमा प्रस्तुत गरिने विज्ञापनको प्रकाशन, प्रसारणका कारण यौन हिंसाको सम्भावनालाई मध्यनजर राख्दा यस्ता अमैत्री लैङ्गिक विज्ञापनबाट महिलाको संरक्षणमा सघाउ नपुग्ने।
- यौन वस्तुको रूपमा अर्धनग्न, अश्लील एवं अमैत्री विज्ञापनको प्रकाशन एवं प्रसारणबाट महिलाहरूको आत्मसम्मानमा चोट पुग्न जाने र हिंसाका सिकार बन्न सक्ने खतरालाई गैरजिम्मेवार बन्न नमिल्ने।

(प्रकरण नं. ५)

- विभिन्न जात-जाति धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरूबिच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रादायिक दुर्भावना फैलाउने र सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने कुराहरू किताब वा पत्रपत्रिकामा प्रकाशन गर्न नपाइने भनी छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा १४(घ) (ङ) मा प्रकाशनमा प्रतिवन्ध लगाउने व्यवस्था गरेको देखिन्छ। आम सञ्चारका माध्यमले लैङ्गिक संवेदनशीलतातर्फ ध्यान नदिई उत्पादित वस्तु वा सेवाको प्रचार प्रसार गर्दा त्यस प्रसारित विज्ञापनबाट महिलाविरुद्धको हिंसाको प्रमुख कारकको रूपमा रहेको दाइजो प्रथालाई प्रश्रय दिइरहेको, सडक पेटीमा रहेका होर्डिङ्ग बोर्डहरूमा अर्धनग्न महिलाको तस्वीर प्रयोग गरी मदिराको प्रचार प्रसार गरेको भन्ने जस्ता कुराहरू निश्चय नै माथि उल्लिखित महिलासम्बन्धी संवैधानिक व्यवस्था तथा उक्त छापाखाना र प्रकाशनसम्बन्धी ऐनको कानूनी व्यवस्थाले साम्प्रदायिक दुर्भावना फैलाउने तथा सामाजिक मर्यादामा आघात पर्न जाने जस्ता कुराहरू प्रकाशन गर्न प्रतिबन्ध लगाउने विषयअन्तर्गत नै पनि पर्न सक्ने अवस्था रहन सक्छ। कस्ता विषयवस्तुले साम्प्रदायिक दुर्भावना फैलाउने र सामाजिक मर्यादामा आघात पर्न

जाने भन्ने कुराहरूको निश्चित मापदण्ड नभए तापनि त्यस्ता निश्चित विषयमा Parameter बनाई लागु गर्न नसकिने भन्न नमिल्ने।

(प्रकरण नं. ६)

- उत्पादित स्तुको सेवा विस्तारको लागि विज्ञापन गरी सोमार्फत महिलाहरूको अवहेलना हुने वा आपसी सद्भाव र सामञ्जस्यतामा खलल पुग्ने जस्ता सन्देश प्रवाह हुने अवस्था सिर्जना हुने प्रकारका विज्ञापनहरू प्रकाशन प्रसारणमा प्रतिबन्ध लगाउनु पर्ने हुँदा यस्ता विषयवस्तुहरू ऐन कानूनको विरुद्धमा भए नभएको सम्बन्धमा निरन्तर अनुगमन गर्ने संयन्त्र हुनु निश्चय नै सरकारको जनता प्रतिको जवाफदेहिता र उत्तरदायित्वभित्र पर्ने।

(प्रकरण नं. ७)

- लैङ्गिक न्यायसम्बन्धी निश्चित मापदण्ड तथा निर्देशिका निर्माण गरी लागु गर्ने र मापदण्डको परिपालना भए नभएको अनुगमन गर्ने संयन्त्र निर्माण गर्नु गराउनु, सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९ अनुरूप विज्ञापन सेन्सर बोर्डको गठन गरी लैङ्गिक मैत्री विज्ञापन सम्बन्धमा रहेका कमी कमजोरी हटाई लैङ्गिक मैत्री बनाउने सम्बन्धमा सम्बन्धित क्षेत्रमा कार्यरत संघ संस्था, सरकारी निकायका प्रतिनिधि एवं लैङ्गिक न्याय एवं मानव अधिकारको क्षेत्रमा काम गर्ने संघ संस्थासमेतको प्रतिनिधित्व हुने गरी समिति गठन गर्नु भनी सूचना तथा सञ्चार मन्त्रालयसमेतका नाउँमा परमादेशको आदेश जारी हुने।

(प्रकरण नं. १०)

| फैसला/आदेश<br>मितिः२०६६।०४।२८ | मुद्दा/रिट नं.ः २०६४ सालको रिट नं. - WO–०१८७ |
|---|---|

संयुक्त इजलास

माननीय न्यायाधीश श्री बलराम के.सी.

माननीय न्यायाधीश श्री अवधेशकुमार यादव

**विषयः परमादेशसमेत।**

**अधिवक्ता ज्योति लम्साल (पौडेल) समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- UN Resolution ५३/१४४, १ Dec १९९८ ले मानव अधिकारकर्मीको सुरक्षाको लागि Declaration जारी गरी आवश्यक व्यवस्था पनि गरेको छ। नेपाल राज्यभित्र सबैको सुरक्षा गर्न नेपाल सरकारको संवैधानिक कर्तव्य पनि हो। यस्ता मानव अधिकारकर्मीको सुरक्षा गर्नु झनै आवश्यक हुन्छ। तसर्थ यस्ता मानवअधिकार उल्लङ्घनको छानविन वा संरक्षणमा जाँदाको अवस्थामा उनीहरूले कुनै प्रकारको सुरक्षाको खतरा महसुस गरी प्रहरीसमक्ष सुरक्षाको लागि सूचना गरेमा आवश्यक सुरक्षा व्यवस्था गरिदिनु भनी नेपाल सरकारका नाउँमा परमादेश जारी हुने।

| आदेश मितिः २०६६।११।२६ | मुद्दा/रिट नं.: संवत् २०६५ सालको रिट नं. ०६५-WO-०३३७ | निर्णय नं. ८४११ |
|---|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल

**विषयः परमादेशसमेत।**

**अधिवक्ता कविता पाँडेसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत।**

- एकल महिला (विधवा) को प्रकृति एवं उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक जस्ता अवस्थितिलाई हेर्दा उनीहरूबिच केवल उमेरको हद लगाई कसैलाई सामाजिक सुरक्षाबापत भत्ता उपलब्ध गराउने र कसैलाई सो भत्ता उपलब्ध नगराउने कार्यलाई न्यायोचितरूपको मान्न नसकिने।

(प्रकरण नं. ५)

- राज्यको स्रोतसाधनले भ्याएसम्म एकल महिला (विधवा) को आयस्रोत, रोजगारी, निजको श्री सम्पत्ति, पतिको पेन्सन वा आफ्नो पेन्सन आदि विविध पक्षलाई विचार गरी एक निश्चित मापदण्ड निर्धारण गरी ६० वर्षभन्दा कम उमेरका एकल महिला (विधवा) लाई पनि सामाजिक सुरक्षाअन्तर्गत दिइने भत्ता उपलब्ध गराउनेतर्फ ध्यानाकर्षण गराउने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायतका विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने।
- एकल महिला (विधवा) को वास्तविक तथ्याङ्क सङ्कलन गरी उनीहरूको उमेर, जनसङ्ख्या, आर्थिक, सामाजिक एवं शैक्षिक अवस्था र वास्तविक तथ्याङ्कको यकिन गर्दै उनीहरूको उत्थान र विकासका लागि आवश्यक कार्यक्रम र नीति बनाउन सहजता प्रदान गर्ने उद्देश्यले आउने राष्ट्रिय जनगणनामा उपर्युक्त बमोजिमको तथ्याङ्कसमेत सङ्कलन गर्नु गराउनु भनी राष्ट्रिय योजना आयोग तथा केन्द्रीय तथ्याङ्क विभागको नाउँमा समेत निर्देशनात्मक आदेश जारी हुने।

(प्रकरण नं. ९)

| फैसला/आदेश मितिः२०६७।०३।२८ | मुद्दा/रिट नं.: २०६४ सालको रिट नं. ०६४-WO-०१८६ |
|---|---|

संयुक्त इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री भरतराज उप्रेती

**विषयः परमादेश।**

**ज्योती (लम्साल) पौडेल विरुद्ध नेपाल सरकारसमेत।**

- महिलालाई लिङ्गको आधारमा भेदभाव गर्न नहुने र प्रथा, परम्परा र प्रचलनको नाममा महिलालाई महिला भएकै कारण पति तथा in-laws हरूबाट कुनै किसिमले शोषण र भेदभाव गर्न पाइँदैन। महिला भएकै कारणले गर्दा ग्रामीण महिलाले पारिवारिक आर्थिक उन्नतिमा विना मूल्य श्रम गरी योगदान पुर्‍याए पनि घर र परिवारबाट ग्रामीण महिला पीडित र शोषित भई असमान व्यवहार गरिने प्रचलित प्रचलन र परम्परालाई उन्मूलन गरी ग्रामीण महिलामाथि हुने शोषण र भेदभावलाई अन्त्य गर्न देहायबमोजिम गर्नु भनी विपक्षी नेपालसरकार मन्त्रिपरिषद्को नाममा निर्देशनात्मक आदेश जारी हुने।

| आदेश मितिः २०६८।१०।१९ | मुद्दा/रिट नं.: रिट नं. २०६७– WS–००३३ | निर्णय नं. ८७६५ |
|---|---|---|

विशेष इजलास

माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह

माननीय न्यायाधीश श्री प्रकाश वस्ती

माननीय न्यायाधीश प्रा.डा.श्री भरतबहादुर कार्की

**विषयः संविधानसँग बाझिएको कानून बदर घोषित गरिपाऊँ।**

**अधिवक्ता नारायण झा विरुद्ध त्रिभुवन विश्वविद्यालय सभा, कीर्तिपुरसमेत।**

- निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (११) मा पनि निजामती सेवा प्रवेशमा गरिएको आरक्षणको व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ। निवेदकले बदर माग गरेको नियम ६.३(६) मा "उपनियम ३(५) को प्रयोजनको निमित्त वर्गीकृत उम्मेदवार क्षेत्रको अर्थ र प्रयोग नेपाल सरकारले किटान गरेको अर्थ र प्रयोग सम्झनुपर्दछ" भन्ने व्यवस्था रहेको छ। आर्थिक, सामाजिक, शैक्षिक वा सांस्कृतिक क्षेत्रमा पछाडि परेका कारण राष्ट्रिय जीवनको मूल प्रवाहमा समाहित हुन नसकेका वर्ग वा समुदायका नागरिकहरूलाई सशक्तीकरण तथा आरक्षण जस्ता सकारात्मक विभेदका माध्यमबाट राष्ट्रिय जीवनको मूल प्रवाहमा समाहित गराउने समावेशीकरणसम्बन्धी सिद्धान्तको उद्देश्य भएको हुँदा वञ्चिती (Deprivation) मा परेका त्यस्ता वर्ग वा समुदायको पहिचान गर्ने दायित्व राज्य अर्थात् नेपाल सरकारमै निहित हुने कुरामा विवाद हुन सक्तैन। सरकारले राष्ट्रियस्तरमा नीति बनाई पहिचान गरेका त्यस्ता वर्ग वा समुदायको उत्थान र विकासका लागि राज्य संयन्त्रभित्रका सबै निकाय र क्षेत्रबाट एकरूपताका आधारमा सामूहिक प्रयत्नको आवश्यकता पर्ने हुँदा सो सम्बन्धमा सरकारको राष्ट्रिय नीतिसँग तादम्यता कायम गर्ने व्यवस्था गरेको नियम ६.३(६) को उक्त व्यवस्था संविधान विपरीत रहेको भन्ने देखिन आएन।

(प्रकरण नं. १६)

- यसरी आर्थिक तथा सामाजिक रूपबाट पिछडिएका व्यक्तिहरूलाई आरक्षणको सुविधा उपलब्ध हुने कानूनी व्यवस्था रहेको र सो प्रयोजनका लागि "महिला" लाई एउटा छुट्टै वर्गको रूपमा पहिचान गरी ३३ प्रतिशत आरक्षण सुरक्षित गरिसकिएको सन्दर्भमा अब अन्य वर्गहरू (आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र) भित्र पनि महिलाका लागि ३३

प्रतिशत पद सङ्ख्या छुट्याउने गरेको उक्त नियम ६.३(८) को खण्ड (ख) को व्यवस्था सारभूत समानताको सिद्धान्तअनुकूल देखिन आएन। महिलाको सम्बन्धमा गरिएको यस्तो व्यवस्थाले प्रकारान्तरले महिलासरह नै वञ्चिती र बहिष्करणमा परेका अन्य वर्गहरूउपर नै पनि असमान र भेदभावपूर्ण व्यवहार हुनजाने परिणाम निस्कने हुनाले सो अवस्था निश्चय नै समानताको अवधारणाअनुकूल नहुने।

(प्रकरण नं. २३)

- उक्त खण्ड (ग) को दोस्रो वाक्यमा "सम्बन्धित वर्गबाट उत्तीर्ण आवेदक नभए समावेशी वर्गमध्ये निकटतम् उपल्लो वर्गको उच्चतम् अङ्क प्राप्त गर्ने उम्मेद्वारको छनौट गरिनेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। आरक्षण प्रदान गरिएको कुनै एक वर्गबाट कुनै पनि उम्मेदवार उत्तीर्ण हुन नसकेमा उक्त आरक्षित पद अर्को आरक्षित वर्गमा समावेश (थप) गर्ने गरेको उक्त प्रावधानबाट सारभूत समानता र समावेशीकरणकै पक्षपोषण भएको देखिंदा उक्त व्यवस्था असंवैधानिक छ भनी भन्न नमिल्ने।

(प्रकरण नं. २६)

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ तथा २१ ले सारभूत समानता, सामाजिक न्याय र समावेशीकरणको सिद्धान्तलाई उच्च प्राथमिकता प्रदान गरेको छ। यसरी संविधानले सारभूत समानता, सामाजिक न्याय र समावेशीकरणलाई प्राथमिकता प्रदान गरेको अवस्थामा खुल्ला र समावेशी दुवैतर्फ उत्तीर्ण उम्मेद्वारलाई समावेशीतर्फबाटै सिफारिस गर्दा संविधानको उपर्युक्त भावनाको पक्षपोषण नहुने र त्यस्ता उम्मेदवारलाई खुल्लातर्फबाट सिफारिस गरिएमा समावेशीतर्फका अरू उम्मेदवारले मौका प्राप्त गर्ने भई संविधानको भावनाअनुकूल हुन .जाने देखिँदा खण्ड (च) को उक्त प्रावधानसमेत संविधानअनुकूल रहेको नदेखिने।

(प्रकरण नं. २७)

प्रकाशन संख्या ९१


राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैंजु, काठमाडौं

फोन नं. ९७७-१-४०२७४४९/४०२७४५१ फ्याक्स नं.: ९७७-१-४०२७१४०

पोष्ट बक्स नं. २४८६५

Email: info@njanepal.org.np

URL: www.njanepal.org.np

सिटी अफिसः

हरिहरभवन, ललितपुर

फोन नं. ९७७-१-५५४९०५७